


# नाट्यभूषण : मदनदास श्रेष्ठ

(संस्मरणसङ्ग्रह)

नइ प्रकाशन

# नाट्यभूषण
# मदनदास श्रेष्ठ

कृष्ण शाह 'यात्री'
ललिता 'दोषी'

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौं (नेपाल)
टेलिफोन : ४७७१४५५, फ्याक्स : ४७७०५८०
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
संशोधक : पुष्पराज राई
आवरण चित्रकार : केके कर्माचार्य
आवरण सज्जा : बुद्ध प्रधान
कम्प्युटर : आयुष्मान शाक्य
मुद्रक : सिग्मा जनरल अफसेट प्रेस
सुरक्षित : २०७३ साल (2016)

---

**Natyabhushan Madandas Shreshtha**
(A collection of Memorios)
Edited by: Krishna Shah Yatri & Lalita Doshi

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधना हेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशमा आएको हो ।

रङ्गमञ्चदेखि चलचित्रसम्मको प्रसिद्धिकोटिमा उभिएका मध्ये मदनदास श्रेष्ठको नाउँ पनि अग्रपङ्क्तिमा आउँछ । नेपाली सांस्कृतिक इतिहासमा चाहे रेडियो नेपालबाट होस्, चाहे नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट होस् र चाहे रङ्गमञ्चका विविध संस्था र चलचित्रद्वारा होस् मदनदास श्रेष्ठको कलाकौशलले जनमन छोएको छ । वास्तवमा श्रेष्ठको उत्कृष्ट अभिनय, प्रस्तुति र निर्देशनले नेपाली कलाको इतिहासमा स्वर्णिम स्थान राखेका छन् । चलचित्र र नाटकमा मात्र नभएर साहित्यसेवा र समाजसेवामा पनि श्रेष्ठको भूमिका उत्कृष्ट रहेको पाइन्छ । सादा जीवन र उच्च विचारका कुबेर श्रेष्ठजस्ता विशिष्ट व्यक्तित्वबारेको कृति प्रकाशन हुनु हाम्रा लागि विशेष उपलब्धिको विषय नै हो ।

**नाटचभूषण : मदनदास श्रेष्ठ** नाउँको प्रस्तुत ग्रन्थका सम्पादकद्वय नेपाली भाषामा चर्चित नाउँ हुन् । कृष्ण शाह 'यात्री' रङ्गमञ्च क्षेत्रका एउटा प्रबल स्रष्टा र ललिता 'दोषी' साहित्य फाँटका प्रबल स्रष्टामा गणना हुने नाउँ हो । यी दुवै युवा नाउँ आआफ्ना क्षेत्रमा सम्मानित मानिन्छन् । 'यात्री'को यात्रा नाटक भएर साहित्यमा पनि कृयाशील छ भने 'दोषी'को यात्रा साहित्यमा समर्पित हुँदै नाटक लेखनमा पनि क्रियाशील छ । यात्री र दोषीको उक्त परिणतिका कारण यो कृति यसरी प्रस्तुत भएको छ । प्रस्तुत 'नाटचभूषण : मदनदास श्रेष्ठ' कुशल सम्पादन गर्ने सम्पादकद्वयप्रति नइ प्रकाशन आभार व्यक्त गर्दछ ।

**नाटचभूषण : मदनदास श्रेष्ठ**नामक कृति प्रकाशन गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• *नइ प्रकाशन*

# विषयसूची


- सम्पादकको भनाइ • ११

१. **अमरकुमार प्रधान • १७**
उद्धारक कलाकार

२. **अशेष मल्ल • २६**
नेपाली रङ्गकर्मका एक शिखर पुरुष

३. **इन्दिरा प्रसाई • ३०**
मदन दाइ !

४. **कृष्ण जोशी • ३९**
कलाकार तथा संस्कृति पुरोधा

५. **कृष्ण शाह 'यात्री' • ४३**
शब्दचित्रमा कलाकार मदनदास श्रेष्ठ

६. **के.के. कर्माचार्य • ६१**
रङ्गमञ्च क्षेत्रका प्रसिद्ध पुरुष

७. **केशवराज राजभण्डारी • ६६**
उत्कृष्ट कलाकार

८. **गङ्गा कर्माचार्य पौडेल • ७०**
नाटचनायक मदनदास श्रेष्ठ

९. **गणेश रसिक • ७९**
मेरा साथी मदनदास श्रेष्ठ

१०. **प्रा.डा.गार्गी शर्मा • ८५**
शान्त, सौम्य र शिष्ट कलाकार

११. **गोपीकृष्ण प्रसाई • ८९**
रङ्गमञ्च र कलाका विश्वामित्र

१२. **डा.घनश्याम खतिवडा • ९८**
रेडियो नाटकका पर्याय

१३. **डा.टीकाराम पोखरेल • १०४**
म अघोषित फ्यान

१४. **दधिराम भट्टराई • ११३**
श्रेष्ठ र गुणी कलाकार

१५. **दीपक समीर • १२०**
स्मृतिको तीरैतीर

१६. **ध्रुव मधिकर्मी • १२५**
आम जनतामा पुगेका कलाकार

१७. **नरेन्द्रराज प्रसाई • १३३**
नाटचभूषण : मदनदास श्रेष्ठ

१८. **पुष्पलता आचार्य • १३९**
स्वरका धनी

१९. **प्रचण्ड मल्ल • १४७**
नाटच क्षेत्रका तपस्वी साधक

२०. **प्रदीप रिजाल • १६०**
एक पोज फोटोको इतिहास

२१. **प्रह्लाद पोखेल • १६४**
कर्मका ज्येष्ठ

२२. **भगवती बस्नेत • १६७**
ओजयुक्त बोली

२३. **भोजराज पोखरेल • १७१**
सकारात्मक सोचका धनी

२४. **प्रा.मोहनराज शर्मा • १७५**
ऊर्जावान् अभिनेता

२५. **यादव खरेल • १८०**
अभिनय स्वाभाविक, सहज र स्वःस्फूर्त

२६. **राजन खनाल • १८२**
मदन दाइबाट मुलुकले धेरै पायो

२७. **प्रा.राजेन्द्र सुवेदी • १८५**
नाटचकर्मी मदनदास श्रेष्ठ

२८. **राधिका दाहाल • १९४**
विलक्षण प्रतिभा

२९. **लय सङ्ग्रौला • १९७**
नेपाली माटोका इमानदार र भक्त

३०. **विजयरत्न तुलाधर • २०१**
दैत्य हाँसोका शिखर

३१. **विश्वम्भर चञ्चल • २०६**
हँसमुख र मृदुभाषी

३२. **विश्ववल्लभ • २१३**
कलाकार तथा समाजसेवी

३३. **शकुन्तला गुरुङ शर्मा • २१८**
नाटच क्षेत्रका सफल व्यक्ति

३४. **शान्तकृष्ण श्रेष्ठ** • २२३
एक अमूर्त व्यक्ति : एक मूर्त व्यक्तित्व

३५. **शोभित उप्रेती** • २३२
लिनभन्दा दिन तयार हुने

३६. **पं.श्यामदास वैष्णव** • २३६
एउटा अम्मली कलाकार

३७. **श्रीओम श्रेष्ठ 'रोदन'** • २४२
मोडल हाँसो

३८. **डा.सत्यमोहन जोशी (शताब्दी पुरुष)** • २४७
आफ्नै बुताबाट उठेका कलामर्मज्ञ

३९. **साधना प्रतीक्षा**• २५२
कर्णप्रिय आवाज

४०. **प्रा.डा.सिद्धिप्रसाद कोइराला** • २५७
नेपाली समाजका प्रेरक व्यक्तित्व

४१. **सुरेशजङ्ग शाह** • २५९
एउटा जिउँदा जाग्दा कलाकार

४२. **सुशीला पौडेल** • २६४
रेडियो, शनिबार र श्रोता

४३. **सोमनाथ सुवेदी** • २६८
तिरेर नसकिने गुन

४४. **हरिबहादुर थापा** • २७४
रङ्गमञ्चले नबिर्सने नाउँ

# सम्पादकको भनाइ

कुनै पनि मुलुकको कला, साहित्य र संस्कृतिले नै त्यहाँको वैभव र सभ्यताको युगानुयुग बोध गराइरहेको हुन्छ । राज्यको छाती फराकिलो हुने पनि यसैले गर्दा नै हो । यी अविनाशी सम्पदाहरू हुन् । यसको ओज एक पुस्ताबाट पुस्तौँपुस्तासम्म अविराम प्रवाहित भइरहेको हुन्छ । नेपालमा पनि विगतदेखि आगतसम्म कैयन् अमूल्य निधिहरूले साहित्य सिर्जना र कलाकारिताका माध्यमले यस क्षेत्रलाई सम्पन्न बनाएका छन्; गतिशील तुल्याएका छन् ।

यति बेलाको सन्दर्भ, नेपाली नाटक र रङ्गमञ्चको हो । हरिसिद्धि पुराणलाई आधार मान्ने हो भने पनि हाम्रो नाट्य परम्परा हजार वर्षभन्दा पुरानो देखिन्छ । हामीकहाँ सर्वप्रथम विक्रम संवत् ९४१ मा 'हरिसिद्धि' नाटक रचिएको र अभिनीत भएको इतिहास भेटिन्छ । प्राचीन नेपाललाई हेर्दा पनि किराँतकालदेखि नेपाली नाट्यकला प्रादुर्भाव भएको आकलन गर्न सकिन्छ । प्रामाणिक रूपमा भने लिच्छविकाल र मल्लकालमा नाट्यकलाका अनेकन् आयामहरू विस्तारित भएको भेटिन्छ । मल्लकाललाई नाटकको स्वर्णयुगसमेत मानिन्छ । नेपालको नाटकको आत्मा अर्थात् लोकनाटकको संरक्षण र संवर्धन उतिबेलादेखि नै हुन थालेको हो । शाहकाल एवम् राणाकालमा पारसी शैलीका नाटक, अनुवादित नाटकहरू मञ्चन हुन्थे । मोतीराम भट्टले वि. सं. १९४४ मा 'अभिज्ञान शाकुन्तलम्'लाई नेपाली भाषामा अनुवाद गरी 'शकुन्तला' नाटक प्रदर्शन गरी नेपाली भाषामा नाटक

मञ्चन परम्परालाई अघि बढाए । मोतीरामले हिन्दी र उर्दू भाषाका नाटकको तत्कालीन बाहुल्यता तोडेर आफैँले निर्देशन र अभिनय गरी नेपाली भाषामा नाटक प्रस्तुत गरेका थिए ।

वि.सं. १९६२ मा नाटककार पहलमान सिंह स्वाँरले नेपाली नाटक 'अटलबहादुर' लेखे । अनि वि.सं. १९६६ मा धनवीर मुखियाले यस नाटकलाई मञ्चन गरे । पूर्वआधुनिक र मौलिक नेपाली नाटच परम्परामा यो एउटा महत्त्वपूर्ण कार्य थियो । वि. सं. १९९५ मा बालकृष्ण समले 'मुकुन्द इन्दिरा' निर्देशन गरेपछि यसैको पृथक् नाटच प्रस्तुति र शैलीका आधारमा नेपालमा आधुनिक नेपाली रङ्गमञ्चको सुरुआत भएको मानिँदै आएको छ । समले अभिनय, निर्देशन र काव्यिक नाटचलेखनका माध्यमले नेपाली नाटक र रङ्गमञ्चलाई नयाँ चिनारी दिए । यसै गरी मौलिक सामाजिक नाटच परम्परालाई भीमनिधि तिवारीले लेखन र निर्देशनका माध्यमले नेपाली जनमानसमा लोकप्रिय बनाए । त्यसैताका रत्नदास प्रकाश, कृष्णप्रसाद रिमाल, बेखानारायण महर्जन, गोपीनाथ अर्याल, श्यामदास वैष्णव, हरिप्रसाद रिमाल, प्रचण्ड मल्ल जस्ता पहिलो पुस्ताका प्रतिबद्ध नाटचकर्मीहरूले नेपाली नाटचकलालाई नयाँ उचाइमा पुऱ्याउने काम गरे ।

२००७ सालमा नेपालमा प्रजातन्त्रको स्थापना भएपछि स्रष्टा र कलाकारहरूले अझ स्वतन्त्र भई आफ्ना भावनाहरूलाई उजागर गर्न पाए । विभिन्न नाटच संस्थाहरू खुल्न थाले । नाटचगृहहरू बन्न थाले । लगत्तै रेडियो नेपालको स्थापना भयो । रेडियो नाटकको प्रसारण पनि सुरु भयो । २०२० को दशकमा मदनदास श्रेष्ठ, मनबहादुर मुखिया, रामशेखर नकर्मी, महेन्द्र मलङ्गिया, भुवन थापा चन्द, शकुन्तला गुरुङ शर्मा जस्ता बेजोड नाटचकर्मीहरू रङ्गमञ्चमा देखा परे । तीसको दशकदेखि अरू थुप्रै विशिष्ट नाटच प्रतिभाहरूको प्रवेश हुन थाल्यो । वास्तवमा नेपाली रङ्गमञ्च अहिलेको ठाउँसम्म

आइपुग्न विगतदेखि नै असङ्ख्य नाटचकर्मीहरूले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । जसको कलाकर्मका बारेमा विस्तृत रूपमा एकै ठाउँमा निकै कम पढ्न पाइन्छ ।

प्रारम्भका नाटच कलाकारका रूपमा रङ्गमञ्चमा देखा परेर रङ्गमञ्च एवम् रेडियो नाटकमा अभिनय र निर्देशनका माध्यमले आफूलाई भिन्न र सार्थक चिनारी दिन सफल नाटचकर्मी हुन्– मदनदास श्रेष्ठ । लगभग पाँच दशकदेखिको संलग्नता र महत्त्वपूर्ण योगदानले गर्दा आज मदनदास श्रेष्ठलाई अझ नजिकबाट चिन्न र बुझ्न पाए हुन्थ्यो भन्न चाहने लाखौँ मानिसहरू भेटिन्छन् । र, यस कार्यलाई मूर्त रूप 'नइ प्रकाशन'ले दिएको छ । शताब्दी पुरुष एवम् प्रसिद्ध नाटककार श्री सत्यमोहन जोशीदेखि नाटकलाई अनेक कोणबाट बुझेका, छामेका र माया गरिरहेका विभिन्न पुस्ताका व्यक्तित्वहरूबाट कलाकार मदनदास श्रेष्ठका बारेमा लेखिएको सामग्रीलाई पुस्तकाकार 'नाटचभूषण : मदनदास श्रेष्ठ' को रूप दिएर नइले नेपाली नाटक र रङ्गमञ्च क्षेत्रका निम्ति पनि महत्त्वपूर्ण कार्य गरेको छ । यस पुस्तकले मदनदास श्रेष्ठको कलाकारिता मात्र नभई उनमा समाहित विविध व्यक्तित्व र उनको सम्पूर्ण साङ्गोपाङ्गो जीवनलाई बुझ्न समेत सघाउ पुऱ्याउनेछ । आमपाठक, दर्शक, अध्येता, नाटचअनुसन्धाता र नाटचकर्मीहरूका निम्ति पनि यो ज्यादै उपलब्धिमूलक र खुसीको कुरा हो । यो पुस्तक र 'नाटचभूषण' को उपाधि अग्रज एवम् प्रसिद्ध कलाकार मदनदास श्रेष्ठलाई दिइएको विशिष्ट सम्मान हो । यसका उनी हकदार पनि छन् । यसले पुस्तौँपुस्तासम्म नाटचभूषण मदनदास श्रेष्ठको कलाकारितालाई चिनाइरहनेछ । वास्तवमा कला र साहित्यका निम्ति खडा गरिएका राज्यको लगानी भएका संस्थाहरूले गर्न नसकिरहेको चुनौतीपूर्ण काम 'नइ प्रकाशन'ले गरेको छ र गर्दै आइरहेको छ । यसका निम्ति 'नइ प्रकाशन'लाई साधुवाद छ ।

'नाटचभूषण : मदनदास श्रेष्ठ' नामक पुस्तक सम्पादन गर्ने अवसर पाउनु हाम्रा लागि गर्वको विषय हो । हामीले (खास गरेर कृष्ण शाह 'यात्री') नाटक र रङ्गमञ्चसम्बन्धी थुप्रै पुस्तकको लेखन र सम्पादन गरिसकेको अनुभवभन्दा यस पटक यस ग्रन्थको सम्पादनले हामीलाई भिन्न हर्षानूभूति भयो । मदनदास श्रेष्ठको जीवनका सबै पक्ष आऊन् भन्ने हाम्रो उद्देश्य रहेको थियो । यसका लागि विगतका विभिन्न जानकारी दिई सहयोग गर्ने यस पुस्तकका नायक मदनदास श्रेष्ठ, पुस्तकभित्र समेटिएका लेखका लेखकहरू र पुस्तकलाई कसरी पठनीय एवम् सङ्ग्रहणीय बनाउन सकिन्छ भनी पटकपटक छलफल, सल्लाह र सुझाव दिने साहित्यकार नरेन्द्रराज प्रसाई र साहित्यकार इन्दिरा प्रसाईको सहयोगबिना यो पुस्तकले पूर्णता पाउन सम्भव थिएन । अन्त्यमा, हामीलाई सम्पादनको जिम्मेवारी दिने 'नइ प्रकाशन'प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौँ ।

**• कृष्ण शाह 'यात्री'**
**• ललिता 'दोषी'**

नाटयभूषण : मदनदास श्रेष्ठ

# उद्धारक कलाकार

**अमरकुमार प्रधान**

*मदनदास श्रेष्ठको परिचय दिनु अब जरुरत छैन । रेडियो नाटक, चलचित्र, उद्घोषण, रङ्गमञ्च, टेलिफिल्म, भिडियो फिल्मका कुशल अभिनेता अरु सजिलोमा 'नेपाली सञ्जीवकुमार' मदनदासका बारे नेपालका पत्रपत्रिकाहरूले प्रशस्त लेखेका छन् । तैपनि थप्नुपर्ने कुरा– मदनदास दोलखाका हुन्, कालिञ्चोक युवा क्लब संस्थापक परिवारका हुन्, लामो समयसम्म क्लबमा योगदान गरेबापत प्रशंसापत्र पाएका छन् । सम्प्रति सल्लाहकारका रूपमा क्लबलाई टेवा पुऱ्याउने व्यक्तित्व हुन् । 'आँखा' पत्रिका दोस्रोदेखि पाँचौँ अङ्कसम्म अनवरत रूपले प्रकाशन गर्ने दायित्व उनमा पनि थियो । यसैको पृष्ठभूमिमा संक्षिप्त प्रस्तुति छ ।*

• 'आँखा' (पूर्णाङ्क १०, २०४७)बाट

'मदन' नेपाली चलचित्र, टेलिफिल्म, रेडियो नाटक र मञ्च नाटकमा अत्यन्त चर्चित नाम हो ।

मदन पनि दुई छन्– मदनकृष्ण श्रेष्ठ र मदनदास श्रेष्ठ । दुवै साथी हुन् । दुवैले लामो समय कृषि विभागबाट सञ्चालित कृषि कार्यक्रममा सँगसँगै उद्घोषण गरे ।

तर दुवैको व्यक्तित्व अलग, जुँगा उस्तै लाग्छन्, स्वरचाहिँ फरक छ । मदनकृष्ण भन्नेबित्तिकै हाँस उठ्छ, हाँस्न करै लाग्छ ।

उनले गाउँदा पनि हाँस्नुपर्छ, रुँदा पनि हाँस्नैपर्छ किनकि उनी नेपाली हास्य अभिनय क्षेत्रका सम्राट् हुन् ।

'मदनदास' भन्नासाथ तपाईंलाई रिस उठ्छ, शोक चल्छ किनकि उनी चलचित्रका थुप्रै भूमिकामा स्मग्लर, माफिया किङ्ग हुन् ।

परन्तु मदनदासको वास्तविकता ? न उनी स्मग्लर हुन्, न त माफिया किङ्ग । उनी मायालु पत्नी, दुई भोलाभाला छोराछोरीको जिम्मेदारी बोकेका 'अहिले त खाएँ तर भरे खाना के पाक्ला' भनी चिन्ता लिने कलाकारमध्ये एक चर्चित र व्यावहारिक हुन् ।

मुलुकी ऐन, २०२० र परिवार नियोजन अभियान थालनी हुनुभन्दा निकै अगाडिको समयमा 'मर्दका सात' सामान्य कुरा थियो । अहिले पनि हुनेखानेलाई ऐनले छुँदैन । एउटा बहुल पत्नी परिवारमा आमापट्टि दोस्रो, बाबुको हिसाबले तेस्रो छोरो हुन्– 'मदनदास' । अहिलेको 'महाभारत' हेर्न नपाई बितेका नारायणदास श्रेष्ठलाई विष्णुभक्तिको प्रभावले होला आफ्ना छोराहरूको नाम मोहन, कृष्ण, मदन, श्याम, गोविन्द, मुरारी राख्न उत्प्रेरित गराएछ ।

सात दाजुभाइ, तीन दिदीबहिनीको दुई परिवारमा जन्मेर हुर्केका मदनका पिता पनि खानदानी, धनी थिएनन् । 'सन्तान ईश्वरको लीला' सम्झने बुबा र आमाले जसोतसो हुर्काए । उनी 'जागिरे' भए । 'प्रमोसन' पहुँचभन्दा परको कुरा भएकाले रा.प.अ. प्रथम श्रेणी नै उनको (मदनका बुबा नारायणदास) 'जागिर' को पराकाष्ठा रह्यो ।

यिनै आर्थिक सेरोफेरोबीच 'मदन' थिए । उनलाई जागिरको धुन थिएन । उनी त 'मनमौजी' थिए– रङ्गमञ्चका डबली चहार्न रमाउने ।

उनको आँखामा सपना थियो मदन बन्ने । हैन, मोहन हुने । सायद उनी दस-बाह्र वर्षका थिए होलान्– दोलखामा अहिले राजकुलेश्वर

प्राथमिक विद्यालय भएको ठाउँमा भत्केको देवल थियो । यसलाई रङ्गमञ्च बनाएर उनकै परिचित शिवप्रसाद प्रधान मामाले नाटक खेलाएका थिए– हिन्दी सिनेमा 'लैलामजनू' जस्तै कथाको । त्यसको एउटा गीत थियो– 'आऊ, हे मोहन ।' मदनलाई पनि लाग्यो यसरी नै मोहन बन्न पाए । स्नेहालु मोहिनीको मोहन हुन पाए ।

अनि थियो माथ्लो टोलको 'सेङ' (स्वयम्भू चैत्य) जसको रङ्गमञ्चमा 'तुलसीदास' मञ्चन भएको थियो । 'तिमीलाई घमन्ड चढेछ, म तिम्रो प्रेम नपाएर पनि बाँच्न सक्छु । हेरिराख म सारा संसारकै युवतीका प्रेमलाई लत्त्याउँछु ।' तुलसीदास बनेका बालकृष्ण श्रेष्ठ दाइको यो संवाद उनलाई कण्ठै थियो । बिचरा तुलसीदास ! केही दिनमै साँच्चीकै सबैको प्रेमलाई लत्त्याएर हिँडे स्वर्गतिर । मेरो 'राम' हरायो भनी हनुमान् बनेका गोपीलाल शिवभक्ति घरघर घुमेको दृश्य पनि मदनदासले कण्ठै गरे ।

दुब्लोपातलो मदन बलवान् हनुमान् बन्न कसरी सक्तथे ? न लालकाजी जोशी मामाले प्रहसनमा खेलेझैँ 'जग्गू पहलवान् मै हुँ बलवान् !' भन्ने उनको बलिष्ठ तिघ्रा थियो ।

नेपाल–काठमाडौँ । यहाँ त रूप अर्कै थियो । सानो दोलखाको 'दोलखा' थिएन । नेपालकै पर्याय बनेको र भनिएको राजधानी ।

बुबाको जागिर पैसा छाप्ने ठाउँ (टक्सार) मा भएकाले उनी पनि नेपाल-कान्तिपुरको रमझममा झुम्मिन आइपुगे । यस्तै बेला उनी स्कुल पनि जान थाले । किताब सरस्वती हुनाले उनी फाल्न सक्तैनथे । गोडाले छोए पनि ढोग्दथे । उनलाई सबभन्दा रिस उठ्ने किताब थियो– चक्रवर्ती अर्थमेटिक वा अल्जेब्रा मोटो गाता भएको किनकि यसमा नाटक पटक्कै थिएन, अभिनय थिएन । गफ थिएन । लगेर रानीपोखरीमा हुत्त्याउन पाए... । तर किताब नै सबभन्दा महँगो थियो त्यो जमानामा । एक पैसाको सिन्का रोटी माग्दा त्यौडका बूढा

हलुवाईले मदनको हातभरि हालिदिन्थ्यो । ठूलो गुच्चो जत्रो 'हलुवा' अर्को हातमा दिन्थ्यो । दिन बिर्संदा मदन कराउन छाड्दैनथे– 'फोसा-फोसा ।' ज्यादा हूल हुँदा बूढा गाली गर्थ्यो– 'डचावा छ गुया फोसा' तैपनि मदनको पातलो गाला समाउन बिर्सन्नथ्यो ।

अल्जेब्रा किन्न उनका बुबाले बहुत मुस्किलले केही पैसा दिएका थिए । त्यतिले त सिन्का रोटी किने एक डोको आउँथ्यो ।

यसरी २०१९-२० सालतिर मदनले सङ्गत पाए काठमाडौँमा नाटक मञ्चन गर्ने केही संस्थाहरूको । अभिनय गर्न त उनले केटाकेटीमै जानेका थिए । २०२० मै क्यार क्षेत्रपाटीको 'नेपाल कला केन्द्र' मा उनको प्रवेश भयो । आफूले पढ्ने गरेको स्कुल नेपाल युवक माध्यमिक विद्यालयको वार्षिकोत्सवमा एउटा एकाङ्की नाटक देखाइएको थियो । एकाङ्की नाटकको अभिनय देखेर प्रसिद्ध नाटचकर्मी श्यामदास वैष्णवले रेडियो नाटकमा निम्त्याए ।

अभिभावकहरूले रुपार्थे– 'मदन पढ्नसड्न छोडेर आवारा हुन थाल्यो ।'

प्रस्ट छ– एस.एल.सी. को पहिलो केन्द्र 'दोलखा' मा नभैकन उनले एस.एल.सी. उत्तीर्ण नगर्ने सङ्कल्प लिएजस्तै भयो ।

रोयल नेपाल एकेडेमीमा २०२७ सालमा उनको प्रवेश भयो– 'क' श्रेणीको कलाकारका रूपमा । त्यहाँ केदारमान व्यथितदेखि विजय मल्ललगायतका मूर्धन्य साहित्यकार थिए । सबै भन्थे– 'मदनदासको स्वर नै कमालको छ । अभिनय पनि जिउँदो छ ।' तर मदनदासको मन त्यहाँ रम्न सकेन । किनकि उनी विद्रोही थिए । उनले बुबामुमाको चाकरी त गरेनन् भने प्राज्ञहरूलाई अनुनयविनय गर्न कहाँ सक्थे ? यसैले उनी टिक्न सकेनन् । रेडियो नाटकमा खेलेको हप्ताको एक पटक प्रसार गरिने एक-दुईघण्टे नाटकको 'मिनेटको पाँच रुपैयाँ' ले उनलाई कति दिन पुग्दथ्यो ?

यसै बेला चक्कर चल्यो लभको । 'प्रेम नगरी नै बूढा भयौं' भनेर फुल्ने समाजमा उनको यो अर्को दुस्साहस थियो । त्यसमाथि उनको 'लभ' मन्त्रीकी छोरीसित हैन । पुरोहितको ढोग्नुपर्ने जातवालासित पनि थिएन– थियो सहकर्मी रेणुसित । 'जात' बाहेक सबै मिल्दथ्यो । स्वभाव, शील सबै उनीजस्ता । छोरा जस्तो छ बुहारी पनि त्यस्तै पर्न लाग्यो भनेर आमा भुटभुटिन् । बाबुलाई मुटुको रोग लाग्यो । दाजुहरू तर्से । दिदीबहिनीहरू रोए । तर मदन मदनै थिए । फक्कड मदन, सिर्फ मदन । शब्दकोशअनुसार मदनको अर्थ कामदेव वा वसन्त ऋतु वा भ्रमर हुन्छ । उनले रोमान्स गरेर धोका दिने आभिजात्य संस्कार स्विकारेनन् । बरु स्विकारे– सामाजिक तिरस्कार । यसरी उनको विवाह पनि क्रान्ति थियो जसलाई सफल नहुन्जेल कसैले स्विकार्दैन, केवल लहड वा उद्दण्डता मात्र ठानिन्छ ।

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको नामको सम्मोहनले काम गरेन । पुस्तक विक्रेताका रूपमा साझा प्रकाशनको दोकान खोल्न पुगे– दुर्गम सुदूर धनगढीमा २०३१ तिर । नाटकले खान दिँदैन । अभिनयले बाँच्न दिएन, दियो केवल प्रेम अथवा जीवनसँगिनी । त्यसलाई पनि आफूबाहेक अरूले मान्यता दिएनन् । यिनै पीडाले साझाको जागिरमा 'साहुजी' बन्न धनगढी पुगेका मदन त्यहाँ पनि छटपटाउन थाले किनकि किताब बेच्नुपर्दथ्यो– 'मुनामदन', 'अमरसिंह', 'गङ्गालालको चिता' आदि शीर्षकका जसमा नाटच रस थियो । सुरताल थियो । यी किताबको नाटकको कथा सम्झेर उनी एकोहोरिन्थे ।

कसरी बिर्सने– 'मरुभूमिको लेखक' को लेखक पर्दामै आफैं बनेको । महेन्द्ररत्न कलेज वसन्तपुरमा पढ्दा दुर्गालाल श्रेष्ठ ख्वब्लूको एकाङ्की 'रामबहादुरको संसार' मा पियन बनेर खेल्दा पुरस्कार पाएको हिजैजस्तो लाग्दथ्यो ।

अञ्चलाधीश अरूलाई 'दमन' गरे पनि मदनलाई उक्साउँथे– यहाँ पनि 'अभिनय धाक देखाइदिनुस्' । धनगढीमा सबै नौटङ्की

आउँथ्यो पारि भारतबाट । जे होला भनी उनले कम्मर कसे– पहिलो नेपाली नाटक 'पत्थरको कथा' मञ्चन भयो धनगढी बजारमा । त्यो त्यहाँ 'इतिहास' बन्यो ।

तर इतिहास सुन्न रमाइलो हुन्छ, पढ्न भने गाह्रो हुन्छ । खान बाँच्न त अर्थशास्त्र पढ्नुपर्छ ।

मदन फर्के २०३५ मै क्रोक सिद्धेपछि । किनकि उनले अभिनयलाई तिलाञ्जलि दिन चाहे पनि अभिनयले उनलाई नछोड्ने रहेछ । नारायणबहादुर सिंहसँग भेटेपिच्छे उनी गाली खान्थे– 'मदनजी, खान पुगेन भन्दैमा कला त्याग्नु हुन्न । खान त मलाई पनि पुग्दैन, तर के गर्नु ? लेख्न छोड्दिनँ म पनि ।'

प्रचण्ड मल्ल चिच्च्याउँथे– 'यो मदन, मनमौजी' । साथीहरू भन्थे– 'यो च्यारिटी प्रोग्राम, पैसा त त्यस्तै हो– खाजा जोगाड गरेका छौँ । मुख्य भूमिकाचाहिँ तपाईंकै छ ।' वचन हार्ने कसरी, टार्ने कसरी ?

आखिर मदन समाजसेवी थिए, कालिञ्चोक युवा क्लबको संस्थापक सदस्यहरूमध्ये द्वाल्खा गुठीका प्रवर्तक थिए । भीम पब्लिक हाइस्कुललाई जसरी पनि जोगाउनुपर्छ भनी नारा लगाउने ठिटो थिए । आफ्नो गाउँको स्कुल जोगाइयो । कोटेश्वरको स्कुल जोगाउन उनी पछि कसरी सर्थे । त्यसका निम्ति 'हराएको क्षितिज' मा उनी 'देशभक्त' इन्स्पेक्टर बने ।

रेडियो नेपालको उद्घोषक, कृषि कार्यक्रमको सञ्चालक उनकै कलाप्रतिभाको उपयोग थियो । जागिरे भईकन पनि त्यो जागिर थिएन– किनकि साँचो जागिर भन्सारको वा कर वा मालको हुनुपर्दथ्यो । तैपनि उनी जागिरे थिए । उनलाई चिन्नेले जागिरेका रूपमा हैन, 'मदनदास' कै नामले मात्र चिन्दथे जस्तो कि आज पनि उनी 'मदनदास' सिवाय केही छैनन् । उनी न हाकिम हुन् न कारिन्दा । उनी जिएम,

डिजिएम हैनन् । तक्मा पाउने श्रेणीमा परेनन् । कुनै गहकिलो पुरस्कार पाएनन् सरकारी स्तरबाट ।

यसैले उनले 'कलाकारहरू प्रशासक बन्नु राम्रो हुँदैन । म सरकारी भाटहरूले दिएको पुरस्कारको लोभी छैन' भनेर खुलेरै बोलेपछि धेरै कलाकार रिसाए पनि ।

'पच्चीस वसन्त' पूरा गर्न नीर शाहको निर्देशन मात्र पर्याप्त भएन, उनले लगानी पनि गरेर एउटा चलचित्रलाई गर्भमा तुहिनबाट बचाएको रहस्य कृतज्ञतापूर्वक बखान गर्ने मदन नै थिए । २०२१ सालमै आफूभन्दा वरिष्ठ कलाकार शकुन्तला भाउजूले प्रोत्साहित नगरेको भए 'मदन चाहेर मात्र मदन हुँदैनथ्यो' भनी जहिले पनि सम्झिरहने मदनदास मात्रै होलान् । त्यसैले मदन गुनी कलाकार पनि हुन् ।

सर्वनाम समूहले मदनलाई पत्यायो । त्यो जनस्तरकै पुरस्कार थियो र त्यसले मदनदासलाई सर्वनाम पुरस्कार दिँदा उनी दङ्ग परे ।

कालिञ्चोक युवा क्लबका कार्यकारिणी समितिको सदस्य उनी रहिरहे । 'आँखा' दोस्रोदेखि छैटौँ अङ्कसम्म लेख, रचना बटुल्नु लेखककहाँ धाउनु, उनको काम नभई जिम्मा थियो । विज्ञापनचाहिँ उनको फाँटमा थिएन । धनगढी गएपछि 'आँखा' बिलायो । तर उनी सदस्य नै रहिरहे ।

फर्केपछि पनि उनी क्लबमा जान्थे । तर प्रत्येक हप्ता जान गाह्रो हुन्थ्यो उनलाई । किनकि जतिखेर मिटिङ हुन्थ्यो, उनी कुनै 'रिहर्सल' मा हुन्थे । उनको विवशतालाई बुझेर होला साथीहरूले उनलाई सदस्यबाट सल्लाहकारमा प्रमोसन गराए । उनी झन् दङ्ग परे ।

त्यसै बेला 'पच्चीस वसन्त' को कुरा चल्यो । २०३६ सालमा बहुदलीय व्यवस्था पक्षमा प्रतिबद्ध मदनलाई बहुदलको खलनायक चरित्रको भूमिका आइलाग्यो । के मन लागेर हो निर्दल र बहुदलको

प्रतीकात्मक चरित्रपूर्ण कथा भनी निर्देशित सिनेमाका कथाकार विजय मल्लले कथा यति कमजोर बनाए कि भूमिका अभिनेताकै जिम्मामा बढी निर्भर गऱ्यो । त्यसमा 'मदन' खलनायक थिए । पञ्चायतको खलनायक : बहुदलवादी भनेको रक्सी धोक्ने, सुषमा शाहीको नाच हेरेर रमाउने । त्यस बेलाको पञ्चायत जाँचबुझ समितिको हर्ताकर्ता नवराज सुवेदीले बहुदलवादीको चरित्र आफ्नो भन्दा बढी देखाउन किन चाहेनन् ? त्यो चर्चा यहाँ नगरौँ । तर मदनदास 'हिरो' भए । निर्दलको आदर्श घोकाउने हरिहर, वासुदेवको मास्टर 'हरिहर' भन्दा मदन बीस नै भए । सबले चिने– बहुदलवादी मदनदासको अभिनयबाहेक 'पच्चीस वसन्तमा' केही सफल छैन । सायद त्यो पूर्वसङ्केत थियो– बहुदलीय प्रजातन्त्रको बहालीको तीन वर्षअगाडि प्रदर्शन भएको चलचित्रको : बहुदलीय प्रजातन्त्रबाहेक अरू केही सफल हुँदैन नेपालमा ।

'निमित्त नायक' टेलिफिल्म खूब चल्यो । त्यसमा जुँगादाह्री सफाचट मदनदास खलनायकभन्दा पनि 'सुकुमार नायक' जस्तो देखिँदा पद्मकन्याका केटीहरू भुतुक्कै भएछन्, 'आम्मै ! तरुनीलाई जबरजस्ती समाउने जुँगेदारीवाल त यस्तो हिरो रहेछ ।'

मदनको पुर्खौली घर दोलखामा छँदैछ । भाग लगाए उभिन पुग्ला । प्रतिभा, आफ्नै मेहनत र पत्नीको शीलस्वभावले जितेछ सबैको हृदयमा । बल्ल आदर पाउन थाले घरबाट, परिवारबाट । आफन्तहरू उनलाई डाक्न आउँछन् । तर जतिखेर फुर्सतैफुर्सत थियो उनलाई डाक्ने कोही थिएन । अब जतिखेर उनीसँग समय छैन डाक्ने प्रशस्तै छन् । उनी नजाऊन् कसरी, 'कहाँ चिन्छ र मदनले अब ऊ ठूलो मान्छे' भन्ने पनि निस्केका छन् ।

'पैसा भनेपछि हुरुक्किन्छ' मदनलाई चिन्नेहरूभन्दा नचिन्नेहरू भन्छन् । तर मदनको पीडा : बल्लतल्ल खडा गरेको घट्टेकुलोको भित्र कताकताको घर कसै गरी बन्यो, त्यसमा तला थप्न सकिएको

छैन । प्लास्टर राम्ररी गर्न बाँकी छ, हुर्कँदै गएकी छोरीको भविष्यले उनलाई सुत्न दिँदैन । 'समर्पण' मा भनेझैँ 'हेर् तँ एक्ली छोरीलाई जे भन्छेस् म पुऱ्याउँछु' भन्ने मन भए पनि सिनेमामा अपार सम्पत्तिवालाझैँ उनी वास्तविक जीवनमा बन्न कहिल्यै सकेनन् । त्यो सानो घरले उनको पसिना, उनको पत्नीको मेहनतभन्दा बढी उनको रगतसमेत माग्यो । एउटा औँलाको बलि खाने 'घर' लाई राम्ररी सिँगार्न अझ लामो समय लाग्छ ।

जबजब घट्टेकुलोको घुमाउरो फेरोमा उनी हिँडिरहन्छन्, एक हूल स्कुले ठिटाहरू कराउँछन्– 'मदन दाइ' । उनी हात उठाउँछन् । अर्को जमात कराउँछ– 'स्मगलर' ।

कमलादीको मोडमा एक पटक उनलाई अगाडि देखेर एउटी युवती चिच्च्याइन्– 'आम्मा हो ।' नहिँडून् कसरी ? उनीसित साइकल पनि छैन । टचाक्सीमा चढ्न थाले 'अभिनयको पैसा' बालुवासरि हुन्छ ।

अन्तर्वार्ता लिन आउनेको ताँती लाग्छ । समय नदिए लेख्ने बेर लाउँदैनन्– 'कलाकारले फुर्ती गऱ्यो ।' समय दिऊन् खानासमेत काँचो खानुपर्छ । आफन्तहरू मद्दत कम, डाहा ज्यादा गर्दछन् । यो स्वभाव प्राय: सब घरको हो । यसमा उनको चित्त दुखाइ छैन ।

तैपनि मदनलाई भेट्नेहरू उनको प्रशंसा गर्दछन् । उनी कलाकारको परिचयले मात्र बाँचेका छन् । पछाडिबाट गाली गर्नेहरू पनि सामुन्ने पर्दा आदर गर्छन् । 'नेपालीमा समाचार' भन्ने प्रसारणको उनी विरोधी थिए । पछि सच्यायो 'समाचार' मात्र भनेर । 'सबै कुराको भाउ बितेको बीस वर्षमा बढ्यो तर कलाकारको पारिश्रमिक नबढ्ने देशमा' 'दोलखालाई धेरै गर्न सकिने ठाउँ छन् : गर्नुपर्छ, गर्न तयार छु' भन्न रुचाउने मदन आफूले गरेर हुने उद्धार काम गर्न पछि हट्दैनन् । उनमा पीडा छ– चाहेजस्तो गर्न सकिएको छैन ।

# नेपाली रङ्गकर्मका एक शिखर पुरुष

**अशेष मल्ल**

जति बेला मुलुकभरि पहुँच भएको एउटै सञ्चारमाध्यम थियो रेडियो नेपाल; त्यति बेला शनिबार दिउँसो १:३० बजे के गाउँ, के बजार, के सहर सारा मानिसहरूको प्रतीक्षा हुन्थ्यो रेडियो नाटकको । त्यही रेडियोमा घन्किने अनेक आवाजमध्ये अत्यन्त ओजस्वी, प्रभावशाली र मर्मस्पर्शी आवाजको प्रतीक्षामा हजारौँ श्रोताहरू अधैर्य बसिरहेका हुन्थे । हजारौँ श्रोताहरूको तिनै लोकप्रिय कलाकार मदनदास श्रेष्ठ जसका बारेमा लेखिरहँदा रेडियोअघिल्तिर प्रतीक्षारत ती थुप्रै श्रोताहरूको अनुहार देखिरहेछु । शनिबारबाहेक कृषि कार्यक्रमदेखि अनेक पर्वहरूमा प्रसारित हुने विशेष रेडियो नाटकहरूसम्म मदनदासको एकछत्र प्रभाव साँच्ची नै ऐतिहासिक मान्नुपर्छ । उनको आवाज ओजस्वी त महसुस हुन्थ्यो नै, 'मोडचुलेसन'का दृष्टिमा पनि उनको आवाज अद्वितीय रहेको म अनुभव गर्छु । आवाजमा मिठास हुनु मात्रै सम्पूर्ण होइन; भावअनुकूल उतारचढाव, बलाघात र विश्रामको स्थितिमा सन्तुलन आउनु पनि त्यति नै जरुरी छ । ती सबै गुण मदनदास श्रेष्ठको आवाजमा रहेको छ । रेडियो नाटकमा अनेक चरित्र निर्वाह गर्दा उनको आवाज प्रभावशाली रहनुमा तिनै गुणले गर्दा हो भन्नुमा उत्युक्ति हुँदैन । यसरी एक समय रेडियो नेपालको त्यो ओजस्वी आवाज जनजनमा लोकप्रिय थियो । क्रमश: टेलिभिजनको आगमन, सिनेमाको तीव्रतम विकास र अन्य सञ्चारमाध्यमसँगै एफ.एम.

रेडियोको प्रवेशले रेडियो नेपाल स्वयम् छायामा पर्दै गयो । अनि मदनदास श्रेष्ठजस्ता रेडियो ध्वनि कलाकारहरू पनि नेपथ्यमा कतै हराउन पुगे ।

रेडियोकर्मीहरूका ती भव्य ध्वनि यसरी ओझेलमा परे पनि मदनदास श्रेष्ठको व्यक्तित्व भने त्यही ध्वनिसँग समाप्त भएन । उनी बहुमुखी व्यक्तित्वका धनी भएकै कारणले उनको प्रतिभा रेडियोमा मात्रै सीमित हुने कुरै भएन । खासमा उनको परिचय रेडियोकर्मी या रेडियो ध्वनिका कलाकर्मी हुँदै होइन, त्यो त उनको एउटा पाटो मात्रै हो । वास्तविक परिचय त उनी एक सशक्त रङ्गकर्मी हुन्; अनि हुन् एक सशक्त सिने कलाकार । समग्रमा भन्नुपर्दा उनी एक प्रतिभाशाली अभिनेता हुन् । नेपाली रङ्गमञ्चमा उनको एउटै छुट्टै पहिचान छ । बीसको दशकतिरै रङ्गकर्ममा उनको प्रवेश भए पनि तीसको दशकपछि उनको रङ्गयात्राले सक्रिय भूमिका खेल्यो । तीसको दशक नेपाली रङ्गकर्मकै लागि महत्त्वपूर्ण समय हो । त्यही दशकदेखि नै नेपाली रङ्गकर्मले एउटा नयाँ गति लिएर आएको थियो । त्यही दशककै एक होनहार र सशक्त अभिनेताका रूपमा मदनदास स्थापित हुन पुगेका हुन् ।

अभिनेता मदनदासको व्यक्तितत्वलाई हेर्नुपर्दा एउटा विशुद्ध कलाकारका रूपमा हेरिनु उपयुक्त हुन्छ । चाहे रङ्गमञ्चमा होस् वा पर्दामा या रेडियो नाटचकर्मीकै रूपमा किन नहोस्– उनी विशुद्ध कलाकार हुन् । एउटा कलाकारको सम्पत्ति भनेको उसको आवाज र भावअभिनय हो । अभिनय सीधै भावसँग सम्बन्धित छ । भावको अभिव्यक्ति अभिनेताले मुखमुद्रा, शारीरिक गति र आवाज अर्थात् वाणीले प्रकट गर्छ । मुखमुद्रा (Gesture) जति महत्त्वपूर्ण छ शारीरिक अभिनय (Posture) पनि त्यत्तिकै महत्त्वपूर्ण छ । यिनको सन्तुलित र लयात्मक तालमेलले नै एउटा राम्रो कलाकार निर्माण हुन सक्तछ र वाणीको ओज कस्तो छ त्यसले कलाकारको अभिव्यक्तिलाई विशेष

स्थितिमा पुऱ्याउँदछ । यस सन्दर्भमा मदनदास श्रेष्ठको अभिनय सन्तुलित छ । प्रभावशाली छ र चरित्रगत प्रस्तुतिमा उनको गतिमयता अत्यन्त ओजस्वी छ । वास्तवमा उनी अभिनयकै लागि जन्मेका हुन् भन्ने लाग्दछ ।

रङ्गमञ्चको एउटा सफल कलाकार सिने जगत्मा समेत स्थापित हुन सक्तछ । नेपाली सिनेमाको एउटा सबैभन्दा खट्किने पक्ष भनेको कलाकारको वाणी अर्थात् संवाद प्रवाहमा हुने कृत्रिमता नै हो । जबजब म नेपाली सिनेमा हेर्छु, अधिकांश कलाकारहरूको संवाद प्रवाहमा स्वाभाविकताको कमी देख्छु । यथार्थवादी सिनेमाहरूमा समेत कलाकारहरूको संवाद प्रवाहमा कृत्रिमता हुने स्थिति अद्यापि छँदैछ । तर थोरै कलाकारहरू जो रङ्गमञ्चबाट पर्दातिर गएका छन् तिनमा भने यो कमजोरी देखिँदैन । तिनै कलाकारहरूमध्ये मदनदास श्रेष्ठ पनि एक हुन् । यिनको संवाद प्रवाह र अभिनयतामा स्वाभाविकता देखिनुको मूल कारण पनि त्यही रङ्गकर्मको पृष्ठभूमि नै हो । कलाकारको यही पृष्ठभूमिले गर्दा नै सफल हुन सक्ने हुन्छ । वास्तवमा मदनदास श्रेष्ठ बाल्यकालदेखि नै रङ्गकर्मप्रति प्रवृत्त थिए । सायद उनको व्यक्तित्वको मूल प्रवृत्ति नै रङ्गकर्म वा अभिनय भइदिएकाले नै उनका सिनेमाहरूमा त्यो ओजस्वी कायम भएको हुन सक्छ ।

२०४१ सालमा श्रेष्ठ 'सर्वनाम पुरस्कार'बाट सम्मानित भएका थिए । त्यो बेला अभिनयकै लागि भनेर दिइने पुरस्कारहरू थिएन । प्रतियोगिताका रूपमा नाटक महोत्सव र जी.ए.ए. एकाङ्की उत्सवहरू भए पनि अभिनयमै योगदान दिएबापत दिइने पुरस्कार थिएन । कला, सङ्गीत, रङ्गमञ्चजस्ता बृहत्तर क्षेत्रसँग सम्बन्धित इन्द्रराज्य पुरस्कार भए पनि यो केवल अभिनयसँग मात्रै सम्बन्धित थिएन । राष्ट्रिय स्तरमा केवल एउटै पुरस्कार 'सर्वनाम पुरस्कार' थियो । श्रेष्ठलाई यो पुरस्कारमा छनोट गर्दा पनि उनको मूलत: अभिनय क्षमताकै कारणले छनोट गरिएको थियो । वास्तवमा बीसको अन्तिम दशकतिर उनले

प्रज्ञाप्रतिष्ठान र नाचघरमा दर्जनौँ नाटकहरूमा अभिनय गरेका थिए । दर्जनौँ गीतिनाटकमा उनको अभिनयले प्रशंसा पाइसकेको थियो । समयक्रममा रङ्गमञ्चमा उनको प्रवेश पातलिँदै गयो । बालकृष्ण समको 'अमरसिंह' नाटकपछि मैले उनको अर्को नाटक देखेको छैन । सायद यसपछि अलि कम भएको हुनुपर्छ नाटकमा । यसको एउटा प्रमुख कारण सिनेमातिर उन्मुख हुनु नै हो जस्तो लाग्छ । देशमा टेलिभिजनको स्थापना भएपछि धेरै कलाकारहरू यतातिर उन्मुख हुन पुगे । त्यही कालखण्डमा नेपाली सिनेमा निर्माण हुने क्रम पनि तीव्र हुन थाल्यो । सिनेमाका लागि श्रेष्ठजस्ता कलाकारलाई अत्यधिक नरुचाउने त कुरै थिएन । यसरी सिनेमातिर बढी व्यस्त हुन थालेपछि उनले नाटकतिर कम ध्यान दिएका हुनुपर्छ । 'के घर के डेरा', 'कन्यादान', 'तिलहरी', 'सङ्कल्प', 'युगदेखि युगसम्म', 'वसन्ती' जस्ता दर्जनौँ सिनेमामा उनको अभिनयले प्रभाव जमाएको थियो ।

यसरी श्रेष्ठका जीवनमा अनेक उतारचढाव आए पनि अभिनय उनको मूलधार रहेको देख्न सकिन्छ । इतिहासले उनलाई एउटा प्रतिभाशाली कलाकारका रूपमा स्थापित गरिसकेको छ । मुलुकमा कलाकार भएरै बाँच्न सक्ने स्थिति न पहिले थियो न अहिले नै छ । बाँच्नका लागि अनेक सङ्घर्ष गर्नुपर्ने स्थिति अद्यापि छँदैछ । श्रेष्ठका जीवनमा पनि सायद यस्ता सङ्घर्ष आए होलान्, तथापि उनले अभिनय क्षेत्रमा दिएको योगदानलाई इतिहासले कहिल्यै भुल्न सक्तैन ।

निष्कर्षमा भन्नुपर्दा मदनदास श्रेष्ठ नेपाली रङ्गकर्म क्षेत्रमा एक विशिष्ट र अत्यन्त प्रतिभाशाली अभिनेता हुन् । भावी पिँढीका रङ्गकर्मीहरूका लागि प्रेरणास्रोतका एक व्यक्तित्व हुन् ।

# मदन दाइ !

## इन्दिरा प्रसाई

मलाई मदन दाइको आवरण मन पर्छ ।

मैले यसो भनिरहँदा कतैबाट आवाज आउन सक्छ, 'त्यस्तो आवरणको के महत्त्व र ? कुनै पनि बेला जुन आवरणको विलय निश्चित छ ।'

यसो भनिदिने निस्सारतावादिताको हाँकका अघि म शिर झुकाउन पनि सक्तिनँ । मलाई लाग्छ, पृथ्वी वा जगत्कै आवरणभित्र प्राणी मात्रको अस्तित्व चलायमान रहने सत्यसँग साक्षात्कार गरिँदा भने व्यक्तिको आवरण पनि जीवन्त सत्य हो र सोही आवरणको साक्ष्यमै मात्र व्यक्तिविशेषको लेखाजोखा गर्न सकिन्छ । अन्यथा आवरणविहीन अवस्थामा समग्र प्राणीजगत् एकाकार हुने अवस्थाको सृजना हुन जान्छ र त्यस एकाकारमा निसासिँदै आवरणको खोजी गर्ने पनि मानव जाति नै हो । आफूलाई प्राणीमध्येको सर्वश्रेष्ठ प्राणी ठान्ने मानव (ऊ कति सर्वश्रेष्ठ वा निकृष्ट छ त्यसको लेखाजोखा अर्कै विषयवस्तु हो) नै त्यस आवरणविहीन अपार समूहमा विलुप्त हुन जान्छ । अर्थात् व्यक्ति पहिचानको अर्थलाई साकार बनाउन मात्र भए पनि आवरणको महत्त्व हुन्छ । त्यसैले मैले आवरणमा पनि मदन दाइलाई मन पराउनुको परिभाषा पनि यही हुन सक्छ ।

मदन दाइ, मदनदास श्रेष्ठ यस बेलाका मेरो लेखनको विषयवस्तु !

मैले त्यसैले मदन दाइको पहिचानस्वरूपको आवरण सर्वप्रथम मन पराएँ । हँसिलो, उज्यालो अनुहार, मिलेको बनोट, आवश्यक तौल र उचाइले बनेको सन्तुलित व्यक्तित्व ! आँखामा हाले पनि नबिझाउने र मनमा राख्दा पनि बोझ नभइदिने एउटा आकृति ! जसलाई म मदन दाइ भनेर सादर सम्बोधन गर्छु ।

मदन दाइ !

...त्यसैले नै हुन सक्छ मलाई मदन दाइको आवरण मन पर्छ । किनभने मानिसलाई रुचाउनका लागि पहिलो झलकमा आवरण नै बेहोर्नुपर्ने हुन्छ । अरुचिकर आवरणमा बेरिएको व्यक्ति कसरी बेहोर्ने ?

मलाई लाग्छ, विधाताले हतार नगरी फुर्सतमा निर्माण गरेको मानवजातिको नमुनाका रूपमा कहीँकतै निस्सङ्कोच प्रस्तुत गर्न सकिने व्यक्तिविशेष हो मदन दाइ ।

हुन त मैले मदन दाइलाई सर्वप्रथम आवाजका माध्यमले चिनेको पनि चार दशक हुँदै छ र मदन दाइलाई सशरीर चिनेको दुई दशक बितिसकेछ । समय रोकिँदैन, हावाजस्तै समय बहिरह्यो । हामी सँगसँगै बह्यौँ वा रोकियौँ पनि कतै, छुट्टै बेला पर्गेल्नुपर्ला ।

२०२६, २७ सालतिर नै रेडियो नेपालमा मदनदास श्रेष्ठको आवाजसँग श्रोताका माध्यमले मेरो पनि नाता गाँसिएको हो । किशोरी मनमा बसेको आवाज थियो त्यो ।

सपनाको राजकुमारको खोजीको समय थियो त्यो ।

राजकुमारको आवरणमा राक्षस फेला पर्ला कि भन्ने आशङ्का गर्नै नसकिने रङ्गिन वय थियो त्यो ।

त्यस बेला नेपाली आकाशमा आवाजको एउटा मात्र मित्र थियो रेडियो नेपाल । प्रिय, अति प्रिय थियो नेपाली संसारमा रेडियो नेपाल । अनि त्यस बेलाको अनकन्टार मधेसैमधेसको सदरमुकामस्थित

एउटा लाहुरेको घरमा सोनी ब्रान्डको रेडियोमा रेडियो नेपाल पनि घन्किन्थ्यो । विराटनगर, पाञ्चालीको त्यही र त्यस्तै वातावरणमा 'मदन दाइ' सुनेथेँ मैले । त्यस बेलाका अचम्मका मानिसहरूका आवाज जुन रेडियोभित्रबाट बाहिर घन्किन्थ्यो ! घरमा रेडियो हुनु नै अजब र गजबको त्यो बेलाबखत थियो भने त्यसबाट निस्कने ती आवाज मेरा लागि पनि साँच्चै रोमाञ्चकारी नै हुन्थे ।

तराईका गराहरूमा धानका पहेँला लोभलाग्दा बाला जति थिए त्यसरी नै नेपालीइतर भाषासँग पनि त्यहाँ हाम्रो मीठो साक्ष्य रहन्थ्यो । नेपालको दक्षिण सिमाना विशाल भारत देशको एउटा प्रान्त विहारको पुर्णिया जिल्लाको एउटा सानो गाउँजस्तो बजार जोगबनी नाका जोडिएकाले विराटनगर त्यस बेला हिन्दीमय थियो र छ अझै पनि । हिन्दी सिनेमा, हिन्दी उपन्यास, हिन्दी पत्रिका र बोलीचालीमा पनि हिन्दी, मैथिली, भोजपुरी, देहाती र मिश्रित भाषा बढीजसो हुने गर्थ्यो । हिन्दी नजान्ने मानिस कसोकसो असभ्यजस्तो, काँठे वा पहाडिया भइदिन्थ्यो । कलेज नपुगुन्जेल म पनि त्यसै मार्काकी थिएँ । कलेजीया हुनेबित्तिकै स्कुलमा भएको अभिभावकीय कठोर बन्धन पुरै खुकुलिएको थियो । वर्षमा मुस्किलले एकदुई सिनेमा मात्र हेर्न पाउने मेरा लागि सिनेमा हेर्न मन लागे हेर्न पाउने भइसकेकी थिएँ । सधैँ दाम्लोमा बाँधिएको जन्तु एकाएक स्वतन्त्र भएझैँ अपरिमित स्वतन्त्रताले गर्दा अहिलेको नेपालको गणतन्त्रजस्तै जस्तै हुन पुगेकी थिएँ म । तेह्र वर्षमा स्कुल सकेर कलेज पुगेकी मलाई हिन्दी सिनेमासँगको पर्याप्त दोस्तीले हिन्दी भाषातिर निकै आकर्षित बनाएको थियो । त्यसपछि नै नेपाली साहित्यका किताबहरूले भन्दा धेरजसो हिन्दी साहित्यतिर आकर्षित गराउँथ्यो वातावरणले । धर्मयुग, कादम्बिनी, सारिका, सरिताले नपुगेर त्यस बेलाको रङ्गिन वयका खुराक भरिएका रानु, गुल्सननन्दा, शिवानी लगायत अरु जासुसी हिन्दी उपन्याससमेतकी अम्मली हुँदै गएकी थिएँ म । राजा हरिश्चन्द्र, आमा, माइतीघर सिनेमा हेरे पनि

त्यसताका नेपाली सिनेमा हेर्न लायक कहाँ हुन्छ र ? भन्ने प्रश्न हुन्थ्यो, अझै पनि कतिपय चर्चा हुँदै नै छ । त्यसैताका 'के घर के डेरा' मा मदन दाइ आएका थिए । त्यसपछि उनले दुई दर्जन बढी नेपाली चलचित्र खेले । कति मैले हेरेँ र कति हेरिनँ पनि । भर्खरै बीपी कोइरालाको उपन्यास 'तीन घुम्ती' मा समेत अभिनय गरेका छन् मदन दाइले । मेरा अतिप्रिय लेखक बीपीको उपन्यासमा बनेको सिनेमा हुँदा यो हेर्न मन छ ।

मैले नेपाली सिनेमा हेर्नु नहेर्नुको मदन दाइको कलाकारितासँग खासै औचित्य पनि छैन । तर मदन दाइ पचास वर्षदेखि नेपाली श्रव्यदृश्यमा साधनारत कलाकार हुन् । यो सत्यसँग मेरो साक्षात्कार छ । नेपाली भाषाका कलाकारिताको क्षेत्रका अविरल यात्री हुन् मदनदास श्रेष्ठ । मैले सहजै उनको विवरणमाला प्रस्तुत गर्न पनि सक्तिनँ, यो त उनको सामाजिक स्यानो परिचयको पनि एक झलक मात्र हो ।

किशोरी वयको साक्ष्यमा रेडियोमा सुनिएका केही आवाजहरूमध्येका एक आवाजधारीसँग पचासको दशकमा मैले सशरीर साक्षात्कार गरेँ । मेरा प्रियतम नरेन्द्रका आदरणीय मायालु दाजुका स्वरूपमा । मदनदास श्रेष्ठ अब त परिवारकै सदस्य लाग्छन् । गर्वित हुन्छु, उनको चुलिएको व्यक्तित्वसँग नजिकिन पाउँदा ।

अर्थात् वास्तवमा नै यो ठट्टा वा रमाइलोको मात्र विषय पनि होइन !

नेपाली भाषाको प्रचारप्रसार, विस्तार र प्रतिष्ठाका लागि मदनदास श्रेष्ठले पुऱ्याएको योगदान विशिष्ट छ भन्दा मलाई पटकपटक गर्वबोध हुन्छ । मातृभाषा नेपाली नभएका उनीबाट नेपाली भाषाका लागि भएको योगदान अरु विशिष्टताको महिमासमेत खामिएर थप उचाइमा रहेको म अनुभूत गर्छु । तर यसबारेको उनको लेखाजोखा गर्ने हाम्रो

देशको सरकारी निकाय भनाउँदो अहिले चक्षुविहीन छ र छ विवेकहीन पनि । तिनका सरकारी कला प्रतिष्ठानद्वारा आयोजित बेतुके प्रत्यक्ष प्रसारण हेर्नका लागि मदनदास श्रेष्ठजस्ता अब्बल दर्जाका कलाकर्मीहरू पाखाको दर्शकदीर्घामा राखिएका छन् । आआफ्ना पार्टीका झन्डाका मक्काएका झुम्राका टालाटुली गाँसेर पुतली बटुल्दै फुर्सत नभएको सरकारले मदनदास श्रेष्ठ कसरी चिनोस् । बरा सरकार !

यो पनि विडम्बना नै हो हामीले भोगिरहेको यस युगको !

हुन त अयोग्यहरूको शासनव्यवस्था भएपछि योग्यहरू किनारामा पारिनु कुनै आश्चर्यजनक घटना पनि होइन । हुँदै होइन ।

हाम्रा वाङ्मयका अविश्रान्त साधकहरूले यस विषम स्थितिमा आत्मतृप्ति, आत्मसन्तुष्टि आदिइत्यादि भनेर आफैँले आफूलाई फकाउनु फुल्याउनुको विकल्प पनि रहेन अब । नत्र आत्महीनताको यो पीडा र छटपटीको सिकार बनिँदा आफैँ मनोरोगी हुने पक्का छ र यसबाट पनि विवेकविहीन सरकारको त केही लछारिँदैन ।

सायद अध्यात्ममार्गीहरू अहिलेको परिस्थितिलाई सहजै कलि व्याप्त हुनुको परिणाम स्विकारिदिन्छन् ।

हामी पनि यसै भनिदिऊँ, मानी पनि दिऊँ र सरक्क पन्छिदिऊँ । त्यसपछि आआफ्नो यात्रा जारिराख्न सहजै सकिन्छ होला, हैन र ?

मलाई लाग्छ, मदन दाइ यसै गरिराखेका छन् । किनभने उनको यात्रा पलायन छैन, वितृष्णित छैन, डाहा र ईर्ष्याग्रस्त वा निराश र उपेक्षित मनस्थितिले ग्रस्त पनि छैन ।

सायद त्यसैले अजातशत्रु छन् मदन दाइ !

यसै कारण ओजिलो यात्राका अनवरत पथिक मदन दाइ !

- 'मदनदास श्रेष्ठ' मेरा लागि कलाकारका रूपमा परिचित व्यक्ति हुँदाहुँदै पनि उनका विविध बान्की र शैलीगत वैशिष्ट्यसँग

पनि मेरो साक्षात्कार भएको छ । यस लेखनको अभीष्ट मदन दाइका यी उपलब्धिमाथि लागेको भारी पर्दाको चेपोबाट चियाउँदै सूक्ष्म चर्चाको अभिलेखन गर्नु पनि हो । यसैमध्ये पनि यहाँ म सङ्गठनात्मक सहकार्यमा र पारिवारिक साहचर्यमा मदन दाइको भूमिकाबारे केही शब्द समर्पण गर्ने जमर्को गर्दै छु ।

मैले चिनेका मदनदास श्रेष्ठ चुपचाप कलाकारिताको दुनियाँमा अभिनय गरेर मात्र रमाउने खालका छैनन् । मैले उनलाई प्रायजसो कुनै न कुनै साहित्यिक, सांस्कृतिक अथवा सामाजिक सङ्घसंस्थाहरूमा लागिपरेको देखेको छु । त्यस्ता संस्थामध्ये हामीसँगै नइ प्रकाशनको संस्थापनसँग जोडिएका मदन दाइको भूमिका अति उल्लेख्य रहेको छ । 'नइ प्रकाशन' बाहिर बसेर मात्र नइ पुरस्कारबाट पुरस्कृत हुन सकिने बाध्यात्मक अवस्थाको प्रस्ताव मदन दाइसमक्ष राखिँदा उनीबाट सहजै पुरस्कार अस्वीकार गरिनु र 'नइ प्रकाशन'बाट बहिर्गमनप्रति सशक्त अनिच्छा जनाउनुले उनको साङ्गठनिक समर्पण प्रस्ट्याउँछ । यसै गरी 'त्रिमूर्ति निकेतन'मा पनि उनको सक्रिय सहभागिता रहेको छ । सबैभन्दा महत्त्वपूर्ण कुरा मदन दाइ कुनै पनि संस्थामा बाध्यात्मक रूपले अथवा कुर्सी रुँग्ने ध्येयले मात्र रहने व्यक्ति होइनन् । घट्टेकुलोस्थित 'शान्ति समाज' नामक संस्था उनको नेतृत्वकालमा परिष्कृत रूपले अघि बढेको थियो । रचनात्मक काम गरेर संस्थालाई अघि बढाउने मान्यतामा दृढ रहेका मदन दाइले पछिल्लो चरणमा 'दोलखामा फिल्म सिटी निर्माण' का लागि आफ्नो अनुभव र दक्षता सुम्पिरहेका छन् । यसका साथै ज्येष्ठ नागरिकका लागि उनको समेत सक्रिय सहभागितामा उल्लेख्य गतिविधि भइरहेको विषय पनि प्रेरक रहेको छ । मदन दाइ वरिष्ठ कलाकार हुन् तर उनी 'कलाकार' मात्र पनि होइनन् । उनको साङ्गठनिक व्यक्तित्व पनि निकै

सुदृढ छ भन्नका लागि मैले केही टिपोट मात्र यहाँ प्रस्तुत गरेकी हुँ । उनको समग्र साङ्गठनिक व्यक्तित्वबारे विश्लेषणात्मक रचना मेरो यस बेलाको लक्ष्य पनि होइन । तर उनको यो पक्ष पनि सामाजिक संरचना र राष्ट्रिय समृद्धिका फाँटमा निकै महत्त्वको र प्रेरक पनि छ भन्ने कुराको स्यानो दृश्य मात्र यहाँ मैले प्रस्तुत गरेकी हुँ ।

मदन दाइबारेका मैले लेखेका यति अग्रलेखनका कुरा अरू कसैले प्रस्तुत गर्दा पनि मोटामोटी यही नै निष्कर्ष आउने थियो । अहिलेसम्म मैले जे लेखेँ त्यो जगत्‌ले लेख्दा पनि त्यही लेखिन्छ, भाव र भङ्गिमा फरक पर्ला, तिथिमिति र तथ्याङ्कको घटीबढी होला । त्यत्ति हो ।

तर अब मैले यसपछि मदन दाइबारे केही कुरा लेख्न बाँकी छ, ती कुरा जुन नितान्त मैले मात्र मेरा मानसमा सङ्गृहीत गरेका मदन दाइबारेको अनुभूति, जसलाई मैले मात्र लेख्न सक्छु ।

अर्थात् अहिलेसम्मको मेरो यस लेखभित्रको लेखनलाई भूमिका मानिदिए हुन्छ र अबचाहिँ म मैले नै लेख्न सक्ने मदन दाइबारेको मेरो मौलिक सृजनातिर लम्कँदै छु ।

- त्यसपछि, अर्थात् मदन दाइ हाम्रो परिवारसँग घनिष्ठ थिए ।

हाम्रा घरमा उनको आगमन वा उनका घरमा हाम्रो उपस्थितिबाहेक उनकै घरको बाटोबाट मैतीदेवी निस्किने बाटोमा पनि मदन दाइसँग मेरो प्राय: जम्काभेट हुने गर्थ्यो । म मेरो कार्यक्षेत्रतिर पुग्नको हतारोमा झन्नैझन्नै दौडँदैको गतिमा हुन्थेँ । 'नमस्कार' मेरो दौडको गति रोकिन्थ्यो र म आफूअघिल्तिर उही उज्यालो, हँसिलो अनुहार देख्थेँ । मदन दाइ कहिले पैदल, कहिले बाइकमा हुन्थे । हतारमा पनि हामीबीच भलाकुसारीका

केही शब्द विनिमय हुन्थ्यो । उनीसँग बिदा भएपछि धेरैबेरसम्म मेरो मानसमा गुम्फिने शब्दावलीले म पराजित पराजित महसुस गर्थें त्यस बेला । 'मैले पो सम्मान गर्नुपर्ने मानिसले मलाई अभिवादन गरे', पहिले पहिले त म सरमले पानीपानी हुन्थें । राष्ट्रका यति ठूला कलाकार, कर्म र वय दुवैमा मभन्दा धेरै ठूलो व्यक्तित्वले कति सहज भावमा मलाई अभिवादन गरेका होलान् ? तर बिस्तारै म उनको बानीसँग सहज हुन थालें र उनीसँग भेट हुन सक्ने सम्भावनामा चनाखो पनि हुन थालें । यत्ति हो उनको यो कर्म पनि मेरा लागि घोक्नुपर्ने पाठ भने भयो । बाटोघाटोमा देख्दा पनि नदेखेको जैँ गरेर हिँड्ने कतिपय आफन्त र कतिपय अरु पनि त्यस्तैउस्तै तपसिलका स्वयम् घोषित ठूला मानिसहरूलाई त्यस घडी मदन दाइका समकक्षमा पुड्का र हिस्सी नपरेका प्लास्टिकका सस्ता खेलौनाजस्ता महसुस गर्थें र गर्छु पनि म । उफ ! किन होला त्यो अहङ्कार ? किन ? किन ? र किन ? बारम्बार यस प्रश्नले मेरो मथिङ्गलमा आक्रमण गरिरहन्छ अहिले पनि ।

ठूलो हुनका लागि मानिसले सानो हुन पनि जान्नुपर्दो रहेछ ।

मदन दाइबाटै पाएको शिक्षा हो मेरा लागि यो ।

यस्तो कर्म मदन दाइले अनवरत गरिरहे । जसले गर्दा मेरो मानसमा मदन दाइको अचल मूर्ति स्थापित भएको छ ।

हाम्रो परिवारका अनन्य हितैषी अभिभावक मदनदास श्रेष्ठ !

हाम्रा केही पारिवारिक पेचिलामुद्दामा पनि न्यायमूर्तिको भूमिका खेलेका छन् मदन दाइले । मेरी सासू भागीरथा प्रसाईको भौतिकीका समयमा मेरी सासूको सन्तुष्टि खातिर पारिवारिक एकता अभियानका स्वयम् संयोजक पनि बनेका हुन् मदन दाइ । अरु यस सन्दर्भमा हामीले कुनै वाक्य नफुटाउँदै मेरी

सासूको मनको भाव पढेका थिए मदन दाइले । तर उनको यस अभियानले सफलता पाएन । पुत्र नै पुत्र हुन नसकेपछि, माताको ममता र महत्त्वसँग ईर्ष्या र डाह साटेपछि मदन दाइले असफल हुनुपरेको थियो । तर मदन दाइको त्यस समयको उद्देश्यको पवित्रताका अघिल्तिर यस्ता असफलताहरूको कुनै मूल्य हुँदैन ।

मदन दाइको हाम्रो परिवारसँगको नि:स्वार्थ भावको सामीप्यलाई मैले यति धेरै आत्मसाक्षात्कार गरेछु, त्यस कुराको हेक्का मलाई त्यस बेलासम्म थिएन ।

हाम्रा घरभित्रको उज्यालो घामलाई अनायासै बादलले छोपेर नियतिको कठोर बज्र परेको त्यस बिहानी यति ठूलो सहरमा भएका हाम्रा सबै आफन्त र धेरै साथीभाइहरू सबैसबै मेरो विस्मृतिमा पुगेका थिए ।

'दाजु ! हाम्री आमाको भर्खरै स्वर्गवास भयो । सबैलाई खबर गर्दिस्योस् है ।'

२०६८ साल माघ १४ गते श्रीपञ्चमीका दिन हाम्रै घरमा मात्र मर्मान्त पीडाको वर्षा भइरहेको त्यस बिहान ८ बजेर १० मिनेट जाँदा मैले पहिलो फोन मदन दाइलाई नै गरेकी थिएँ ।

अहिलेलाई यति मात्र सृजना गर्न सकेँ, मदन दाइ !

# कलाकार तथा संस्कृति पुरोधा

**कृष्ण जोशी**

वरिष्ठ कलाकार, अभिनेता, संस्कृतिकर्मी मात्र होइन; समाजसेवी, साहित्य र सङ्गीतप्रेमी मदनदास श्रेष्ठ घट्टेकुलो शान्तिनगर विकास समाजका अध्यक्षमा निर्वाचित हुनु नै 'कवितामा काठमाडौँ' नामक उत्कृष्ट र ऐतिहासिक कवितासङ्ग्रहको प्रकाशन हुनुको शुभसाइत प्रमाणित भयो ।

मदनदास श्रेष्ठ र मेरो घर लगभग पाँच सय मिटरको फरकमा छ । तर उनी मर्निङ वाक गर्दा र म मैतीदेवीमन्दिरतिर जाँदा बारम्बार भेट हुन्छ । विकासनिर्माण र टोलसुधारका सम्बन्धमा छलफल हुन्छ । यही क्रममा २०५९ सालको भदौ-असोजतिर सल्लाह भयो– 'एउटा रचनात्मक, सिर्जनात्मक र ऐतिहासिक कार्य गरौँ ।'

त्यही सल्लाहको प्रतिफलस्वरूप 'कवितामा काठमाडौँ' उत्कृष्ट कविताहरूको सङ्ग्रह प्रकाशित भयो । सङ्ग्रहका निम्ति कविता सङ्कलन र सम्पादनका निम्ति पाँच जना सम्पादकमण्डल राख्ने निर्णय घट्टेकुलो शान्तिनगर विकास समाजले गरेअनुसार प्रधानसम्पादक कृष्ण जोशी, सम्पादकहरूमा कृष्ण प्रधान, दिलीप श्रेष्ठ, प्रभाकरप्रसाद पाण्डे, लक्ष्मीप्रसाद प्रसाईको नाम निश्चित भयो ।

हामीहरूले कविताका निम्ति धेरै सर्जक, साहित्यकार र कविहरूलाई हार्दिक अनुरोधपत्र प्रेषित गर्‍यौँ । कति पृष्ठको पुस्तक

बनाउने र कति ओटा कविताहरू समावेश गर्ने कुनै निश्चित रूप र आकार दिइसकेका थिएनौँ । पछि क्रमश: कविताहरू प्राप्त हुन थाले । हामीहरू अत्तालियौँ– 'आर्थिक सङ्कलन कसरी गर्ने र कहाँ, कुन छापाखानामा मुद्रण गर्ने ?' यस चिन्ताले विशेषत: सम्पादकमण्डललाई पोल्न-घोच्न थाल्यो । मदनदास श्रेष्ठले मलाई भन्नुहुन्थ्यो– 'कविताहरूको सङ्कलन गर्नुहोस् । प्रकाशन र मुद्रणको कुनै चिन्ता र पीर नगर्नुहोस् । घट्टेकुलो शान्तिनगर विकास समाजको नेतृत्व गर्नुहुने मात्र होइन हरेक क्षेत्रका व्यक्तित्वसँग नजिक र चिरपरिचित भएकाले मदनदासको यस प्रकारको प्रेरणाबाट हामी सम्पादकमण्डल निश्चिन्त भएर कवितासङ्कलनमा निरन्तर लाग्यौँ ।

थुप्रै कविताहरू प्राप्त भए । अन्तिममा हामी सम्पादकमण्डलबाट एक सय सोह्र कविका कविता प्रकाशन गर्ने निधो गऱ्यौँ र 'कवितामा काठमाडौँ' (कवितासङ्ग्रह : २०६०) प्रकाशन भयो । यस सङ्ग्रहमा भानुभक्त आचार्यको 'कान्तिपुरी नगरी' कवितादेखि वर्तमानका विशिष्ट तथा प्रसिद्ध कविहरूका कविताहरू समावेश छन् ।

पुस्तकको प्रकाशकीयमा मदनदास श्रेष्ठले लेख्नुभएको छ– 'आजको काठमाडौँका रूप भोलिका पुस्ताले पनि बुझ्न र अनुभव गर्न सकून् भन्ने अभिप्रायले आजका कविहरूबाट सृजना गरिएका कविताहरूको सङ्कलन 'कवितामा काठमाडौँ' प्रकाशन गरेका छौँ ।'

सम्पादकीयमा लेखेका छौँ– 'नेपाल अधिराज्यको राजधानी हुनुको साथै काठमाडौँ हाम्रो धार्मिक, सांस्कृतिक, ऐतिहासिक, साहित्यिक तथा कलाको दृष्टिमा समेत महत्त्वपूर्ण सहर हो । यसै पृष्ठभूमिमा घट्टेकुलो शान्तिनगर विकास समाजले काठमाडौँलाई कविताको विषय रोजेको छ । सायद यस किसिमको काम यस फाँटमा भएको छैन भन्ने हामीलाई लागेको छ ।'

'कवितामा काठमाडौँ' लेखिएको छैन भन्नुभन्दा पनि एकै ठाउँमा एउटै सङ्ग्रहमा काठमाडौँलाई माया गर्नेहरू, माया नगर्नेहरूको दृष्टिकोणको एउटै सङ्कलनको जन्म भएको छ । यो ऐतिहासिक छ र समकालीन र आगामी पुस्ताका सर्जकहरूको काव्यात्मक दृष्टिले काठमाडौँलाई अध्ययन गर्नुपर्दा यो पुस्तकको अपरिहार्यता अवश्य हुने विश्वासले यो कवितासङ्ग्रह सधैँ गौरवान्वित भएको छ, गौरवान्वित रहनेछ ।

यस सङ्कलनप्रति वरिष्ठ कवि ईश्वरवल्लभले अभिव्यक्ति दिनुभएको थियो– 'स्रष्टाहरूले, कविहरूले काठमाडौँलाई माया गरे पनि, नगरे पनि कविता लेखेका छन् । तर तिनै अभिव्यक्ति समुच्चयमा एउटै ग्रन्थमा प्रस्तुत गर्ने श्रेय मदनदास श्रेष्ठलाई दिनुपर्छ ।'

त्यसै गरी उनले लेखेका थिए– 'हामीले कसरी सोच्दा रहेछौँ यस मुलुकलाई अर्थात् माटोलाई अर्थात् काठमाडौँलाई भन्ने विचारका प्रतीकहरूको सङ्कलन हो यो 'कवितामा काठमाडौँ' पुस्तक ।' (कान्तिपुर दैनिक : १० जेठ, २०६०)

वरिष्ठ साहित्यकर्मी ध्रुव मधिकर्मीले १३ जेठ २०६० को 'पुनर्जागरण' साप्ताहिकमा लेख्नुभएको थियो– "कवितामा काठमाडौँ'को परिचय अझ अपुग होला तर 'कवितामा काठमाडौँ'लाई खोज्नुपऱ्यो भने काठमाडौँ विषय वा कहीँकतै उल्लेख गर्नुपऱ्यो भने अब यो कृति 'कवितामा काठमाडौँ' नपल्टाई धरै छैन ।'

प्रसिद्ध साहित्यकर्मी मनोज दहालले लेख्नुभएको थियो– "कवितामा काठमाडौँ' कवितासङ्ग्रह विभिन्न कविहरूले देखेको काठमाडौँको प्रदर्शनी हो । (कान्तिपुर दैनिक : असोज १०, २०६०)

अर्का प्रसिद्ध साहित्यसर्जक प्रकाश सिलवालले लेखेका थिए– 'यत्रो जनसङ्ख्या भएका कविहरू बसोबास गर्ने स्थल काठमाडौँ आफैँमा एउटा सिङ्गो र सुन्दर कविता किन हुन सक्तैन । (हिमालय टाइम्स : मङ्सिर ७, २०५९)

यसरी ऐतिहासिक, साहित्यिक गरिमाले परिपूर्ण सङ्कलनका लागि मसहित मेरा साहित्यिक साथीहरूलाई सम्पादनको गहन जिम्मेवारी दिनुहुने मदनदास श्रेष्ठप्रति हामी सम्पादकहरू आभारी छौँ ।

कलाकार तथा संस्कृति पुरोधा रूपमा अनि सामाजिक विकासमा सधैँ प्रेरित, मिलनसार, सबैका प्रिय मदनदास श्रेष्ठले 'कवितामा काठमाडौँ' प्रकाशनमा गरेको नेतृत्व, त्याग, समर्पण तथा प्रतिबद्धताबाट प्रकाशित यो सङ्कलन नागर चिन्तन तथा स्रष्टाहरूबाट काठमाडौँप्रति भएको भावना, दर्शन र सोचको अमूल्य सङ्कलन भएको छ । म दृढतासँग के भन्छु भने जबसम्म काठमाडौँ रहन्छ तबसम्म 'कवितामा काठमाडौँ' कवितासङ्ग्रह रहन्छ । त्यति मात्र होइन यसको प्रकाशनका धरोहर घट्टेकुलो शान्तिनगर विकास समाजका अध्यक्ष मदनदास श्रेष्ठको जीवनी पनि कवितामय भएर बाँचिरहनेछ ।

# शब्दचित्रमा कलाकार मदनदास श्रेष्ठ

**कृष्ण शाह 'यात्री'**

**आरम्भ**

यस संसारमा हरेक मानिस जन्मिएपछि उसले कुनै न कुनै कर्म गर्नै पर्ने हुन्छ । भनिन्छ– हातगोडा चलुन्जेल वा जीवनपर्यन्त कलाकर्ममा लागिरहनका लागि ठूलो मन, त्याग, धैर्य र साधना चाहिन्छ । विश्वको जुनै भूगोलमा पनि तीन किसिमका उद्देश्य बोकेका कलाकर्मी भेटिन्छन्– कोही सोख पूरा गर्न, कोही जीविकोपार्जन गर्न र कोही निःस्वार्थ कलाकर्मको सेवा गर्न । पहिलो मार्गमा हिँड्नेहरू प्रशस्त हुन्छन् । उनीहरू केही दिन, महिना वा वर्ष हिँडेपछि थाक्छन् अनि अरू नै बाटो रोज्न पुग्छन् । दोस्रो बाटोमा हिँड्नेहरू पनि प्रशस्तै भेटिन्छन् । तेस्रो पथमा हिँड्नेहरू बिनाप्रचार, बिनास्वार्थ, बिनाथकान जीवनको उत्तरार्द्धसम्म पनि कलाकर्ममा लागिरहेका हुन्छन् । उनीहरू निःस्वार्थ भाव बोकी अविराम हिँडिरहेका हुन्छन् । स्वअवसरको भन्दा सामाजिक हितका निम्ति बढी चिन्तित पनि भइरहेका हुन्छन् । यस्ता प्रवृत्तिका कलाकार निकै थोरै हुन्छन् ।

मैले विगत दुई दशकदेखि नजिकबाट देखिरहेको र सङ्गत गरेको कलाकार मदनदास श्रेष्ठ तेस्रो मार्गमा हिँडिरहेका कलाकार हुनुहुन्छ । म आफैँ पनि नाटकको अध्येता भएकाले पहिलो पटक उहाँलाई चिनेको रेडियो नाटचकर्मीकै रूपमा हो । धेरैको अनुभवजस्तै

म पनि सानो छँदा रेडियो नेपालको 'शनिबारे नाटकहरू अनि कृषिको बूढी आमै र जेटिए बाबूजस्ता कार्यक्रमहरूबाट कलाकार मदनदास श्रेष्ठको स्वरसँग परिचित भएको हुँ । अलिपछि पचासको दशकमा काठमाडौँको नाटचशालाहरूमा मेरो आफ्नै नाटकहरूको कहिले अवलोकनकर्ता, कहिले निर्णायक, कहिले सहयोगी र कहिले असल सल्लाहकारका रूपमा पनि पाउँदै गएँ उहाँलाई । मैले उहाँका बारेमा यसअघि पनि धेरै पटक कलम चलाएँ । यति बेला भने उहाँको कलाकारितालाई अझै सूक्ष्म रूपमा अध्ययन गरी प्रस्तुत गर्न लाग्दै छु । उहाँको कलाव्यक्तित्वलाई थप बुझ्न चाहनेहरूका निम्ति पनि यो आलेख उपयोगी हुने मेरो विश्वास छ ।

**बाल्यकालमा मदनदास श्रेष्ठ**

२००५ साल असार १५ गते दोलखाको बिहीछेँ टोलका नारायणदास श्रेष्ठ र रुद्रमायाको कोखबाट मदनदास श्रेष्ठको जन्म भएको हो । नब्बे ओटासम्म चुलो भएको दोलखाको ठूलो परिवारमा जन्मिनुभएका उहाँ सानोमा प्रायजसो मावलीमा नै बस्नुभयो र त्यहीँ हुर्किनुभयो । उहाँको ठूलो मामा (अत्तरबहादुर)को लेकमा गोठ थियो । त्यहाँ थुप्रै गाई, भैँसी, भेडा, बाखाहरू थिए । मामाले उहाँलाई कहिलेकाहीँ गोठ लानुहुन्थ्यो र आफूसँगै तीन-चार दिनसम्म गोठमा बसाउनुहुन्थ्यो । गोठमा दही, दूध र मोही प्रशस्त हुन्थ्यो । मदनदासको बालकमन त्यसमा खुबै रमाउँथ्यो ।

मदनदास श्रेष्ठका बुबा धेरैजसो काठमाडौँमा बस्नुहुन्थ्यो । कहिलेकाहीँ बिदामा दोलखा आउनुहुन्थ्यो । ऊ बेला गाडी चल्दैनथ्यो । हिँडेर दोलखा आइपुग्न सात दिन लाग्थ्यो । हुनेखाने कसैकसैले घोडा पनि प्रयोग गर्थे । उहाँको घरमा घोडा थिएन । उहाँको बुबा एकदमै असल र इमानदार हुनुहुन्थ्यो । अर्थ मन्त्रालयमा जागिरे भए पनि कुनै लाभ लिनुभएन । यस सद्‌गुणसँगै अरू पनि धेरै असल कुरा बुबाबाटै मदनदासले सिक्नुभएको हो ।

२०२० सालमा पहिलो पटक मदनदास श्रेष्ठ बुबासँग प्लेन चढेर भैरहवा पुग्नुहुँदा औधी खुसी हुनुभयो । उहाँ कहिलेकाहीँ गौचरनमा प्लेन हेर्न जानुहुन्थ्यो । ऊ बेला रिक्साहरू धेरै चल्थे भने गाडी थोरै थिए । पहाडमा हुर्किएको पन्ध्रवर्षे बालखलाई भैरहवा देखेर मदनदासलाई अचम्म लागेछ । उहाँले नेपाल यति ठूलो होला भन्ने सोच्नुभएकै थिएन । उहाँलाई आमाले पनि निकै माया गर्नुहुन्थ्यो तर सानोमा बढी नै चकचक गर्नाले धेरै पटक कुटाइ पनि खानुभयो । सानो छँदा दोलखामा खरीढुङ्गाको पैसा बनाएर साथीहरू खोपी खेलेको थाहा पाएपछि धेरै पटक सजाय पाउनुभयो । त्यो बेला स्कुल जाँदा लेख्नका लागि आफूसँगै काठको कालो पाटी लग्नुपर्थ्यो । मदनदास भने स्कुलमा पढ्न मन नलाग्दा भिरालोमा पाटी राखेर चिप्लेटी खेल्दा लडेको घरमा थाहा पाएपछि कुटाइ खाएको बताउनुहुन्छ । सबैका बाल्यकालका सम्झनाहरू बिर्सन नसकिने हुन्छन् । बालकहरू अबोध हुन्छन् । चञ्चलता त बालकको स्वभाव नै हो ।

त्यसपछि मदनदासलाई मामाले पढ्नका लागि घरनजिकैको 'बतासे पाटी'मा भर्ना गरिदिनुभयो । बतासे पाटीमा एक जना गुरुले बालबालिकाहरूलाई नि:शुल्क पढाउँथे । मदनदास भने स्कुल नजाने भन्दै रुन थालेपछि मामाले ठूलो मान्छे हुनुपर्छ, पढ्नुपर्छ भनेर धेरै फकाउनुपऱ्यो । अनि बल्ल जान तयार हुनुभयो । डेढ महिना पढेपछि उहाँलाई भीम पब्लिक हाइस्कुलमा भर्ना गरिदिए । त्यो बेलासम्म पढ्ने पाठ्यपुस्तकका रूपमा वर्णमालाको सानो पुस्तिका र काठको कालो पाटी मात्रै हुन्थ्यो । मदनदासका चार दाजुभाइ थिए– कृष्णदास, मदनदास, गोविन्ददास र मुरारीदास । दिदीबहिनी भने तीन जना– ज्योति, मेनका र विजया ।

दोलखामा ५ कक्षासम्म पढेपछि २०१६ सालमा मदनदास श्रेष्ठ काठमाडौँ आउनुभयो । उहाँलाई बुबाले दरबार हाइस्कुलमा

भर्ना गरिदिनुभयो । दरबार हाइस्कुलमा उहाँलाई हरिहर शास्त्रीलगायतका गुरुले पढाउनुभयो । त्यो बेलाका दरबार हाइस्कुलका उहाँका साथीहरू कनक भण्डारी, गोविन्दराज जोशी, के.के. कर्माचार्य (कलाकार) आदि थिए । दरबार स्कुलको ड्रेस नीलो कट्टु र गन्जी थियो । स्कुलनजिकै लैनचौरमा एउटा पोखरी थियो । अहिलेको स्काउट भवन रहेको ठाउँमा । साथीहरूसँग मदनदास स्कुलबाट किताब बोकेर पौडी खेल्न जानुहुन्थ्यो । काठमाडौँका रैथानेहरू उसबेला आफूहरूलाई 'ए उरन्ठ्याउला ! ए पहाडिया !' भनेर हेप्ने जिस्काउने गर्थे रे । एक पटक पौडी खेल्दा साँझ पऱ्यो । बाहिर निस्कँदा त लुगै थिएन । लुगा र झोला चोरी भएछ । मदनदास र साथीहरू नाङ्गै थिए । त्यसै घर जाने कुरा पनि भएन अनि त रातिसम्म पौडी खेलेर नाङ्गै घर पुगेपछि फेरि रामधुलाइ खाएको कुरा अहिले पनि उहाँ हाँस्दै सम्झनुहुन्छ ।

दरबार हाइस्कुल पढ्दा मदनदासका मिल्ने साथीमध्ये एक थिए कान्छाकुमार कर्माचार्य । कान्छाकुमारको सुन्दर चित्रहरू बनाउने र मदनदासको अभिनयका विभिन्न हाउभाउ गर्ने रुचि थियो । चौध-पन्ध्र वर्षको हुँदा एक पटक कान्छाकुमारले मदनदासलाई महादेवको भेषभूषा र शृङ्गारमा तयार पारेका थिए । अनि मदनदासले कान्छाकुमारको घरमा महादेवको अभिनय गर्नुभएको थियो । यसरी बालपनमा अभिनयमा रुचि राख्ने मदनदास आज प्रख्यात कलाकार मदनदास श्रेष्ठका रूपमा चिनिनुभएको छ भने कान्छाकुमार कर्माचार्य आज प्रख्यात चित्रकार के.के. कर्माचार्यका रूपमा देशविदेशमा चिनिनुभएको छ ।

**रङ्गमञ्चको मोह र रङ्गयात्रा**

मदनदास श्रेष्ठको जन्मथलो दोलखा बजारमा धेरैजसो नेवार समुदायका मानिसहरूको बसोबास थियो । दोलखा बजारमा जात्रा र चाडपर्वहरूमा नाचगान हुने गर्दथ्यो । नाचगानसँगै दोलखा बजारका

बासिन्दाहरूले धार्मिक तथा लोकनाटकहरूको आयोजन गर्ने गर्दथे । यसरी सानोदेखि नै मदनदास श्रेष्ठले दोलखा बजारमा 'सत्य हरिश्चन्द्र', 'मधुमालती', 'राजकुमार दिक्पाल', 'भक्त प्रह्लाद', 'कृष्णलीला' जस्ता विषयका नाटकहरू हेर्ने अवसर पाउनुभयो । यसले उहाँमा नाटकप्रतिको मोह जगायो । उहाँ नाटक र नाचगान भएको ठाउँमा पुगेरै छाड्नुहुन्थ्यो । कहिले एक्लै अनि कहिले मामाहरूको पछि लागेर ।

काठमाडौँको दरबार हाइस्कुल पढ्न थालेपछि पहिलो पटक उहाँले जमलमा रहेको 'श्री चलचित्र सिनेहल'मा हिन्दी चलचित्र हेर्नुभएको हो । त्यो बेला पनि उहाँ मामाकै साथ लागेर चलचित्र हेर्न जानुभएको थियो । दोस्रो पटक फोहोरा दरबारमा 'हरहर महादेव' भन्ने चलचित्र हेरेको उहाँलाई सम्झना छ । उहाँ भन्नुहुन्छ, "फिल्म हेर्दा खुबै अचम्म लाग्यो । झगडाको दृश्य हेर्दा मान्छे नै बाहिर निस्कने हो कि भनेर खुबै डर पनि लाग्यो । विश्वज्योतिमा अलि बुझ्ने भएपछि मैले हेरेको चलचित्र 'प्यासा', 'चाधहवीका चाँद' आदि हो । चलचित्र हेर्दा यसरी नै अभिनय गर्न पाए हुन्थ्यो भन्ने लाग्थ्यो ।"

२०१८ सालदेखि मदनदास श्रेष्ठ सपरिवार स्थायी रूपमा नै काठमाडौँमा रहन थाल्नुभयो । दरबार हाइस्कुलमा मदनदासको पढाइ चलि नै रहेको थियो । यद्यपि त्यस बेलासम्म नाटक र सिनेमाप्रति उहाँको राम्रै मोह जागिसकेको थियो ।

उहाँले अभिनय गरेको पहिलो नाटक हो– 'गहना' । २०२१ सालतिरको कुरा हो– मदनदासको मनभित्र कलाको अङ्कुरण हुन थाल्यो । उहाँलाई कलाकार बन्ने चाहना भयो । त्यस बेला नृत्यमा राम्रो स्थान बनाउँदै गरेका कलाकार वसन्त श्रेष्ठ, राधेश्याम प्रधान, गौतमरत्न तुलाधरहरूसँग पनि मदनदास श्रेष्ठको उठबस बढ्दै जान थाल्यो । मदनदासका कलाकार साथीहरू त्यो बेला काठमाडौँको

क्षेत्रपाटीमा खोलिएको 'नेपाल कलाकेन्द्र' नामक नाटच संस्थामा आबद्ध थिए । यस संस्थाका अध्यक्ष हुनुहुन्थ्यो– ऊ बेलाका चर्चित नाटक निर्देशक कृष्णप्रसाद रिमाल । उहाँकै निर्देशनमा काठमाडौँका विभिन्न प्रेक्षालयहरूमा नाटकहरू मञ्चन भइरहन्थे । एक दिन कलाकार साथीहरूले मदनदासलाई 'नेपाल कलाकेन्द्र' पुऱ्याए । कृष्णप्रसाद रिमाल नयाँ नाटक 'गहना'को तयारी गरिरहनुभएको थियो । मदनदास श्रेष्ठले आफूलाई पनि नाटकमा अभिनय गर्ने चाहना भएको बताउनुभएपछि निर्देशक रिमालले पहिलो पटक 'गहना' नाटकको एउटा चरित्रमा अभिनय गर्ने अवसर दिनुभयो । अनि यस नाटकका अन्य कलाकारहरू यदुकुमारी, राम के.सी., तारा घिमिरे, नरेन्द्रबहादुर श्रेष्ठ आदि सँगै मदनदासले ६ महिनासम्म निर्देशक रिमालबाट अभिनयको प्रशिक्षण लिनुका साथै नाटकको पूर्वाभ्यास गर्नुभयो । कलाकार मदनदास श्रेष्ठ सम्झनुहुन्छ, "यो नाटक सांस्कृतिक विभागको हलमा एक हप्तासम्म चलेको थियो । दर्शकको चाप खुबै थियो नाटक 'गहना'मा ।"

२०२२ सालमा कृष्णप्रसाद अधिकारीको निर्देशनमा 'धनबहादुरको मृत्युमा परिवारको आँसु' बन्ने तयारी भइरहेको थियो । नाटकमा नायकको खोजी भइरहेको थियो । कलाकार मदनदास पनि उक्त भूमिकामा छानिनुभयो । नाटकमा नायिकाको भूमिकामा हुनुहुन्थ्यो– रङ्गमञ्च र रेडियो नाटकमा कहलिएकी कलाकार शकुन्तला गुरुङ । मदनदास श्रेष्ठले आफ्नो भूमिकामा खुबै मिहिनेत गर्नुभयो । राष्ट्रिय नाचघरमा मञ्चन भएको यस नाटकमा शोषित एवम् पीडित पात्रको भूमिकाबाट मदनदासले सबैतिरबाट प्रशंसा पाउनुभयो । नाटक हेर्न दर्शकको घुइँचो थियो । कहलिएका नाटक निर्देशकहरू पनि सो नाटक हेर्न आएका थिए ।

एउटा सोमा नाटक 'धनबहादुरको मृत्युमा परिवारको आँसु' मञ्चन सकिएपछि दुई जना दर्शक कलाकार मदनदास श्रेष्ठको

अभिनयबाट खुबै प्रभावित भए । उनीहरू मदनदासलाई भेट्न मञ्चमै गए । अनि भने, "तपाईंको अभिनय निकै राम्रो लाग्यो । तपाईंको स्वर रेडियोलाई काम लाग्ने, प्रभावशाली रहेछ ।"

मदनदासले उनीहरूको परिचय मागेपछि एकले भने, "म श्यामदास वैष्णव हुँ । रेडियो नेपालमा नाटक निर्देशन गर्छु । तपाईंलाई रेडियो नाटक गर्न इच्छा छ भने आउनुस् है रेडियो नेपालमा ।" अर्का व्यक्ति थिए कलाकार जितेन्द्र महत अभिलाषी जो ऊबेला रेडियोमा शाही सैनिक कार्यक्रम चलाउँथे । दुवै जना त्यस बेलाका कहलिएका नाटचकर्मीहरू थिए । त्यो क्षण रङ्गकर्मी मदनदासलाई एउटा अर्को अवसर बनेर आयो । यसको केही दिनपछि नै मदनदास रेडियोमा पुग्नुभयो । त्यस बेलाका चर्चित नाटचकर्मी श्यामदास वैष्णवले मदनदासको स्वर सुनेर रेडियो नाटक 'श्रीकृष्ण जन्म'मा कंसको भूमिका दिए । यसरी मदनदास श्रेष्ठको रङ्गमञ्च लगत्तै २०२२ सालमा रेडियोको ढोका खुलेको हो ।

कहलिएका नाटकनिर्देशक श्यामदास वैष्णवकै निर्देशनमा मदनदास श्रेष्ठले राष्ट्रिय नाचघरमा गीतिनाटक 'कृषिबाला'मा समेत अभिनय गर्नुभयो । यो नाटक महाकवि लक्ष्मीप्रसाद देवकोटाले लेख्नुभएको हो । यस नाटकमा श्यामदासले नयाँ प्रयोग गरेका थिए । नाटकका सबै संवादहरू टेपमा भरेर रेकर्ड गरिएको थियो । कलाकारहरूले रङ्गमञ्चमा टेप सुनेर ओठ चलाउँदै अभिनय गर्नुपर्थ्यो ।

दरबार हाइस्कुलमा पढ्न आउनुभएका मदनदासको मन नाटकमा बढी केन्द्रित हुन थालेपछि परिवार चिन्तित हुन थाले । आठ कक्षासम्म पढेपछि मदनदासलाई परिवारले पढ्नका निम्ति दोलखा नै लगे । दोलखामा पनि उहाँको मन नाटक र अभिनयबाट हटेन । बरु कृष्णप्रसाद रिमाल, श्यामदास वैष्णव, कृष्णप्रसाद अधिकारीहरूको नाटक, त्यसमा गरेको अभिनय र दर्शकहरूको

तारिफले उहाँमा कलाकारिताको चाख अझै बढाइदिएको थियो । उहाँ दोलखाको डबलीमा चाडपर्व र जात्राहरूमा हुने सबैजसा नाटकहरू हेर्न जानुहुन्थ्यो ।

२०२६ सालमा दोलखाबाटै एस.एल.सी उत्तीर्ण गर्नुभएपछि भने थप अध्ययनका लागि उहाँ काठमाडौँको महेन्द्ररत्न कलेजमा भर्ना हुनुभयो । मनमा नाटकको नशा पसेपछि छोड्न गाह्रो हुन्छ । मदनदासलाई पनि त्यस्तै भएको थियो । काठमाडौँको महेन्द्ररत्न कलेजमा पढ्न थालेकै वर्ष मदनदासले एउटा नाटक तयार पार्नुभयो । यसरी मदनदासले २०२६ सालमा विजयबहादुर मल्लले लेख्नुभएको 'कोसँग जुधौँ ?' भन्ने नाटक पहिलो पटक निर्देशन गर्नुभयो । काठमाडौँको क्षेत्रपाटीमा रहेको एउटा नाट्य समूहबाट त्यो नाटक मञ्चन भएको थियो । त्यसमा खेल्ने कलाकार, निर्देशक सबै जना नयाँ थिए । यसपछि मदनदासले महेन्द्ररत्न कलेजका साथीहरू लिएर नाटक मञ्चन गर्नुका साथै अरू निर्देशकको नाटकमा पनि अभिनय गर्न थाल्नुभयो ।

त्यो बेला 'गोदावरी एल्मुनाई एसोसिएसन' (जिएए) नामक संस्थाले काठमाडौँमा हरेक वर्ष 'जिएए एकाङ्की नाटक प्रतियोगिता'को आयोजना गर्थ्यो । २०२७ सालमा मदनदास श्रेष्ठले महेन्द्ररत्न कलेजको प्रस्तुतिमा एउटा नाटक सहभागी गराउने विचार गर्नुभयो । केही दिनपछि उहाँले दुर्गालाल श्रेष्ठले लेख्नुभएको 'रामबहादुरको संसार' नामक नाट्य आलेख फेला पार्नुभयो । नाटकको निर्देशनसँगै मदनदासले त्यसको मुख्य पात्रको भूमिकामा अभिनयसमेत गर्नुभयो । क्रान्तिकारी विषयको त्यस नाटकबाट उहाँले 'सर्वोत्कृष्ट अभिनेता'को पुरस्कार पाउनुभयो । उहाँले अमृत साइन्स क्याम्पसका विद्यार्थीहरूलाई लिएर जिएए प्रतियोगितामा विजयबहादुर मल्लको 'नेपाल सांस्कृतिक भण्डार' भन्ने अर्को नाटक प्रदर्शन गर्नुभएको थियो । यस नाटकले 'सर्वोत्कृष्ट नाटक'को पुरस्कार पायो ।

यसरी एकै वर्ष प्राप्त सफलताबाट मदनदासलाई ठूलो ऊर्जा र हौसला मिल्यो । उहाँ काठमाडौँको रङ्गमञ्चमा कलाकारका रूपमा चिनिन थाल्नुभयो । यसपछि उहाँले विजय मल्लको लेखन रहेको अरू नाटकहरू पनि निर्देशन गर्नुभयो । उहाँको शकुन्तला गुरुङ, वसन्त श्रेष्ठ, जितेन्द्र महत अभिलाषीहरूसँग राम्रो मित्रता भइसकेको थियो । उनीहरूसँगै मदनदास प्रज्ञाप्रतिष्ठानमा गइरहनुहुन्थ्यो ।

२०२७ सालमा प्रज्ञाप्रतिष्ठानमा नाटचकर्मी प्रचण्ड मल्लसँग मदनदासले नाटक र अभिनयको प्रशिक्षण पाउनुभयो । सोही वर्ष विजय मल्लको नाटक ‘पत्थरको कथा’को मञ्चनको तयारी भइरहेको थियो । प्रचण्ड मल्लले मदनदासलाई एउटा मुख्य भूमिका दिए । प्रयोगशील नाटक ‘पत्थरको कथा’मा मदनदासको अभिनय धेरैले मन पराए । यसपछि उहाँ प्रज्ञाप्रतिष्ठानको नाटकमा खुबै व्यस्त हुन थाल्नुभयो । उहाँले प्रचण्ड मल्लकै निर्देशनमा ‘मानिस र मखुन्डो’, ‘अन्धाको पनि आँखा खुलेको हुन्छ’, ‘वीर कुश’, ‘कीर्तिपुरको युद्धमा’ आदि नाटकहरूमा अभिनय गरी नेपाली रङ्गमञ्चमा राम्रैसँग स्थापित हुनुभयो । यसरी नेपाल प्रज्ञाप्रतिष्ठानमा ‘क’ श्रेणीको कलाकारका रूपमा कार्यरत भई उहाँले विभिन्न ऐतिहासिक, पौराणिक, सामाजिक तथा गीतिनाटकहरूमा काम गर्नुभएको देखिन्छ ।

मदनदास श्रेष्ठलाई अभिनयको तिर्खा मात्र लागेको थिएन उहाँले नाटकनिर्देशनको सीप पनि जान्नुभएको थियो । त्यसैले उहाँले हृदयचन्द्रसिंह प्रधानको ‘गङ्गालालको चिता’, ‘मरुभूमिका लेखक’ आदि जस्ता अनेक सुन्दर नाटकहरूको निर्देशन गरी नेपाली रङ्गमञ्चमा आफूलाई नाटकनिर्देशकका रूपमा पनि चिनाउन सफल हुनुभयो ।

प्रज्ञाप्रतिष्ठानका नाटकहरूमा अभिनय गरिरहेकै बेला प्रतिष्ठानका तत्कालीन एक प्राज्ञको कटुतापूर्ण व्यवहारले गर्दा मदनदासले प्रतिष्ठान छाड्नुभयो । काठमाडौँमा त्यसै काम नगरी

बस्न उहाँको मनले मानेन । बाँच्न पनि त गाह्रो थियो । साझा प्रकाशनका तत्कालीन महाप्रबन्धक कृष्णचन्द्रसिंह प्रधानले मदनदासलाई साझाको जागिर दिएपछि मदनदास साझा प्रकाशनको प्रशासनिक कर्मचारी भई धनगढी पुग्नुभयो ।

यो २०२९ सालको कुरा हो । काठमाडौँबाहिर हुँदा पनि उहाँले रङ्गकर्मलाई छाड्न सक्नुभएन । धनगढीका अञ्चलाधीश सत्यनारायण झाले त्यसताका विभिन्न राष्ट्रिय चाडपर्वहरूमा सांस्कृतिक कार्यक्रम गर्नका लागि लखनउ, पिलिभितबाट कलाकारहरू झिकाउने गर्दथे । मदनदास धनगढी पुग्नुभएपछि उहाँले त्यस वर्ष नेपालीमा केही कार्यक्रम गर्ने प्रस्ताव लानुभयो । छलफल हुँदा विजय मल्लको नाटक 'पत्थरको कथा' नाटक मञ्चन गर्ने तय भयो । मदनदास श्रेष्ठले नै निर्देशन र कलाकार जुटाउने जिम्मेवारी पाउनुभयो । उहाँले स्थानीय शिक्षक र सरकारी कर्मचारीहरूलाई सामेल गराई धनगढीको जोशी टाकिज भन्ने सिनेमा हलमा नाटक सफलतापूर्वक मञ्चन गर्नुभयो । एक दिनका लागि भनिएको नाटक धेरैले मन पराएपछि त्यस सिनेमा हलमा सात दिनसम्म टिकटमा 'पत्थरको कथा' हाउसफुल चल्यो । यसरी जहाँ गए पनि रङ्गकर्म र नाटकलाई उहाँले छाड्नुभएन । धनगढीमा डेढ वर्ष रहेपछि काठमाडौँ फर्किनुभयो र यही ठाउँलाई मूल कर्मथलो बनाएर रहन थाल्नुभयो । धनगढीबाट फर्किएर आएपछि उहाँले प्रज्ञाप्रतिष्ठानमा कार्यरत कुशल नृत्यकार एवम् कलाकार रेणु श्रेष्ठसँग प्रेम विवाह गर्नुभयो । वैवाहिक जीवनमा बाँधिएपछि मदनदासको जिम्मेवारी थपिनुका साथै उहाँको जीवनशैली व्यवस्थित पनि हुँदै गयो । पत्नी पनि कलाकार हुनुभएकाले मदनदासको कलाकार व्यक्तित्वले अझै प्रोत्साहन, सम्मान र सहज वातावरण पाउन थाल्यो । वास्तवमा कलाकार मदनदास श्रेष्ठ आजको सफल व्यक्तित्व बन्नुमा उहाँकी अर्धाङ्गिनी रेणु श्रेष्ठको पनि ठूलो साथ र सहयोग रहेको कुरा सबैमा जगजाहेर छ ।

मदनदास श्रेष्ठले बीस र तीसको दशकमा नेपाली रङ्गमञ्चमा धेरै नाटकहरूमा अभिनय र निर्देशन गर्नुभएको छ । उहाँले अभिनय गर्नुभएको निकै प्रशंसित नाटकमा पर्छ 'समानान्तर' । डेढ घण्टा लामो यस नाटकमा मदनदासको एकल अभिनय रहेको थियो । डा. ध्रुवचन्द्र गौतमद्वारा लिखित र श्रीहरि श्रेष्ठद्वारा निर्देशित यो नाटक २०३८ सालमा प्रज्ञाप्रतिष्ठानको प्रेक्षालयमा मञ्चन भएको थियो । यो प्रयोगवादी नाटकको नाटच प्रस्तुति, निर्देशन र मदनदासको एकल अभिनय धेरैले रुचाएका थिए । यसपछि मदनदासले राष्ट्रिय नाचघरमा हरिप्रसाद रिमालको निर्देशनमा 'लव लेरिया' लगायतका केही हास्य नाटकहरूमा समेत अभिनय गर्नुभयो । उहाँले बालकृष्ण समको नाटक 'अमरसिंह' (२०५२) मा पनि अभिनय गर्नुभयो ।

उहाँले रङ्गमञ्चमा अभिनय र नाटक निर्देशनका माध्यमले उल्लेखनीय योगदान दिएबापत सर्वनाम नाटच समूहबाट 'सर्वनाम पुरस्कार' (२०४१) समेत पाउनुभएको छ । उहाँ नेपाल सङ्गीत तथा नाटच प्रज्ञाप्रतिष्ठानको स्थापनाकालका प्राज्ञ सदस्यसमेत हुनुभइसकेको छ । यसरी नेपाली रङ्गमञ्चमा कुशल रङ्गकर्मी र नाटकनिर्देशकका रूपमा मदनदास श्रेष्ठको नाम अङ्कित छ ।

**रेडियो नाटकका बादशाह**

२०२२ सालमा प्रसिद्ध नाटकनिर्देशक श्यामदास वैष्णवद्वारा निर्देशित नाटक 'श्रीकृष्ण जन्म'बाट रेडियोमा प्रवेश गर्नुभएका मदनदास श्रेष्ठ आज आफैँ नेपालका रेडियो नाटकका एक अग्ला धरोहरका रूपमा चिनिनुभएको छ । रङ्गमञ्चमा उहाँको जति योगदान छ त्योभन्दा धेरै नै बढी रेडियो नाटकमा उहाँको श्रम, समय र सीप पोखिएको छ । त्यसैले त उहाँलाई आज 'रेडियो नाटकका बादशाह', 'स्वर अभिनयका नायक' जस्ता उपमाले समेत चिनिने गरिन्छ ।

रङ्गमञ्चमा नाटक गरिरहेको कलाकार मदनदास रेडियोमा नाटक गर्दा सुरुमा गाह्रो र डर लागेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "प्रसारण भएपछि सहज हुँदै आयो । घरपरिवार र सबैले रेडियोको काम मन पराए । यसपछि श्यामदास वैष्णवको निर्देशनमा सयभन्दा बढी र हरिप्रसाद रिमालको निर्देशनमा चार सय जति रेडियो नाटकमा स्वर अभिनय गरेँ ।"

२०३२ सालतिर रेडियो नेपालका महानिर्देशक कृष्णबहादुर खत्री थिए । उनको पालामा मदनदास श्रेष्ठले रेडियो नेपालमा उद्घोषकका रूपमा काम गर्न थाल्नुभयो । त्यो 'कन्ट्युनिटी एनाउन्सर'को काम थियो । रेडियो नेपालमा २०३२/३३ सालतिर बिबिसी रेडियोबाट तीनमहिने रेडियो कार्यक्रम उत्पादन, रेडियो स्क्रिप्ट लेखन, कार्यक्रम प्रस्तुति, रेडियो नाटकसम्बन्धी तालिम दिनका लागि विदेशबाट प्रशिक्षक आएका थिए । त्यसमा मदनदास श्रेष्ठ, पाण्डव सुनुवार, हिरण्य भोजपुरे, आनन्द पुरी, लक्ष्मी भुसाल, सूर्यकुमारी पन्त आदिले तालिम लिने अवसर पाए । मदनदास श्रेष्ठका लागि त्यो तालिम निकै उपलब्धिमूलक बन्यो । तालिमपछि उहाँले बनाएका दुई ओटा रेडियो कार्यक्रम पुरस्कृत पनि भयो । रेडियोमा गीतिकथा, प्रश्नोत्तर, राष्ट्रिय गीतका कार्यक्रमहरू चलाउनुभयो ।

२०३५ सालदेखि उहाँ कृषि सूचना शाखामा सरकारी जागिरेका रूपमा प्रवेश गर्नुभयो । कृषिमा गएपछि 'जेटिए र बूढी आमै' भन्ने कार्यक्रम चलाउनुभयो । यसबाट बूढी आमैमा खेल्नुहुने लक्ष्मी भुसाल र जेटिए बाबूमा खेल्नुहुने मदनदास श्रेष्ठ दुवै चर्चित बन्नुभयो । २०४३ सालमा रेडियो नेपालमा भोग्यप्रसाद शाह रेडियो नेपालको निर्देशक भएर आएपछि मदनदास श्रेष्ठको सरुवा कृषिबाट रेडियो नेपालमा भयो ।

२०४३ देखि २०६४ सालसम्म रेडियो नाटकनिर्देशकका रूपमा रहँदा उहाँले पन्ध्र सय नाटकको निर्देशन गरेको बताउनुहुन्छ ।

उहाँले निर्देशन गरेका केही प्रतिनिधि रेडियो नाटकहरूमा विजय मल्लको 'अपराध' (२०५६), फणीन्द्रराज खेतालाको 'जेठी फुपू' (२०३९), श्यामदास वैष्णवको 'सद्दे बौलाहा' (२०५३), प्रचण्ड मल्लको 'एकीकरणको शिलान्यास' (२०५२), भोगेन्द्र बस्नेतको 'वियोजन-संयोजन' (२०५५), उदय खनाल उमेशको 'तत्त्वबोध' (२०५२), गोपी सापकोटाको 'अकिरा' (२०५४), मिलनराज गड्तौलाको 'पीडाको अवसान' (२०५३), मुनीन्द्र रिमालको 'सुरक्षा' (२०५५), रविकुमार पाखण्डीको 'कथाबाहिरको पात्र' (२०५४), राधाकृष्ण मैनालीको 'लुटिएका दुई थुँगा फूल' (२०५३), घनश्याम खतिवडाको 'सञ्जीवनी विद्या' (२०५५), सुधा त्रिपाठीको 'क्षतविक्षत मुटुहरू' (२०५२), हरिहर तिमिल्सनाको 'पैतालाका डोबहरू' (२०५५), साधना प्रतीक्षाको 'बिरानो दुनियाँबाट' (२०५५) आदि लिन सकिन्छ । यीबाहेक 'खण्डहरमा फुलेको एक्लो फूल', 'आरोहण-अवतरण', 'गङ्गालालको चिता', 'श्री स्वस्थानी' लगायतका रेडियो नाटकहरू उहाँलाई मन परेका नाटकहरू हुन् । उहाँले बीपी सिंह, कुबेर गड्तौला, जितेन्द्र महत अभिलाषी, दामोदर घिमिरे, महेश थापा जस्ता रेडियो नाटककारहरूका नाटकहरू निर्देशन गर्नुभयो । यसका साथै रङ्गमञ्चका निम्ति लेखिएका भीमनिधि तिवारी, हृदयचन्द्रसिंह प्रधान, गोविन्द मल्ल गोठाले, विजयबहादुर मल्ल, रमेश विकल, अशेष मल्ल आदिका नाटकहरूलाई रेडियोकरण गरेर रेडियो नाटकका रूपमा प्रसारण समेत गर्नुभयो । रेडियो नेपालमा हुँदा आफूले पुराना रेकर्ड भएका धेरै नाटकहरू सुरक्षित रूपमा 'आर्काइभ' बनाएर राखेको बताउनुहुन्छ ।

नाटकनिर्देशक मदनदास श्रेष्ठका रेडियो नाटकका माध्यमबाट सयौँ कलाकारहरूले स्वर अभिनय गर्न पाएको दृष्टान्त जगजाहेर नै छ । रेडियो नाटकबाटै कलाकारिता आरम्भ गर्नेहरू पनि छन् । एउटा रेडियो नाटक सफल हुन नाटकनिर्देशक र नाटककारसँगै कलाकारको पनि उत्तिकै भूमिका रहन्छ । त्यसैले मदनदास श्रेष्ठको

रेडियो नाटचकर्मका सन्दर्भ आउँदा उहाँका नाटकहरूमा स्वर अभिनय गर्ने केही कलाकारहरूको नाम यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन्छ । उहाँद्वारा निर्देशित विभिन्न समयमा प्रसारित रेडियो नाटकहरूमा सुशीला रायमाझी, लेखनाथ सापकोटा, अशोक पाण्डे, रेणु पौडेल, रजनी बर्देवा, शिशिर सापकोटा, श्रीप्रसाद थापा, शोभित पराजुली, महेश थापा, दमन रूपाखेती, शारदा गुरुङ, सुन्दर श्रेष्ठ, घनश्याम खतिवडा, सुनिता थापा, शूरवीर पण्डित, दीपकराज गिरी, गोपाल ज्ञवाली, रोहित कार्की, मणिराज काफ्ले, गोपाल नेपाल 'फिस्टे', माधव पौडेल, अनिता शिवाकोटी, सञ्जय कार्की, राजेन्द्र दाहाल, समना श्रेष्ठ, जितु नेपाल, सविन बास्तोला, अमर लामा, लक्ष्मणदास श्रेष्ठ, चन्द्र राउत, रविभक्त श्रेष्ठ, शङ्कर गुणी, उदय मनाल 'उमेश', सुनिता मालाकार, रोशन बस्नेत, सरोज भट्टराई, प्रतीक हुमागाईं, कुमारराज शर्मा, शर्मिला थापा, छत्र ढुङ्गेल, अम्बिका प्रधान, सुशीला अर्याल, मुनीन्द्र रिमाल, शिरोमणि दवाडी, राजु सापकोटा, सोमनाथ सुवेदी, अमूल तिमल्सिना, माधव खड्का, गोविन्द पहाडीलगायतका सयौँ कलाकारहरूले स्वर अभिनय गरेका छन् ।

उहाँले केही प्रत्यक्ष प्रसारण गरिएका रेडियो नाटकहरूमा पनि स्वर अभिनय गर्नुभएको छ । रेडियो नाटकमा जङ्गल, चराचुरुङ्गी, कुकुर भुकेको आदि 'साउन्ड इफेक्ट' सङ्कलन गर्न सुन्दरीजल, गोदावरी अनेक ठाउँमा गई रेकर्ड गर्नुभएको छ । श्यामदास वैष्णवको पालामा बढी प्रत्यक्ष प्रसारण हुन्थ्यो । त्यसमा हुरीबतासको आवाज निकाल्न माइकनजिक कागज फोल्ड गरेर त्यसलाई सासले फुक्ने गरिन्थ्यो । यसै गरी पानी परेको आवाज निकाल्न म्याग्नेटिक टेप वा कडा खालको प्लास्टिकलाई हत्केलामा राखेर तलमाथि गर्दा त्यसबाट पानी परेको जस्तो आवाज निस्कन्थ्यो । रथको पाङ्ग्रा गुडाएको आवाज निकाल्न भुइँमा मादल गुडाइन्थ्यो । हिँडेको आवाज निकाल्दा जमिनमा बालुवा, पातपतिङ्गर राखिन्थ्यो । यी सबै कुराको प्रयोग

श्यामदास वैष्णवले गरेको भए तापनि मदनदासको पालामा आधुनिक रेकर्डिङ प्रविधि भित्रिसकेको थियो ।

आज मदनदास श्रेष्ठ र नेपाली रेडियो नाटक एक पर्यायवाची शब्द जत्तिकै बनिसकेको छ । दुई दशकभन्दा लामो समय रेडियो नेपालमा रेडियो नाटक निर्देशनको माध्यमले नाटकको विकास र विस्तारमा पुऱ्याएको योगदान साँच्चै अतुलनीय छ । उहाँसँग २०२६ सालदेखिकै स्वर अभिनय गरेको विशाल अनुभव छ । अहिले पनि रेडियो नाटक भनेपछि उत्तिकै जागरुक देखिनुहुन्छ । २०७१ चैतदेखि धारावाहिक रूपमा रेडियो नेपालबाट प्रसारण भइरहेको रेडियो रूपक 'वीर गणेशमान'को निर्देशकसमेत हुनुहुन्छ मदनदास श्रेष्ठ । यसरी निरन्तर रेडियोमा उहाँको लगाव, साधना, सिर्जना देख्दा उहाँलाई रेडियो नाटक सम्राट्को बादशाहको उपमा दिँदा पनि अतिशयोक्ति नहोला ।

**चलचित्र : सफल कलाकार र अभियन्ता**

२०२६ सालतिरको कुरा हो । शाही नेपाल चलचित्र संस्थानले बनाउन लागेको चलचित्र 'मनको बाँध' (२०२८) का लागि कलाकार चाहियो भनेर गोरखापत्र दैनिकले एउटा विज्ञापन निकाल्यो । मदनदास श्रेष्ठको पनि चलचित्रमा अभिनय गर्ने धोको थियो । त्यसैले अगाडि, दायाँ र बायाँ तीनै कोणबाट अनुहार देखिने गरी फोटो खिचेर बुझाउनुभयो । फोटो हेरेर उहाँ 'स्क्रिन टेस्ट'का लागि छानिनुभयो । 'स्क्रिन टेस्ट' दिनका लागि जानुभयो । त्यो बेला चेतन कार्कीले प्रोडक्सन र प्रकाश थापाले निर्देशनको जिम्मेवारी पाउनुभएको रहेछ । चेतन कार्कीले 'लु प्रकाश थापा डाइरेक्टर साब आउनुभयो' भनेपछि सबै उठे । मदनदासले पनि नमस्कार भन्नुभयो तर निर्देशकले उहाँलाई हेर्दा पनि हेरेनन् । एकछिनपछि मदनदासलाई हेर्दै प्रकाश थापाले हिन्दीमा, 'ए लड्का कौन है ?' भनेर सहायकलाई सोधेपछि सहायकले भने, 'आज इसका स्क्रिन टेस्ट है' भने ।

त्यसपछि प्रकाश थापाले मदनदासलाई हेर्दै भन्नुभयो, “ए भाइ ! तपाईंको कहाँ स्क्रिन टेस्ट हुन्छ र ? तपाईंको स्क्रिन टेस्ट गर्ने फेस नै छैन । क्यामेरा-फेस चाहिन्छ यसका लागि ।”

स्क्रिन टेस्ट नै नगरी ‘रिजेक्ट’ हुनुपर्दा मदनदास श्रेष्ठलाई नरमाइलो लागिरहेको थियो । थपमा प्रकाश थापाले सहायकलाई भनिरहेका थिए, “ए भाइ ! क्यु बेचाराको परेसान करते हो ? घर भेज दो ।” मदनदासले आफू चलचित्रका लागि फिट छैन भन्ने कुरो बुझेपछि स्क्रिन टेस्ट नदिई फर्किनुभयो । त्यसपछि चलचित्र खेल्ने धोकोलाई पुरै त्याग्नुभयो बरु नाटक र रङ्गमञ्चमा नै समर्पित भएर लाग्ने अठोट गर्नुभयो । यसपछि झन्डै पन्ध्र वर्षसम्म उहाँले चलचित्र खेल्न कुनै रुचि देखाउनुभएन ।

२०४१ सालतिर उहाँसँगै कृषि सूचना शाखामा कलाकार मदनकृष्ण श्रेष्ठले ‘कृषि कार्यक्रम’ बनाउनुहुन्थ्यो । त्यस वर्ष मदनदास श्रेष्ठ र हरिवंश आचार्यको लेखन रहेको चलचित्र ‘के घर के डेरा’ निर्माणको तयारी भइरहेको थियो । प्रदीप रिमालले निर्देशन गर्न लागेको यस चलचित्रमा मदनकृष्णले साथी मदनदास श्रेष्ठलाई एउटा भूमिकामा अभिनय गर्नुपर्छ भनेर कर गरेपछि मदनदासले ‘के घर के डेरा’मा अभिनय गर्नुभयो । सबैले राम्रो माने । यसपछि उहाँले ‘परिवार’, ‘झल्को’, ‘वसन्ती’, ‘पच्चीस वसन्त’, ‘भूल’, ‘युगदेखि युगसम्म’ लगायतका डेढ दर्जन नेपाली चलचित्रहरूमा अभिनय गर्नुभयो । प्रकाश थापाकै निर्देशनमा बनेको ‘कन्यादान’ चलचित्रमा अभिनय गरी दर्शकबाट पनि राम्रो प्रशंसा बटुल्नुभयो । उहाँको काम हेरेपछि प्रकाश थापाले समेत तारिफ गर्नुभयो ।

यसपछि उहाँले दर्जन बढी सर्ट फिल्म र त्यत्तिकै सङ्ख्यामा धारावाहिक टेलिशृङ्खलामा अभिनय गर्नुभयो । उहाँले ९ ओटा ‘सर्ट फिल्म’ र ४ ओटा टेलिशृङ्खलाको निर्देशन समेत गरी आफूलाई चलचित्रकर्मीका रूपमा समेत बलियोसँग उभ्याउनुभयो ।

मदनदास श्रेष्ठ 'नेपाली चलचित्र-ओस्कार छनोट समिति'को सदस्यका रूपमा समेत रहनुभयो । सन् २००० मा उहाँ नेपाली चलचित्र 'क्याराभान'लाई ओस्कारमा सहभागी गराउन उक्त चलचित्रका नेपाली निर्माता नीर शाहसँगै अमेरिकाको लसएन्जलसमा सहभागी हुनुभएको थियो र मदनदास श्रेष्ठले 'क्याराभान'को प्रोडक्सनसँग सम्बन्धित भएर कार्य गर्नुभएको थियो । प्रसिद्ध चलचित्रकर्मी नीर शाह र मदनदास श्रेष्ठले एकसाथ नेपाली चलचित्रका लागि उम्दा कामहरू गर्नुभएको छ । नेपालमा चलचित्र विषय अध्ययन गर्ने थलोका रूपमा नीर शाहले परिकल्पना र स्थापना गर्नुभएको 'नेसनल स्टुडियो अफ फिल्म कलेज' (एनसफ्ट)को स्थापनाकालीन सञ्चालक समिति सदस्य एवम् प्रबन्धकका रूपमा समेत मदनदास श्रेष्ठ सहभागी हुनुभयो । एनसफ्टकै पहलमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिएपछि अहिले नेपालमै स्नातक तहमा चलचित्र विषय पढाइ भइरहेको छ 'ओस्कार कलेज' बाट ।

कलाकार मदनदास श्रेष्ठ नेपाल चलचित्र कलाकार राष्ट्रिय सङ्घको संस्थापक महासचिव र नेपाल चलचित्र कलाकार सङ्घको संस्थापक कार्यसमिति सदस्य पनि हुनुहुन्छ । उहाँले साङ्ग्रिला च्यानल (डे टिभी)मा कार्यक्रम निर्देशक र केन्द्रीय चलचित्र जाँचपास समितिको सदस्यजस्तो महत्त्वपूर्ण जिम्मेवारी पनि सम्हाली सक्नुभएको छ । उहाँकै सक्रिय सहभागितामा दोलखा जिल्लामा नेपाल सरकारले 'फिल्म सिटी' को अवधारणामा धेरै काम अगाडि बढाइसकेको छ ।

यसरी मदनदास श्रेष्ठ रङ्गमञ्च, रेडियो, टेलिभिजन र चलचित्र चारै क्षेत्रमा सक्रिय हुनुभयो र चारैमा सफल र स्थापित पनि हुनुभयो । विभिन्न विधामा काम गरे पनि उहाँ आफूलाई अरूले रङ्गकर्मीका रूपमा नै बढी चिनून् भन्ने चाहना राख्नुहुन्छ ।

उहाँलाई जसले जसरी चिने पनि समग्रमा उहाँ एक सशक्त कलाकार हुनुहुन्छ । बुलन्द आवाज, बेजोड अभिनय, सरल र सहयोगी

व्यक्तित्वका मदनदास श्रेष्ठलाई नेपाली कलाक्षेत्रका एक शिखर पुरुषका रूपमा लिन सकिन्छ । उहाँ कुनै पनि लेखकले बनाएको, परिकल्पना गरेको चरित्रलाई जीवन्त रूपमा नाटकमा प्रस्तुत गर्न राम्रो तयारी गर्नुपर्ने कुरामा जोड दिनुहुन्छ । उहाँको यस विचारसँगै लेखको बिट मार्छु– "हामीले आफ्नो धरातल बिर्सनु हुँदैन । एकअर्कामा सम्मानको भावना हुनुपर्छ । भावना र मस्तिष्कले मनन गरी निष्ठाका साथ काम गर्ने हो भने जुनै क्षेत्रमा पनि सफल हुन सकिन्छ ।"

# रङ्गमञ्च क्षेत्रका प्रसिद्ध पुरुष

**के.के. कर्माचार्य**

टीका लगाएर कलाकार बन्दैन । बन्दछु भन्दा पनि नबन्न सक्तछ । जन्मजात वा ऐश्वर्यदेन प्राप्त व्यक्तिहरूले मात्र सफलता पाउने सम्भावना रहन्छ । यो मेरो पक्षपाती अभिव्यक्ति होइन । वस्तुत: यही नै यथार्थ हो ।

मदनदास श्रेष्ठ नेपाली रङ्गमञ्च क्षेत्रमा त्यस्तै एक चर्चित हस्तीको नाम हो । मेरो बचपनदेखिको प्रिय साथी भएर यसो भनेको होइन । एक जना रङ्गमञ्चनिर्देशक मित्रले एउटा प्रसङ्गमा भनेको याद आउँछ अहिले मलाई– 'मदनदास अचम्मको प्रतिभा भएको कलाकार हो; किनभने उनले नाटकको रिहर्सलमा आफूलाई दिएको लेख, संवाद राम्ररी अभ्यास गरेका हुँदैनन्; तर कार्यक्रममा आफ्नो बुलन्द स्वर, संवाद र अभिनयले मञ्च घनघनाएर छोड्छन् । यो उनको विशेष प्रतिभा हो ।'

साँचो अर्थमा बिरुवा रोप्दैमा फल पाइहाल्दछ भन्ने होइन । राम्रो बीउको बिरुवा र कुशल हेरचाहले राम्रो फलको आशा गर्न सकिन्छ । प्रतिभा किन्न पाइँदैन, प्रतिभा पढेर हासिल हुँदैन, प्रतिभा खोसेर पाइँदैन र प्रतिभा चाहेर मात्र आउँदैन । प्रतिभा आफैँमा हुने शक्ति हो । यसर्थ अतीतमा हामी एक क्षण खेलेका केही कुरा यहाँ स्मरण गराउन चाहन्छु ।

म र मदनदास नजिकको साथी भएका सम्बन्धमा केही कुराहरू कोटचाउन चाहन्छु । ठचाक्कै नमिल्ला करिब तेह्रचौध वर्षको उमेर होलान् हाम्रो । हामी दरबार स्कुल, भोटाहिटीमा ५ कक्षामा हुँदाको हो । बाल्यकालमा म अलि उच्छृङ्खल स्वभावको थिएँ । कक्षामा सोझासीधा साथीहरूलाई जिस्क्याउने, हेप्ने, झगडा गर्ने, उटफटचाङ काम गर्ने गर्दथेँ । कक्षामा पनि राम्ररी बस्दैनथेँ । त्यसो हुँदा पनि म कक्षामा चित्रहरू बनाउँथेँ र साथीहरूलाई बाँड्ने कारणले साथीहरू मलाई मन पराउँदथे । मदनदास श्रेष्ठ, पुष्पदास श्रेष्ठ, कनक भण्डारी यी सम्झनामा रहेका नामहरू हुन् । यिनीहरूबाहेक एक जना उल्लेखनीय साथी थियो– अग्लो, मोटो र सोझो थियो, जसलाई हामी 'ढड्डू' भनी बोलाउँथ्यौँ । ऊ पढाइमा तेजिलो र कक्षामा सबैभन्दा अगाडि, पढ्न सक्ने, स्मरणशक्ति भएको हुनाले गुरुहरूले मन पराउँथे । अनि कक्षाको पहिलो विद्यार्थी (फस्ट ब्वाइ) हुन्थ्यो । मेरो उच्छृङ्खल कर्तुत गुरुहरूकहाँ उजुरी गर्ने गर्थ्यो । उसको कारणले गाली खाने, कुटाइ खाने, कक्षाबाट निकाल्ने आदि सजाय दिइन्थ्यो मलाई ।

२०४७ सालको जनआन्दोलनपछि प्रजातन्त्र आइसकेपछि ती ढड्डूका बारेमा धेरै वर्षपछि मदनद्वारा नै मैले थाहा पाएँ कि उनी नेपाली काङ्ग्रेसको वरिष्ठ नेता गोविन्दराज जोशी भनेर । उनी मन्त्री पनि भए । त्यसै बेलादेखि मदनदाससँग मेरो मित्रता बढ्दै गएको हो । पछि म त्यस स्कुलमा पढ्न छोडेर पुनः ललितकलातिर लागेँ । त्यसो भए पनि व्यवसायको कारणले मेरा दिनहरू भोटाहिटीमै हुन्थ्यो र मदनसँग भेटघाट भइरहन्थ्यो ।

त्यसैताका एक पटक मलाई एक्काइसदिने टाइफाइड भयो । टाइफाइडको कारणले म आफ्नो कोठा डल्लुमा नै बस्नुपर्ने भयो । मेरा बुबा र दाजु गणेशकुमार भोटाहिटीमा आफ्नो व्यवसायमा दिनभरि लाग्नुपर्ने र वासस्थान डल्लुमा पनि आमाको सानो तमाखु पसलमा दिनभरि बस्नुपर्ने र म कोठामा दिनभरि आराम लिएर बस्न

नसक्ने भएकाले एक्लै दिनभरि कोठैमा केही न केही गरेर बस्दथेँ । बिरामी भएको तीनचार दिनपछि मदनदास डल्लुमै आइपुगे मलाई भेट्न । मिल्ने साथीलाई देखेपछि 'के खोज्छस् आँखो' भनेजस्तै मलाई खेल्ने साथी भइहाल्यो । चिकित्सकले मलाई कोठामा एक्काइस दिनसम्म आराममा बस्नुपर्छ भने पनि हाम्रो खेल्ने काम सुरु भइहाल्यो । कागज, तिनका पाटा, काठ, माटाका मन पर्ने कुराहरू बनाउने र खेल्ने गर्दथ्यौँ । म चित्र र मूर्ति बनाउने, उनी हेरेर रमाउने । आमा पटकपटक कोठामा हेर्न आउनुहुन्थ्यो । हामी कोठैमा खेलिरहेको देखेर खुसी हुनुहुन्थ्यो । मदनलाई असाध्य माया गर्ने र खाजा खुवाउने पिलाउने गर्नुहुन्थ्यो । हामी दुई जनालाई समय गएको पत्तो नै नहुने । खेल्ने क्रममा महादेव बनेर खेल्ने सोचेँ । महादेव बन्न मदन तम्सिए । त्यसका लागि सामान चाहियो । नाग, त्रिशूल, जटा, त्रिनेत्र, बाघको छाला, रुद्राक्षको माला, डमरु, मञ्च, लाइट र मेकअप गर्ने सामानहरू जुटाउन र तयार गर्न समय लाग्ने भयो । उनी त भोलिपर्सि पनि आउन तयार भए । हामीलाई अत्यन्त रमाइलो भइरहेको थियो । ज्वर आइरहेको पनि ख्यालै रहेन । दुवै मिलेर सामग्री बनाउनेतिर लाग्यौँ । महादेवको गलामा बेर्नका लागि कागजको नाग बनाई रङ्गाएँ । त्रिशूल, डमरु, जटा परेको कपाल हामी दुईको सल्लाहले बनायौँ । मदन भोलि बिहान आउने गरी घर गए । त्रिशूल, डमरु, माला बाँकी अरू सामानहरू म एक्लैले बनाएँ, रङ्गाएँ । रुद्राक्षको माला र बाघको छालाका निमित्त बुबाले पूजामा प्रयोग गर्ने मृगको छाला र रुद्राक्षमाला लगाउने सोचेँ । बुबाले थाहा पाउनुभयो भने मार्लान् भन्ने पनि चिन्ता थियो । भोलि र पर्सिको दिनमा पनि हामी दुवै त्यसै काममा लाग्यौँ ।

सामग्रीहरू तयार भएपछि अर्को दिन हामी दुईबीच मञ्चन गर्न गराउन कोठाको खाटलाई मञ्च र टिनको ट्वाकहरूमा चिम हालेर रङ्गीचङ्गी प्लास्टिकले बेरेर दायाँबायाँ स्पटलाइट बाल्ने

विचार गरेँ । कोठामा भएका कपडाहरू डोरी लगाएर काठमाडौँको गद्दीबैठकअगाडि कुमारीजात्राको समयमा देखाउने दश अवतारमा लगाइने पर्दाजस्तै गरी तान्न र बन्द गर्न हुने गरी मिलाएँ । मदनदासलाई महादेव बनाउन मेकअप गर्न सुरु गरेँ । उनी पनि हलचल नगरीकन बसे । पोस्टर वा तस्बिरहरूमा देखिने महादेवजस्तै कपाल, जुँगा, त्रिनेत्र साथै रङसङ लगाउने काम पनि गरेँ । पूजाकोठाबाट रुद्राक्ष र मृगको छाला ल्याई कम्मरमा बाँधिदिएँ । सजाइसकेपछि अभिनय गर्ने मदन र म दर्शक भई कोठी अँध्यारो पारी कार्यक्रम चालू गरेँ । जानेसम्मको महादेवको विभिन्न पोज अभिनय मदनदासले गरे । कहिले नटराज त कहिले ध्यानमुद्राको । कहिले क्रोध त कहिले ताण्डवको आसन गरे । दायाँबायाँ रातो, नीलो, पहेँलो र हरियो रङको स्पटलाइट पालैपालो बाल्दा अत्यन्त सुन्दर र आकर्षक दृश्य देखिन्थ्यो । निकै रमाइलो भयो हामीलाई । बाघको छालामाथि शान्त ध्यानमुद्रा गर्दा साँच्चै रङ्गमञ्चजस्तै देखिन्थ्यो । त्यस्तै अन्यमा पनि । पर्दा खसाल्ने, उठाउने र बत्तीको लाइट मिलाउने काम मैले गरेको थिएँ । दुवैलाई आनन्दको सीमा रहेन । सम्भवत: त्यही नै हाम्रो कलायात्राको प्रारम्भिक मार्गदर्शन भन्ने हामीलाई लागेको छ ।

बाल्यकालमा यस्ता खेलहरू धेरै खेलेको छु मैले । तर त्यो अहिलेसम्म हामी दुवैलाई अविस्मरणीय रहेको छ । पछि हाम्रो भेटघाट धेरै कम रह्यो । आआफ्नो विधाका निश्चित धारमा पौरख देखाउन कृयाशील भयौँ । त्यसैले ल्याएको अभ्यस्तताले रङ्गकर्ममा चर्चित हुन पुगे मदनदास । एक भेटमा उनले भनेको याद आउँछ मलाई– 'तिमी आफ्नो ललित कलाक्षेत्रमा निकै नाम कमाएका छौ । सफलताको शिखरमा छौ ।'

मैले पनि भनेको थिएँ– 'त्यसो भन्नु तिम्रो महान्ता हो । तिमीले रङ्गमञ्च क्षेत्रमा प्रसिद्धि पाएका छौ । म धेरै खुसी छु ।'

विगतका यस्ता स्मरणहरू लेख्न र सुनाउन अझै धेरै छन् । अत्यास लाग्ला भन्ने लाग्छ । अहिले यति त लेख्नै पर्दछ भन्ने लाग्यो मलाई ।

अन्तमा दोलखामा जन्मेका मदनदास श्रेष्ठको परिवारका बारेमा मलाई ज्ञान छैन । तर सानै उमेरदेखि काठमाडौँमा आई बसेका र परिवारबाट आवश्यक प्रोत्साहन नपाएका मदनदास श्रेष्ठले आफ्नै बलबाहु, दक्षता, मेहनतले सफलता हासिल गरेका हुन् । रेडियो नाटक मञ्चन र चलचित्र क्षेत्रमा आफ्नो विशिष्टता हासिल गर्न सफल भएकोमा मलाई गर्व लाग्दछ । आगामी दिनहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा अझ शिखर चुली प्राप्त गरून्, मेरो शुभकामना छ !

# उत्कृष्ट कलाकार
## केशवराज राजभण्डारी

जीवन र जिन्दगी एकअर्काका पर्यायवाची शब्द अर्थात् अर्थ हुन् । जीवनबिनाको जिन्दगी हुँदैन; त्यस्तै जिन्दगीबिनाको जीवन । जीवनका रङ्गिला पाटाहरू जिन्दगीमा पाइन्छ । मानिसमा हुने अति राम्रा गुणलाई बत्तीस लक्षणले युक्त भनिन्छ; तर सबैमा ती सबै गुण पाइँदैनन् । तैपनि पच्चीस लक्षणभन्दा माथिल्लो भएका ग्राह्य व्यक्ति मानिन्छन् मदनदास श्रेष्ठ । ठ्याक्कै कति लक्षणले युक्त हुन् त्यो त मलाई थाहा छैन । उनको गुणअवगुणबारे उनको परिवारलाई थाहा होला कि त हाम्रा मान्यताअनुसारको ज्योतिषले उनको चिनाको आधारमा भन्न सक्ला । तर उनीसँगको परिचयबमोजिम उनी पच्चीस लक्षणभन्दा उपरैका हुन् भन्ने लाग्छ । अर्थात् उनी गुनिला व्यक्ति नै हुन्, हँसिला र सबैलाई मनोरञ्जन दिने हँसिला मान्छे ।

उनीसँगको पहिलो भेट दोलखा जिल्लाको दोलखा बजार अर्थात् अभयपुर सहरमा भएको सम्झना छ । वि.सं. २०३९ अन्तदेखि २०४३ को अन्तसम्म प्रकृतिले सिँगारिएको अति रमणीय श्री भीमेश्वर भगवान् (श्री महादेव, श्री भगवती र श्री विष्णुनारायणसहितको तीन रूपमा पूजनीय देवताको मूर्ति)को पवित्र मन्दिर र किंवदन्तीअनुसार महाभारतका पञ्च पाण्डवहरू वनवास बिताउने सिलसिलामा आफ्नै तर कसैले बुझ्न नसकिने

खालको भाषा सिर्जना गरे, जसलाई अहिलेका नेवारजातिले बोलिने दोलखाली भाषा मानिन्छन् । त्यस्ता ऐतिहासिक थलोमा उनीसँग परिचय भएको थियो । पञ्चायतकालीन समय वि.सं. २०४० सालतिर हो वरिष्ठ कलाकार नीर शाहसहितको टोलीले 'पच्चीस वसन्त' नामक नेपाली चलचित्र सुटिङको दौरानमा उनीहरू दोलखा आउँदा वरिष्ठ कलाकार मदनदास श्रेष्ठसँग मेरो परिचय भएको यद्यपि सम्झना छ ।

उनको मार्मिक हाँसो नै मेरा लागि सम्झनाको विषय बन्यो । शिष्टता, रसिलो र हँसिलोजस्ता उनमा रहेको लाक्षणिक गुणका कारण हरेक व्यक्तिसँग समाहित हुन सफल भएको मेरो बुझाइ रहिआएको छ । कलाकारिता विधासँग मेरो आत्मीयता छ । कलाकार भनेको राष्ट्रिय सम्पदा हो र कलाकार देशको पहिचान पनि हो भन्ने मेरो मान्यता रहिआएको छ । मदनदास एक उच्चस्तरको नेपाली कलाकारका रूपमा दर्जिएका व्यक्तित्व हुन् । हिन्दूहरूको ठूलो चाड बडादसैँताका रेडियो नेपालबाट प्रसारण गरिने विजया दशमीसम्बन्धी नाटकमा उनले खेल्ने 'रावण'को भूमिकामा उनको स्वर र अट्टहास मलाई अति नै मन पर्ने पक्ष हो । त्यसैले उनीसँग भेट्दा वा टेलिफोनमा कुराकानी हुँदा पनि हँस्सीमजाक गरी भन्ने गर्दछु– "दसटाउके रावण बोल्नुभएको हो ? एक पटक अट्टहास गर्नुस् न, कृपया !" उनी रिसाउँदैनन् बरु मज्जाको आवाजमा हाँस्छन् । सरस, मिजासिला मान्छे उनी ।

हाल डिल्लीबजार, घट्टेकुलोस्थित आफ्नै निवासमा बस्ने ६७ वर्षीय मदनदास श्रेष्ठको जीवनको अर्को पाटो साहित्य र समाजसेवा पनि हो । वि.सं. २०२६ सालमा कालिञ्चोक युवा क्लबबाट प्रकाशन हुने 'आँखा' पत्रिकाको पनि अगुवा भएर लागेका थिए । दोलखा स्रष्टा समाजको अध्यक्ष भई साहित्यविधालाई पनि टेवा पुऱ्याउँदै आए । कलाकारिता क्षेत्रलाई आफ्नो जीवनको अभिन्न

पाटो मान्ने श्रेष्ठ देशलाई विश्वको फिल्मक्षेत्रको अग्रसरता दिलाउने खालको नयाँ योजनामा लागिपरेका छन् । 'दोलखा फिल्म नगरी' नामकरण गरिएको अन्तर्राष्ट्रिय स्तरको फिल्म छायाङ्कन गरिने उच्चस्तरको स्थल नेपालमा स्थापना हुने नेपाल सरकारको समेत सहयोग रहने राष्ट्रिय योजना दोलखा जिल्लाअन्तर्गत लाँकुरीडाँडा गा.वि.स.मा सञ्चालन हुने भएको र सो योजनाका लागि नेपाल सरकारले दुई करोड रुपियाँ योगदान दिइसकेको कुरा उनकै मुखारविन्दबाट थाहा भयो । यदि उक्त योजना सफल भएमा फिल्म उद्योग क्षेत्रका लागि नेपालले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्नेछ र नेपालका लागि यो योजना गौरवको विषय हुनेछ । नेपालको चौतर्फी विकासमा यस कार्यले योगदान पुऱ्याउने विश्वास लिन सकिन्छ । यस्तो महत्त्वाकाङ्क्षी योजनाको संयोजकका रूपमा उनी हाल कार्यरत छन् ।

हिजोको कालखण्डमा राष्ट्रका प्रमुख प्रशासक राजामहाराजाहरू आफैँ गीतकार, सङ्गीतकार र गायक कलाकार थिए । त्यसैले त्यसताका कलाकारहरूको विशेष स्थान रहन्थ्यो, मानमर्यादालगायतका विषयमा । तर दुर्भाग्य नै भन्नुपर्छ वर्तमान अवस्थामा कलाकारहरू ती सुविधाहरूबाट वञ्चित छन् । कलाकारहरूको आर्थिक स्थिति पनि उकालो लाग्न सकेको छैन । अत: कतिपय राम्रा कलाकारहरू देशबाट बिस्तारै पलायन हुँदै बिदेसिन थालेका छन्, जुन विषय देशका लागि अति नै पीडाको पक्ष हो भन्नुपर्छ । देशको संस्कार र संस्कृतिको जगेर्ना गर्छन् कलाकारहरू । देशमा स्थापित प्रज्ञाप्रतिष्ठानले केही मात्रामा समेट्ने कोसिस गरेझैँ लाग्छ, तर पनि सरकारले प्रज्ञाप्रतिष्ठानको सुधारमा धेरै गर्न बाँकी छ ।

आफ्नै प्रयासबाट मदनदास श्रेष्ठ कला क्षेत्रमा अगाडि बढिरहेबाट देश विकासमा उनको योगदान अवश्यमेव रहने विश्वास लिन सकिन्छ ।

त्यस्ता कदरलायक व्यक्तिबारे त्रिमूर्ति निकेतनले संस्मरण प्रकाशन गर्न जमर्को गरिरहेको विषय प्रशंसनीय छ ।

अन्तमा, वरिष्ठ कलाकार मदनदास श्रेष्ठको उज्ज्वल भविष्यको कामनासाथ उनीबाट देश विकासमा हुने थप योगदानको आशा राख्दै त्रिमूर्ति निकेतनले संस्कृतिविद् र कलाकारहरूको जीवनीसम्बन्धी संस्मरणात्मक कृतिहरू प्रकाशन गरी योगदान पुऱ्याउँदै आएको सकारात्मक पक्षको प्रशंसा तथा सराहना गर्नु आफ्नो कर्तव्य सम्झेको छु ।

# नाटचनायक मदनदास श्रेष्ठ

## गङ्गा कर्माचार्य पौडेल

आज कामविशेषले नइ निवासमा पुग्दा वरिष्ठ कलाकार (नाटक) मदनदास श्रेष्ठको जीवनी ग्रन्थ प्रकाशन गर्ने तयारी भइरहेको कुरा थाहा भयो । नरेन्द्रराज प्रसाईजीले मलाई पनि उक्त ग्रन्थका लागि केही शब्द लेख्ने अवसर दिनुहुँदा मदनदास श्रेष्ठजस्ता ठूला कलाकारको विषयमा म के लेखूँ भनेर सोच्दै थिएँ । ऋट्ट आफू केटाकेटी छँदा सुनेको रेडियो नाटकको याद आयो । त्यसपछि सरर्रर दिमागमा एउटा संस्मरणको रेखाचित्र कोरिरहेकी थिएँ मदनदास श्रेष्ठ स्वयम् टुप्लुक्क नइ निवासमै आइपुग्नुभयो । त्यसपछि मलाई त ढुङ्गा खोज्दा देउता मिलेझैँ औधी खुसी लाग्यो । शिष्टाचार स्वरूप नमस्कार आदानप्रदानपछि हामी अर्थात् नरेन्द्रराज प्रसाईजी, मदनदास श्रेष्ठ र उहाँसँगै आउनुभएका अर्का वरिष्ठ नाटककार कृष्ण शाह यात्रीजी नइ निवासको अतिथिकक्षमा आरामसाथ बस्यौँ । नरेन्द्रराजजी मदनदास श्रेष्ठकै विषयमा प्राप्त पाण्डुलिपि हेर्दै हामीसँग भलाकुसारी गर्न पनि छोड्नुभएको थिएन । म भने घरीघरी मदनदास सरलाई पुलुक्कपुलुक्क हेर्ने गर्दथेँ । किनभने यसभन्दा पहिला उहाँसितको भेट सामान्य हाइहेलो नमस्कारमै सीमित रहन्थ्यो तर यस पटक उहाँकै विषयमा संस्मरण लेख्नुपर्ने भएकाले नजिकैबाट नियालिरहेकी थिएँ । खाइलाग्दो जिउडाल, उज्यालो हँसिलो मुहार, प्रस्ट, विनम्र, श्रुति माधुर्य बोलीवचन, भद्र, शालीन व्यक्तित्वका धनी मदनदास श्रेष्ठलाई

सात दशक उमेरको सँघारमा पुगिसक्ता पनि बुढ्यौलीले छुन नसकेको देखेर म छक्कै परेँ ।

त्यसरी उहाँलाई हेरिरहँदा पहिला रेडियोमा नाटक सुनेको, टिभी सिरियलमा हेरेको, रङ्गमञ्चमा अभिनय गर्दा देखेको, फिल्ममा खेलेका दृश्यहरू फुत्तफुत्त एकपछि अर्को आउँदै मेरा आँखावरिपरि घुम्न थाले । त्यही सम्झनालाई मनमा साँचेर केहीबेरको कुराकानीपछि म घर फर्किएँ र लेख्न थालेँ । मदनदास सरको विषयमा लेख्न सुरु गर्नुभन्दा पहिला रेडियो नेपालसँग जोडिएका एकदुई ओटा रमाइला घटनालाई पनि यही प्रस्तुतिसँग जोड्न चाहेँ ।

ती के थिए भने आजभन्दा पाँच दशकपहिले नेपाल प्रविधिको विकासमा निकै पछाडि थियो । मोबाइल, कम्प्युटर, ल्यापटप, टिभीजस्ता सञ्चारका साधन थिएनन् । त्यस्ता साधनहरू पश्चिमा मुलुकहरूमा दैनिक अत्यावश्यक प्रयोजनका लागि नभइनहुने भइसक्ता पनि हाम्रो मुलुकमा २०४२ सालमा मात्र नेपाल टेलिभिजन (NTV) को स्थापना भएको थियो । त्यो पनि काठमाडौँ उपत्यकामा मात्र सीमित थियो । उपत्यकाबाहिरका जनताले श्यामश्वेत टिभी हेर्न पनि केही वर्ष कुर्नै पऱ्यो । केबुल लाइन थिएन त्यसैले हुनेखानेले घरघरमा, नहुनेले गाउँटोलको समूह मिलेर घरको छानोमाथि धातुको ठूलो छाताजस्तो उपकरण आकाशतिर फर्काएर त्यसैमा तार जोडेर घरघरमा लाइन तानी टिभीमा जोडेर हेर्ने गरिन्थ्यो । रङ्गीन टिभी त धेरै पछि मात्र हेर्न पाइयो । त्यस्तो अवस्थामा सबैभन्दा पहिला रेडियो नेपाल मात्र एउटा साधन थियो जसले समाचार प्रसारण गरेर जनतालाई सुसूचित गराउँदथ्यो भने गीत, नाटक प्रस्तुत गरेर मनोरञ्जनसमेत पुऱ्याउँदै आएको थियो ।

२०२३ सालतिरको कुरा हो । गाउँभरिमा हाम्रो घरमा मात्रै रेडियो थियो । त्यो पनि बुबाले व्यापारको सिलसिलामा काठमाडौँ (नेपाल) आउँदा बास बसेको ठाउँमा रेडियो सुनेको भएर घरमा लगी

बजाउने रहरले किनेर लानुभएको । त्यति बेला हाम्रो घर स्याङ्जा दार्सिङदेखि अठार दिनको पैदल हिँडाइपछि आइपुगिने काठमाडौँलाई उपत्यकाबाहिर नेपाल भन्ने गरिन्थ्यो । 'नेपालबाट रिडियो ल्याका छन् रे' सुन्न जाऊँ भनेर आउने गाउँलेहरूले हाम्रो आँगन भरिन्थ्यो । मलाई पनि रेडियो खोल्न र बन्द गर्न सिकाउनुभएको थियो । उहाँ प्राय: बाहिर गइरहनुहुन्थ्यो । त्यसैले बुबा घरमा नभएको बेला गाउँलेहरू आएपछि मैले पनि रेडियो खोलिदिन्थेँ तर अल इन्डिया रेडियो प्रस्ट बुझिने आउँथ्यो भने रेडियो नेपालबाट क्यारक्यार र ख्यारख्यार गरेर राम्ररी नबुझिने आवाज आउँथ्यो । गाउँलेहरू हिन्दी बुझ्दनैथे त्यस कारण 'नेपाली बजाइदेऊ न सानी !' भनेर मलाई कराइरहन्थे । रेडियोको अग्रभागमा सानासाना गोलाकारका दुई ओटा घुन्डी (बटन) थिए । एउटा देब्रेपट्टिको घुमाएर भोलुम सानोठूलो गर्न मिल्थ्यो भने दाहिनेतिरको घुमाउँदा रेडियो नेपाल र त्यसको अलिकति पर अल इन्डिया रेडियो आउँथ्यो । त्यति बेला त्यही दुई ओटा स्टेसन मात्र बज्दथ्यो । अरू त साईसुई केही आवाजै आउन्नथ्यो । मैले रेडियो नेपाल लगाउन खोज्थेँ । सफा सुनिएन भनेर घुन्डी बटारिरहन्थेँ तैपनि सफा नआउँदा कसैकसैले तिमीलाई रेडियो बजाउनै आउँदो रैनछ, खै तिम्रो बुबा, हुनुहुन्न भन्थे । उनीहरूले त्यसो भनेको मलाई पटक्कै मन पर्दैनथ्यो । साँझ बुबा आएपछि फलानोले यसो भन्यो, फलानीले उसो भनी भनेर गुनासो पोख्थेँ । त्यति मात्र कहाँ हो र ? अबदेखि ती गाउँलेहरूलाई रेडियो बजाएर नसुनाऔँ पनि भनेँ । बुबाले 'त्यसो गर्न हुँदैन । गाउँले भनेका जिउँदो छँदाका जन्ती हुन्, मरेपछिका मलामी हुन् । त्यसो भन्न हुँदैन छोरी' भनेर सम्झाउनुहुन्थ्यो ।

आमाले चाहिँ बोक्सी लागेछ भन्दै सिस्नोले झ्यामझ्याम रेडियोलाई हिर्काउनुहुन्थ्यो । तैपनि हिन्दीजस्तो नेपाली सफा आउँदैनथ्यो । जे जस्तो भए पनि गाउँलेहरू हिन्दीभन्दा नेपाली

नै सुन्न लालायित हुन्थे । बुबाले नेपालमा मैले यही रेडियो बजाएर राम्ररी सुनेरै ल्याएको हुँ यहाँ किन आएन त भनेर दिक्क मान्नुहुन्थ्यो ।

केही महिनापछि बुबाको फेरि काठमाडौँ आउने काम पर्‍यो । उहाँले पहिला रेडियो किनेको न्युरोडको पसलमा गएर बिल देखाई मैले यहाँबाट किनेर लगेको रेडियोमा नेपाली राम्ररी बज्दैन । हिन्दी मात्रै बज्छ भन्दा त्यो पसलेले काठमाडौँ उपत्यकाबाहिर रेडियो नेपालको प्रसारण क्षमता विस्तार भइसकेको छैन त्यसैले नेपाली सुन्न नसकिएको हो भनेपछि बल्ल थाहा पाउनुभएछ । घर आएर यो कुरा हामीलाई भन्नुभएको थियो । त्यसपछि अल इन्डिया रेडियो सुनेर चित्त बुझाउँथ्यौँ । त्यसैमा दस मिनेटको नेपाली कार्यक्रम पनि प्रसारण हुन्थ्यो । तर गीतहरू भने हिन्दी नै बज्ने गर्दथ्यो ।

मेरो मनमा रेडियोको विषयमा सधैँ एक प्रकारको खुलदुली मच्चिने गर्दथ्यो । रेडियो कसरी बज्छ होला ? ती बोल्ने, गीत गाउने मान्छेहरू रेडियोभित्र कसरी अटाएका होलान् भनेझैँ लाग्दथ्यो अनि खोलेर हेरूँहेरूँ हुन्थ्यो । यसो पछाडि फर्काएर हेर्थेँ, रेडियोको बाहिरी आवरणले टमक्कै छोपिएको हुँदा केही पनि देखिँदैनथ्यो । एक दिन बुबाले ब्याट्री फेर्न पनि सिकाउनुभयो । टर्चलाइटमा हाल्ने एभ्रिडे ६ ओटा ब्याट्री लाग्दो रहेछ त्यसमा । ब्याट्री फेर्न जानेपछि रेडियो खोल्ने आँट पनि आयो । एक दिन बुबाआमा, दिदीहरू कोही घरमा नभएको मौका छोपी पेचकसले पछाडि कभरको चारैतिरको किला बिस्तारै खोलेर निकालेर हेरेँ । मैले सोचेको थिएँ त्यसभित्र सानासाना मानव आकृतिहरू होलान् तर मान्छेका सट्टा तारैतारको जालो र जालोमा थुप्रै साङ्लाहरू देखेर म नराम्ररी तर्सिएँ । अनि अब्बुई ! भनेर रेडियोबाट हात झिकेँ । भर्खरै जन्मिएका मसिना कमिला जत्रा साङ्लाका खनाति, जनातिदेखि लामालामा जुँगा भएका जिजुबाजे पुस्ताका ठूला साङ्लाका सातै पुस्ता थिए त्यहाँ । ती साङ्लाहरूले तारको चेपबाट चियाउँदै मलाई जिस्क्याएझैँ लाग्यो । तिनीहरू घरी

बाहिर आउन खोजेझैँ गर्थे घरी भित्रै लुक्थे । त्यसरी केहीबेरसम्म साङ्लाहरूले चर्तिकला देखाएपछि तिनीहरूलाई एकएक गर्दै थुतेर बाहिर फ्याँकिदिऊँ जस्तो झोक चल्यो । तर मैले एउटा पनि समात्न सकिनँ । त्यसपछि रेडियोलाई भुइँमा पल्टाएर घोप्टो पारी टकटक्याएँ । त्यसरी घोप्टो पारेपछि अरू धुलो, कसिङ्गरझैँ साङ्लाहरू पनि फुरुरु खस्नेछन् भन्ने लागेको थियो, झन् भित्र पो पसे । म जति बाहिर निकाल्न खोज्थेँ उति नै भित्र छिरेर लुक्थे । सिन्काले घोचेर भए पनि केहीबेरसम्म निकाल्ने प्रयास गरेँ । अहँ एउटा साङ्लो पनि निकाल्न सकिनँ । त्यसपछि कसैले देख्लान् कि भनेर हत्त न पत्त रेडियोलाई बन्द गरेर जस्ताको तस्तै बनाएर राखिदिएँ । किनभने बुबाआमाले मैले रेडियो खोलेको थाहा पाए गाली गर्नुहुन्छ भन्ने डर लाग्यो । त्यो कुरा पछिसम्म पनि मैले कसैलाई भनिनँ ।

दिन बित्दै जाँदा नेपालमा पनि प्रविधिको विकास हुँदै गयो । उपत्यकाबाहिर पनि रेडियो प्रसारण लाइन थपिनाले रेडियो नेपाल राम्ररी सुन्न पाइने भयो । बुबा प्राय: समाचार सुन्नुहुन्थ्यो मलगायत परिवार सदस्यहरू गीत, नाटक सुन्थ्यौँ । पछि हरेक शनिबार १ बजेदेखि २ बजेसम्म नियमित रूपमा नाटक पनि बज्न थाल्यो । हामी सबै जना मदनदास श्रेष्ठले अभिनय गर्नुभएको रेडियो नाटक सुन्न कान थापेर बस्दथ्यौँ । रेडियोमा स्वर मात्र सुनेको उहाँलाई २०४३ सालपछि टिभीका विभिन्न सिरियलहरूमा पनि निरन्तर देख्न पाउँदा दङ्ग परेर कार्यक्रम नसकिउन्जेल आँखै झिमिक्क नगरी हेरिरहन्थेँ म । महिषासुर नाटकमा उहाँको स्वर जति क्रूर र कठोर थियो, त्यो स्वर सुनेर उहाँलाई म एउटा क्रोधी, दुष्ट, कठोर हृदय भएको राक्षसी स्वभावको पुरुषको कल्पना गर्दथेँ तर टिभीमा हेरेपछि त्यस्तो लागेन । अझ प्रत्यक्ष भेट भई आमनेसामने बसेर कुराकानी गर्दा त त्यति ठूलो ख्यातिप्राप्त कलाकार भईकन पनि रत्तीभर घमन्ड, अहङ्कार नभएको,

सौम्य र विनम्र पाएँ उहाँलाई । आखिर फलेको वृक्षको हाँगो ननुहेको कहाँ छ र ?

मैले वरिष्ठ कलाकार मदनदास श्रेष्ठका बारेमा आफ्ना अनुभूति लिपिबद्ध गर्ने क्रममा मेरा श्रीमान् हेम पौडेलसँग कुराकानी हुँदा उहाँ अत्यन्तै खुसी भएर चार दशकपहिलेको कुरा सम्झँदै भन्नुभयो– 'त्यति बेला अर्थात् २०२४, २५ सालतिर नेपाली कलासाहित्यको जागरणकाल थियो । राजा महेन्द्रले आफ्नो निजी लगानीमा कमलादी काठमाडौँमा एउटा ठूलो भवन बनाई नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान स्थापन गरिबक्सेको थियो । राजा स्वयम् राम्रा कवि भएकाले कवि कलाकारको भावनालाई बुझ्ने र कदर गर्ने गरिबक्सिन्थ्यो । नेपालमा जन्मेको भए पनि कारणवश विदेशमा गई बसोबास गरिरहेका कलाकार, साहित्यकार, उद्योगपतिलाई नेपालमा बोलाएर आफूले आर्जन गरेको सीपलाई स्वदेशमै प्रवर्धन गर्न प्रोत्साहित गरिबक्सिन्थ्यो । त्यसै क्रममा कलकत्ताबाट कलाकार लैनसिंह बाङ्देललाई बोलाइबक्सेर प्रज्ञाप्रतिष्ठानमा संलग्न गराई नेपाली कलाकारहरूलाई प्रशिक्षण दिन लगाइबक्सेको थियो । बाङ्देल सरको प्रशिक्षणमा पहिलो समूहमा पाँच जना थिए भने दोस्रो समूहमा हामी एघार जना विद्यार्थी थियौँ । प्रशिक्षणपछि मैले त्यहीँ काम पाएको थिएँ । त्यति बेला नाटकतिर श्यामदास वैष्णव, मदनदास श्रेष्ठ, जितेन्द्र महत अभिलाषी, सङ्गीतमा अम्बर गुरुङ, नीर शाहजस्ता थुप्रै कवि, कलाकार, नाटककारहरू प्रज्ञाप्रतिष्ठानको एउटै थलोमा आआफ्नो विभागअन्तर्गत रहेर काम गर्दथे । रमाइलो पनि उत्तिकै थियो । कतिको त नाम पनि सम्झिन सकिनँ अहिले । ऊबेला प्रज्ञाप्रतिष्ठान नेपाली कला, साहित्य, गीत सङ्गीत, नाटकको उर्वर स्थल रहेको थियो । राजा महेन्द्र बेलाबेलामा सवारी भई निरीक्षण गरिबक्सेर हामीलाई हौसला प्रदान गरिबक्सिन्थ्यो । पछि त्यहाँ पनि राजनीति चल्न थाल्यो । २०२८ सालमा राजा महेन्द्रको स्वर्गारोहणपछि त प्रज्ञाप्रतिष्ठान दिनप्रतिदिन अधोगतिउन्मुख

हुँदा बजेटको अभाव देखाई हामीजस्ता स्वच्छ भावनाले कला, साहित्यको सेवा गर्नेहरूलाई पहिलो निसाना बनाइयो । त्यहाँबाट बाहिरिएपछि कोही कता कोही कता लागियो । पुस्तकको कभर बनाउन भनेर साहित्यकारहरू पछिसम्म पनि हाम्रो बत्तिसपुतलीको घरमा आइरहन्थे । साथीहरूसँगै मदनदासजी पनि आउनुहुन्थ्यो । उहाँ साह्रै राम्रो मान्छे, लुच्च्याइँ, फट्याइँ नगर्ने, भलाद्मी स्वभावका, हाँसेर कुरा गर्ने मिजासिला, निष्ठावान् हुनुहुन्छ । उहाँको विषयमा लेख्न लागिछौ मेरो पनि मदनदासजीको सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना भनेर लेखिदिनू ।'

यसो भनिरहँदा हेम पौडेलजीको मुहारमा एक प्रकारको चमक देखेँ मैले । उहाँ बितेका दिनहरू सम्झेर रमाउनुभयो सायद ।

मदनदास श्रेष्ठले अभिनय गर्नुभएको थुप्रै रेडियो नाटकहरूमध्ये नवदुर्गा, शुम्भ निशुम्भ, महिषासुरको ऋट्ट याद आइहाल्छ । उहाँले त्यसमा दिनुभएको आवाज यति सशक्त र दुरुस्त हुन्थ्यो कि हामी श्रोतालाई साँच्चीकै हो कि त भन्ने भान पर्दथ्यो । 'महिषासुर' नाटकमा महिषासुरले दुर्गाभवानीलाई जिस्क्याएको सुन्दा मेरो त कन्पारै तातेर आउँथ्यो भने दुर्गाभवानीले महिषासुरको छातीमा त्रिशूलले रोपेर उसको वध गर्दा ठिक्क पऱ्यो खुच्चिङ भनेर कुम उचाल्दै खुसी हुन्थेँ । आवाज मात्र सुन्दा पनि नाटकमा घटेका घटनाको चित्र आँखावरिपरि आउनु, जुन पात्रको अभिनय गरेको हो उसको दुरुस्त चरित्र चित्रण गरेर श्रोताको मन छुन सक्नु नै कलाकार सफल हुनु हो भन्नेमा दुई मत नहोला ।

मदनदास श्रेष्ठले स्कुल जीवनदेखि नै रङ्गमञ्चमा नाटक खेल्न सुरु गर्नुभएको थियो । तसर्थ रेडियो नाटकमा जस्तै रङ्गमञ्चमा पनि उहाँको अभिनय अब्बल हुने गर्दथ्यो । रङ्गमञ्चमा जुन पात्रको भूमिकामा प्रस्तुत भएको भए पनि सबै दर्शकको उत्तिकै ध्यान खिच्न सक्ने अनौठो जादु थियो उहाँको अभिनयमा ।

थुप्रै रेडियो नाटक, २०० भन्दा बढी रङ्गमञ्चीय नाटकमा अभिनय र टिभी सिरियल हुँदै २०५६ देखि ठूलो पर्दा अर्थात् 'मनको बाँध' सिनेमाबाट सिनेजगत्मा समेत एकछत्र राज गर्नुभएका मदनदास श्रेष्ठ नेपाली नाटकका समर्पित एक तपस्वी हुनुहुन्छ । जीवनको किशोर वयदेखि युवा, प्रौढ हुँदै ज्येष्ठ नागरिकमा नाम दर्ता भइसक्ता पनि उत्तिकै जोसजाँगरका साथ एकनासले नाटकमै समर्पित भई नेपाली नाटकको श्रीवृद्धिमा अहोरात्र खटिरहनुभएको छ । जुनसुकै पात्रको पनि सशक्त भूमिका निर्वाह गर्न सक्ने खुबी छ मदनदास श्रेष्ठमा । स्वदेश, विदेश, कुन बच्चा, कुन युवा, कुन बूढाबूढी सबैको मनमुटुमा विराजमान हुनुहुन्छ । उहाँको अभिनयको प्रशंसा नगर्ने को होला र ? उहाँको आवाजमै जादु छ, अभिनय कला सशक्त, जीवन्त छ र एउटा आफ्नै प्रकारको विशिष्टता छ । नाटकमा जुन कोणबाट हेर्दा पनि उहाँ अब्बल देखिनुहुन्छ । त्यस कारण मदनदास श्रेष्ठलाई वरिष्ठ नाटककार भनेर मात्र पुग्दैन 'नाटक सम्राट्' भन्नुपर्दछ ।

यो देशको सरकारसँग हाम्रा कलाकार, साहित्यकारहरूको भावना नाप्ने क्षमता छैन, बौद्धिकता जाँच्ने कसी छैन । योगदान, समर्पणको कुनै मूल्याङ्कन गरिँदैन । आफ्नो पार्टीका कार्यकर्ताले जे गरे नि राम्रो । अरूले जति राम्रो काम गरे नि बेवास्ता गर्ने परिपाटी बसेको छ यहाँ । आफ्नो कामप्रति इमानदारीपूर्वक जीवन समर्पण गर्ने विशेषज्ञहरू ओझेलमा परेका छन् । एक-दुई ओटा किताब लेखेर फुर्तीफार्ती देखाई गफ हाँक्दै पार्टीको झन्डा बोक्नेहरू प्राज्ञमा दरिन्छन् । यस्तो अवस्थामा श्रोता, दर्शक र पाठकको मूल्याङ्कन नै सही मूल्याङ्कन हुन्छ भन्ने लाग्छ मलाई । किनभने लेखक, कलाकार, साहित्यकारहरू न कुनै जात र व्यक्तिविशेषका हुन्छन्, न कुनै पार्टीका पेवा हुन्छन् । उनीहरू हुन्छन् त केवल जनताका हुन्छन् र देशका हुन्छन् ।

ठूला मान्छेहरू धेरै हुन सक्छन् तर असल मान्छे थोरै हुन्छन् । तिनै असल मान्छेमध्येको एक हुनुहुन्छ मदनदास श्रेष्ठ । उहाँले आफ्नो क्षमताले भ्याएसम्म इमानदारीपूर्वक नाटक र अभिनयमार्फत नेपाली नाटकको श्रीवृद्धिमा अमूल्य योगदान पुऱ्याउँदै आउनुभएको छ । उहाँजस्तो कर्मठ पुरुषको जति प्रशंसा गरे पनि कम हुन्छ जस्तो लाग्छ मलाई । यस्ता हस्तीहरूको नइ प्रकाशनले खोजी गरी जीवनी ग्रन्थ प्रकाशन गर्दै जाने क्रममा यस पटक मदनदास श्रेष्ठको विषयमा ग्रन्थ प्रकाशन हुन लागेको सुन्दा औधी खुसी लाग्यो । ग्रन्थ प्रकाशन गर्नु सजिलो छैन । यो त अक्षरहरूको महायज्ञ हो । यस्तो महायज्ञमा मलाई पनि अक्षररूपी पुष्प अर्पण गर्ने अवसर प्रदान गरिएकोमा कर्मवीर नइ दम्पती नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईप्रति हृदयदेखि नै धन्यवाद ।

# मेरा साथी मदनदास श्रेष्ठ

**गणेश रसिक**

यस वर्ष या भनौँ २०७३ सालको नाटक महोत्सव चरिकोटमा गर्ने निर्णय गऱ्यो नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठानले । पूर्वतयारीका लागि भत्करु भएर खटिए द्वय प्राज्ञपरिषद् सदस्य पुष्करबहादुर गुरुङ र रमेशरञ्जन झा । तर महोत्सवका बारेमा सबैभन्दा बढी औडाहा बोकेर भूमिगत हिँडिरहेका थिए प्राज्ञ मदनदास श्रेष्ठ ।

आषाढ १५ हामी नेपालीको दहीचिउरा खाने सांस्कृतिक पर्व । यही शुभसाइत पारेर ६९ वर्षअगाडि पिता नारायणदास श्रेष्ठ र ममतामयी माता रुद्रमाया श्रेष्ठको कोखमा जन्मिए एउटा बालक । मातापिताको वात्सल्य, दोलखा भीमसेनको आशीर्वाद शिरमा थापेर हुर्किए, बढे, पढे अनि कर्मशील बने काठमाडौँमा ।

यहाँसम्म आइपुग्न उनले जीवनमा कति घामपानी झेले, कति सग्लो सुनकोसी तरेर ढल मिसिएको दुर्गन्धित बागमतीमा पौडनुपर्ने बाध्यता पनि भोगे, सहे । त्यसको लेखाजोखा नगरौँ । जे भए पनि जीवनमा हरेस खाएनन् । धैर्यता रत्तीभर गुमाएनन् । आफ्ना सत्कर्मप्रति सधैँ सचेत रहेर नै आजभोलि उनलाई मदनदास श्रेष्ठ एउटा बौद्धिक कलाकार, एउटा समाजसेवीलगायत गुणकारी, असल व्यक्तिका रूपमा चिन्दछन् ।

गाउँमा जन्मेर राजधानी भित्रिनेहरू अथवा राजधानीबाट पाताल भासिनेहरूमध्ये अक्सर धेरैले जन्मेको ठाउँ मनभरि राखिरहेका हुन्छन् । तर कर्मले बिर्सन्छन् । फर्केर जाँदैनन् । मदनदास भने यस्ता व्यक्ति परे जसको मनमा पनि जन्मथलो, कर्ममा पनि जन्मथलो छ । जे गर्नुपरे पनि त्यही दोलखा, त्यही चरिकोट सम्झन्छन् । भूकम्पले भत्काएको आफ्नो जन्मघरको भग्नावशेष हेर्न पुग्छन् । जन्म दिने मातापितासँगै आफ्नो बाल्यकाल सम्झन्छन् । साथीसँगी सम्झन्छन् । इष्टमित्र सम्झन्छन् । त्यहाँका डाँडापाखा, खेतबारीमा बितेका आफ्नो बाल्यकाल, किशोरकाल सम्झेर भावुक बन्छन् । वास्तवमा त्यही भावुकता नै हो उनको जन्मथलोप्रतिको माया र समर्पण । यो वृद्धभत्ताको निवेदन राख्ने उमेरको सिमानाले रोक्दैन उनलाई । सक्रिय छन्, क्रियाशील छन् । केही न केही गरिरहन्छन् । चुपचाप बस्दैनन् । किनभने दोलखाको राइटी (ढुङ्गेधारा, इतिहासमा स्थानीय राई राजाले पानी पिउने गरेको धारा) को पानी मदनदासको नसानसामा बगेको छ, जसले उनलाई मौन र निष्क्रिय बस्नै दिँदैन । यसैको प्रतिफल हो भन्दा पनि फरक पर्दैन यस पटकको नाटक महोत्सव चरिकोटमा आयोजना हुनु ।

वर्षे झरी । भूकम्प प्रभावित क्षेत्र चरिकोट । परकम्पले सातो खाइरहन्छ बेलाबेला । थप जताततै बाढीपहिरोको आतङ्क । यस्तै मौसमबीच जेठ २९ गते नाटक महोत्सवको मैझारोको दिन म चरिकोट पुगें । मदनदास श्रीमती रेणु, प्राज्ञ पुष्कर गुरुङ, रमेश रञ्जन, खेम नेपाली, प्रकाश घिमिरेलगायत थुप्रै विभिन्न ठाउँबाट आउनुभएका नाटक कलाकारहरूसँग भेटघाट भयो । साँझपख माननीय सभासद् पशुपति चौलागाईं र स्थानीय विभिन्न पार्टीका नेता, समाजसेवी, सङ्घसंस्थाका अग्रजहरूसँग भलाकुसारी भयो । वर्षौंपछि मेरी श्रीमती नीरा र रेणुजीसँग भएको चरिकोटको भेटघाटमा बुहारी सुस्मिता र सानी नातिनी निनिसा पनि स्कुल बिदा भएकाले खुबै रमाए ।

मदनदास आस्था र विचारले खाँटी दाहिना हुन् भन्ने कुरामा दुई मत छैन । तर व्यवहारमा के दाहिने, के देब्रे, के उग्र, के नरम, के मध्यमार्गी सबैसँग गाँसिएका रहेछन् समन्वयकारी, समानुपातिक र समावेशी सम्बन्धका जराहरू । चरिकोटको माटोमा फैलिएका सम्बन्धका जराहरू यति सबल र प्रभावकारी रहेछन् उनले हैँसेभन्दा धेरै सङ्घसंस्था, व्यक्तिहरू हैँसे भन्दै काँधहरू थाम्न तम्सिएका देखिन्थे । महोत्सव उद्घाटन गर्न पुग्नुभएका माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री आनन्द पोखरेलजीले महोत्सव सफल बनाउनका लागि गर्नुभएको महत्त्वपूर्ण योगदानले सञ्जीवनीको काम गरेकोमा साधुवाद भन्नै पर्छ । बजारभन्दा अलि माथि डाँडामा लगभग तीन सय जना दर्शक अटाउने हलमा दोब्बर दर्शकको भिड लागेको देख्दा भन्न मन लाग्यो, 'मित्र मदनदास, चरिकोटमा हाम्रो प्रज्ञाप्रतिष्ठानको उपस्थिति देखियो, यो सफलतामा तपाईंको भूमिका प्रशंसनीय र अनुकरणीय छ ।'

यस्ता क्रियाशील साथीसँग भेटेको पनि झन्डै पाँच दशक पो नाघिसकेछ गाँठे । पचास भनेको कम्ती होइन त ? कसरी मिलिक्कै गर्दा उमेरले डाँडा काटिसकेछ, पत्तै पाइएन ।

अहिले सम्झन्छु, किलागल ठहिटीको घर । त्यहाँ 'धनबहादुरको मृत्युमा परिवारको आँसु' नाटकको अभ्यास चल्दै गरेको समय । त्यसका नाटककार थिए रत्नबाज, अभिनयमा थिए मदनदास, शकुन्तला गुरुङ, जितेन्द्र महत अभिलाषी, कृष्णप्रसाद अधिकारी, नृत्यतर्फ श्याम प्रजापती, सङ्गीतमा तीर्थ शेरचन, म, ललित सुब्बा, तेजबहादुर, न्हुच्छेबहादुर डङ्गोल । अरू बाँकी कोको थिए भन्ने सबै बिर्सिएँ । जे होस्, नाटक, नृत्य, गीतको संयुक्त कार्यक्रम राष्ट्रिय नाचघरमा प्रदर्शन भयो । कार्यक्रम हेर्न गोरखाका हाम्रा साथी पुष्प थपलिया पनि आएका थिए । उक्त कार्यक्रमपश्चात् मदनदास र मलाई भेटेर प्रस्ताव राखे, 'हाम्रो गोरखा नाट्य मण्डलले पनि यस्तै कार्यक्रम गर्न चाहेको छ । तपाईंहरूले सहयोग गर्नुपर्‍यो ।'

नभन्दै जे.पी. हाइस्कुलमा अभ्यास सुरु भयो । कलाकार प्राय: त्यही समूहका थिए । थप नयाँमा राधेश्याम प्रधान, गौतमरत्न तुलाधर, सानु ताम्रकार, शान्ति, ज्याला, माया ठकुरी तथा अन्य साथीहरूमा गोरखाका भागवत धिताल, शरद धिताल (डा.), केशव मरहट्ठा, शम्भु सिम्खडा (पूर्वराजदूत), मोहन धिताल आदि म र मदनदास त छुट्ने कुरै भएन । किनभने ठमेलमा पुष्प थपलिया र मेरो डेरा नजिकै बिहानबेलुका नै मदनदाससँग हामी तीन जनाको जोडी प्रायजसो नछुट्टिने ।

यसरी सुरु भएका मदनदासको कलायात्रा जारी छ, रोकिएको छैन । हो, समय र परिस्थितिले पछिल्लो चरणमा र हरेक क्षेत्रमा हाबी भएका गुटबन्दीले उनलाई कहिले मूलधार र कहिले पाखा पारेको छ । तर धमिलो पानीमा माछा मार्दैनन् । गर्नुपर्ने सत्कर्म गरिरहन्छन् ।

जीवन साथी मदनदासले आफैँजस्तै कलाकार रोजेर प्रेम विवाह गरे । छोराको बाबु भए तर छोराको नाम के राख्ने अलमलिए । त्यही समय मसँग जम्काभेट पर्‍यो, कुरैकुरामा प्रसङ्गले मनको कुरा पो भने, 'छोरा त जन्मियो नाम के राख्ने होला ?'

म घोरिएँ । चलनचल्तीभन्दा अलि फरक होस्, मौलिक होस्, बोलाउन पनि सजिलो होस् । दिमागमा बिजुलीजस्तै चम्कियो, 'मैले प्याट्ट भनिहालेँ– रेणु भाउजूको रे, मदनको म– रेम भयो । थप रेणुसँग मन मिलेर जन्मेको छोराको नाम 'रेमन' । कस्तो लाग्यो त नाम ?

मैले मदनदासलाई हेरेँ । खुसीले मसँग हात मिलाउँदै भने, "हो ! मेरो छोराको नाम रेमन भयो । ठ्याक्कै मिलेको ।"

आज स्वयम् रेमन लक्का जवान भैसके । तर ऐलेसम्म भेट्न अवसर जुरेको छैन । जे होस्, आमाबाबुको सुनाम थामेर कर्म

गरिरहेछन् रेमन । छोराको सुकर्म देखेर दङदास छन् मदनदास र रेणुको जोडी ।

मदनदासले दर्जनौँ सरकारी कार्यालय, संस्थानहरू जागिर खाँदै चहारे । दबाब सहन नसक्ने, निगुरमुन्टे लगाएर ढुकुवा भएर पेन्सन पकाउने सोच पनि राखेनन् । सधैँ स्वतन्त्र र खुसीमा रमाउने, करबलमा कुनै काम नगर्ने उनको स्वभाव । आफूले चाहेका दुई दर्जनभन्दा बढी सामाजिक संस्थाहरूमा आबद्ध भए नामका लागि होइन कामका लागि ।

पाँच दर्जनभन्दा बढी चलचित्र, टेलिफिल्म, नाटकहरूमा अभिनय गरेका मदनदासले दर्जनौँ नाटकका निर्देशन र रेडियो नाटकहरू लेखे । २०२० सालदेखि यो २०७३ सालसम्म उनको कलाकारिता यात्रा निरन्तर एकसमान छ ।

आफ्नो जन्मथलोको विकासका लागि केके सपना देखेनन् । फिल्म सिटी चरिकोटमा नै बनाउनुपर्छ भनेर फाइल बोकेर धाउँदाधाउँदा दसौँ जोर जुत्ता फटाए । दोलखाको राइटी धाराको पानी जत्तिकै पसिना बगाए । हजारौँ रोपनी जग्गाको चाँजो मिलाएर सर्वसम्मत दलीय निर्णय गराए । योजना आयोगको रातो पुस्तकमा योजना पारे । तर अब कामको थालनी हुन्छ भन्ने समयमा त जिम्मेवार व्यक्तिबाट त्यो ठाउँमा फिल्म सिटी बन्न असम्भव भन्ने वक्तव्यबाजी सुन्दा झन्डै बौलाए मदनदास । त्यसै पनि प्रेसरवाला झन्डैझन्डै मुटु रोगी नै हुन पुगे । त्यति मात्र कहाँ हो र ? नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठानका आफू प्राज्ञ सभासद् हुँदा चरिकोट दोलखामा प्रतिष्ठानलाई नि:शुल्क पाँच रोपनी जग्गा दान गर्ने दानवीर निकाले । तर कतैबाट सुनुवाइ नहुँदा मच्चिए मच्चिए नराम्रोसँग थच्चिए । यस पटक दोलखा पुग्दा उनले देखाए, ई त्यही हो प्रज्ञाप्रतिष्ठानलाई दिएको जग्गा । अब त प्लटिङ हुँदै छ । करोडौँ मूल्य पर्छ, केको...। यस्ता असल मनले चिताएको कर्म गर्न नपाउँदा मन त कुँडिने नै भयो । तर मन कुँडाएर चुपचाप बस्दैनन् मदनदास । नहुने कर्मलाई

चटक्कै बिर्सेर अरू नयाँ कर्मतिर लाग्छन् । यस्ता कर्मशील साथीका बारेमा लेख्न बस्दा मनमा थामी नसक्नु धेरै कुराको बाढी नै उर्लिन्छ ।

म लेख्दै थिएँ, फोन आयो, नाम हेरेँ मदनदास नै रहेछन् । फोन उठाएँ । उतैबाट आवाज आयो, नमस्कार, नमस्कार खोइ त सकिएन ? मलाई दिएको पटके तारिखको म्याद त गुज्रिनै लाग्यो ?

आज म तारिखको म्याद नथप्ने भएको थिएँ । र मैले भनेँ, “नमस्कार, थप तारिख माग गर्दिनँ । भर्खरै मात्र फैसला लेखेर सकियो ‘मेरा साथी मदनदास श्रेष्ठ’ ।”

# शान्त, सौम्य र शिष्ट कलाकार

**प्रा.डा.गार्गी शर्मा**

यो जीवनचक्रमा रुमलिरहँदा अनगिन्ती व्यक्ति तथा व्यक्तित्वसँग भेट भइरहन्छ, कतिपयसँग मित्रता गाँसिन्छ । तीमध्ये कतिपयसँग धेरै समयसम्मको मित्रता रहन्छ भने कतिसँग क्षणिक परिचय हुन्छ, आयो गयो बिर्सियो । समयको फेरबदलमा आजको घनिष्ठता भोलि शत्रुता पनि हुन सक्छ । जीवन यसै क्रममा बित्दै जान्छ र अन्तमा सबै मित्र तथा शत्रुलाई छोडेर जानुपर्ने रहेछ । यहीँका शत्रु, यहीँका मित्र, को आफ्नो, को पराई सबै एकै हुने रहेछन् । तैपनि समयअनुसार सुखदु:ख भोग्दै जानुपर्ने जिन्दगीमा आफ्नो कथाव्यथा पोख्न उत्सुक हुन्छौँ । यस्तो आफ्नो कथा सुनि मात्र दिने साथी पाउँदा पनि आफ्नो दु:खमा निकै राहत पाइन्छ । कहिलेकाहीँ एकै पलाको साथले पनि अपार सुखको वर्षा हुन सक्छ । अनन्तसम्म सम्झिरहने हुन्छ । यसैले जीवनमा कोहीसँगको पनि परिचय महत्त्वपूर्णको हुन सक्छ ।

जीवन अविरल यात्रा हो, सधैँ अघि बढिरहनुपर्ने । पछाडि फर्केर हिँड्ने यसको बाटो छैन । अनि उक्त यात्रालाई क्षणक्षणमै अन्य यात्रीसँग पनि भेट हुँदै जान्छ, आजको परिचय भोलि पुरानो हुन्छ, कति सम्झिन्छ, कति बिर्सिन्छ, कति नवीकरण हुँदै जान्छ । यस्तै क्रममा २०५४ सालमा सुप्रसिद्ध नियात्राकार घनश्याम राजकर्णिकारले आफ्नी छोरीको शुभविवाहको उपलक्ष्यमा दिएको निम्तामा म कमलपोखरी चोकमा पुगेकी थिएँ । जाडोको मौसम

थियो, खुला आँगनमा मेचटेबुल सजाइएको थियो । त्यसैले निम्तालुहरू त्यही पारिलो न्यानो घाममा बस्दै थियौँ । म वरिपरि कोही परिचित साथी नदेखेर अरू भनौँ बोल्नेजस्तो साथी नदेखेर एक्लै बसिरहेकी थिएँ । यही बेला कोही मेरो अगाडि आएर "नमस्कार, डाक्टर सा'ब ! एक्लै ?" भनेको सुनेँ । यसो हेरेँ, आफूले कहिल्यै नबोलेको अपरिचित अनुहार देखेर एकछिन अक्क न बक्क परेँ । शिक्षण पेसाकी हुनाले कतै मेरो कुनै विद्यार्थी हुन् कि जस्तो लाग्यो । धेरै वर्षदेखि उक्त पेसामा विभिन्न स्कुलक्याम्पसमा अध्यापन र अरू टचुसनसमेत गरेकी हुनाले जहाँ पुगे पनि अक्सर गरेर कुनै न कुनै विद्यार्थीसँग जम्काभेट हुन्छ, नमस्कार आदानप्रदान गरिन्छ । बरु कतिपयको नाम सम्झिइन्न, कुन स्कुल वा कलेजका हुन्, चिन्न सकिन्न । तैपनि उनीहरूको अभिवादन र सम्बोधनको तरिकाले विद्यार्थी भन्ने थाहा पाउन सकिन्छ । अत: 'नमस्कार, डाक्टर सा'ब !' भन्ने व्यक्तिचाहिँ मेरो विद्यार्थी हुन सक्तैन; तर को होला भन्ने लाग्यो । जो भए पनि परिचित जस्तै मानेर मुस्कानसहित नमस्कार फर्काएँ ।

विवाहको पार्टी थियो । निम्तालुहरूले त्यति ठूलो आँगन भरिभराउ थियो । आआफ्नो ग्रुपमा रमाइला गफ तथा हाँसोठट्टा हुनु स्वाभाविकै हुन्छ । चिसोतातो जस्ता विभिन्न पेय अनि विभिन्न परिकार बाँड्न आइरहेछन् । त्यति बेला इच्छाअनुसार लिँदै चाख्दै गर्नुको मजा नै बेग्लै हुन्छ । तर यस बेला पनि मेरो ध्यान को होला त्यो मान्छे भन्ने खुलदुली लागेर हेरिरहेँ । कतै देखेजस्तो, कतै चिनेको जस्तो; तर कहाँ र कहिले सम्झन सकिनँ । तर त्यही बेला कसैले "ओहो, मदनदासजी ! तपाईंको अभिनय कस्तो राम्रो, कति मार्मिक ! सिरियल हेरिरहेका मेरा आँखाबाट आँसु पो तप्किरहे ।"

यो सुनेर थाहा पाएँ, ए ! यी मान्छे यसरी पर्दामा देखिरहने व्यक्ति पो रहेछन् । त्यसैले चिनेचिनेजस्तो, देखेदेखेजस्तो लागेको रहेछ मलाई । अनि सम्झिँदै गएँ, विभिन्न पर्दामा, विभिन्न अभिनयमा

देखिरहिएका कलाकार ! पर्दाका कलाकारलाई हामीले चिन्नु सामान्य कुरा हो; तर पर्दाका कलाकारले हामीलाई यसरी चिन्नु र बोलाउनु ज्यादै अचम्म र महान् चरित्रको उदाहरण हो । सौम्य, शान्त अनि मानवीय भावनाले अपनत्व भावमा ओतप्रोत नभईकन यति सफल कलाकार हुन सक्तैनन् भन्ने मैले निश्चय गरें ।

उक्त दिनको परिचयपछि जति म उनलाई पर्दामा देख्छु, साँच्चि नै आफ्नै घनिष्ठ मित्र मान्न लागें । अनि उनका अभिनय सजीव र संवेदनशील हुनाले सकेसम्म उनीबाट अभिनीत सिरियलहरू मैले नछुटाउने भएँ । अनावश्यक झ्याउ लाग्ने र अपत्यारिलो सम्भाषण तथा बोलीचाली तथा रीतिरिवाजमा जनमानसमा प्रचलित नभएका केवल दर्शकलाई जबरजस्ती हँसाउनकै लागि मात्र प्रयास गरिने अभिनय उनीमा देखिँदैन । बरु नेपाली घरसमाजमा प्रयोग हुने स्वाभाविक वार्तालाप र कलात्मक अभिनय नै मदनदासको परिचय हो । यसैबाट मदनदास नेपाली घरघरमा, नेपाली मुटुमुटुमा पुगेको देखिन्छ । कुनै पनि व्यक्तिको काम र योगदानको मूल्याङ्कन व्यक्तिमा हैन व्यक्तित्वका आधारमा हुनुपर्छ । जीवनका उच्चतम अनुभूतिहरूको कोमल संवेगात्मक अभिव्यक्तिबाट दर्शकहरूको मनमुटु स्पर्श गर्ने सिद्धहस्त कलाकार युगान्तकारी हुन्छन् । मदनदास श्रेष्ठ पनि यसै कोटाभित्र देखिन्छन् ।

२०५४ सालबाट सुरु भएको परिचय त्रिमूर्ति निकेतनको छाताभित्र झन् प्रगाढ बन्न गएको छ । नइ प्रकाशनको होस् कि त्रिमूर्ति निकेतनको होस् विभिन्न मिटिङमा, कार्यक्रममा प्राय: भेट भइरहन्छ । कलाकार भएर हो कि उनको उपस्थितिले कुनै पनि जमघटको रौनक नै रमाइलो खालको हुन्छ, हँसिलो मुहार र बोलीको मिठासले सबै दङ्ग पार्ने उनको प्रसाद गुण छ ।

२०७० साल जेठ १५, १६ र १७ गते त्रिमूर्ति निकेतनअन्तर्गत मेरो अध्यक्षतामा विश्वनारी नेपाली साहित्य सम्मेलन सफलतापूर्वक

सम्पन्न भएको थियो । यस सम्मेलनमा नेपालका ७४ जिल्लाका नारीस्रष्टाहरूले भाग लिनुका साथै विश्वका पाँच महादेशका अठार राष्ट्रका नेपाली नारीहरूले भाग लिएका थिए । विभिन्न साहित्यकार तथा विद्वान्हरूको भनाइअनुसार यस्तो बृहत् सम्मेलन फेरि दोहरिन कि त नइ जुर्मुरिनुपर्छ कि उनीहरूको पुनर्जन्म हुनुपर्छ । जे होस्, विश्वकै अद्वितीय सम्मेलन भनेर सराहना नगर्ने कोही छैनन् । सुरुमा विश्वनारी सम्मेलन केवल यही एक पटकको कार्यक्रमका लागि मात्र गठन गरिएको भन्ने थियो । तर पछि विभिन्न अञ्चल तथा राष्ट्रका कमिटीहरूले यसलाई भङ्ग नगरियोस्, निरन्तरता रहोस् भन्ने माग भएपछि मैले केही वर्षदेखि समाल्दै आएको बालकृष्ण सम फाउन्डेसनको संयोजकको कार्यभार अब प्रसिद्ध नाटच कलाकार मदनदास श्रेष्ठलाई सुम्पिदिएँ । मैले माथि नै भनिसकें हामी जजसले जे जे जिम्मा लिए पनि वास्तवमा हाम्रो मूल सङ्गठन त्रिमूर्ति निकेतन हो र यसका अजङका प्रहरीहरू, निर्देशकहरू जे भने पनि नइ हुन् । यसैले यसअन्तर्गतका सबै कमिटीका कार्यहरूमा सबैले एकअर्कोसँग हात बाँड्छौँ, सबै सबैको कार्यक्रममा उपस्थित हुन्छौँ, सहयोग गर्छौं । हामी कोही कुनैबाट टाढा छैनौँ र हुँदैनौँ । सबै एकै भाव, एकै विचार र एकै मतमा आबद्ध छौँ । यसर्थ प्रकृतिको काखमा हुर्केका, स्वच्छ पवित्र, निश्छल र प्रदूषणविहीन समाजमा हुर्केका समाजसेवी र कर्मयोगी नाटच कलाकार मदनदास श्रेष्ठको शान्त, सौम्य, शिष्ट, सभ्य र सुमधुर व्यवहारले हामी सबै प्रभावित छौँ । हामी सबैमा मित्रवत् व्यवहार गर्ने उनीबाट उक्त मित्रताको डोरी चुँडिने सम्भावना पनि देखिन्न । ईर्ष्या र अहम् भाव नभएपछि मित्रतामा कहिल्यै आँच पनि आउँदैन । बरु बालकृष्ण सम फाउन्डेसनको उत्तरोत्तर प्रगतिमा उनको कलाकारिता, बौद्धिकता, लगनशीलता, स्वच्छ र त्यागमय भावनाले पोषणको काम गर्नेछ भन्नेमा विश्वस्त छन् सबै । अन्त्यमा त्रिमूर्ति निकेतन र नइ प्रकाशनको छाताभित्र रहेका हामी सबै उनको सुस्वास्थ्य, सुकृति, सुकीर्ति र चिरायुको मङ्गलमय कामना गर्दछौँ ।

जय मदनदास !

# रङ्गमञ्च र कलाका विश्वामित्र

**गोपीकृष्ण प्रसाई**

मदनदास श्रेष्ठ एक अथक साधक, हँसमुख चेहरा र इमानदार छवि बोकेका शालीन, अविचलित र कर्तव्यपरायण व्यक्तित्वका रूपमा नेपाली रङ्गमञ्च र कलाजगत्मा सहर्ष स्विकारिएको नाम हो भनी हामी बुझ्छौँ । मदनदास आफैँ रित्तिएर नेपाली वाङ्मयको श्रीवृद्धि र उत्थानका खातिर कठिन साधनामा एकलव्य भएर खडा भएका सिद्धहस्त पुरुष हुन् । दोलखाको निम्न-मध्यम वर्गीय परिवारमा वि.सं. २००५ सालमा जन्मेका श्रेष्ठ बुबा नारायणदास श्रेष्ठ र आमा रुद्रमाया श्रेष्ठको छहारीमा हुर्केर केही समय दोलखा बजारमा रमाउँदै किशोर वयको खुड्किला पार गरेपछि काठमाडौँको कङ्क्रिट जिन्दगीमा हेलिन पुगे । चिसो चार भन्ज्याङ खाल्डोमा अनगिन्ती सपनाहरू बोकेर आउने सिलसिला मदनदासको जीवनमा पनि लागू भयो । कला र रङ्गमञ्चका पारखी उनले सो संसारबाहेक अरूतिर आफूलाई अवतरण गर्न पाएनन् । उनले सुत्दा, बस्दा, हिँड्दा जतातत‍ै कलाजगत्मा मात्रै आफूलाई हराइरहे । २०२६ सालमा प्रवेशिका पास गरेका उनले आफ्ना समकालीन साथीहरू वसन्त श्रेष्ठ र नरेन्द्र श्रेष्ठको सामीप्य र सहयोगी भावनाले अऊ अघि बढ्दै जाने जोस, जाँगर पाए । कलाका पारखी मदनदासलाई पहिलो नाटकमा मौका दिने वरिष्ठ नाट्यनिर्देशक कृष्णप्रसाद रिमाल नै थिए । व्यस्त काठमाडौँ उसबेलामा पनि आफ्नै गति र प्रतिस्पर्धामा

रमाइरहेको थियो । यस्तो बेलामा रिमालले पहिलोपल्ट ब्रेक दिएर आफ्नो सपनाको संसार साकार पारिदिएको कुरा आज पनि उनी गर्वले सुनाउँछन् । आज विभिन्न सञ्चारमाध्यमले कलाको बादशाह भनिरहेको बेला उनी इतिहासतिर आफ्ना सम्झनाहरू डोऱ्याएर हिँड्छन्, जुन बेला उनी काठमाडौँको डबलीहरूमा, इन्द्रजात्रा र गाईजात्राजस्ता पर्वहरूमा रहरले कुद्थे । रेडियो नेपालका केही कार्यक्रमहरूमा सहभागी हुन पाउँदा छाती गर्वले उचाल्थे । अर्थ मन्त्रालयअन्तर्गत टक्सार विभागमा कार्यरत बाबु नारायणदास श्रेष्ठले पक्कै पनि मदनदासलाई रङ्गमञ्चमा मात्र उरन्ठेउलो भएर हिँड्न दिएका थिएनन् होला । छोरालाई ठूलो सरकारी जागिरे, व्यापारी, नेता भएको देख्न चाहन्थे उनका बाबु, तर मदनदासको सम्पूर्ण सपना कलामा सिञ्चन भइसकेको थियो । मदनदासले रेडियो नेपालमा छिरेर सरकारी जागिरे भए हुन्थ्यो भन्ने बाबुको रहर केही हदसम्म पूरा गरेकै हुन् । २०२१ सालदेखि नेपालमा प्रसारण हुने रेडियो नाटकमा अभिनय गर्न सुरु गरेका श्रेष्ठले २०२६ सालदेखि 'क' श्रेणीको कलाकारका रूपमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा कार्य गर्न सुरु गरे । ऐतिहासिक, पौराणिक र सामाजिक नाटकमा अभिनय गरी आफ्नो उत्कृष्ट कलाको प्रदर्शन गरेका थिए त्यहाँ उनले । यही समयमा श्रेष्ठको ख्याति चुलिएर राष्ट्रियबाट अन्तर्राष्ट्रिय बनिसकेको थियो । रेडियोको जागिर र प्रज्ञाप्रतिष्ठानको थप प्रोत्साहनले जीवन गुजारा चलाउन सक्छु भन्ने थप उमङ्ग उनमा जाग्यो । यसै बेलादेखि उनको जीवनगतिले पनि नयाँ मोड लियो अर्थात् श्रेष्ठले प्रज्ञाप्रतिष्ठानकै जागिरे रेनु श्रेष्ठसँग घरबार गरी जीवनगीतलाई नयाँ सङ्गीतले सजाए र आजका दिनसम्म खुसीसाथ, सरल र सहज रूपमा आफ्नो व्यावहारिक जीवन चलिरहेको कुरा उनी गर्वसाथ सुनाउँछन् । श्रेष्ठ बहुमुखी प्रतिभाका नायक नै हुन् । उसबेला पनि नेपाली रङ्गमञ्च र कलाले निकै नै प्रगति गरेको समय थियो । त्यस समयमा उनले आफ्नो अग्रणी भूमिका सदैव

प्रस्तुत गरे । जस्तै– नेपाल कला केन्द्र क्षेत्रपाटी, सांस्कृतिक सङ्घ डिल्लीबजार, नेपाल सनातन धर्म सेवा समिति, नेपाल चलचित्र कलाकार राष्ट्रिय सङ्घमा रही अनेकौँ भूमिकामा आफ्नो अब्बल प्रस्तुति दिन सधैँ सफल भए ।

रेडियो नेपालमा 'बुद्ध' नाटकमा अङ्गुलीमालको भूमिकामा होस् वा महिषासुरको भूमिकामा होस्, कंसको भूमिका होस् या रावणको आफ्नो वजनदार स्वर र उत्कृष्ट अभिनयले करोडौँ नेपाली श्रोताको मनमा राज गर्न सफल भए । रेडियो नेपालको गीतिनाटक र मदनदास एकअर्काका पर्याय बनिसकेका थिए । अनुशासित मदनदास पूरै हिम्मत र आँट एवम् उमङ्ग बोकेर रेडियो नेपाल छिर्थे । धैर्यता र साहसको कारण सेवा अवधिभर उनले कुनै प्रकारको अप्ठेरो, विपत्ति र असहज स्थितिको सामना गर्नु परेन । रेडियो नेपालमा काम गर्दै गएपछि साथीहरू सबै आफ्ना परिवारका सदस्य भइसकेका थिए । नेपालमा ह्वात्तै चर्चामा आएर केही समयपछि सेलाउने कलाकारको कमी छैन । स्वर, कला एवम् अभिनयको जादूले दर्शक, श्रोतालाई फनफनी घुमाउन सक्ने यी विशिष्ट साधक आफ्नो कर्मबाट कहिल्यै विचलित भएनन् । कर्म गर फलको आशा नगर भन्ने गीताको पवित्र वचनलाई अनुसरण गर्दै इमानदारितामा नारायणी र कर्नाली बगेसरि अविचलित भएर बगिरहे । आफ्नो कर्मलाई मूल मन्त्र मानी चुलिरहे धौलागिरि र कञ्चनजङ्घाजस्तै ।

मदनदास कम मासिक वेतनबाट रेडियो नेपालमा प्रवेश गरे । यस धरतीबाट बाहिर कतै पनि पलायन नभईकन आफ्नो गति, सुस्केरा र पसिनालाई नेपाली वाङ्मयका खातिर अर्पण गरेका श्रेष्ठले नाटक, रङ्गमञ्च र अन्य सिलसिलामा नेपालका सम्पूर्ण जिल्लाहरू भ्रमण गरिसकेका छन् । भारत, पाकिस्तान, बेलायत र अमेरिकाको भ्रमण गरिसकेका श्रेष्ठलाई आफ्नै दोलखाको जिरी

स्विट्जरल्यान्डजस्तो लाग्छ रे ! हुन पनि दोलखामा गौरीशङ्कर सामुदायिक पुस्तकालय स्थापना गर्न होस् वा दोलखामा पर्यटक प्रवर्द्धन गर्न होस् वा कालिञ्चोक युवा क्लब दोलखाको स्थापना गर्न उनको प्रमुख भूमिका रहेको छ । हरपल सपनाबिपनामा श्रेष्ठले दोलखालाई मुटुमा राखेको पाइन्छ । यसै गरी आफ्नो कर्मथलो काठमाडौँको घट्टेकुलो डिल्लीबजारमा घट्टेकुलो शान्तिनगर विकास समाज स्थापना गर्न पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै सामुदायिक प्रहरी केन्द्रको स्थापना गर्न पनि तनमनले लागिरहे र आफ्ना सहकर्मीहरूको सक्रियतामा स्थापना गरेरै छाडे । उत्साही र सामाजिक भावना भएका श्रेष्ठले अनामनगर विकास समाजको स्थापना गर्न पनि महत्त्वपूर्ण भूमिका खेले । म लेखक स्वयम् पनि घट्टेकुलो निवासी भएको हुँदा श्रेष्ठको जोस, जाँगर र मिजासिलो व्यक्तित्वलाई नजिकबाट बुझ्ने अवसर पाएको छु । कसैलाई बिझाएर नबोल्ने शिष्ट, मृदुभाषी र असल मदनदासले कसैको दु:ख र पीडालाई देखिरहन सक्तैनन् । साँझ, बिहान जुनसुकै बेलामा होस्, आपत् परेको व्यक्तिलाई देखेपछि यिनको कोमल हृदय रसाउँछ र तत्काल सहयोगका लागि हरतरहले लागिपर्छन् । सामाजिक भावनाको अलावा साहित्यिक सक्रियतामा संलग्न श्रेष्ठले घट्टेकुलो शान्तिनगर विकास समाजमा अध्यक्ष भएकै बेला एउटा स्तरीय र महत्त्वपूर्ण ग्रन्थ प्रकाशन गर्ने भूमिका खेले– 'कवितामा काठमाडौँ' । यस ग्रन्थले अन्तर्राष्ट्रिय जगत्मा पनि निक्कै तहल्का मच्चाएको थियो । नेपालका महत्त्वपूर्ण राष्ट्रिय पर्व एवम् सांस्कृतिक महत्त्वका दिन कविगोष्ठीको आयोजना पनि गऱ्यो घ.शा.वि.स.ले । श्रेष्ठले घट्टेकुलोमा टोल सुधार गर्न, आध्यात्मिक जागरण बढाउन एवम् साङ्गीतिक प्रस्तुतिलाई बढावा दिँदै आपसी प्रेम, सद्भाव र भाइचाराका लागि उल्लेखनीय प्रयासहरू गरे । राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपमै ख्याति कमाएको नेपाली वाङ्मयको श्रीवृद्धिमा समर्पित नइ प्रकाशनका संस्थापक सदस्य श्रेष्ठ साहित्यमा पनि जमेरै लागेका देखिन्छन् ।

नइ प्रकाशन र मदनदासको अन्योन्याश्रित सम्बन्ध छ । एक पटक नइ प्रकाशनले पचास हजार रुपियाँ राशिको पुरस्कार मदनदासलाई प्रदान गर्ने निर्णय गर्दै थियो तर श्रेष्ठ नइ प्रकाशनको संस्थापक सदस्य पनि भएको हुँदा पुरस्कार लिने नलिने द्विविधाले उनलाई असहज बनायो । सदस्यता नत्यागीकन उनले पुरस्कार पाउँदैनथे अन्ततः उनले पुरस्कार त्यागे नइ प्रकाशन छाडेनन् ।

घट्टेकुलो शान्तिनगर विकास समाज, घट्टेकुलो शान्तियात्रा विकासका विशिष्ट साधक श्रेष्ठले २०२७ सालमा कालिञ्चोक युवा क्लबको सक्रियतामा प्रकाशन हुने साहित्यिक पत्रिका 'आँखा'को सम्पादकसमेत रही काम गरे । सर्वनाम नाटच समूहले श्रेष्ठले अभिनय यात्रा सुरु गरेको निकैपछि मात्र तहल्का मच्चाएको हो । यस नाटच समूहद्वारा श्रेष्ठको विशिष्ट कलाको सम्मान गर्दै रङ्गमञ्चको श्रीवृद्धिमा अतुलनीय योगदान दिएको भनी विशेष अवार्डबाट सम्मानसमेत गरेको थियो । नाटककै कुरा गर्दा मदनदासले २०२७ सालको नाटक प्रतियोगितामा उत्कृष्ट अभिनेताको अवार्डसमेत पाएका छन् । नेपाली नाटकजगत्को कुरा गर्दा गौरीशङ्कर नाटच समूह, आरोहण, सर्वनामले आफ्नो बेग्लै पहिचानसहितको इतिहास बनाएको हामी पाउँछौँ । रेडियो नेपालको स्थापनापछि नाटकविधाले बिस्तारै गति लियो र देशव्यापी रूपमा नाटकको विस्तार र विकास हुन ठूलो अवसर मिल्यो । नाटकविधामा उत्कृष्ट नायकहरूको नाम लिनुपर्दा बालकृष्ण सम, हरिप्रसाद रिमाल, जनार्दन सम, गोपीनाथ अर्याल, कृष्णप्रसाद अधिकारी, राम के.सी., हरिहर शर्मा, शकुन्तला शर्मा, यदुकुमारी, सुबोध अधिकारी, भुवन चन्द, सुनील पोखे्रल, अशेष मल्ल, किशोर पहाडी, गोविन्दसिंह रावत, लक्ष्मी श्रेष्ठ, सूर्यमाला शर्मा, निशा शर्मा आदिको नाम लिनै पर्ने हुन्छ । यिनै सुन्दर नायक, नायिकाहरूको पुष्पवाटिकामा एक मगमगाउँदो सयपत्री बनी

मदनदास सधैँसधैँ पुजलिरहे २०२४ सालदेखि आजसम्म निरन्तरनिरन्तर । मदनदास श्रेष्ठको समय नेपाली नाटक र रङ्गमञ्चको उर्वर समय थियो । उसबेला आजको जस्तो सञ्चार जगत्ले फड्को मारेको समय थिएन । टेलिभिजन र एफ.एम.को जन्म नभइसकेको अवस्था र सम्पूर्ण देशभरि टेलिफोनलगायतका सुविधाहरू सबैको पहुँचमा पनि थिएनन् । यस कारण ती कलाकारहरूले देखाएका नाटकहरू जनताको मनोभावना र मनोवेगलाई सम्प्रेषण गर्ने सबैभन्दा भरपर्दो माध्यमहरू थिए । अझ मदनदास आफ्नो जादुमय स्वरका कारण, गीतिनाटकहरूमा उम्दा कोटिको प्रस्तुतिको कारण नेपाली श्रोता र दर्शकहरूको मन र हृदयमा एकै चोटि राज गर्न सफल भए । अझ पुराना दिनहरू सम्झँदै मदनदास भन्छन्– 'भाइ, मैले पैसा कमाउन सकिनँ तर सम्पूर्ण नेपाली भाषी दाजुभाइ, दिदीबहिनीको अटुट प्रेम सदैव पाउन सकेँ, यही नै मेरो सबैभन्दा ठूलो सम्पत्ति हो ।'

आफ्नो नेतृत्वदायी क्षमता र परिपक्व विचार एवम् अनुभवको कारण यिनले नेपाल चलचित्र कलाकार राष्ट्रिय सङ्घको संस्थापक र महासचिव भई काम गरे भने नेपाल ओस्कार अन्तर्राष्ट्रिय चलचित्र छनोट समितिको सदस्य भएर आफ्नो क्षमताको अब्बल परिचय पनि देखाए ।

रेडियो नाटक त मदनदासको प्रमुख विधा नै हो । पत्रोत्तर कार्यक्रम, साङ्गीतिक सुनगाभा, जेटिए र बूढी आमैमा उनले आफ्नो अपूर्व कलाको जादू प्रस्तुत गरे । उनले अभिनय गरेको हो या साँचो यथार्थ हो दर्शक-श्रोतालाई छुटचाउन मुस्किल पर्थ्यो । मदनदासको गीतिकथा कार्यक्रम सुनेर आफ्ना नयनबाट कोसी-कर्नाली बगेको भनेर सुनाउने दर्शकहरू यति बेला प्रशस्तै भेटिन्छन् अर्थात् उनी नाटक रङ्गमञ्च जहाँ पनि अति नै जीवन्त भएर प्रस्तुत हुन्थे । देशैभरिका कला र साहित्यका पारखीहरू मदनदासको

कार्यक्रमका खातिर रेडियोतिर एकोहोरिन्थे । जब नेपाल टेलिभिजनको स्थापना भयो उनको कला जादू अब टेलिफिल्मतिर बेजोड रूपमा प्रकट हुन थाल्यो । यिनले अभिनय गरेका टेलिफिल्महरू 'फ्युज गएको जिन्दगी', 'चक्रव्यूह', 'निमित्त नायक', 'जीवनयात्रा', 'पुष्पाञ्जली', 'तीतो सत्य' एक से एक सुपर हिट र ऐतिहासिक बन्न पुगे । 'अभिलाषा' लगायत दर्जनौँ भिडियो फिल्ममा अभिनय गरेका उनले 'के घर के डेरा ?', 'पच्चीस वसन्त', 'तिलहरी', 'कन्यादान', 'युगदेखि युगसम्म', 'परिवार', 'ऋल्को', 'वसन्ती' लगायत डेढ दर्जन चलचित्रमा अभिनय गरे । २०३५ सालदेखि रेडियो नेपालमा रेडियो नाटकनिर्देशकका रूपमा कार्यरत श्रेष्ठ २०६४ सालमा सेवानिवृत्त भए । श्रेष्ठले आफ्नो सम्पूर्ण जीवन रेडियो नेपाललाई सुम्पेकै हुन् । कुराकानीकै क्रममा रेडियो नेपालसँगको ऐतिहासिक मिलनलाई कसरी लिनुहुन्छ भनेर सोध्दा– 'भाइ ! समाज र राष्ट्रलाई केही दिनका लागि मैले जुन प्लेटफर्म पाएँ त्यो मलाई रेडियो नेपालले दियो, त्यहीँ बसेर मैले नेपाल आमालाई हँसाउने र आँसु पुछ्ने प्रयत्न गरेँ ।' आफ्नो विगत सम्झँदा मात्र खुसीले आँखा रसाउँछन् । उनी अरू थप्छन्– 'मेरो कला, सीप र क्षमताको उजागर गर्ने अत्यन्तै सुखद अनुभूतिको संसार रेडियो नेपाल त मेरो घरै हो ।' कुनै पनि सिद्धान्त र वादभन्दा धेरै पर बसेर आफ्नो मातृभूमिको हरियाली फाँट अनि डाँडाकाँडामा रमाउन सक्ने मदनदासजस्ता राष्ट्रभक्त इमानदार कलाकार र साधकको राष्ट्रले सदैव सदुपयोग र संरक्षण गर्नुपर्ने आजको माग र यथार्थता पनि हो । कलाकार राष्ट्रका गहना हुन् । कलाकार हुँदाहुँदै पनि मदनदास समाजसेवा गरेर कहिल्यै नथाक्ने इमानदार स्वयम्सेवक पनि हुन् । यस्ता राष्ट्रका धरोहर जसको कारणले नेपाली परम्परा र संस्कृति विश्वमा चिनाउनलाई थप ऊर्जा मिलेको छ । मान्छेका मनभित्रका गुम्फन, छटपटी र

वेदनाहरूलाई जनमानसमा पुऱ्याउने कलाकारहरूको स्वाभिमानले राष्ट्र हाँसिरहेको हुन्छ ।

नेपाल प्रज्ञाप्रतिष्ठान, सांस्कृतिक संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन, साङ्ग्रिला टेलिभिजनमा काम गरेर आफ्नो उम्दा ज्ञान र अनुभव बटुलेका श्रेष्ठ सन् २००० मा भएको अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा नेपाली चलचित्रको तर्फबाट सहभागी थिए । ज्येष्ठ नागरिक सेवा केन्द्रका संस्थापक महासचिव श्रेष्ठ दर्जनौँ सामाजिक संस्थाका सल्लाहकारसमेत छन् ।

धार्मिक कार्यहरूमा पनि सशक्त उनले घट्टेकुलो शान्तिनगर विकास समाजको अध्यक्षका रूपमा सक्रिय रही श्रीमद्भागवत सप्ताह यज्ञको आयोजना गरी सात लाख रुपियाँ जम्मा गरी बाढीपीडितलाई सक्दो सहयोग गरेका थिए । दोलखा विकास समाजका आजीवन सदस्य श्रेष्ठ दोलखा उत्थानको हरेक कार्यहरूमा आफ्नो भूमिका रहन पाए हृदयदेखि नै गद्गद हुन्छन् ।

घट्टेकुलो शान्तिनगर विकास समाजका संस्थापक सदस्य ध्रुव प्रसाईको शब्दलाई सापटी लिने हो भने सरल, मुदृभाषी र स्पष्ट विचारका धनी मदन दाइको अगुवाइमा हामीले निक्कै महत्त्वपूर्ण कामहरू गऱ्यौँ टोल सुधारका खातिर ।

मदनदासजस्ता राष्ट्रका सम्पत्तिलाई हामीले छायामा पर्न दिनु हुँदैन । अनगिन्ती नाटकहरूमार्फत मदनदासको स्वरले नेपाली धरती सिञ्चित भएको छ । प्रत्येक सडक, गल्ली, नदी, नाला र झरनाहरू मदनदासको स्वरले रमाएझैँ लाग्छ । उनको कला र अभिनयले नेपाली जीवनशैली हाँसेको छ, तराई जगमगाएको छ, पहाडको स्वाभिमान उठेको छ, राष्ट्रिय एकता र राष्ट्रिय स्वाभिमानलाई बल पुगेको छ ।

कसैलाई पनि नदुखाएर, कसैलाई पनि नबिझाएर आफ्नै लय, आफ्नै सङ्गीतमा सबैका आँखाको नानी हुन सक्नु मदनदासको

महानता हो । यिनै वजनदार व्यक्तिको कर्तव्यपरायणताले नेपाली कलाजगत्मा एउटा इमानदार प्रयासको सर्वत्र प्रशंसा भइरहेको छ । बिहान, बेलुकाको छाक टार्नको कठिन परिवेशलाई नगण्य ठानी कलाको महायज्ञमा आफूलाई समिधाका रूपमा अर्पण गर्ने मदनदास त्यागी व्यक्तित्वमा गनिन्छन् । बढी चर्चामा आफूलाई प्रस्तुत नगर्ने यिनी नेपाली कला र रङ्गमञ्चका तपस्वी विश्वामित्र हुन् । विश्वामित्रझैँ आफ्नो साधनालाई अझ बलियो र दर्बिलो बनाउन यी निरन्तर लागिरहेकै छन् । नाटचविधामा चुर्लुम्म डुबेका मदनदास राष्ट्रको सर्वाङ्गीण विकासमा कलाको विशिष्ट भूमिका भएको कुरा व्यक्त्याउँछन् । यीजस्तै कलाकारको इमानदारिताले सम्पूर्ण नेपाली जातिहरूमाझ आपसी प्रेम र सद्भावको विकास भएको छ । प्रत्येक कुनाकन्दरा र भूगोलहरूबीच एउटै मालाको सूत्र बनाउने यीजस्तै कलाकारको प्रयास कहिल्यै खेर जाने छैन ।

आफ्नो स्वाभिमान र इमानदारितामा रमाउने मदनदास हँसिला, झरिला र रोमान्टिक व्यक्ति हुन् । धरतीमा लालीगुराँस फुलेसरि, सुनगाभा फक्रेसरि मदनदास आफ्नो कर्ममा रमिरहन सकून्, जमिरहन सकून् । म उनको दीर्घ जीवनको कामना गर्दै नाटच कलाजगत्का शिखर पुरुष मदनदास श्रेष्ठको उत्तरोत्तर प्रगतिको कामना गर्दै आफ्नो भनाइ यहीँ टुङ्ग्याउँछु । यस महत्त्वपूर्ण ग्रन्थका निम्ति मेरो भावना विचार व्यक्त गर्ने मौका प्रदान गर्नुहुने प्रकाशन समितिप्रति अनुगृहीत छु । मदनदास श्रेष्ठको सम्पूर्ण नालीबेली प्रस्तुत गरेर ग्रन्थ तयार पार्न अहम्भूमिका खेल्ने नइ प्रकाशनप्रति हार्दिक बधाई र शुभकामना व्यक्त गर्दछु ।

# रेडियो नाटकका पर्याय

**डा.घनश्याम खतिवडा**

नेपाली रेडियो नाटकका एक सबल हस्ती हुनुहुन्छ मदनदास श्रेष्ठ । चलचित्र, मञ्चीय नाटक, टेलिनाटक, विज्ञापन तथा सांस्कृतिक प्रहसनमार्फत बहुआयामिक सिर्जनामा सदा अभिरत रहने मदनदास श्रेष्ठ रेडियो नेपालको नाट्यविधासँग प्रत्यक्ष जोडिनुभएका गर्विला व्यक्तित्व हुनुहुन्छ । वि.सं. २००७ साल चैत्र २० गतेदेखि विधिवत् स्थापना भएको रेडियो नेपालले वि.सं. २०६० सालसम्म आइपुग्दा ध्वनि नाटक निर्माण एवम् प्रसारणमा नवीन इतिहास निर्माण गऱ्यो । त्यही इतिहासले वर्तमान सूचना प्रणालीलाई ऊर्जा दिइरहेको छ । नेपालमा देशव्यापी रूपमा रहेका सबै एफ.एम. स्टेसनहरू र तिनीहरूद्वारा सम्प्रेषण भइरहेका संवादात्मक प्रस्तुतिहरूको पृष्ठभूमि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा रेडियो नाटकसँग जोडिएको छ भन्दा अत्युक्ति हुँदैन ।

नाटक पूर्वीय साहित्यको महत्त्वपूर्ण देन हो । रेडियोको आधुनिक आविष्कार पूर्वको नभई पश्चिमको उपलब्धि हो । पश्चिमले तयार गरेको आविष्कारमा पूर्वका ज्ञानगर्भका विषयलाई नाटकीय स्वरूपबाट प्रचारप्रसार गर्दा जनमानसमा ज्ञानको सबल भाव र कर्मशील प्रकृति देखिन थाल्दछ । त्यही नै ऊर्जा हो ज्ञानको । त्यही नै ऊर्जा हो मान्छेको जीवन पद्धतिको । रेडियो नेपालबाट नाटकलाई ध्वन्यात्मक रूपमा संयोजन गरी प्रसार गर्ने परम्परा र पद्धतिभित्र थुप्रै नाट्य

सारथिहरूले योगदान गरे । तिनै सारथिहरूभित्रबाट ध्वनि नाट्यका समग्र पक्षसँग जोडिँदै २०३५ सालबाट रेडियो नाटकनिर्देशकको जिम्मेवारीमा तदारुकतासाथ योगदानरत कलासाधक हुनुहुन्छ मदनदास श्रेष्ठ ।

नाटक कुनै पनि मुलुक वा कुनै पनि समृद्ध भाषामा लेखिएको मञ्चित हुन सक्ने प्रमुख साहित्यिक विधा हो । नाटकको लोकप्रियताकै कारण विश्वका सम्पूर्ण उन्नत भाषाहरूमा नाटकका भेद-उपभेदहरूको निर्माण पनि भएका छन् । कुनै पनि विधामा जब पर्याप्त साहित्य रचना गरिन्छ, तब त्यसलाई भेद-उपभेद गरी शास्त्रीय प्रणाली (Poetical Method) को आवश्यकता पर्दछ । पौर्वात्य दृष्टिमा नाटक 'रूपक' को भेद फरक-फरक मानिन्छ । पौर्वात्य दृष्टिमा नाटक दृश्यकाव्य हो । पूर्वीय नाट्यशास्त्रमा नाटक नै रूपकको एउटा भेद हो । पौर्वात्य आचार्यहरूले रूपकका भेदहरू दस ओटा बताएका छन् । मञ्चीय नाट्य प्रस्तुतिभित्र ती भेद-उपभेदहरूको याथार्थिक पक्ष देखिए तापनि विद्युतीय माध्यम रेडियोमा भने ती भेदहरू समग्रमा 'ध्वनि नाटक' भएर प्रस्तुत हुन थाले, जसको प्रभाव विशेष रहन पुग्यो ।

कुनै पनि सामाजिक विसङ्गत विषयहरू, शैक्षिक एवम् ऐतिहासिक विषयहरू तथा अत्यावश्यक सामाजिक विषयहरूलाई प्रतीकात्मक रूपमा साहित्यिक लेप दिएर प्रस्तुत गर्दा र प्रस्तुतिको माध्यम ध्वनि तरङ्ग रेडियोलाई अपनाउँदा रेडियो नाटकसम्मको अवस्थिति र विकासक्रम देखा परेको हो । विशेष प्रकारको ध्वनिसंयोजनबाट श्रव्य रूपमा प्रसारित नाटक रेडियो नाटक हो । सो नाटक केवल श्रवणेन्द्रियद्वारा आस्वादन गरिन्छ । रेडियो रूपक, रेडियो रूपान्तर, रेडियो प्रहसन, सङ्गीत, रूपक आदि रेडियो नाटकभित्रकै भेद-उपभेदका रूपमा ग्रहण गरिन्छन् । श्रवणेन्द्रिय मात्रको सहायताबाट आस्वादन गरिने नाट्य प्रकार भएकाले दृश्यविहीन भई

कल्पनाको सहायताले रेडियो नाटक तयार हुन्छ । यसमा पात्र अगाडि रहँदैनन् । यन्त्रको सहायताले ध्वनि मात्र सुनेर सशक्त विषयलाई भावनाअनुरूप र आवाजमार्फत श्रोतासमक्ष प्रत्यक्ष रूपमा नाटक हेरेको जस्तै अनुभूति दिने गरी रेडियो नाटकको लेखन एवम् प्रस्तुति गरिन्छ । रेडियो नाटकको प्रस्तुति शिल्पगत आधारमा गरिन्छ । नाटक, रूपक, रूपान्तर, फ्यान्टासी, मनोलक, सङ्गीत रूपक र फ्लक रेडियो नाटकका प्रकार र भेदहरू हुन् । यिनमा भाषा र सङ्गीतको सहायताले चरित्रचित्रणको सूक्ष्मातिसूक्ष्म पक्षलाई जस्ताको तस्तै प्रभावकारी ढङ्गले प्रस्तुति दिन रेडियो नाटक समर्थ हुनुपर्दछ । रेडियो नाटकको मूल पक्ष भाषा हो । भाषा नै अभिव्यक्तिको सुस्पष्ट माध्यम हो । समस्त साहित्यिक-सामाजिक अभिव्यक्तिहरू भाषाकै माध्यमबाट व्यक्त हुन्छन् । रेडियो नाटकका लागि पनि भाषा महत्त्वपूर्ण चीज हो । यो भाषा ध्वनिद्वारा प्रस्टिन्छ । त्यसैले रेडियो नाटकलाई ध्वनि नाटक भनिन्छ । भाषापछि अभिनय र अभिव्यक्ति माध्यम बन्दछ । रेडियोमा प्रस्तुत नाटकको अभिनयचाहिँ भाषामा अन्तर्निहित अनुभूति र ध्वन्यात्मकतामा निर्भर रहन्छ । त्यसैले रेडियो नाटक निर्माण र प्रसारणमा चाहिने प्रमुख कारक तत्त्वहरू नाटक निर्माण, उत्पादन र प्रसारणमा चाहिने सङ्गीत, घटना ध्वनि र उपकरणहरू नै हुन् । रेडियोबाट प्रसारित हुने नाटकको प्रधान पक्षमा शब्द ध्वनिको प्रधानता हुन्छ । त्यसै कारण रेडियो नाटकका सबै उपकरण सबै पक्षअन्तर्गत आउँदैनन् पनि । सङ्गीत रेडियो नाटकको एक प्रधान साधन हो तर त्यसको अभिव्यञ्जना ध्वनिबाट हुँदैन । खासमा ध्वनि वा आवाज रेडियो नाटकको एउटा उपकरण मात्र हो । त्यसै कारण रेडियोबाट प्रसारणयोग्य बनाइने नाटकमा ध्वनि वा आवाजको नै पूर्णता र प्रभुता रहनुपर्दछ । शब्द उच्चारणमा स्पष्टता, आवाजमा ओजिलोपन, मस्तिष्कमा सृजनात्मकता, कल्पनाशील, भावुक, सहृदय एवम् सामाजिक, सांस्कृतिक कर्ममा घुलनमिलन सजिलै हुन सक्ने स्वभाव र क्षमता भएका कलासाधक वा कलापारखी मात्र रेडियो

नाटकका लागि योग्यतम स्रष्टा हुन सक्तछन् । रेडियो नेपालबाट निर्मित एवम् प्रसारित रेडियो नाटकको ऐतिहासिक शृङ्खलामा थुप्रै नाट्य महारथीहरू सहभागी भए तर ती महारथीहरू सबैमा उल्लिखित योग्यता जस्तो कि आवाजको ओज, अभिनेयता, कल्पनाशीलता सांस्कृतिकता एवम् सामाजिकताको सूक्ष्मानुभूति तथा यन्त्रगत उपकरणहरूको पूर्ण जानकारी भएको रेडियो नाट्यकर्मी एवम् निर्देशकका रूपमा भने एउटै मात्र व्यक्तित्व उपस्थित हुनुहुन्छ मदनदास श्रेष्ठ ।

नेपालका अत्यन्त सुन्दर स्थानहरूमध्येको विशिष्ट प्राकृतिक सौन्दर्यले भरिपूर्ण जिल्ला दोलखाको ऐतिहासिक प्राचीन सहर दोलखा बजारमा अवस्थित भीमेश्वर मन्दिरको ठीक अगाडि आफ्नै पैतृक घरमा जन्मिएर भीमेश्वरकै आशीर्वादले राजधानी काठमाडौँमा शिक्षादीक्षा ग्रहण गरी नाट्य अभिनेताका रूपमा मञ्चीय नाटकमा अभिनय आरम्भ गरी कलासागरमा पौडँदै जीवनको डुङ्गा अविचलित हुँदै सञ्चालन गरिरहनुभएका मदनदास श्रेष्ठ नेपाली रङ्गकर्म एवम् चलचित्र कर्मका एक विशिष्ट खम्बा हुनुहुन्छ । उहाँसँग मेरो साक्षात्कार वि.सं. २०४८ सालमा रेडियो नेपालमा नै भएको हो । एक त आफू कला अनुयायी त्यसमाथि रेडियो नेपालका नाटकनिर्देशक आफ्नै जिल्लावासी । आफ्नो भूमिको नातालाई पछ्याउँदै रेडियो नाटकमा आफ्नो आवाजको थालनी गर्ने सौभाग्य मलाई समेत प्राप्त भयो मदनदास श्रेष्ठकै निर्देशकत्वमा । गुरु प्राप्त गरेँ मैले रेडियो नाट्यको इतिहासमा नाम लेखाउन र योगदान पुऱ्याउन । जुन गुरुको मार्गदर्शनबाट आज पनि म 'म' भएर उभिन सकेको छु ।

रेडियो नाट्यमा ओजयुक्त आवाज, मिजासिलो भावना, सामाजिक सहृदयता तथा आफ्ना अग्रज गुरुहरूलाई सम्मान गर्ने विशिष्ट विनयशीलताले युक्त निर्देशक मदनदास श्रेष्ठले झन्डै पचासवर्षे रेडियो नाटक निर्माण, उत्पादन, प्रसारण एवम् सम्पादनका क्षेत्रमा करिब

पच्चीस वर्ष निरन्तर सेवारत रहेर जुन उच्चता र शिष्टता तयार गर्नुभएको छ, त्यही उच्च बिन्दुलाई आधार मानेर पछिल्लो समयमा नेपाली चलचित्र क्षेत्रमा समेत संवादमा मिठास र ओजयुक्तता थपिँदै गयो । आज आवाजकै माध्यमबाट रूपकका प्रकारहरूको प्रस्तुति र अभ्यास निरन्तर भइरहेकै छन् । आवाजमा भएका उतारचढाउहरू व्यक्तित्व विकास र नेतृत्व विकासमा समेत महत्त्वपूर्ण मानिन्छन् । पौरुष आवाजको मोटोपनभित्रको गरिष्ठता एवम् ओजसले ललित कलाका पाँच विभागहरूमा महत्त्वपूर्ण स्थान ओगट्छ नै । आधुनिक विज्ञानसम्मत तवरबाट निर्माण भएको ललित कलाको छैटौँ अङ्गका रूपमा स्वीकार गरिने चलचित्र कलामा पनि आवाजको ऊहापोहले निर्माण गर्ने शारीरिक तरङ्ग एवम् विधिलाई प्रस्टसँग अवलम्बन गरेकै हुन्छ । नेपाली रेडियो नाटकले त्यही आवाजको एउटा सम्मोहन बिन्दु तयार पाऱ्यो मदनदास श्रेष्ठकै आवाजलाई अगाडि राखेर ।

दोलखाली स्रष्टा व्यक्तित्वबाट राष्ट्रकै गरिमा बन्न सफल रङ्गकर्मी, रेडियोकर्मी, चलचित्रकर्मी एवम् साहित्य-सङ्गीतकर्मका सृजनात्मकताले भरिपूर्ण सामाजिक व्यक्तित्व मदनदास श्रेष्ठ परिश्रम र मेहनतको प्रतिरूप हो । जीवनलाई अत्यन्त नजिकबाट पहिचान गरेर विजयी बनाउन कुनै कसुर बाँकी राख्न नचाहने उनी रेडियो नेपालको एक सशक्त अभियन्ताकै रूपमा परिचित छन् । आज झन्डै पच्चीसवर्षे आफ्नो नाटकनिर्देशकको कार्यकालमा उनले रेडियो नेपालमार्फत थुप्रै सृजनात्मक आवाजका धनी प्रतिभाहरू उत्पादन गरिसकेका छन् । लक्ष्मी श्रेष्ठ, महेश थापा, डा. घनश्याम खतिवडा, दीपाश्री निरौला, दीपकराज गिरी, जितु नेपाल, अम्बिका प्रधान, सुनिता मालाकार, अनिता बिन्दु, अशोक पाण्डे, उदय खनाल ‘उमेश’, श्रीप्रसाद थापा, शूरवीर पण्डित, मैना धिताल, दमन रूपाखेती, रेमनदास श्रेष्ठ, रोशन थापा, नीलम श्रेष्ठ, दीपक समीरजस्ता आवाजका धनी आफ्ना शिष्यहरू तयार गरेर टेलिभिजन रेडियो तथा रङ्गकर्ममा

स्थापित गराइदिएका मदनदास श्रेष्ठ आफूमा भएको समग्र ज्ञानलाई अरूमा प्रक्षेपण गर्दा आफू सदा बाँचिरहने र सिर्जना सदा हाँसिरहने कुरामा बढी विश्वस्त देखिनुहुन्छ । रेडियो नाटक स्वयम्मा पूर्ण विधा हो । यस पूर्ण विधालाई पूर्णताको उच्च स्थिति निर्माण गर्न अथक रूपमा लागिपरेर त्यसको प्रतिच्छाया टेलिभिजन कर्म हुँदै नेपाली चलचित्र कर्ममा पनि स्थिर रूपमा स्थापना गर्न लागिपरेका मदनदास श्रेष्ठको अगुवाइमा नेपालमा चलचित्र नगरी निर्माणका लागि सरकारी निकायहरू तदारुकतासाथ लागिपर्नु आज एउटा ठोस उपलब्धिका रूप प्राप्त हुनु हो । मान्छे आफ्नो सेवाको निवृत्तपछि आफ्ना लागि मात्र बाँच्नु हुँदैन । आफूलाई स्वस्थ, हँसमुख राख्दै निरन्तर कर्ममा लागिरहनाले आफ्ना मांसपेशीहरू सदा क्रियाशील बनिरहन्छन् । त्यस्ता व्यक्तिबाट माटोले पनि केही उपलब्धि हासिल गर्न समर्थ भइरहनुपर्दछ । यसै समर्थताको जिउँदोजाग्दो इतिहासभित्र रेडियो नाटकको सबल हस्ती बनी नेपाली कलाविधाको प्राज्ञिक जाज्वल्यमान प्रतिभाका रूपमा हामीले मदनदास श्रेष्ठलाई ग्रहण गरिरहन पाउनेछौँ । उहाँका ज्ञानसरणी उहाँकै शिष्यहरूमार्फत सदा सबैमा सर्दै जानुपर्दछ । त्यही नै युगको माग हो ।

युग जे माग्दछ, त्यो पूरा गर्ने दायित्व धर्तीपुत्रको हो । रेडियो आवाजमार्फत धर्तीसेवामा निरन्तर सक्रिय मदनदास श्रेष्ठमा उहाँका शिष्यहरूको प्रतिनिधित्व गर्दै लाखलाख सलाम !

# म अघोषित फ्यान

## डा. टीकाराम पोखरेल

साल कति हो मलाई हेक्का छैन । उमेर अलि कम नै भएकाले होला साल हेक्का राख्न सकिनँ । अनुमानित तीसको दशकको प्रारम्भ हुनपर्छ । त्यस बेला हाम्रो गाउँमा भर्खरभर्खर रेडियो पुग्दै थियो । हाम्रो गाउँबाट दार्जिलिङतिर मजदुरी गर्न गएकाहरूले गाउँ फर्कंदा एक थान रेडियो लिएर फर्कन्थे । कसैले केही दिन आफैँ बजाउँथे । जो आफैँ बजाउँथे उनीहरू बेलुकाबेलुका रेडियो घन्काउँदै गाउँ डुलेर सान देखाउँथे र केही दिनमा रहर पुगेपछि बेच्थे । कोहीले भने रेडियो लिएर गाउँमा आउनासाथ अलिअलि नाफा गरेर गाउँका ठूलाठालुलाई बेचिहाल्थे । बेच्नु स्वाभाविक पनि थियो । यस अर्थमा स्वाभाविक थियो कि परदेश गएर भारी बोक्नेले गाउँमा फर्केर रेडियो बोक्नु भनेको गाउँका ठूलाठालुका लागि चुनौती नै हुन्थ्यो । विपन्न वर्गका मान्छेले रेडियो बजाउँदा टुप्पोबाट पलाएको भनेर कुरा काटिन्थ्यो । तथाकथित टुप्पोबाट पलाएकाले आफ्नो रेडियो गाउँका जिम्मावाल, मुखिया वा धनीमानीलाई जिम्मा नलगाएसम्म चैनको सास फेर्न पाउँदैनथ्यो । यसैले गाउँमा रेडियो भित्र्याउने अभागी एउटा हुन्थ्यो भने घननन रेडियो बजाउने भाग्यमानीचाहिँ अर्कै हुन्थ्यो ।

गाउँमा रेडियो हुने मान्छे ठूलाबडामा त गनिने नै भए । त्यसमाथि जसको घरमा रेडियो हुन्थ्यो उसको घरमा बेलुकाबेलुका

रेडियो सुन्नेको लर्को लाग्दा त्यो घरको रौनक नै अर्कै हुन्थ्यो । गाउँमा त्यस बेला बिजुली हुने कुरा भएन । ब्याट्रीबाट रेडियो बजाइन्थ्यो । एभ्रेडी ब्याट्री निकै चलेको थियो । चिसोबाट ओसिएको ब्याट्रीलाई मजबुत (एक किसिमले रिजार्च) गर्न ब्याट्री घाममा सुकाइन्थ्यो । कतिसम्म भने जसको घरमा धेरै जोर ब्याट्री हुन्थ्यो उसको इज्जत एक जोर मात्र ब्याट्री हुनेको भन्दा उच्च हुन्थ्यो ।

त्यस बेला कपडाको खोल हालेर रेडियोलाई सुरक्षित गरिन्थ्यो । सान बढाउन रेडियोलाई घरको दलिनमा कीला ठोकेर झुन्ड्याइन्थ्यो र गाउँभर सुन्ने गरी बजाइन्थ्यो । रेडियोको हल्ला गाउँभरि सुनिए पनि आवाज प्रस्ट बुझ्न रेडियो भएकै घरमा पुग्नुपर्दथ्यो । त्यसैले हामी बच्चाहरू रेडियो सुन्न जसको घरमा रेडियो छ उसैको घरको दलिनमा झुन्डिएको रेडियोमुनि खाली भुइँमा आसन जमाउँथ्यौं । रेडियो आफूले छुन पाउने कुरै भएन । कहिले रेडियोधनीले रेडियो खोलिदेलान् र सुन्न पाइएला भन्ने आशामा घण्टौं कुर्थ्यौं । हामीले रेडियो सुन्न पाउने नपाउने फैसला रेडियोधनीको 'मुड'ले गर्थ्यो । 'मुड' राम्रै भए रेडियो मालिकले रेडियो खोलिदिन्थे । 'मुड' ठीक नभए 'मेरो घर फोहोर गर्ने ! तेरिमा पिशाचहरू....' भन्दै हामीहरूलाई लखेट्थे र दलिनमा झुन्ड्याइएको आफ्नो रेडियो लिएर घरभित्र पस्थे । अनि त्यो दिन कसैले नसुन्ने गरी झ्यालढोका थुनेर रेडियो बजाउँथे । जे भए पनि हामी आवाजचाहिँ सुनेरै फर्कन्थ्यौं । कहिले रेडियोको कर्णप्रिय आवाज, कहिले रेडियो मालिकको अप्रिय कर्कश आवाज ।

रेडियो सुन्न पाएको दिन ठूलै युद्ध जितेको भान हुन्थ्यो । आनन्दै अर्कै । हाम्रो उमेर सानो भएकाले पनि होला रेडियोको समाचार र सन्देशमूलक कार्यक्रममा त्यति रुचि थिएन । गीत, सङ्गीत र नाटकमा भने मन बसेको थियो । खास गरी लोकगीत, अनुरोध

सङ्गीत र रेडियो नाटक सुन्न मरिमेटिन्थ्यो । कुमार बस्नेत, मीरा राणा, तारा थापालगायतका गीतहरू रेडियोमा सुन्ने मात्र होइन वनजङ्गलमा घाँसदाउरा जाँदा गाउँदै पनि हिँडिन्थ्यो ।

त्यस बेला रेडियो नाटकमा एउटा घच्चीको आवाज सुनिन्थ्यो । हिन्दी फिल्म जानीदुस्मनका राजकुमारको जैँ । त्यस बेला दन्त्यकथा मात्र सुनेका हामीलाई चाहिँ त्यो स्वर दन्त्यकथाको पात्रको जैँ लाग्थ्यो । त्यो आवाज सुन्न हामी खुब लालायित हुन्थ्यौँ । त्यही घच्चीको स्वर सुन्ने मोहमा नै रेडियोमा हाम्रो लाइन लाग्थ्यो । नाटक सुन्नुको आनन्दको ठूलो हिस्सा त्यही स्वरले बोक्थ्यो । कहिलेकाहीँ नकारात्मक भूमिका गरेको बेला नाटकको अन्त्यमा हामी त्यो स्वरवालालाई गाली पनि गर्थ्यौं । कस्तो खराब मान्छे भनेर । त्यो ठूलो स्वर रेडियो नाटकमा निकै गर्जेर कराउँथ्यो । दादागिरी गर्थ्यो सबमाथि । हामीलाई दादागिरी मन पर्ने कुरै भएन ।

त्यो घच्चीको स्वर बोल्ने मान्छेको नाम जान्ने हामीलाई चाहना थियो । नाटकको अन्त्यमा रेडियो नाटकमा बोल्ने कलाकारहरूको नाम भनिन्थ्यो । तर नाटकका सबै कलाकारको नाम भनिने हुँदा त्यो ठूलो स्वरवालाको नाम के हो चाहिँ यकिन भएको थिएन । सुनेका नाममध्ये कसैको के दाबी हुन्थ्यो, कसैको के नाममा दाबी हुन्थ्यो । नाममा 'कन्फ्युजन' नै भए पनि फुर्सदमा हामी त्यो स्वरको क्यारिकेचर गरेर समय कटाउँथ्यौँ । हुन त हामी समाचार भन्ने र मनोरञ्जनात्मक कार्यक्रम उद्घोषण गर्नेको पनि क्यारिकेचर गर्थ्यौं तर पनि त्यो नाटकमा बोल्ने मान्छेको मोटो स्वरको क्यारिकेचर गर्नुको मजा अर्कै आउँथ्यो । साथीभाइलाई 'डोमिनेट' गर्नुपर्‍यो भने पनि हामी त्यही मोटो स्वरको लवजमा एकअर्कालाई 'डोमिनेट' गर्थ्यौं । निरन्तर रेडियो सुन्दै जाँदा हाम्रो प्रिय त्यो मोटो स्वरको मालिक हामीले पत्ता लगाइछाड्यौँ । हामीले पत्ता लगाएको त्यो घच्चीको स्वरको धनी हुनुहुँदो रहेछ– मदनदास श्रेष्ठ ।

बाल्यकालमै हामी रेडियो नाटकप्रेमी भइसकेका थियौं । नाटकप्रेमीहरू मदनदास श्रेष्ठको स्वर र नामसँग नजिक नहुने कुरै भएन । तर मदनदास श्रेष्ठ सहरमा बस्ने र हामी गाउँमा बस्ने भएकाले भौतिक रूपमा उहाँसँग नजिक हुन पनि सम्भव भएन । नजिक र टाढाको दोसाँधमा मदनदास श्रेष्ठसँगको मेरो सम्बन्धले दुई दशकको लामो यात्रा पार गऱ्यो । सानो छँदा मदनदास श्रेष्ठको संवादको क्यारिकेचर गर्दा मदनदास नै आफैं भएको अनुभूत हुन्थ्यो । क्यारिकेचर गर्दा मदनदासको भूत आफ्नो शरीरमा सवार भएको अनुभव बाल्यकालमा मैले पटकपटक गरें ।

सानो छँदा हामीलाई रेडियोमा बोल्ने मान्छे हामीजस्तै होलान् भन्ने लाग्दैनथ्यो । अऊ पहिलो पटक रेडियोसँग साक्षात्कार गर्दा त रेडियोबाट सुनिने आवाजवाला मान्छे त्यही रेडियोभित्रै कतै कुनामा हुन्छ भन्ने बुझाइ थियो । त्यति सानो रेडियोमा पसेर बोल्ने मान्छे हामीजस्तो क्विन्टलको जिउ भएको त हुन सक्तैन । पक्कै भगेराको जत्रो जिउ भएको मान्छे होला भन्ने ठानिन्थ्यो । तैपनि हामीले नदेख्ने गरी कताबाट आएर रेडियोमा पस्दो होला र बोल्दो होला भन्ने लाग्थ्यो । हामीले गाउँघरमा भगेरा जत्रो मान्छे नदेखेकाले रेडियोभित्र पसेर बोल्ने मान्छे हाम्रो समाजको होइन अर्कै संसारको हो भन्ने लाग्नु स्वाभाविक पनि थियो । त्यसमाथि रेडियोमा कहिले पुरुष आवाज, कहिले नारी आवाज आउँदा त रेडियोमा कति जना मान्छे अटाएका होलान् भन्ने कुतूहल हुन्थ्यो । अहिले त्यो बेलाको आफ्नो बुझाइ सम्झँदा एक्लै पनि हाँसो उठ्छ ।

उमेर बढ्दै जाँदा रेडियो चमत्कारको जिज्ञासा पनि बढ्दै गयो । हाम्रो रेडियो रहस्यमा कसैले अर्को रहस्य थपिदियो । रेडियोमा पनि काहीं मान्छे पसेर बोल्छ, त्यहाँ त गैंडाको सिङ राखिएको हुन्छ । काठमाडौंमा बोलेको आवाज त्यही रेडियोभित्र राखिएको गैंडाको सिङले तानेर बाहिर फ्याँक्छ । कुनै बुज्रुकले हामीलाई यस्तो

पो भनिदियो । रेडियोभित्र मान्छे पसेर बोल्ने भन्ने हाम्रो पहिलो बुझाइभन्दा दोस्रो कुरा अलि सत्यताको नजिक जस्तो पनि लाग्यो । रेडियो रहस्य थाहा पाएकोमा दङ परियो । गाउँका सबैले रेडियोभित्र गैँडाको सिङ हुन्छ भन्ने कुरा पत्याए । तर त्यो कुरा पनि केको सत्य हुनु । कहाँको संसारभरका करोडौँ सङ्ख्याका रेडियोमा त्यस्तो दुर्लभ गैँडाको सिङ राख्न पाउनु ? कुनै बुद्धू बुज्रुगले हामीलाई महाबुद्धू बनाएछ । पहिलो पटक आफ्नै बुझाइमा मूर्ख भइयो, दोस्रो पटक अरू कसैले बनाएको महामूर्ख बनियो । दोष बुझ्नेको भन्दा पनि बुझाउनेको थियो । हामी त बालक नै थियौँ । जस्तो सुन्यौँ, त्यस्तै बुझ्यौँ । गलत कुरा एकान दोकान मैदान गर्दै कसरी समाजमा फैलिन्छ र समाजले त्यो कुरालाई कसरी विश्वास गर्छ भन्ने यो एउटा उदाहरण पनि हो ।

धेरै पछि क्याम्पसमा पढ्न थालेपछि मात्र रेडियो रहस्यको पर्दा खुल्यो । पूरै प्राविधिक कुरा नबुझे पनि काठमाडौँमा अवस्थित रेडियो नेपालको स्टुडियोबाट तरङ्गहरूमार्फत घरघरको रेडियोमा आवाज पुगेको बुझियो । रेडियो तरङ्गको रहस्य उद्घाटनसँगै त्यही रेडियोसँगै जोडिएको अर्को रहस्य पनि खुल्यो । हामीले सानैदेखि तँछाडमछाड गर्दै रेडियोमुनि जम्मा भएर सुन्ने र कहिलेकाहीँ फुर्सदमा क्यारिकेचर पनि गर्ने गरेको त्यो रेडियोको घच्चीको स्वर निकाल्ने मदनदास श्रेष्ठको घर त मेरै जिल्ला दोलखा पो रहेछ । उहाँ त हाम्रै गौरीशङ्करको काखमा, तामाकोसीको तटमा, कालिञ्चोकको तपोभूमिमा, भीमेश्वरको काखमा जन्मेर हाम्रै जिल्लाको हावापानी र माटोमा हुर्केको दोलखाली धर्तीपुत्र पो हुनुहुँदो रहेछ । रेडियोमा सुनिने कुमार बस्नेतको जन्मस्थान दोलखा हो भन्नेचाहिँ मलाई पहिलेदेखि नै थाहा थियो, तर मदनदास श्रेष्ठको घर दोलखा हो भन्ने मलाई थाहा थिएन । आफूले मन पराएको चिनेको मान्छे 'पब्लिक फिगर' भएको जान्दा सुन्दाभन्दा आफूले मन पराएको 'पब्लिक फिगर' आफ्नो जिल्लाको हो भन्ने जान्दा झनै गर्विलो महसुस हुँदो रहेछ । दोलखाका

भन्ने बुझेपछि मदन दाइ अझ मेरा गर्वका पात्र बन्नुभयो नभेटीकनै । त्यसो त म बच्चैदेखि उहाँको अघोषित फ्यान थिएँ । अब मदन दाइ मलाई झनै धेरै ठूला मान्छे लाग्न थाल्नुभयो । म मदन दाइको 'फ्यान' भएकाले मात्र होइन दोलखाकै पनि भन्ने बुझेपछि उहाँलाई भेट्ने इच्छा जाग्यो । तर म मदन दाइको 'फ्यान' भए पनि मदन दाइचाहिँ मेरा 'फ्यान' हुनुहुन्नथ्यो । एकोहोरो 'फ्यान'को के अर्थ । 'फिल्मस्टार'हरूका कति 'फ्यान' छन् कति । के ती सबै 'फ्यान'ले 'स्टार'हरूलाई भेट्न पाएका छन् र ? यस्तै सोच बन्यो । त्यसैले गाउँमा एसएलसी उत्तीर्ण गरेपछि कलेज पढ्न काठमाडौँ पसेर पनि मैले मदन दाइलाई भेट्ने आँट गरिनँ । मदनदासजस्तो रेडियोमा बोल्ने ठूलो मान्छेले म जस्तो फुटपाथेलाई भेट दिनुहोला भन्ने मैले कल्पना पनि गरिनँ । 'कलेज लाइफ' प्रवेश गरेपछि उहाँको संवादको क्यारिकेचर पनि गर्न छोडियो । तर अरू जिल्लाका साथीहरूका अगाडि 'बुझ्यौ साथीहो ! मदनदास श्रेष्ठ त मेरो जिल्लाका मान्छे हुन् नि' भनेर मदन दाइको नाममा आफ्नो फुर्ती छोड्नचाहिँ पछि परिएन । मदन दाइको फेसचाहिँ मैले पहिलो पटक चलचित्रको पर्दामा देखेको हुँ । सम्भवत: 'के घर के डेरा' फिल्ममा उहाँको अनुहारसँग मेरो पहिलो साक्षात्कार भयो । त्यो पनि एकतर्फी । पछि उहाँद्वारा अभिनीत अरू फिल्म र टेलिफिल्महरू हेरेर उहाँको अनुहार र कलाकारितासँग थप परिचित हुँदै थिएँ । तर व्यवहारसँग भेट भने हुन पाएको थिएन । उहाँसँग प्रत्यक्ष भेट हुनुअगाडि मेरो मानसपटलमा मदन दाइप्रति नकारात्मक छाप परेको रहेछ । मदन दासजस्तो ठूला मान्छे अरूसँग भेट्ने रुचि राख्दैनन् । उहाँजस्तो ठूलो स्वर भएको मान्छे अरूको कुरा सुन्दैनन् । उहाँप्रति यस्तै एकलकाँटे धारणा बनाउँदै मदन दाइको 'फ्यान' भएर पनि मदन दाइलाई भेट्ने कोसिसै गरिनँ । तर बाध्यता परेपछि चाहिँ भेट्नै पर्ने रहेछ । २०५५ सालतिर 'दोलखाका व्यक्तित्वहरू' नामको पुस्तकको तयारी गर्दै थिएँ । दोलखाका व्यक्तित्वहरूको खोजी गर्दा मदनदास श्रेष्ठको नाम छुट्ने कुरै थिएन ।

छुटाएको भए मदनदास श्रेष्ठलाई केही फरक पर्ने थिएन, तर मेरो पुस्तकचाहिँ अधुरो हुन्थ्यो । त्यसैले मदन दाइको मायाले होइन कि आफ्नो पुस्तकलाई पूर्णता दिने स्वार्थ बोकेर मदन दाइलाई भेट्न म मदन दाइको तत्कालीन अड्डा साङ्ग्रिला च्यानल पुगेँ । त्यति बेला मदन दाइ रेडियो नेपालबाट अवकाश लिएर साङ्ग्रिला च्यानलको प्रमुखका रूपमा कार्यरत हुनुहुन्थ्यो । नीर शाहद्वारा सञ्चालित साङ्ग्रिला च्यानलको कार्यालय नीर शाहकै ज्ञानेश्वरस्थित पुर्ख्यौली घरकम्पाउन्डभित्र थियो । पहिलो पटक ज्ञानेश्वरमा मदन दाइसँग भेट्दा म प्रफुल्लित त थिएँ, तर लुकेको डर बाँकी नै थियो । कताकता असजिलो महसुस पनि भएको थियो । त्यो असजिलोलाई दाइले नै सजिलो पारिदिनुभयो । धेरै औपचारिकता नचाहने बरु अनौपचारिक कुरा गर्ने र लागेका कुरा स्पष्ट भन्ने मदन दाइ 'ओपन माइन्डेड म्यान' पो हुनुहुँदो रहेछ । मैले प्रस्ताव नगरीकनै 'दोलखाका व्यक्तित्वहरू' पुस्तकका लागि आर्थिक सहयोग जुटाउने उहाँले प्रस्ताव मात्र गर्नुभएन त्यो पुस्तकको प्रकाशनमा आवश्यक परामर्श पनि दिनुभयो । अभिनय गरेर जीवन निर्वाह गर्ने मान्छेले आर्थिक सहयोग गर्ने कुरा मेरो कल्पनाभन्दा बाहिरको थियो । तर मदन दाइ अपवाद हुनुहुँदो रहेछ । मेरो सोचाइ एकातिर तर मदन दाइको व्यवहार अर्कैतिर । मदन दाइलाई प्रत्यक्ष भेटेपछि उहाँप्रतिको मेरो धारणमा परिवर्तन आयो । पहिलेचाहिँ म उहाँको कलाकारिताको मात्र फ्यान थिएँ । भेटपछि चाहिँ म उहाँको व्यावहारिक पाटोको पनि फ्यान भएँ । उहाँको सरलपन र सहयोगी भावनाको कदर गर्न मसँग मात्र होइन सम्भवत: कोहीसँग पनि शब्द छैन । जीवन निर्वाहको सिलसिलामा काठमाडौँ बसे पनि मातृभूमि दोलखाका लागि गरिने हरेक काममा सधैँ नै मदन दाइ अग्रपङ्क्तिमा हुनुहुन्छ । बोलाएको ठाउँमा पुग्न कहिल्यै पनि ठूलो मान्छे नबन्ने बरु खबर नगरेमा रिसाउने उहाँको उदार र सरल चरित्र सबैका लागि अनुकरणीय छ । मदन दाइको स्वर ठूलो छ, शरीर ठूलो छ, तर शरीर र स्वरभन्दा पनि ठूलो छ

उहाँको मन । त्यही मन ठूलो भएकाले त उहाँको नाम पनि ठूलो छ । धेरै मान्छे नामका भोका हुन्छन् तर तिनको भोक कहिल्यै मेटिँदैन । कोहीचाहिँ नामका भोका हुँदैन, बरु कर्मका भोका हुन्छन् । तिनै कर्मका भोकाहरूको नामचाहिँ सधैँ पूर्ण हुन्छ । यस्तै कर्मका भोका भएर पूर्ण नाममा पर्ने व्यक्ति हुन् मदनदास श्रेष्ठ । प्रस्ट वक्ता तर नरम व्यवहार उहाँको व्यक्तिगत चरित्रको अत्यन्तै ईर्ष्यालाग्दो पक्ष हो । चाहे समयसमयमा हुने दोलखा महोत्सवमा होस् वा द्वाल्खा गुठी र कालिञ्चोक युवा क्लबमार्फत दोलखाका लागि गरेको योगदान होस्, चरिकोटमा पुस्तकालय स्थापना गर्न होस् वा दोलखामा फिल्म नगरी निर्माणमा देखिएको सक्रियता होस् जन्मभूमि दोलखाका लागि मदन दाइ सधैँ अग्रपङ्क्तिमा देखिनुहुन्छ । उहाँको जीवन जति उत्तरार्द्धतर्फ लाग्दै छ जोस र जाँगरचाहिँ झन्झन् झर्झराउँदो भएको छ । हरेक मान्छेको व्यक्तिगत जीवनमा कोही न कोही अभिन्न व्यक्ति हुन्छ । मेरो व्यक्तिगत जीवनमा मदन दाइ अभिन्न हुनुहुन्छ ।

रेडियो नेपालबाट अवकाश पाएपछि उहाँसँग मेरो अन्तरङ्ग सम्बन्ध भयो । उहाँ साङ्ग्रिला च्यानलको प्रमुख रहँदा नीर शाह नेसनल स्टुडियो अफ फिल्म ट्रेनिङ (एनसफट) चलाउने तयारीमा हुनुहुन्थ्यो । मलाई नेपाली विषयको प्रशिक्षकका रूपमा मदन दाइले नै एनसफटमा भित्र्याउनुभयो । त्यही एनसफटबाट सुरु भएको अवधारणालाई विस्तार गर्दै लगेर नीर शाहले कलेज अफ फिल्म स्टडिजको स्थापना गर्नुभयो । नेपालको एक मात्र फिल्म कलेज जसको संस्थापकमध्ये एक मदन दाइ पनि हुनुहुन्थ्यो । उक्त कलेजमा मैले अध्यापन मात्र गराएको होइन बरु त्यही कलेजको व्यवस्थापनसमेत समाल्ने मौका पाएँ । मदन दाइको पसिना परेको त्यो कलेज आज पनि ओस्कार इन्टरनेसनल कलेजका रूपमा सञ्चालनमा रहेर नेपाली फिल्म बजारमा दक्ष जनशक्तिको उत्पादन गरिरहेको छ । हुन त मैले २०४८ तिरै केही नाटक र टेलिफिल्ममा काम गरेको थिएँ ।

पछि पेसागत बाध्यताका कारणले कलाकारिता क्षेत्रबाट पलायन हुनुपरेको थियो । कलेज अफ फिल्म स्टडिजले यस क्षेत्रमा मलाई पुनर्उदय गरायो । पेसामा पुनर्उदय मात्र होइन जीवनकै पुनर्उदय भयो भन्ने लाग्छ मलाई । त्यो योगदान सबै मदन दाइकै हो । मदन दाइ समाज र राष्ट्रका लागि होनहार मान्छे त हुँदै हुनुहुन्छ, मेरा लागि पनि वरदान हुनुहुन्छ । उहाँबाट मैले धेरै लिएँ तर केही पनि दिइनँ र दिन सक्तिनँ पनि । मैले त केही दिन सकिनँ नै तर राष्ट्रले पनि उहाँलाई अपेक्षाकृत मूल्याङ्कन गरेजस्तो लाग्दैन । राष्ट्रले मदनदास श्रेष्ठ जस्ता व्यक्तित्वको क्षमताको उपयोग गर्दै उहाँको योगदानको कदर गर्नुपर्दछ । मचाहिँ उहाँप्रति शब्दसम्मान व्यक्त गर्दछु । उहाँको व्यक्तित्वप्रति म नतमस्तक छु ।

# श्रेष्ठ र गुणी कलाकार

**दधिराम भट्टराई**

म सानैदेखि रेडियो बढी सुन्थैं । बाल्यकालमै रेडियो नेपालबाट प्रसारण हुने रेडियो नाटकमा एउटा पात्रको आवाजले मलाई बहुतै आकर्षित गरेको थियो । कालान्तरमा त्यही वजनदार आवाजका धनी वरिष्ठ कलाकार मदनदास श्रेष्ठसँग निकै लामो समय निकटस्थ सङ्गतमा रहने अवसर प्राप्त भयो । उहाँ एक लब्धप्रतिष्ठित वरिष्ठ कलाकार हुनुहुन्छ । तर मसँग कलाकारिताबारे टिप्पणी, समीक्षा वा समालोचना गर्ने औकात नभएको हुँदा यति नै भन्छु कि उहाँ कलाकारितामा अभिनय क्षेत्रका एक जीवन्त, प्रखर र शिखर व्यक्तित्व हुनुहुन्छ । उहाँलाई वरिष्ठ कलाकार मात्रै मानियो भने उहाँप्रति अन्याय हुन्छ । त्यसैले बहुआयामिक व्यक्तित्वका धनी मदनदास श्रेष्ठको मैले जानेको सामाजिक व्यक्तित्वबारे यस आलेखमा केही अनुभूति प्रस्तुत गर्छु ।

वि.सं. २०४८ सालको प्रारम्भदेखि म काठमाडौं घट्टेकुलो टोलमा बसोबास गर्न थालेको हुँ । मभन्दा धेरै वर्षअघिदेखि नै मदन दाइ घट्टेकुलोमै घरबास गरी बस्नुभएको हो । उहाँसँग पहिलो वा औपचारिक परिचय कहाँ कहिले भो भन्ने चाहिँ सम्झन सक्तिनँ । सामान्य हाइहेलोको स्वरूपमा रहेको म र मदन दाइबीचको सम्बन्ध २०५० सालदेखि अलि बाक्लो हुँदै २०५४ देखि चाहिँ ज्यादै घनिष्ठ हुन पुग्यो ।

घट्टेकुलोमै विभिन्न सामाजिक कार्यहरूमा, सामाजिक समस्याहरूमा उहाँसँग बाक्लै भेटघाट हुन थाल्यो । तत्कालीन अवस्थामा घट्टेकुलो क्षेत्रमा भर्खरभर्खर बस्ती बढिरहेको थियो । ढल, बाटो, खानेपानी, बिजुली, टेलिफोन आदि भौतिक पूर्वाधारको काम नै प्राथमिक आवश्यकता बनेको थियो । त्यसै बेला घट्टेकुलो क्षेत्रको विकासमा सघाउ पुऱ्याउने उद्देश्यले 'घट्टेकुलो विकास समाज' को निर्माण भयो । मदन दाइलाई अध्यक्ष र मलाई त्यसको महासचिवको जिम्मेवारी आयो । त्यसपछि मदन दाइसँग रातोदिन साथसङ्गतमा रहेर काम गर्ने अवसर प्राप्त भयो । हामीले घट्टेकुलो विकास समाजको पहल प्रयासमा धेरै महत्त्वपूर्ण सामाजिक कामहरू सम्पन्न गर्न सफल भयौँ । त्यस बेला हरेक सामाजिक कार्यहरूमा हरेक घट्टेकुलोवासीको सहयोग सहभागिता अत्यन्त उत्साहवर्धक, प्रेरणादायी, अविस्मरणीय, उदाहरणीय एवम् अतुलनीय रहेको थियो । संस्थामा विभिन्न जिम्मेवारीमा रहेर महत्त्वपूर्ण भूमिका निभाउने मित्रहरू खास गरी योगहाङ लिम्बू, टङ्क श्रेष्ठ, हेम पाठक, गोपाल जोशी, ध्रुव प्रसाई, ध्रुव केसी, दीपक राई, आङठिले शेर्पा, शिवराम राजवंशी, लक्ष्मी प्रसाई, लक्ष्मी निश्चल, कुश ढकाल, शान्ति राई, ध्रुव रूपाखेती आदिको योगदान विशेष उल्लेखनीय छ । घट्टेकुलो एरियामा मात्र सीमित नरही देशैभरका लागि घट्टेकुलो विकास समाजको तर्फबाट भएगरेका धेरै सामाजिक कार्यहरूमा कार्यसमितिका साथीहरू, घट्टेकुलोवासीहरू मात्र नभएर देशभरिबाट विभिन्न व्यक्ति-व्यक्तित्वबाट ज्यादै महत्त्वपूर्ण सहयोग सहभागिता प्राप्त भएको थियो । यसो हुनुमा यसको नेतृत्व निष्कलङ्क, नि:स्वार्थ सामाजिक भावनाले ओतप्रोत भएको, सबैलाई समेटेर टिमलाई परिचालन गर्न सक्ने क्षमता भएको व्यक्तित्वले मात्रै सम्भव हुन्थ्यो । र हामीले त्यसका लागि उपयुक्त व्यक्ति आदरणीय मदनदास श्रेष्ठलाई पाएका थियौँ । हामीले मदन दाइको नेतृत्वमा घट्टेकुलो क्षेत्रको बाटो, ढल, बिजुली, पानी आदि पूर्वाधार निर्माणमा महत्त्वपूर्ण काम गऱ्यौँ ।

सरसफाइ एवम् फोहोरमैला व्यवस्थापनमा धेरै काम गऱ्यौँ । सामाजिक सुरक्षा, सामाजिक सद्भाव-सहिष्णुता, सामाजिक एवम् राष्ट्रिय हितका पक्षमा जनचेतना अभिवृद्धिहेतु धेरै छलफल, कार्यशाला गोष्ठी र सेमिनार, ऱ्याली, सभा आदि आयोजना गऱ्यौँ । दैवी र प्राकृतिक प्रकोपबाट देशैभरि आइपरेको विपत्तिमा राहत उपलब्ध गराउन समयसमयमा राहत सङ्कलन र वितरणका लागि विभिन्न कार्यहरू गरेर देशभरि पीडितलाई राहत वितरण गऱ्यौँ । कलासाहित्यको क्षेत्रमा योगदान पुऱ्याउन कहिले 'शान्ति कवितागोष्ठी' त कहिले 'कवितामा काठमाडौँ' कृति प्रकाशन । सामाजिक अपराध नियन्त्रण आदि समेतका लागि सामुदायिक प्रहरी सेवाको स्थापना एवम् सञ्चालन घट्टेकुलो विकास समाजकै पहल प्रयासमा भएको हो । यी सबै पहल प्रयासहरूमा आदरणीय मदनदास श्रेष्ठको नेतृत्वदायी भूमिका नै मुख्य श्रेयस्कर छ ।

मदन दाइसँगका केही अविस्मरणीय घटना सम्झनुपर्दा २०५९ साल श्रावणमा ठूलो बाढी-पहिरो आएर खोटाङ जिल्लाको दिप्सुङ, सुङ्देललगायतका गाविसहरूमा ठूलो मात्रामा जनधनको क्षति भयो । कहीँकतै मानवीय विपत्ति देख्ने सुन्नेबित्तिकै उद्धार, राहतका कुनै न कुनै उपायको खोजी गरिहाल्ने मदन दाइको स्वभावअनुसार उहाँले हामीसँग श्रीमद्भागवत ज्ञान महायज्ञको आयोजना गर्ने प्रस्ताव राख्नुभयो । उहाँको प्रस्ताव अस्वीकार हुने कुरै भएन । यसको मुख्य तीन ओटा उद्देश्य तय भयो । १) भेटी-घाटी, दान-सहयोगबापत ठूलो धनराशि सङ्कलन गरी पीडितलाई राहत वितरण गर्ने, घाइतेको उपचारमा सहयोग गर्ने, २) प्राकृतिक प्रकोपका कारण अकालमा ज्यान गुमाएका मृत-आत्माको चिरशान्ति एवम् वैकुण्ठबासका लागि पवित्र भागवत पाठ गरी कामना गर्ने र कामपा ३२ वडा लगायत काठमाडौँ महानगरवासी आध्यात्मिक धार्मिक भक्तजनहरूलाई भागवत श्रवण गराएर पवित्र बनाउने र ३) भर्खरै हाम्रो घट्टेकुलोमा टोलवासी

हुनुभएका ख्यातिप्राप्त चर्चित पण्डित (उहाँलाई वाचनशिरोमणि पनि भन्ने गरिएको सुनिन्छ) स्व.श्री नारायणप्रसाद पोखेललाई काठमाडौँ उपत्यकामा स्थापित गराउने । देशभर धेरै ठाउँमा यज्ञ आयोजनाबाट भागवत वाचन तथा धन सङ्कलन गरी समाज विकासका विविध क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याए पनि पण्डितजीको उपत्यकामा त्यो नै पहिलो महायज्ञ थियो । घट्टेकुलो विकास समाजको आयोजना, आयोजक समितिमा मदन दाइ सहसंयोजक । संयोगवश संयोजकको भूमिकाचाहिँ सेरेमोनियल टाइपको हुन पुग्यो । यस्ता कामको अनुभवविहीन हामीसँग आलोकाँचो योजनाबाहेक अन्य साधनस्रोत केही थिएन । श्रावण मासको अविरल झरी तथा अनेकौँ प्रतिकूलताका कारण कार्यक्रम ज्यादै चुनौतीपूर्ण बनिरहेको थियो । हामी सबै आयोजकहरू अत्यन्त तनावमा थियौँ । हामी सबैभन्दा उमेरले समेत सिनियर मदन दाइले त्यस्तो जटिल प्रतिकूल स्थितिमा बिहान ४ बजे देखि राति १२ बजेसम्म अनवरत खटेर हामी सबैलाई परिचालित गराई कार्यक्रम सफल पार्न अग्रणी भूमिका निभाउनुभयो । महायज्ञ असफल पार्न पण्डितजीविरुद्ध विवादास्पद अनर्गल प्रलाप मात्र फैलाइएन कि महिलाहरूको नाङ्गो जुलुस नै महायज्ञ स्थलमा आएर यज्ञ भाड्ने जस्ता सनसनीपूर्ण खबर पत्रपत्रिकामा प्रकाशित भए । सबै चुनौतीको सामना गर्दै महायज्ञ भव्यताका साथ सम्पन्न भयो । तर हाम्रो महायज्ञ सप्ताह चलिरहेको अवस्थामा खोटाङको अलावा रामेछाप, ताप्लेजुङ, रौतहट, महोत्तरी, सिराहा, सप्तरी लगायतका पूर्वी तराईका धेरै जिल्लाहरूमा बाढीपहिरोबाट ठूलो क्षति पुगेकाले हाम्रो सङ्कलित धनराशि सबैतिर वितरण गरियो । एउटा महत्त्वपूर्ण अनुष्ठानबाट मानवीय सेवाको पवित्र कार्य गर्न सकेकोमा हामी सबै कृतकृत बन्यौँ ।

मदनदास दाइलगायत हामी सबैका शुभचिन्तक एक जना हाम्रा अग्रज दाइ वन मन्त्रालयमा सचिव हुनुहुन्थ्यो । आफूलाई

भेट्न आउने प्राय: सबै जना निजी फाइदाकै लागि कुरा गर्ने प्रवृत्तिबाट पूर्ण परिचित ती महोदयबाट मदन दाइलाई पनि तत्कालीन अवस्थामा करिब एक लाख जति रकम फाइदा हुने गरी मन्त्रालयको तर्फबाट एउटा विज्ञापन सामग्री निर्माणको प्रोजेक्ट प्राप्त भयो । तर आश्चर्य ! आर्थिक अभावकै बीच आफूलाई प्राप्त त्यो रकम मदन दाइले घट्टेकुलो विकास समाजबाट प्रकाशित 'कवितामा काठमाडौँ' नामक पुस्तक प्रकाशनार्थ खर्च गर्नुभयो । नि:शुल्क वा कम शुल्कमा किताब वितरण गरौँ भन्ने प्रस्ताव संस्थामा अल्पमतमा परेकाले प्रति थान रु. तीन सय मूल्य राखियो तर पुस्तक बिक्रीमा समस्या परेपछि सबै नि:शुल्क वितरण गरियो । ऊबेला आदिकवि भानुभक्त आचार्यको कान्तिपुरी नगरीलाई आजका साहित्य सर्जक स्रष्टाहरूले कसरी अभिव्यक्त गर्छन् भन्ने कुरा रोचक ढङ्गबाट प्रस्तुत उक्त किताब चर्चित भयो तर मदन दाइको एक लाख नफर्किने गरी गयो । अत: आफूलाई निजी तवरमा प्राप्त रकमसमेत समाजको हितमा खर्च गर्न सहज प्रस्ताव गर्ने विरलै मानिसमा मदन दाइ एक उत्प्रेरक व्यक्तित्व हुनुहुन्छ । उहाँसँगका यस्ता अनेकौँ परिघटनाहरू छन् । यो छोटो आलेखमा धेरै अटाउन सम्भव पनि नभएकाले यो प्रसङ्ग यति नै ।

घट्टेकुलो विकास समाजको भवन जसमा अहिले सामुदायिक प्रहरी सेवाको कार्यालयसमेत सञ्चालनमा छ । राजधानीको मुटुमा अवस्थित करोडौँको मूल्य पर्ने सो सामाजिक भवन तथा सभाहल निर्माणमा मदन दाइको अहम्भूमिकाको जति चर्चा गरे पनि कमै हुन्छ ।

लामो समय मदन दाइसँग समीपमा रहेर काम गर्दा मैले उहाँको व्यक्तित्वको केही पाटोलाई चिन्ने बुझ्ने मौका पाएँ । समाजसेवी खोल ओढेर आजकल धेरै ढोँगी, पाखण्डी, स्वार्थीहरूको बिगबिगी छ । यस्तो परिवेशमा मदन दाइ एक सच्चा निस्स्वार्थ

समाजसेवी व्यक्तित्व हुनुहुन्छ । सामाजिक कामलाई पहिलो प्राथमिकता दिएपछि मात्रै आफ्नो निजी काममा समय दिने उहाँको बानी छ । समाजमा कसैलाई कुनै समस्या परेमा दिनको टन्टलापुर घाममा होस् वा मध्यरातको अँधेरी, पुस-माघको जाडो होस् वा वैशाख-जेठको गर्मी, धुवाँधुलोको प्रदूषण होस् वा हिलो चिप्लोको असहजता दाइ अग्रसर भइहाल्नुहुन्थ्यो । हाम्रा मदन दाइलाई सामाजिक जिम्मेवारीको मोर्चामा अग्रणी भूमिकाका लागि कहिल्यै केहीले छेक्दैन । उहाँको उत्तरदायीपूर्ण सामाजिक सक्रियता एवम् जुझारुपनप्रति म सदा नतमस्तक छु ।

कोही पनि मानिस सर्वगुण सम्पन्न हुँदैन । एउटा भगवान्मा पनि सर्वगुण नभएकैले होला धेरै भगवान् भएका । धेरैधेरै राम्रा अनुकरणीय, प्रशंसनीय गुणहरूले परिपूर्ण भए तापनि आदरणीय मदन दाइमा एकाध अवाञ्छित कमजोरी मैले अनुभव गरेको छु । जस्तो कि हाम्रो समाज, परिवेशअनुरूप अगुवा बौद्धिक क्षमता भएर पनि हाम्रा मदन दाइ साथीभाइसँग सानो कुरामा छिटो रिसाउनुहुन्छ । रिसाउँदा प्राय: आफूसँग नजिकको सम्बन्ध भएको व्यक्तिसँग छिटो रिसाउनुहुन्छ । तर उहाँको रिस हमेसा अस्थायी प्रकृतिको हुन्छ । उहाँमा एउटा बडा विचित्रको गुण छ त्यो के हो भने कुनै विषय, घटना वा कुनै सन्दर्भमा कसैसँग विवाद, भनाभन, झैझगडा, चर्काचर्की भएको छ भने त्यो मानिससँग भोलिपल्ट भेट हुँदा मदन दाइले अघिल्लो दिनको झगडालाई बिर्सिसकेको हुन्छ । उहाँको यो बानीलाई म अन्तर्मनबाट सम्मान गर्छु । उहाँको यो गुण बडो अद्वितीय छ । उहाँमा कसैका प्रति कुनै आग्रह पूर्वाग्रहको भावना छैन । सबैलाई समान दृष्टिकोणले व्यवहार गर्ने उहाँको आदत छ । अर्को उहाँको कमजोरी यो छ कि पटकपटक धोका दिएर आफ्नो तथा समाजका लागि समेत खराब र बेइमान भन्ने अनुभव गरिएका केही दुष्ट प्रवृत्तिका मानिससँग उहाँ सचेत भएको पाइँदैन । उहाँले गलत प्रवृत्तिको

एउटै व्यक्तिबाट पटकपटक धोका खानुभएको छ । उहाँलाई त्यस्ता मानिसले पटकपटक आफ्नो निजी स्वार्थका लागि प्रयोग गरेका छन्, गरिरहेका छन् ।

यिनै मानवीय आदर्शमय श्रेष्ठ भावनाका कारण मदनदास श्रेष्ठले समाजमा आफूलाई श्रेष्ठत्तम स्थानमा उभ्याउन सफल हुनुभएको छ । उहाँको उत्तरोत्तर प्रगति, सुस्वास्थ्य तथा सदा आनन्दमय, निश्चिन्त, शान्तिपूर्ण, उल्लासपूर्ण, उत्सवमय दीर्घ जीवनका लागि हार्दिक शुभकामना दिन्छु ।

# स्मृतिको तीरैतीर

**दीपक समीर**

कुरा हो, वि.सं. २०५१ सालको । म भर्खरै काठमाडौँ आएको थिएँ, अध्ययन पूरा गर्न र त्योभन्दा बढी कलाकार र सञ्चारकर्मी बन्न । त्यस बेला नाटक लेख्ने, बोल्ने एक मात्र निर्विकल्प थलो थियो– रेडियो नेपाल । स्कुल पढ्दै फाट्टफुट्ट रचनाहरू पठाउँथे र विभिन्न कार्यक्रमहरूमा पनि मेरो कला प्रसारण भइरहेका हुन्थे । हुन त २०४८ सालमै बालगीत प्रतियोगिता (सम्मेलन)मा भाग लिन गइसकेको र धेरथोर माया र हौसला त्यहाँबाट पनि पाइसकेकाले मेरा लागि रेडियो नेपाल खासै नयाँ थिएन । काठमाडौँ आएपछिको सपनाका केही शब्दलाई एउटा नाटक र एउटा गीतिकथाका रूपमा उतारेँ मैले । किनकि मदनदास श्रेष्ठ त्यत्ति बेला नाटकनिर्देशक मात्रै नभएर गीतिकथा पनि वाचन गर्थे, जुन निकै चर्चित पनि थियो । पुस महिनाको चिसोमा बिहानै सिंहदरबार गएँ । त्यस बेला नाटक बिहान रेकर्डिङ हुन्थ्यो र त्यो कुरा मलाई थाहा थियो । फेरि सिंहदरबारभित्र पस्न हिजोआजजस्तो गाह्रो पनि थिएन । रेडियो नेपालको गेटमा पुगेर सोधेँ उनलाई । गेटपालेले एकैछिन पर्खाए । त्यसपछि एकछिनमा भित्रबाट दुई जना मान्छे आए । गेटपालेले चिनाए– "उः उहाँहरूमध्ये देब्रेतिरको जितेन्द्र महत अभिलाषी र दाहिनेतिरको मदनदास श्रेष्ठ ।"

त्यसपछि मेरो मुटुको धड्कन बढ्न थाल्यो । कताकता डरडर लाग्यो । उनीहरू नजिकै आइपुगेपछि नमस्कार गरेँ र आफू आउनुको

कारण बताएँ । दुई ओटा स्क्रिप्ट पनि दिएँ । उनले क्यान्टिनमा लगे र चिया पिउँदै स्क्रिप्ट हेरे । अनि भने– "गीतिकथा ठीक छ, नाटकमा केही सुधार गर्नुपर्छ ।"

एकछिन बस्दै मलाई लाग्यो– मदनदास श्रेष्ठ भनेका दसैँको नाटकमा महिषासुर बनेर डरलाग्दो हाँसो हाँस्ने भए पनि हामीले सोचेजस्ता डर लाग्दा मान्छेचाहिँ होइन रहेछन् । उनी त कविहृदय भएका कोमल र सामान्य मान्छे रहेछन् । गीतिकथा प्रसारण भयो भएन मलाई थाहा भएन तर नाटकचाहिँ प्रसारण भयो । शीर्षक पनि परिवर्तन भयो 'कहाँ हराएकी थियौ ?' राखियो । मेरो स्क्रिप्टलाई उनी आफैँले सुधार गरेर तयार पारिदिए । जब त्यो नाटक पहिलो पटक रेडियो नेपालबाट प्रसारण भयो तब मैले त्यस बेला प्राप्त गरेको खुसी नै मेरो प्रथम र सर्वाधिक महत्त्वपूर्ण गुरुदक्षिणा थियो । त्यहीँबाट सुरु भयो मेरो नाटचयात्रा पनि ।

मदनदास श्रेष्ठ मेरा गुरु तथा अभिभावक दुवै भए तापनि मीठा मात्रै हैन केही तीता अनुभव पनि हाम्रा बीचमा छन् । मलाई नेदरल्यान्डसको आर.एन. टिसीमा तालिम लिन पठाउँदा होस् या विभिन्न समयका पर्व एवम् अवसरमा नाटक लेख्न आफैँले अवधारणा दिएर लेख्न लगाउँदा, मेरो श्रेणी वृद्धि होस् वा व्यक्तिगत समस्याहरूमा पनि आफ्नो ज्यानै दिएर सहयोग गर्दा होस्, हामीबीचको सम्बन्ध थप बलियो र आत्मीय बनिरह्यो । पछि पारिवारिक रूपमै हामी नजिक भएपछि त दुई-चार महिना घरमा नजाँदा उनी मात्रै हैन रेणु भाउजू पनि गुनासो गर्न थाल्थिन्, फोनमै भए पनि– 'हैन कहाँ हराएको ?'

कति न्यानो अभिभावकत्व, जसलाई प्राप्त गर्न सायद ठूलै तपस्या गर्नुपर्छ, तर यस अर्थमा म भाग्यमानी छु, मैले सजिलै पाएँ । जसरी पृथ्वी एक पाटो उज्यालो हुँदा अर्को पाटो स्वत: अँध्यारो हुन्छ, त्यसै गरी मदनदास श्रेष्ठसँग मेरो केही तीता नै त नभनौँ केही

नमीठा अनुभव भने छन् । वर्ष याद नभए पनि एउटा घटना याद छ । एसिया प्रशान्त क्षेत्रीय सङ्गठन (एबियु)मा हुन लागेको रेडियो नाटकमा रेडियो नेपालले पनि भाग लिने भयो । मदनदास श्रेष्ठहरूले निर्णय गरे २०२५ सालमा रेकर्ड गरिएको नाटक 'याङ्गी' पठाउने जसमा एक जना कलाकार यादव खरेल पनि थिए र लेखक मदनदास श्रेष्ठ । तर त्यस बेला रेकर्ड गरिएकाले त्यसको गुणस्तर र समय सापेक्षताका कारण त्यसलाई पुन: रेकर्ड गर्ने योजना बनाइयो । पुन: लेखन गर्ने जिम्मा मलाई दिइयो । तर मेरो धेरैतिर हात हाल्ने र हरेक काम ढिला गर्ने (साथीहरूको प्रतिक्रियाअनुसार) बानीले त्यहाँ नराम्रो असर गऱ्यो । मैले समयमै नाटक पुन: लेखन गरिनँ, म्याद सकियो । उनले त्यसमा साह्रै चित्त दुखाएछन्, पछि थाहा पाएपछि मलाई महिनौँ पश्चात्ताप लागिरह्यो । यस्ता मर्मस्पर्शी स्मरणहरू दर्जनौँ छन्, तर हाम्रो बीचमा नराम्रो भने कहिल्यै भएन । उनले मलाई गर्ने माया र मैले उनलाई गर्ने सम्मानको सन्तुलन सायद मिलेकाले नै होला ।

मलाई अर्को एउटा घटना पनि याद छ । यो अनुभव मेरा लागि तीतो पटक्कै छैन, तर अविस्मरणीय छ । मदनदास श्रेष्ठ र मेरो सामीप्यलाई कसैले ईर्ष्या गर्ने स्तरसम्म नफैलियोस् भन्ने उनको सतर्कता थियो त्यो । २०६० सालको कुरा, रेडियो नेपालले क्षेत्रीय नाटक महोत्सव प्रतियोगिता गर्ने भयो । पाँच विकास क्षेत्रका श्रेष्ठा एवम् समूहलाई रेडियो नेपालले स्टुडियो उपलब्ध गराई रेकर्डिङका लागि अनुमति पनि पाए । शूरवीर पण्डित, सुनिता मालाकार, अम्बिका प्रधान आदि कलाकार बोलाएर रेकर्ड गरियो र पेस गरियो । जम्मा उन्नाइस ओटा नाटक देशभरिबाट जम्मा भएछन् । निर्णायकहरूमा श्यामदास वैष्णव, लोकमणि सापकोटा, मदनदास श्रेष्ठ थिए । भइदियो के भने मेरो लेखन/निर्देशन रहेको नाटक उत्कृष्ट ठहरिएछ । अब मदनदास श्रेष्ठलाई आपत् पऱ्यो । भोलिदेखि हल्ला हुने भयो– 'आफ्नै चेलोलाई प्रथम बनायो' भनेर । अनि उनले भनेछन्– 'त्यहाँ निर्णायकमा

मदनदास श्रेष्ठ भएकाले आफ्नै चेलोलाई प्रथम बनाउने भन्छन्, त्यसैले मिल्छ भने यस नाटकलाई सेकेन्ड र अर्कोलाई प्रथम बनाइदिऊँ ।' त्यसपछि श्यामदास वैष्णव (जो मदनदास श्रेष्ठ स्वयम्का पनि गुरु थिए)ले गाली गरेछन्– 'तिमीजस्तो निडर मान्छेले पनि यसरी डराएर हुन्छ ? यसो गर्दा ऊप्रति अन्याय हुँदैन ? तिम्रो चेलो हुनु नै त्यो निर्देशकको दोष हो र ? त्यो कुरा छोडौँ, जे छ, त्यही सार्वजनिक गरौँ ।' त्यसपछि नतिजा सोहीअनुसार सार्वजनिक गरियो । मैले लेखन/निर्देशन गरेको नाटक प्रथम भयो । कहिलेकाहीँ जतिसुकै निडर र निष्पक्ष मान्छेलाई पनि हाम्रो समाजले प्रदान गर्ने दोष र आरोपले गलाउँदो रहेछ । यहाँ त्यस्तै भयो तर त्यसमा मैले कहिल्यै अन्यथा सोचिनँ । त्यो हामीबीचको आत्मीयताको एक नमुना थियो र निरन्तरताको एक प्रयास ।

सानो छँदा बाख्रा चराउन जाँदा, स्याउला काट्दा खल्तीमा राखेको रेडियोमा शनिबार १:३० बजे रेडियो नै फुटाउला जस्तो गरी बोल्ने मान्छे, एक हिसाबमा मेरा आदर्श गुरु मदनदास श्रेष्ठ, जससँगका हरेक भेट र सहयात्रा मेरा लागि मार्गदर्शक भए । हुन त त्यस बेला यिनको खासै महत्त्व थिएन, तर जब समयले परिपक्व बनाउँदै लग्यो, व्यावसायिक बन्दै गइयो, तब क्रमशः याद गर्न थालियो ती क्षणहरूलाई । हरेक कुरामा रहेको एक उच्च सामीप्य हिजोआज सम्झने र सिक्ने दुवै साधन भएका छन् । रेडियो नेपालको ६ नम्बर स्टुडियो, पोखरीको डिल, पुरानो घरको छिँडीमा रहेको क्यान्टिन, सहकर्मी एवम् अग्रज व्यक्तिहरू सबै एक सिङ्गो अध्याय भए । निकै स्पर्शमा, आत्मविश्वास सपनाभित्र मेरा आदरणीय गुरु मदनदास श्रेष्ठको कलात्मक छाया सलबलाएको छ । उनले मलाई अवसर नदिएको भए, नसिकाएको भए, अझ सिङ्गो रेडियो नाटकलाई नै चार दशकसम्म सेवा गरेर उच्च परिचय नदिएको भए म सञ्चारको दुनियाँमा सायदै हुन्थे होला ! मदनदास श्रेष्ठले मलाई सिकाएको अर्को

एउटा महत्त्वपूर्ण कुरा के हो भने उनलाई मैले चिनेँ र भेटेदेखि नै सामाजिक काम र अभियानहरूमा लागिरहने मान्छे । त्यसबाट मैले पनि आफ्नो सिर्जनामा हरेक समय सामाजिक भाव मिसाउन थालेँ र मेरो परिचय नै पछि त्यही भयो । हिजोआज टेलिभिजनमा उनको अन्तर्वार्ता या अभिनय देखेँ भने म प्राय: आँखा चिम्लेर सुन्ने प्रयास गर्छु । किनकि मेरो उनीसँगको पृष्ठभूमिमा रेडियो अर्थात् ध्वनि लुकेको छ । उनलाई हेर्न त म मेरो कार्यालयबाट पाँच-सात मिनेटको दूरीमा रहेको घट्टेकुलोमा रहेको उनको घरमा गए पनि पाइहाल्छु । तर त्यो अभिनय रेडियोमा सुन्न र अनुभव गर्न भने पाउन छाडेको छु र सायद म त्यसैको तृष्णा मेट्न चाहन्छु । अनि मनमनै सोच्छु– 'मदनदास श्रेष्ठलाई भगवान्ले यो पृथ्वीमा नाटक गर्नकै लागि पठाएका हुन् । आफ्नो क्षमताले भ्याएसम्म र जीवन नै समर्पित गरेर उनले पनि त्यो गुन तिरे । यो अलौकिक आदनप्रदान निकै थोरै व्यक्तिमा मात्र सम्भव हुन्छ र त अरबौँ मान्छेका बीचमा पनि तिनीहरू सिङ्गो इतिहास बनेर बाँच्छन् । मदनदास श्रेष्ठ यस अर्थमा नेपाली रेडियो नाटकको क्षेत्रमा एक सिङ्गो इतिहास हुन्, सम्राट् हुन् । करिब दुई दशकको कलात्मक, व्यक्तिगत, पारिवारिक र व्यावसायिक सङ्गीतमा मैले मदनदास श्रेष्ठका दुई ओटा व्यक्तित्व पाएको छु । एउटा कलाकार मदनदास, अर्को स्वाभिमानी मदनदास । उनी कुशल कलाकार त हुन् नै, उनले स्वाभिमान गुमाएर कहिल्यै बाँच्ने कोसिस गरेनन् । त्यही निडर, स्पष्ट र स्वाभिमानी व्यक्तित्वका कारण रेडियो नेपालको प्राङ्गणभित्रै कैयौँ पटक धेरै जनासँग उनको झगडा परेको पनि देखेको छु । तर उनी झुकेको कहिल्यै देखेको छैन । जीवनको चारचार दशक रेडियो नाटककै लागि बाँचेका मदनदासको त्यो त्याग र समर्पणको उचित कदर गरेन भने रेडियो नेपाललाई महापाप लाग्नेछ । किनकि, रेडियो नाटकमार्फत सिङ्गो रेडियो नेपालको छवि उच्च बनाउन उनको योगदान अद्वितीय र स्वर्णिम छ । यो भनेबापत कुनै कठघरामा उभ्याइन्छ भने त्यो मलाई मन्जुर छ ।

# आम जनतामा पुगेका कलाकार

**ध्रुव मधिकर्मी**

त्यस बेला प्रत्येक शनिबार रेडियो नाटक सुनिन्थ्यो । रेडियोमा नाटक सुन्नु मनोरञ्जनको विषय मात्र नभएर साहित्यमा रुचि भएकाले के कस्तो विषयमा नाटक लेखियो भन्ने चासो पनि हुन्थ्यो । त्यसैले कुनै बेला संयोगले नाटक सुन्न पाइएन भने ठूलै कुरो गुमेजस्तो लाग्थ्यो । नेपाल टेलिभिजनको प्रसारणदेखि भने रेडियो नियमित सुन्ने बानीमा विराम लाग्यो । तैपनि विशेष अवसरमा सुनिन्थ्यो ।

त्यसैको फल हो कलाकार मदनदास श्रेष्ठसितको परिचय र लगाव । २०४७ साल असारदेखि रेडियो नेपालमा प्रवेश गरेदेखि कलाकार मदनदास श्रेष्ठलाई भौतिक रूपमा देख्न र चिन्न थालेको हुँ । उनी बिहान नाटकका लागि आउँथे । दिनैपिच्छेको भेट र देखादेखले एक प्रकारको परिचय भइसकेको थियो । त्यसैले बोल्न कुनै धक लागेन । समाचार सम्पादनका अलावा मैले केही समय रेडियो नेपालबाट प्रसार हुने विविध कार्यक्रमका लागि रचना छनोट र सम्पादनको काम पनि गरें । त्यस बेला त कलाकार एवम् नाटकनिर्देशक मदनदाससँग झन् नाटकलाई लिएर सम्पर्क र कुराकानी हुने नै भयो । उनी मलाई अचेल राम्रा नाटक पाइनै गाह्रो भो भन्थे र म लेखक भन्ने थाहा भएपछि त झन् एउटा नाटक तयार गरौँ न भनिरहन्थे ।

कलाकार मदनदाससित रेडियोमा रहुन्जेल मात्र होइन उनी रेडियोबाट अवकाश लिएर गएपछि पनि उनीसित त्यतिकै हार्दिक

एवम् आत्मीय सम्बन्ध रहिरहेको छ । उनीसित यदाकदा कार्यक्रमहरूमा भेट भइरहन्छ । ती भेटहरूमा उनी बडो आत्मीय भएर कुरा गर्छन् । रेडियोको स्मरण गर्छन् । रेडियोमा कार्यरत मित्रहरूका बारेमा सोध्छन् । उनीसित हुने रमाइला कुराकानीमा उनको बेजोड हाँसो म प्राय: सम्झिरहन्छु ।

मैले रेडियो नेपालमा कलाकार मदनदाससित २०५० सालतिर एउटा अन्तर्वार्ता लिएको थिएँ । त्यस बेला ज्ञानुवाकर पौडेल रेडियोको मुखपत्र 'झङ्कार'का कार्यकारी सम्पादक थिए । उनैले एउटा अङ्कका लागि कलाकार मदनदासको अन्तर्वार्ता राख्ने कुरा गरेपछि ज्ञानुजीकै कक्षमा बसेर कुराकानी गरिएको थियो । त्यस कुराकानीपछि कलाकार मदनदाससित हाम्रो घनिष्ठता बढेको हो । यहाँ प्रस्तुत छ उनीसितको त्यही कुराकानी ।

•

कलाकार मदनदास श्रेष्ठको अभिनय क्षेत्रसँग परिचय सानै उमेरदेखि भएको हो । प्रतिभा भन्ने कुरो जन्मजात हुँदैन । तर प्रत्येक मान्छेभित्र प्रतिभा लुकेको हुन्छ, यो निश्चित हो । समय, अवसर, पारिवारिक स्थिति, परिवेश तथा प्रोत्साहनले लुकेर रहेको प्रतिभाको बीउलाई हुर्कन र झाँगिन सघाउ पुऱ्याउँछ ।

दोलखा जिल्लाको दोलखा बजारमा नारायणदास श्रेष्ठ र रुद्रमाया श्रेष्ठको घरमा पुत्रका रूपमा मदनदास श्रेष्ठको जन्म वि.सं २००५ सालमा भयो । जन्म दोलखा भए पनि कलाकार मदनदासको कर्मक्षेत्र भने काठमाडौँ रह्यो । पिताको जागिरले गर्दा काठमाडौँ बसाइ अनिवार्य भयो । काठमाडौँ बसाइ नै वास्तवमा बालक मदनदासलाई कलाक्षेत्रमा ल्याउने प्रेरक तत्त्व रह्यो ।

बर्सेनि हुने गाईजात्रा, त्यस अवसरमा देखाइने प्रहसनहरू, बेलाबखत ठाउँठाउँमा देखाइने डबली नाटकहरूले मदनदासभित्र

नजानिँदो प्रकारले अभिनयप्रति लगाव पैदा गर्न थाल्यो । उनी नाटक प्रहसन हेर्न भनेपछि हुरुक्क हुन्थे । साथीहरूसँग यस्ता कार्यक्रमहरू अबेरअबेरसम्म हेर्न पुग्थे । बिस्तारबिस्तार उनमा अभिनयप्रति रुचि बढ्न थाल्यो । मानिसभित्र कुनै न कुनै क्षेत्रमा आफूलाई समर्पण गर्ने चाहना हुन्छ । कसैमा यो चाहना उत्कट हुन्छ र आजन्म त्यसैमा लागिहाल्छ । अनेकौँ दु:ख र हन्डर भोगेर पनि कसैका भने चाहना परिस्थितिवश मात्र हुन्छ र कुनै मोडमा त्यस्तो चाहना बदलिहाल्छ । मदनदासभित्र भने अभिनयप्रतिको चाहना जीवनकै उद्देश्यका रूपमा जरो गाडियो ।

२०२१ सालमा आएर उनीभित्रको सपनाले साकार रूप लिन थाल्यो । कृष्णप्रसाद रिमालको लेखन एवम् निर्देशनमा 'गहना' नाटकमा उनले पनि एउटा भूमिका पाए । त्यो भूमिका तथा उनको स्वरबाट मुग्ध भएर श्यामदास वैष्णवले उनलाई रेडियोमा ताने । श्यामदास वैष्णव त्यतिखेर रेडियो नेपालमा नाटकनिर्देशक थिए । अनि मदनदास श्रेष्ठको अभिनय यात्रा सुरु भयो । २०२७ सालमा एकेडेमीमा उनी 'क' श्रेणीको कलाकारमा जागिरे भए तर उनले त्यो जागिर २०३१ सालमा छोडे । उनका अनुसार त्यहाँ उत्साहअनुरूप काम भएन । एउटा कलाकारले हरहमेसा आफ्नो प्रतिभा देखाउने अवसर खोजिरहन्छ । केही नयाँ गर्ने विचार च्यापिरहन्छ । जब यस विषयमा केही हुँदैन तब कलाकारको मनले त्यहाँबाट मुक्ति खोज्नु स्वाभाविक पनि हो । त्यसो त यसबीच उनले विभिन्न कलेज तथा स्कुलहरूमा नाटक निर्देशन तथा अभिनय पनि गरे ।

त्यसपछि उनले साझा प्रकाशनमा जागिर खाए । त्यहाँका प्रमुख कृष्णचन्द्रसिंह प्रधानले उनलाई बोलाएर धनगढीमा उपशाखा प्रमुखको हैसियतले पठाउने कुरा सुनाए । उनी त्यता गए । त्यहाँ पनि उनले नाटकप्रतिको रुचि त्यागेनन् । यद्यपि धनगढीमा नेपाली नाटकको परम्परा नै थिएन, चाडपर्वमा नौटङ्की देखाइन्थ्यो ।

उनी त्यहाँ पुगेपछि सिडिओलाई भनेर नेपाली नाटक देखाउनेतर्फ लागे । धनगढीमा पहिलो पटक नेपाली नाटक विजय मल्लको 'पत्थरको कथा' मञ्चन भयो जसमा त्यहाँका महिला कलाकारहरूले पनि अभिनय गरेका थिए । यो नाटक प्रदर्शनपछि त्यहाँ नाटक एवम् साहित्यका पुस्तकहरू निकै बिक्री भए । एक वर्षपछि उनी काठमाडौँ फर्केर रेडियो नेपालमा कृषि कार्यक्रमका लागि जेटिए बनेर नाटकहरू गर्न थाले । २०४१ सालदेखि कृषि विकास शाखाबाट सरुवा भएर उनी रेडियो नेपालमा समान तहमा स्थानान्तरित भएका हुन् ।

नाटक क्षेत्रमा रुचि भए पनि त्यसैमा लागिहाल्ने प्रेरणा भने उनलाई एउटा नेवारी नाटकबाट प्राप्त भएको कुरा कलाकार मदनदास श्रेष्ठ बताउँछन्– दुर्गालाल श्रेष्ठको नाटक 'रामबहादुरया संसार' त्रिचन्द्र कलेजमा हेरेपछि मलाई पनि यस्तै अभिनय गर्ने जोस पैदा भयो । त्यसपछि म दुर्गालालकहाँ पुगेँ र त्यसको नेपालीमा नाटक गर्ने इच्छा पोखेँ । अलि दिनपछि एउटा पत्रिकामा त्यसको अनुवाद पनि छापियो । त्यही नाटक लिएर जी.ए.ए.को वन एक्ट प्ले फेस्टिबलमा मैले भाग लिएँ । नाटक निकै राम्रो भयो र मैले बेस्ट एक्टरको सिल्ड प्राप्त गरेँ । ठूलो सफलता पाएको अनुभव गरेँ मैले । यसको अलावा मलाई साथीभाइहरूको प्रोत्साहन, दर्शक-श्रोताहरूको सहानुभूतिले पनि यस क्षेत्रमा केही गर्ने हौसला र प्रेरणा निरन्तर प्राप्त भइरहेको छ ।

पहिला पहिला रेडियो नेपालबाट प्रसारित हुने नाटकहरू प्रत्यक्ष प्रसारण हुन्थ्यो । त्यस बेला पनि उनले निकै नाटकहरू गरे । मदनदासको स्वर आफ्नै प्रकारको मौलिकतायुक्त भएको हुनाले उनलाई अक्सर चाडपर्वमा प्रसारित हुने ऐतिहासिक एवम् धार्मिक नाटकहरूमा नेगेटिभ रोल दिइन्थ्यो । उनी रेडियोकै माध्यमले व्यापक रूपमा आमजनतामा चिनिएको अनुभव गर्छन् । त्यस बेला उनले हरिप्रसाद

रिमालको निर्देशनमा धेरै नाटकहरूमा विविध खालका रोलहरू गरे । केही गर्ने, सिक्ने तथा आफूलाई परिमार्जित गर्ने अवसर उनलाई रिमालको कार्यकालमा प्राप्त भयो । त्यस बेलाका नाटकहरूमध्ये उनलाई राम्रो लागेको एउटा नाटक 'खण्डहरमा फुलेको एक्लो फूल' पनि हो ।

रेडियो नेपालले आफ्नो जीवनकालमा सुरुदेखि नै निकै कलाकार जन्माएको छ, हुर्काएको छ । मदनदास भन्छन्– रेडियो नभएको भए यति धेरै प्रतिभाको विकास सम्भव थिएन ।

पहिला रेडियो नेपालले निकै राम्राराम्रा नाटकहरू तयार गर्थ्यो । मान्छेहरू शनिबार आउनासाथ एउटा पर्वझैँ गरेर नाटक सुन्न रेडियोनजिक झुम्मिन्थे । आज पनि रेडियो नाटक उत्तिकै चाख मानेर सुन्छन् । तर पहिलाको अनुपातमा केही कम भने अवश्य भएको छ । मनोरञ्जनका धेरै साधनहरू पनि त अब भइसके । टेलिभिजन, सिनेमा हल आदि । साथै अचेल उच्चकोटिका उत्कृष्ट एवम् राम्रा नाटकहरू पनि साह्रै कम लेखिएका छन् । विजय मल्ल, गोविन्द मल्ल गोठाले, रमेश विकल, श्यामदास वैष्णव जस्ता नयाँ नाटककारहरू पनि त धेरै छैनन् अहिले । अचेल राम्रा नाटकका लागि रेडियोले कति व्यक्तिसित चिठीपत्र गर्दा पनि पाउन सकिरहेको छैन ।

रेडियो नेपालमा मदनदास श्रेष्ठ अहिले नाटक कलाकारका रूपमा छैनन् । उनी रेडियोमा अचेल गीतिकथा प्रस्तुत गर्छन् । नाटकहरूको जिम्मा लोकमणि सापकोटा र दीपक कोइरालाले हेर्छन् । तर उनी त्यसको 'सुपरिभिजन' भने गर्छन् ।

कलाकार मदनदास श्रेष्ठ अचेल सानो एवम् ठूलो पर्दामा अति व्यस्त छन् । त्यसैले रङ्गमञ्च र नाटकसितको निरन्तरता टुटेको छ । तर उनीभित्र अझै पनि नाटक खेल्ने रुचि रहर बाँकी नै छ ।

रेडियो नाटक र मञ्चीय नाटकमा के फरक अनुभव गर्नुहुन्छ ? ज्ञानुवाकरको यो प्रश्नमा उनी भन्छन्– 'फरक त छ । रेडियो नाटकमा स्वरको हावभाव र सङ्गीतले श्रोतालाई तान्नुपर्छ । स्वरबाटै श्रोतालाई दृश्य अवगत गराउनुपर्ने हुन्छ । तर मञ्चीय नाटकमा स्वरले मात्र पुग्दैन शारीरिक हावभावको पनि उत्तिकै आवश्यकता पर्छ ।'

मदनदास श्रेष्ठ महिला कलाकारहरूमा शकुन्तला शर्मा, सुशीला रायमाझीलाई राम्रा कलाकारका रूपमा ठान्छन् भने पुरुष कलाकारमा कृष्ण मल्ल, अशोक पाण्डे, शिशिरकुमार शर्माको प्रभाव राम्रो रहेको बताउँछन् ।

एउटा कलाकारका लागि भूमिकाभन्दा अभिनय प्रमुख कुरो हो । कुनै पनि भूमिका अभिनयबिना सजीव हुन सक्तैन । भूमिका सकारात्मक होस् वा नकारात्मक त्यो जीवन्त छ कि छैन यो महत्त्वपूर्ण कुरो हो । अभिनेता मदनदास श्रेष्ठलाई नाटक एवम् सिनेमामा धेरै प्रकारका भूमिकाहरू प्राप्त भयो तर उनलाई निगेटिभ रोलहरू बढी प्राप्त भए पनि पोजिटिभ रोल मन पर्छ । केही सिनेमाहरूमा उनका पोजिटिभ रोल पनि उतिकै सशक्त छन् । साथसाथै उनी चक्रव्यूह (टेलिसिरियलको निगेटिभ) रोललाई पनि राम्रो मान्छन् । पोजिटिभभन्दा निगेटिभ रोल गर्न सजिलो छ, उनी भन्छन्– तैपनि मैले 'निमित्त नायक' टेलिसिरियलपछि निगेटिभ रोल गर्न ज्यादै कम गरेको छु ।

अभिनयमा लागेर आर्थिक उपलब्धि र सन्तुष्टि कतिको अनुभव प्राप्त भएको छ ? भन्ने प्रश्नको जबाफमा कलाकार मदनदास श्रेष्ठ बिनासङ्कोच सहज रूपले बताउँछन्– 'सन्तुष्ट नै छु । यद्यपि आर्थिक उपलब्धि खासै छैन । तर मलाई आत्मिक सन्तोषचाहिँ केमा लागेको छ भने हामी सात जना दाजुभाइमा म समाजमा अलि बढी चिनिएको छु । घरमा टोलमा म आफ्नै

नाउँले चिनिएको छु कलाकारका रूपले । तर मेरा दाजुहरू तथा भाइहरू वा परिवार मदनदासको दाजु या भाइका रूपमा चिनिन्छन् । २०४२ सालमा बुबाको मृत्यु हुँदा म क्रियामा थिएँ त्यति बेला मित्रहरूले गोरखापत्रमा समवेदना व्यक्त गरे । कति मित्रहरू घरैमा आए । त्यति बेला आफू कलाकार भएकोमा गर्व लाग्यो नत्र घरमा मलाई अभिनयमा लागेर बिग्रे भन्थे । कमसेकम आर्थिक लाभ नभए पनि कलाकारका रूपमा सामाजिक प्रतिष्ठा प्राप्त गरेको छु । यसैमा सन्तोष लाग्छ ।'

'त्यसो भए आफ्ना सन्तान फिल्ममा लागे के गर्नुहुन्छ ?' ज्ञानुवाकर अर्को प्रश्न गर्छन् ।

उनी भन्छन्– 'म रोक्दिनँ । तिनीहरूको इच्छाअनुसार जे गर्छन् गरून् । स्वतन्त्रता दिन्छु । छोराचाहिँ अभिनयमा रुचि राख्छ, लागिराछ ।'

'भावी योजना के छ ?' म सोध्छु ।

'अहिलेसम्म त निरन्तर लागिरहने मात्रै । त्यसो त सधैँ यो काम गरिँदैन । भविष्यमा समयले साथ दियो भने निर्देशनतिर लाग्ने पनि विचार छ ।'

ज्यादाजसो नेपाली फिल्महरू हिन्दी सिनेमाबाट प्रभावित छन् भन्ने ज्ञानुवाकरको भनाइलाई मदनदास पनि स्विकार्छन् । 'निर्माताले चालीस-पचास लाख लगानी गर्ने भएकाले व्यवसायले प्रमुखता लिनु स्वाभाविकै हो । यो स्थितिमा कलाकारले पनि सम्झौता गर्नुपर्ने अवस्था छ । अतः यस विषयमा सरकारले सोच्नुपर्छ नेपाली कला र संस्कृतिलाई सुरक्षित गर्न सरकारले एउटा क्राइटेरिया बनाउनुपर्छ, सुविधा जुटाउनुपर्छ', मदनदास श्रेष्ठ भन्छन् ।

अहिले कलासंस्कृतिको अवस्थाप्रति मदनदास श्रेष्ठ पनि उत्तिकै चिन्तित छन् जति यस विषयमा अन्य व्यक्तिहरू । नाटक साहित्य र

मञ्चन शून्य अवस्थामा झैँ छ । प्रज्ञाप्रतिष्ठान, नाचघर र सभागृहको क्रियाकलाप छैन । यस्तो स्थितिको अन्त्य गर्न संस्कृति तथा समाज कल्याण मन्त्रालयले केही ठोस कार्य गर्नु आवश्यक छ । कला, संस्कृति, नाटक, साहित्यजस्ता राष्ट्रिय निधिका यावत् विषयहरूमा सोच्नुपर्ने बेला आइसकेको छ ।

हालसम्म कलाकार मदनदास श्रेष्ठलाई सर्वनाम नाट्य समूहबाट नाटकमा उल्लेखनीय योगदान गरेबापत २०४१ सालको सर्वनाम पुरस्कार र अभियान समूहले उत्कृष्ट चरित्र अभिनेताका रूपमा पुरस्कृत गरेको छ ।

**• रेडियो नेपालको 'रुङ्कार' भदौ/असोज २०५० बाट साभार**

# नाटचभूषण : मदनदास श्रेष्ठ

**नरेन्द्रराज प्रसाई**

नेपाली रङ्गमञ्चका एक जना प्रतापी व्यक्तित्व थिए नाटचसम्राट् बालकृष्ण सम; अनि नेपाली परिवेशमा आधुनिक नाटक भित्र्याउने नाटचशिरोभूषण थिए बालकृष्ण सम र नेपाली संसारमा नाटक लेख्तै, खेल्दै, खेलाउँदै गर्ने नाटचजगत्‌गुरु थिए बालकृष्ण सम ।

नाटचशिरोभूषण बालकृष्ण समका नाटचचेलाहरू कृष्णप्रसाद रिमाल, जनार्दन सम, पं.श्यामदास वैष्णव, गोपीनाथ अर्याल, हरिप्रसाद रिमाल, यदुकुमारी, भैरवबहादुर थापा, प्रचण्ड मल्ल, रत्नदास प्रकाश, बेखानारायण महर्जन, नारायणप्रसाद श्रेष्ठ, नीरविक्रम प्यासी, जगन्नाथ तिमिल्सिना, जितेन्द्र महत अभिलाषी, रवि शाह, शान्ति मास्के, सुभद्रा अधिकारी, भुवन चन्द, वसुन्धरा भुसाल आदिको भूमिका यस क्षेत्रमा बिर्सिनसक्नुको छ । तिनीहरूकै प्रेरणा, विद्या र सहयोगका कारण मदनदास श्रेष्ठ पनि नाटचक्षेत्रमा सक्रिय भए । त्यही परिवेशमा उनका आदर्श व्यक्तित्व नाटचसम्राट् बालकृष्ण समको नाटचकलाको प्राय: सम्पूर्ण शैली बोक्न श्रेष्ठ अग्रसर भए । त्यसैले यी यस क्षेत्रमा सम्मानित, आदरणीय र प्रेरक बन्दै पनि गए । उनको प्रखर योगदानले उनी नाटचभूषणमा दरिन थाले । छोटकरीमा भन्ने हो भने बालकृष्ण समका प्राय: अनेकौं योगदानलाई आफ्नो थाप्लोमा बोकेर हिँड्ने नाटचभूषणको नाउँ हो मदनदास श्रेष्ठ । उनी बालकृष्ण समका नाटचचेला हुन्, अनुयायी हुन् र हिमायती हुन् । उनका लागि बालकृष्ण

सम नेपाली नाटकका संसार थिए । वास्तवमा त्यही बिँडो, त्यही चक्र र त्यही बाटो समाएर नै मदनदास श्रेष्ठ नाटचभूषणमा स्थापित भए । हुन त श्रेष्ठभन्दा अघिका नाटचकलाकारहरू पनि नेपाली नाटक परम्पराका भूषण नै मानिन्छन् ।

मदनदास श्रेष्ठ निष्ठाले श्रव्यमा नाटक खेले र दृश्यमा नाटक खेले । उनी निष्ठाले रङ्गमञ्चमा उभिए र निष्ठाले श्रव्यदृश्यमार्फत नेपाली नाटकलाई शिखर आरोहण गराउन समर्पित भए । वास्तवमा उनी आफू मात्र खेलेनन् र निर्देशन गरेनन्, उनले बालकृष्ण समले झैँ कैयौँलाई बोकेर नाटचशालामा ल्याए । उनले कसैलाई खेल्न सिकाए, कसैलाई निर्देशनका लागि अग्रसर गराए र कसैलाई नाटक लेख्न पनि लगाए । मानौँ उनी नाटच र चलचित्र क्षेत्रमा मोतीराम भट्ट नै भए । त्यसैले मदनदास श्रेष्ठ नेपाली नाटचकलाका नम्बरी सुनमा गणना भए । यी सबैको जोडघटाउ गर्दै उनको निरन्तरता, स्तरीयता, सक्रियता, समर्पण, त्याग र निष्ठाले उनी आधुनिक नाटचजगत्का भूषणका लागि सबल हुन पुगे । उनको योगदानले नेपाली नाटचसंस्कृतिले नेपाली संसारमा जरा हालेको छ ।

मदनदास श्रेष्ठको जन्म २००५ साल असार १५ गते जनकपुर अञ्चलको दोलखा जिल्लाको दोलखा बजारमा भएको थियो । नारायणदास श्रेष्ठ र रुद्रमाया श्रेष्ठका माहिला छोरा मदनदास श्रेष्ठले आई.ए. मात्र पास गरे । तर उनी नाटचकर्मीहरूका महाविद्यालय बने । उनी नाटचकर्मी र सिनेकर्मीहरूका लागि प्रेरक, हौसला र पथप्रदर्शक पनि बने ।

मदनदास श्रेष्ठले १६ वर्षको उमेरमा सर्वप्रथम रङ्गमञ्चमा प्रवेश गरेका थिए । २०२१ सालमा उनले काठमाडौँको क्षेत्रपाटीमा अवस्थित नेपाल कलाकेन्द्रबाट सञ्चालित नाटकमा भाग लिएर आफ्नो नाटचअभियानलाई अघि बढाएका थिए । त्यसपछि उनले डिल्लीबजारस्थित नेपाल सांस्कृतिक सङ्घ, सनातन धर्म सेवा समितिमार्फत आफ्नो अभिनय जारी राखेका थिए ।

मदनदास श्रेष्ठ २०२७ सालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान पुगे । यिनलाई त्यहाँ पुऱ्याउने व्यक्ति थिए नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका प्राज्ञ पं.श्यामदास वैष्णव । वास्तवमा त्यतिखेर नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान आजको जस्तो राजनीतिको गन्हाउने अखडा थिएन । त्यहाँ ख्याति आर्जन गरेका मर्यादित र विज्ञ मात्र प्राज्ञ हुन्थे । त्यहाँ अहिले जस्ता दलका नेताका पाउका धुलाहरू प्राज्ञ हुँदैनथे । बालकृष्ण समदेखि श्यामदास वैष्णवसम्म र केदारमान व्यथितदेखि सूर्यविक्रम ज्ञवालीजस्ता व्यक्ति मात्र प्राज्ञ हुन्थे । भनौँ, साराले मानेका व्यक्तिहरू नै नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका प्राज्ञ । त्यसैले त्यहाँ कला, साहित्य र संस्कृति फक्रेको हुन्थ्यो ।

मदनदास श्रेष्ठलाई सुरुमा नै प्रज्ञाप्रतिष्ठानले 'क' श्रेणीको कलाकारका रूपमा भर्ना गरेको थियो । तर वैष्णवले नै दुई जना प्रतिभाशाली कलाकारहरू गिरिजा श्रेष्ठ र सुवर्णसुन्दरीलाई भर्ना गर्नुपर्ने कारण खुलाएर मदनदास श्रेष्ठलाई ललाईफकाई त्यहाँबाट बिदा गरे । एक वर्षपछि वैष्णवले फेरि उनलाई त्यहीँ फिर्ता बोलाएर नियुक्तिपत्र दिए । त्यस बेला उनी फेरि खुसी भए र ती दुई केटीले पनि उनीप्रति कृतज्ञता जनाए । त्यहाँ बसिन्जेल उनले विभिन्न ऐतिहासिक, पौराणिक र सामाजिक नाटकहरूमा अभिनय गरेका थिए । उनी त्यस ठाउँमा २०३१ सालसम्म कार्यरत थिए ।

चलचित्रकै कुरा गर्ने हो भने मदनदास श्रेष्ठले २०४३ सालदेखि चलचित्रमा आफ्नो कुशल अभिनय देखाउन थालेका थिए । उनलाई चलचित्रमा पुऱ्याउने व्यक्ति प्रदीप रिमाल थिए । उनी चरित्र अभिनेतामा प्रख्यात भए । साथै अनगिन्ती टेलिचलचित्र र भिडियो चलचित्रहरूमा उनको सशक्त अभिनय भइरह्यो । खास गरेर नेपाल टेलिभिजनको स्थापनापछि त्यहाँबाट निर्माण हुने टेलिचलचित्रहरूमा उनको निर्देशन र अभिनयले दर्शकको मन जितेका थिए । साथै नेपाल टेलिभिजनबाट निर्माण हुने दर्जनौँ वृत्तचित्र पनि उनले निर्माण गरेका थिए । त्यहाँबाट

प्रस्तुत हुने धारावाहिक चलचित्रहरूमा उनको अभिनय दर्शकहरूको प्रशंसाको विषय हुन जान्थ्यो । उनले दर्जनौँ टेलिचलचित्रमा पनि अभिनय दर्शाएका थिए ।

रङ्गमञ्चीय नाटक र चलचित्रमा मात्र मदनदास श्रेष्ठ समर्पित भएर लागेनन् । उनले रेडियो नेपालबाट प्रसारण हुने रेडियो नाटकहरूमा पनि भाग लिइरहे । पं.श्यामदास वैष्णव रेडियो नेपालमा नाटकनिर्देशक भएका कारण वैष्णवले नै उनलाई रेडियो नेपाल पुऱ्याएका थिए । त्यसपछि मदनदास श्रेष्ठको स्वर अभिनय पनि श्रोताको मनमस्तिष्कमा रहिरहन्थ्यो । उनले २०२१ सालदेखि नै रेडियो नेपालमा स्वर अभिनय प्रस्तुत गरेका थिए । खास गरेर २०३५ सालदेखि जागिरेका रूपमा रेडियो नेपालमा रहेर रेडियोनाटक उत्पादन र निर्देशन कार्यमा उनको गुरुतर भूमिका थियो । उनले रेडियो नेपालमा प्रसारण प्रमुख रहेर गरेको योगदान अविस्मरणीय छ ।

मदनदास श्रेष्ठले आफ्नो दिनचर्या धान्ने हेतु विभिन्न समयमा विभिन्न ठाउँहरूमा पनि काम गरे । उनले नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, सांस्कृतिक संस्थान, साझा प्रकाशन, रेडियो नेपाल, कृषि मन्त्रालय, नेपाल टेलिभिजन, साङ्ग्रिला च्यानल, नेसनल स्टुडियो फिल्म ट्रेनिङ (कलेज व्यवस्थापन) आदिमा रहेर काम गरेका थिए । साथै उनी कलेज अफ फिल्म इन्डस्ट्रिज र सूचना तथा सञ्चार मन्त्रालयको केन्द्रीय चलचित्र जाँच समितिको सञ्चालक सदस्यका रूपमा पनि कार्यरत थिए ।

मदनदास श्रेष्ठ केवल नाटक र चलचित्रमा मात्र आबद्ध थिएनन् । उनी समाजसेवीका रूपमा पनि प्रख्यात मानिन्छन् । आफू २१ वर्ष भएपछि समाजसेवामा उनले आफूलाई समाहित गर्न सुरु गरेका थिए । त्यस बेला उनीसमेतको सक्रियतामा कालिञ्चोक युवा क्लबको स्थापना भएको थियो । उनकै सक्रियतामा दोलखा पर्यटन प्रवर्द्धन समितिको पनि स्थापना भएको थियो । आफ्नै गाउँको स्कुलको सञ्चालक

समितिमा रहेर होस् या पुस्तकालयको स्थापनाका लागि समर्पित रहेर होस् अथवा विजय मेमोरियल हाइस्कुल र अक्सिडेन्टल हाइस्कुलको व्यवस्थापन समितिमा रहेर होस् या काठमाडौँको डिल्लीबजार घट्टेकुलो शान्तिनगर विकास समितिको संस्थापक अध्यक्ष भएर होस् उनले सामाजिक जागरणमा प्रशस्तै पसिना बगाएको पाइन्छ । उनैको समेत पहलमा घट्टेकुलो बहुउद्देश्यीय सामाजिक केन्द्र तथा सामुदायिक प्रहरी केन्द्रको स्थापना भएको थियो । अन्य अनेक विविध सेवा गरेर उनले नेपाली समाजका लागि आफ्नो मन, वचन र कर्म अर्पण गरेका अरू थुप्रै उदाहरणहरू पनि छन् । ज्येष्ठ नागरिक सेवा केन्द्रको संस्थापक महासचिव, राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घको केन्द्रीय उपाध्यक्ष भएर उनले गरेका कार्य पनि स्मरणीय रहेका छन् । दोलखाको गौरीशङ्कर बहुमुखी क्याम्पसको सञ्चालक समितिको सदस्य भएताका उनले क्याम्पसलाई झन् बलियो बनाउने हेतु महायज्ञको आयोजना गरेका थिए । त्यस यज्ञको उनै संयोजक थिए । त्यस बेला यज्ञमार्फत उनले झन्नै दुई करोड रुपियाँ उठाएका थिए । त्यति मात्र होइन दोलखा जिल्लाको विकास र नेपालको पर्यटन विकासमा योगदान पुऱ्याउने हेतु उनैको संयोजकत्वमा दोलखामा अन्तर्राष्ट्रिय चलचित्र नगरी निर्माणाधीन छ । नेपाल सरकारले यस कार्यलाई आफ्नो योजनामा राखेर आवश्यक बजेट विनियोजनसमेत गरिसकेको छ ।

मदनदास श्रेष्ठको नेपाली चलचित्रमा भएको लगानी, त्याग र अनुभवका कारण उनी अन्तर्राष्ट्रिय ओस्कार चलचित्र महोत्सवमा नेपाली चलचित्रको तर्फबाट सहभागिताका लागि सन् २००० मा संयुक्त राज्य अमेरिका गएका थिए ।

मदनदास श्रेष्ठले नेपाल राष्ट्रका अधिकांश जिल्लाको भ्रमण गरिसकेका छन् । साथै उनले भारत, पाकिस्तान, बेलायत र अमेरिकाको पनि भ्रमण गरिसकेका छन् ।

मदनदास श्रेष्ठले सयौँ नाटकहरू र झन्डै छ दर्जन चलचित्रमा अभिनय गरिसकेका छन् । उनको सांस्कृतिक योगदानको कदरस्वरूप उनी सुप्रबल गोरखादक्षिण बाहु (२०६०) लगायत वीरेन्द्र ऐश्वर्य सेवा पदक (२०५८), शुभराज्याभिषेक पदक (२०३१), दैवी प्रकोप पीडितोद्धार पदक (२०४५), गद्दी आरोहण रजत पदक (२०५३), चलचित्र रत्न पदक (२०६०), रेडियो सेवा स्वर्णपदक (२०६१), तारा चलचित्र पदक (२०६१), महाकवि देवकोटा शताब्दी पदक (२०६६), भानुभक्त स्वर्ण पदक (२०७१), सत्यमोहन जोशी शताब्दी पदक (२०७३)का साथै विभिन्न अभिनन्दन, सम्मान र पुरस्कारहरूबाट विभूषित, सम्मानित र पुरस्कृत भए ।

मदनदास श्रेष्ठको बिहे भक्तपुरकी रेणु श्रेष्ठसँग २०५५ सालमा भएको थियो । यी दम्पतीबाट एउटी छोरी मलिना र एउटा छोरा रेमन जन्मे ।

रेणु श्रेष्ठ भन्नु नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका नृत्य उपनिर्देशक थिइन् । उनले झन्डै चालीस वर्ष त्यस ठाउँमा काम गरिन् । उनी नृत्य कलाकारका रूपमा २०२८ सालमा प्रज्ञाप्रतिष्ठानमा प्रवेश भएकी थिइन् ।

मदनदास श्रेष्ठको नेपाली भाषासाहित्यमा पनि प्रत्यक्ष योगदान रहेको देखिन्छ । २०२७ देखि २०२९ सालसम्मको कुरा हो; उनले कालिञ्चोक युवा क्लबबाट प्रकाशित 'आँखा' साहित्यिक पत्रिकाको सम्पादन पनि गरेका थिए । साझा प्रकाशनका महाप्रबन्धक कृष्णचन्द्रसिंह प्रधानको आग्रहमा साझा प्रकाशनको कैलाली शाखाका प्रमुख भएर २०३० सालतिर उनी त्यता गए । साथै उनैको प्रकाशकत्वमा 'कवितामा काठमाडौँ' (२०६०) प्रकाशित भयो । उनी दोलखा स्रष्टा समाजका संस्थापक तथा अध्यक्ष भए । साथै उनी नइ प्रकाशनका पनि संस्थापक सदस्य हुन् ।

# स्वरका धनी

## पुष्पलता आचार्य

स्वरका धनी मदनदास श्रेष्ठका बारेमा के लेखूँ ? मनमा खुलदुली भइरहेको छ । कसरी लेखूँ ? कुन पाटोलाई बढी उजागर गरेर लेखूँ ? रेडियोकर्मीको पाटोलाई प्रयास गरूँ या सामाजिक पृष्ठमा घोत्लिऊँ ? जे होस्, मैले बढी मात्रामा चिनेका पात्र मदनदास श्रेष्ठ रेडियोकर्मी नै हुन् । मैले उहाँलाई जहाँ चिनेँ, जसरी चिनेँ बढी कलाकारकै रूपमा चिनेँ ।

२०५२/०५३ सालतिरको कुरा हो मेरा गीतहरू रेडियो नेपालमा रेकर्ड भइरहेका बेला, यदाकदा म रेडियो नेपाल जाने गर्दथेँ । मलाई गीतिकथा असाध्यै मन पर्ने भए पनि त्यति बेलासम्म मैले गीतिकथा लेख्ने गरेकी थिइनँ । साँच्ची भन्नुपर्दा मलाई गीतिकथा कसरी लेखिन्छ ? गीतिकथा लेखन के हो ? गीतिकथामा कस्ता सामग्री र विषयवस्तुलाई छनोट गर्नुपर्छ ? भन्नेबारे केही अत्तोपत्तो थिएन । गीतिकथा औधी मन पराउने तर लेख्न नजान्ने मान्छे थिएँ म । बाल्यकालदेखि नै निरोज पाण्डेले प्रस्तुत गर्ने गरेका गीतिकथाहरू निकै सुन्ने गर्थें । त्यसैभित्र चुर्लुम्म डुबेझैँ लाग्थ्यो आफूलाई । पछि गएर त्यो कार्यक्रम बन्द भयो ।

निरोध पाण्डेको प्रस्तुतिलाई भुल्न नपाउँदै मदनदास श्रेष्ठको कार्यक्रमको जन्म भयो । मदनदास श्रेष्ठले गीतिकथा वाचन गर्न थाल्नुभएपछि मेरो मन ओइलाउँदै गरेको बिरुवामा कसैले पानी

हालिदिएर फेरि पात जुर्मुराएर उठेझैँ भयो । त्यसपछि त म त्यो गीतिकथा कार्यक्रम ज्यान गए नछोड्ने स्थितिमा पुगेँ । त्यो गीतिकथाको कार्यक्रम हप्तामा एक चोटि शनिबार दिनको १:३० बजे प्रसारण हुने गर्दथ्यो । मलाई शनिबार कहिले आउलाझैँ हुन्थ्यो । जसरी पनि त्यो गीतिकथा कार्यक्रम कहिल्यै छुटाउन चाहन्नथेँ ।

एक दिनको कुरा हो, रेडियो नेपालभित्र मदनदास श्रेष्ठलाई भेटेँ । मैले उहाँसँग प्रत्यक्ष भेट्ने मौका त्यसअघि पाएको थिइनँ । उहाँको स्वर सुन्नेबित्तिकै म त्यतैतिर तानिएँ र उहाँलाई श्रद्धापूर्वक अभिवादन गरेँ । मेरो त्यो श्रद्धाले सायद उहाँलाई पनि तान्यो होला । उहाँले मलाई असाध्यै स्नेह गरेझैँ लाग्यो । केहीबेरको हाम्रो सान्निध्यले पछि मलाई गीतिकथाकार बनायो । त्यसपछि म उहाँलाई आत्मीयताका साथ 'दाइ' सम्बोधन गर्न थालेँ । रेडियोमा पटकपटक भेट पनि हुन थाल्यो । उहाँले मलाई रेडियो नेपालमा भेट्दा आफ्नो गीतिकथा वाचन रेकर्ड गरेको हेर्न भित्रै लैजानुहुन्थ्यो । उहाँले मलाई त्यति माया गरेर भित्रैसम्म लगेर राखेको देख्दा अन्य प्राविधिकहरू पनि अनौठो मान्थे होलान् ।

मलाई एउटा स्टुलमा बस्न दिएर आफू धमाधम गीतिकथा वाचन गर्दै गर्नुहुने मदन दाइलाई हेरेर म दङ्ग पर्थें । दाइको त्यो 'बोल्ड' आवाज र मीठो शैलीगत प्रस्तुतिले मलाई भुतुक्कै बनाएर तान्थ्यो । जति सुने पनि सुनिरहूँझैँ लाग्ने । सुनेर नै नअघाउने त्यो स्वरशैलीमा म लिप्त थिएँ ।

मदन दाइले मलाई गीतिकथा लेख्ने प्रेरणा दिएको हुनुपर्छ मलाई रेडियोभित्रको रेकर्डिङकक्षसम्म पुऱ्याएर । जुनै भेटमा पनि मलाई गीतिकथा लेख्न घचघच्याउने र हौसला दिने गर्नुहुन्थ्यो उहाँ । उहाँकै माया र प्रेरणाले म गीतिकथा लेख्न हौसिएँ । पहिलो एउटा गीतिकथा कनीकुथी तयार पारेर दाइलाई देखाउन लगेँ । मेरो अहोभाग्य नै भन्नुपर्छ त्यस दिन पनि दाइ टुप्लुक्कै रेडियो नेपालको प्राङ्गणमा

भेटिनुभयो । त्यस दिन दाइलाई भेट्दा अघिपछिको खुसीभन्दा अलिक फरक, कता-कता मुटुको धड्कन नै बढेको अनुभव भयो । किनकि त्यस दिन मेरो साथमा कनीकुथी तयार गरेको एउटा गीतिकथाको खोस्टो थियो । त्यो खोस्टो दाइलाई देखाउन त देखाउँला तर दाइले त्यो खोस्टोभित्रको लेखनीलाई मन नपराएर फ्याँकिदिनुभयो भने भन्ने डर लागिरहेको थियो । दाइ सधैँझैँ त्यस दिन पनि रेकर्डका लागि स्टुडियोतर्फ नै मोडिनुभयो । मलाई पनि सँगै लैजानुभयो । बाटैमा सोध्दै हुनुहुन्थ्यो– 'आज ल्याउनुभयो त ?'

मलाई लाज लाग्यो । तापनि लजाउँदै 'ल्याएको छु दाइ ! तर राम्रो भने भएको छैन होला । पहिलो चोटि लेखेको' भनेँ । स्टुडियो छिरेपछि टेक्निसियनहरू आआफ्ना तयारीमा लागे । दाइले मेरो गीतिकथा माग्नुभयो । सरर पढेर भन्नुभयो– 'ल आज म यही पढ्छु ।' मेरो जिउमा काँडा उम्रिएझैँ भयो । दाइले अलिअलि कताकति मिलाउँदै 'राम्रो छ यसै गरी लेख्ने त हो गीतिकथा । ठीक छ अब म यसलाई पढेर अर्को पटक रेकर्ड गर्नेछु आउनुहोला है पुष्पलताजी ! यसमा तपाईंले सबै आफ्नै गीत राख्नुभएको रहेछ । ठीक छ गीत पनि खोजेर तयार पार्नुपर्‍यो । नत्र त म आजै रेकर्ड गरिदिन्थेँ । गीत खोज्न समय लाग्छ । त्यसैले अर्को हप्ता यही रचना पढौँला । हुन्छ हैन पुष्पलताजी ?' मैले 'हुन्न' भन्ने त कुरै हुँदैनथ्यो । म त मक्खै परिहालेँ । आफ्नो गीतिकथा पास भएकोमा । दाइले रेकर्ड गरुन्जेल स्टुडियोभित्रै बसेर आनन्द लिएँ । त्यसपछि म घरतिर लागेँ ।

अर्को हप्ता शनिबार १२:३० मै पुगेँ । त्यस दिन दाइले मेरै गीतिकथा रेकर्ड गर्न सुरु गर्नुभएको त्यो क्षण सम्झँदा अहिले पनि अचम्म लाग्छ । दाइले मेरो गीतिकथा वाचन गर्न थाल्नुभयो । म ढुकढुक गरेको आफ्नो मुटु सम्हाल्दै सुन्न थालेँ । दाइले जतिजति पढ्दै जानुहुन्थ्यो उति मेरो जिउ सिरिङसिरिङ हुन थाल्थ्यो । कतैकतै मदन दाइ रुन पनि थाल्नुभयो म त छक्कै परेँ । रुनु पनि पर्दो रहेछ ।

हो त उहिल्यै सानोमा सुनेको निरोज पाण्डेको गीतिकथामा पनि त्यस्तै त्यस्तै लागेको थियो । तर मदन दाइले त झन् राम्ररी अभिनय गरेको जस्तो लाग्यो । साँच्चीकै जस्तो नि....! कत्ति मज्जाले प्रस्तुत गर्नुभएको होला ? म त हेरेको हेऱ्यै, सुनेको सुन्यै भएछु । आफ्नो गीतिकथालाई त्यति विघ्न पोलिस गरेर, रुँदै र सुस्ताउँदै, सुस्केरा हाल्दै वाचन गरिएकाले मेरा आँखामा पनि आँसु नआउने त कुरै भएन । कहिले अचम्म मान्छु, कहिले आँसु पुछ्छु, गर्दागर्दै आधा घण्टाको कार्यक्रम सकियो ।

मदनदास दाइले हेडफोन झिकेर टेबुलमाथि राख्दै पछाडि मतिर हेर्दै हाँस्नुभयो र भन्नुभयो– 'ल पुष्पलताजी ! कस्तो लाग्यो त आजको तपाईंको आफ्नै गीतिकथाको रेकर्ड ? राम्रो लाग्यो ?'

मैले खुसी हुँदै भनें– 'दाजु, धेरैधेरै धन्यवाद छ हजुरलाई, आज हजुरले गर्दा मेरो गीतिकथाले पनि अवसर पायो ।'

'त्यसो होइन पुष्पलताजी ! यो गीतिकथा राम्रो बनेको पनि रहेछ । तपाईंले पहिलो पटक लेखेको गीतिकथा नै यति राम्रो भयो । अरू पनि लेख्दै जानुस् म रेकर्ड गरौँला ।'

मैले अनुरोध गरें– 'दाइ, यो रेकर्ड मेरो क्यासेटमा भरेर लैजान मिल्दैन ? मिल्ने भए त म घरमा लगेर सबैलाई सुनाउँथें ।' 'हुन्छ पुष्पलताजी ! तर अहिले होइन अर्को पटक लैजानुहोला । किनभने यो प्रसारण भइसकेपछि मात्र सार्न मिल्छ । प्रसारण गरेर नछोडुन्जेल तपाईंलाई दिन मिल्दैन ।' मैले 'हुन्छ दाइ' भनें । हिँड्ने बेलामा दाइले भन्नुभयो– 'श्रोताहरूको प्रतिक्रिया बक्समा आउँछ । हेरौँ न कस्ता कस्ता प्रतिक्रियाहरू आउनेछन् है त पुष्पलताजी ? ल अर्को पनि लेख्नुहोला । लगातार दिन त मिल्दैन तर एक-दुई हप्ताको ग्यापमा दिइरहुँला नि । राम्राराम्रा लेखेर ल्याउँदै गर्नुहोला है त ?' भन्दै हामी त्यहाँबाट छुट्टियौँ ।

त्यसपछि त गीतिकथा लेख्ने मेरो नशाजस्तै भइहाल्यो । जतिखेरै गीतहरू रोज्दै, कहानी मिलाउँदै थुप्रै गीतिकथा लेख्न थालेँ । रेडियो नेपालमा कहिले लगातार र कहिले एक-दुई हप्ताको ग्यापमा मेरा गीतिकथाहरू बज्न थाले, बजिरहे । कहिले मदनदास दाइको स्वरमा कहिले 'प्रज्ञा शरद' को स्वरमा । धेरैजसो मदन दाइले नै पढ्नुहुन्थ्यो । कैयन् कथाहरूमा मदन दाइ धेरै रुनुभएको छ ।

मदनदास दाइको साथ र सहयोगमा मैले जम्मा १६ ओटा गीतिकथाहरू लेखेँ । ती गीतिकथाहरूको सँगालो एक पुस्तकका रूपमा छापेको छु । त्यो पुस्तकको नाम 'पोखिएका खुसीहरू' हो । त्यस पुस्तकको भूमिका पनि मैले सबै गीतिकथा वाचकलाई नै लेखाउने निधो गरेँ । मदन दाइलाई गीतिकथाको भूमिका लेखिदिनुहुन विनम्र अनुरोध गरेँ । तर मेरो दुर्भाग्य नै भन्नुपर्छ त्यस पुस्तकमा दाइले भूमिका दिन सक्नुभएन ।

दाइलाई मैले निकै समय पर्खेकी पनि हुँ, तर पनि के भयो कुन्नि ! मिलेन वा भ्याउँदै भ्याउनुभएन, दाइको भूमिका राख्न सकिनँ । प्रज्ञा शरद र श्रीओम श्रेष्ठ 'रोदन'ले भने भनेकै समयमा भूमिका तयार पारिदिनुभयो । उहाँहरूले पनि मेरा सबै गीतिकथाहरू मदन दाइले जस्तै दोहोऱ्याइतेहऱ्याई पढ्नुभएको थियो । पछिपछि सबैजसा एफएमहरूले मेरा सबै गीतिकथाहरूको पूरै फाइल नै मगाएर खुब चासो लिएर रेकर्ड गर्न थाले । यो सबै दाइ मदनदास श्रेष्ठज्यूको मप्रतिको माया, ममता र श्रद्धा थियो । दाइले गर्दा नै म गीतिकथाकार बन्न सकेँ ।

'एउटै एफएममा अथवा रेडियोमा मेरो गीतिकथा धेरै पटक बज्दा पनि कसैको विरोध नहुनु यो गीतिकथाकै कमाल हो ।' भन्नुहुन्थ्यो श्रीराम पुडासैनी । उहाँले पनि चारपाँच पटकसम्म वाचन गर्नुभयो । एफएममा अहिले ती सबै एफएमका नामहरू त सम्झनामा छैनन् तर ती व्यक्तिहरूलाई भने सम्झिरहन्छु । यो सब आदरणीय दाइ मदनदास श्रेष्ठको देन हो । उहाँको यो गुण म सदासर्वदा भुल्ने छैन ।

मदन दाइसँग पछि पनि कैयन् बिहेभोजहरूमा भेट हुन्थ्यो । बिहेभोजमा दाइलाई त्यसरी भेट्दा मलाई अत्यन्तै खुसी लाग्ने, आफ्नै मान्छे भेटेजस्तो लाग्ने गर्थ्यो । हामी त्यति बेला सँगै बसेर खान्थ्यौँ । हाँस्थ्यौँ । मलाई दाइको बोली मात्र होइन हाँसो पनि औधी नै मन पर्छ । दाइको जिउडाल, आवाज सबै खाइलाग्दो, हँसिलो र रसिलो व्यक्तित्व नै सबैलाई मन पर्ने, दाइको व्यवहार त झन् नरम, कोमल र श्रद्धायुक्त छ ।

दाइका बारेमा बुझेर ल्याउँदा दाइ सानै उमेरदेखि समाजका लागि केही गरौँ, समाजलाई केही दिऊँ भन्ने स्वभावको हुनुहुँदो रहेछ ।

२०२६ सालतिरै मदनदास श्रेष्ठको सक्रियतामा कालिञ्चोक युवा क्लब खुलेको रहेछ । उहाँ संस्थापक सदस्य रहेको त्यस युवा क्लबले दोलखालाई कसरी अगाडि पुऱ्याउने भन्नेबारेमा निकै सङ्घर्ष गरेको कुरा पनि देखिन्छ । क्लबलाई कसरी बलियो पार्ने भन्ने विषयमा हरबखत चिन्तित रहने मदनदासले चन्दा सङ्कलनदेखि 'चिमाल नाइट' प्रोग्रामसमेत गरेर रुपियाँ सङ्कलन गर्नुभएको रहेछ । त्यो 'चिमाल नाइट' राष्ट्रिय सभागृहमा भव्यताका साथ चलेको रहेछ । मारवाडी समुदायदेखि लिएर उच्चवर्गका सामु पुगेर मदन दाइले चन्दा रकम र सहयोग रसिद, टिकट सम्पूर्ण कार्यको जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्नुभएको पनि बुझिन्छ । त्यस कार्यक्रमले क्लबलाई निकै नै आडभरोसा पुगेको थियो ।

२०३५ सालतिर 'रातको प्रथम प्रहर' नाटक लिएर दार्जिलिङ नाट्य समूह आएकोमा पनि मदनदास दाइकै भूमिका रहेको देखिन्छ । उहाँको युवा क्लबकै सक्रियतामा काठमाडौँका प्रज्ञाप्रतिष्ठानको हलमा भव्यताका साथ दैनिक हाउसफुल भएर धेरै दिनसम्म चलेको पनि मैले थाहा पाएको छु । जे होस्, यस्तै यस्तै थुप्रै कार्यक्रमहरू ल्याएर अथवा बनाएर जे जसरी पनि क्लबलाई प्रशस्त आम्दानी गराउनुभएको

रहेछ । क्लबको आम्दानी स्रोत मात्र वृद्धि नगराएर त्यो क्लबले पछि 'आँखा' नामक साहित्यिक पत्रिका पनि प्रकाशन गर्दथ्यो । उसबेलामा रङ्गीन आवरण राखेर कलकत्तादेखि छपाएर ल्याउने मदनदासको कत्रो साहस ? त्यस बखत 'आँखा' पत्रिकाले साहित्यिक क्षेत्रमा उच्च स्थान बनाउन सफल भएको पनि बुझिन्छ । उक्त पत्रिका चलाउन धौधौ परेको बेला हातको घडी 'बन्धक' राख्नसमेत अघि सर्ने व्यक्ति पनि त्यसै समूहभित्र रहेछन् । आफ्नो हातको घडी बन्धक राखेरै भए पनि 'आँखा' पत्रिका निकाल्न सफल त्यस युवा क्लबलाई मान्नुपर्छ ।

काठमाडौँदेखि पत्रिकाको भारी बोकेर जाने मदनदास श्रेष्ठले बाहृबिसेदेखि पैदल हिँडेर त्यो पत्रिकाको भारी दोलखासम्म पुऱ्याउनुहुन्थ्यो ।

तत्कालीन दोलखाको 'भीम पब्लिक' हाइस्कुलको शिक्षकहरूको चाँजोपाँजोसमेत त्यसै क्लबले मिलाउँथ्यो । हरेक क्षेत्रका विभिन्न व्यवस्थापनमा मदनदास श्रेष्ठको उच्चतम भूमिका रहेको बुझिन्छ । सानै उमेरदेखि नाट्य क्षेत्रमा पसेका मदनदासले राष्ट्रिय नाचघरमा निकै लामो समय आफ्नो प्रतिभा देखाउन सफल हुनुभयो । समकालीन साथीहरू हरिहर शर्मा, शकुन्तला गुरुङसँग मिलेर थुप्रै नाटकमा खेल्नुभयो ।

२०३६/०३७ सालतिर मदनकृष्ण श्रेष्ठ र मदनदास श्रेष्ठ मिलेर कृषि कार्यक्रमसमेत पनि रेडियो नेपालमा चलाउनुभयो ।

'हुने बिरुवाको चिल्लो पात' भनेझैँ मदनदासको सामाजिक कार्य अर्थात् समाजसेवा, साङ्गीतिक सेवा अहिलेसम्म निरन्तर चलि नै रहेको देखिन्छ ।

२०७२ साल वैशाख १२ गतेको भूकम्पले देशभरि ल्याएको आँधीहुरीबाट प्रभावित जनताका लागि मदनदास श्रेष्ठ दोलखा पुगेर थुप्रै सहयोग गर्नुभयो ।

अन्त कतै राख्न तय भइसकेको 'फिल्मसिटी' लाई पनि मदनदासको अगुवाइमा दोलखाको लाँकुरीडाँडामा राख्ने निर्णय गराई सम्भाव्यता अध्ययनसमेत सकेर प्रारम्भिक कार्यहरू भइरहेको अवस्था छ । यसको मूल उद्देश्य दोलखा जिल्लाको तीव्रतर विकास गराउने नै रहेको छ ।

अहिलेसम्म मैले जानेका मदनदास श्रेष्ठको योगदानले मलाई ज्यादै प्रभावित पारेको हुँदा मैले आज उहाँका निम्ति यी चार हरफहरू जानीनजानी कोर्न पाएँ यो नै मेरा लागि सौभाग्य हो भन्ने मैले ठानेकी छु ।

जय होस् मदन दाइको ।

# नाटच क्षेत्रका तपस्वी साधक

**प्रचण्ड मल्ल**

आजका एक अतुलनीय उद्दीप्त प्रतिभाका धनी नाटच अभिनेता, सिनेअभिनेता, रेडियो नाटकका प्रख्यात कलाकार एवम् निर्देशकसित मेरो भेट नाटच अभिनयको सिलसिलामा २०२६ सालतिर भएको थियो । त्यति बेला म नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा कार्यरत थिएँ । उनीसित मेरो सम्बन्ध नजिकिँदै गयो । यस सम्बन्धले उनको सम्पूर्ण परिवारसित पनि मेरो नजिकको सम्बन्ध रहन गयो । यिनै सब कुराले गर्दा मेरो दिनप्रतिदिन आत्मीय सम्बन्ध घनिष्ठ हुँदै गयो र उनीसित सम्बद्ध व्यक्तिहरूसित पनि निकटको सम्बन्ध रहन गयो ।

उनका दाजुभाइसरह उनले पनि लोकव्यवहारसम्बन्धी कामकुरा, पारिवारिक उत्तरदायित्व वहन गर्नुपर्ने कुरा पनि उनी बुझ्दथे तर त्यति बेला उनी अभिनय कलाबाहेक अरू कामकुरातिर दिलचस्पी राख्दैनन् भन्ने कुरा उनीसितको कुराकानीबाट अनुभव गर्न थालेँ । उनी नाटच अभिनयमा संलग्न भई रङ्गमञ्चीय कलाको विकास गर्ने इच्छा समयसमयमा व्यक्त गर्थे र साहित्यतिर पनि आफ्नो झुकाउ एवम् अभिरुचि रहेको कुरा ‘दोलखा कालिञ्चोक युवा क्लब’का संस्थापक सदस्यको पदमा रहँदा साहित्य, सङ्गीत तथा कलाको माध्यम अँगाली राष्ट्रको सौरभ फिँजाउने कार्यमा संलग्न हुन मन पराउँछन् भन्ने कुरा उनको विचारबाट बुझिन्थ्यो । यसर्थ उनले

राष्ट्रभाषाको विकास हेतु 'आँखा' शीर्षकको मासिक पत्रिका प्रकाशित गरेबाट अनुभव गरेँ । उनी यस पत्रिकाको सम्पादक थिए । उनकै आग्रहमा त्यस पत्रिकाका लागि 'मकुन्डो' शीर्षकमा दोलखाको मकुन्डो नाचका बारेमा एउटा लेख लेखिदिएको थिएँ । सो लेख उक्त पत्रिकाको वर्ष ३, अङ्क ५, २०२८ मा छापिएको थियो । यसै पत्रिकामा २०२९ सालमा मेरो अर्को लेख पनि छापियो । यो पत्रिकालाई निरन्तरता दिने कार्यमा उनी दिलोज्यान दिई लागेका थिए ।

नेपाली साहित्य एवम् संस्कृतिमा अगाध रुचि, श्रद्धा राख्ने व्यक्ति हुनाले नै उक्त पत्रिकाले उत्तरोत्तर उन्नति गर्दै गएको पाठक एवम् साहित्यकारहरूले अनुभव गर्न थालेका थिए; तर अभाग्यवश केही समयपछि यो पत्रिका निस्कन सकेन । यसको मुख्य कारण छपाइ र कागजको मूल्य चर्किंदै जानु आदिआदि ।

एउटा प्रतिभाशाली युवकले कलाक्षेत्र अँगालेर जीविकोपार्जन गर्ने धोको त्यति बेला नेपालको वातावरणले दिन सकेको थिएन । यति बेला कलाकारहरूको अवस्था दयनीय थियो र कलाकारहरूको आन्तरिक दु:ख र यिनको भावना बुझिदिने कोही नभएको अनुभव हुन्थ्यो ।

राजधानीमा स्थापित दुई संस्था नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान तथा राष्ट्रिय नाचघरले केही कलाकारहरूलाई समेटेर देशको कलासंस्कृतिको उत्थान गरिरहेको अभिव्यक्ति दिन चाहन्थे र यसैमा ती संस्था गौरव गर्थे ।

सङ्गीत नाटचका केही कलाकारहरूको जमघट भएको ती दुई वरिष्ठ संस्थाका कलाकारहरू मासिक तलब पाउँथे; तर नाटच कलाका यी प्रेमी बिनापारिश्रमिकमा पनि अभिनय गर्न चाहन्थे । उनी पैसाभन्दा कलालाई मन पराउँथे र यसैमा आत्मसन्तुष्टि हुने अन्तर्मनका कुरा हामीसामु समयसमयमा व्यक्त गर्थे ।

वास्तवमा यस्तैयस्तै अनेक विचारहरू उनीबाट व्यक्त भएको हामी पाउँथ्यौँ । उनका यस्तै उच्च विचारहरूका कारण हामीलाई उनले आकृष्ट गरेका थिए ।

यिनीजस्तै अग्रज नाटच अभिनेताहरूले आफूलाई समर्पण गरी नाटच कलालाई अगाडि बढाउने प्रयास गरेकै हुनाले आजको युगसम्म पुग्ने गोरेटो बन्न पुग्यो । यही दौडको गतिले दिएको प्रेरणाले अभिनय क्लाले फस्टाउने प्रक्रिया दिनप्रतिदिन बढ्दै गएको अनुभव हामी गरिरहेका छौँ ।

यसैको फलस्वरूप आज देशमा यस क्षेत्रको चौतर्फी विकास शनैशनै हुँदै गएको छ । राजधानीमा मात्र आजको मितिमा निजी स्तरमा सर्वनामले 'सर्वनाम नाटचशाला' स्थापना गरेको छ । यसै गरी 'मण्डला थियटर', 'भिलेज थियटर', 'शिल्पी थियटर', 'थियटर मल्ल' आदिको स्थापना भई अटुट रूपले नाटकहरू प्रदर्शन गरिरहेका छन् । यसका साथै हालसालै स्थापना भएको 'ख्वापा नाटचशाला' आफ्नो कार्यक्षेत्रतिर अग्रसर छ ।

केही समयअघिसम्म आरोहण गुरुकुलले 'बालकृष्ण सम नाटकघर' र 'रिमाल नाटकघर' स्थापना गरी नाटक प्रदर्शनमा हलचल मच्चाएको थियो । तर हाल यो बन्द भएको छ । यसको मुख्य कारण थियो– भाडामा लिइएको जग्गा उपलब्ध नहुनु; तर यस संस्थाले आफ्नो गतिविधिलाई अगाडि बढाइरहेको छ । आज यो राष्ट्रका लागि ठूलो उपलब्धि हुन पुगेको छ ।

मानिस आफ्नो कार्यक्षेत्रमा तनमन लगाई सदासर्वदा आफूलाई माथिमाथि उकास्ने प्रयास गरिरहेको हुन्छ । यही प्रयास मेरा मित्रमा रहेको थियो र उनले हरक्षण हरपल लागिपरी आफूलाई उकासिछाडे । नाटचकला क्षेत्रका यी साधकहरूले आफ्नो क्षेत्रमाथि विजय हासिल गरिछाडे । वास्तवमा मानिस आयुसम्म बाँच्छन्; तर नाटच कलाका साधकहरू मृत्युपर्यन्त पनि बाँच्दछन् ।

केही दशकअघिसम्म आदरणीय नाटच अभिनेताहरूले अनेक दु:खकष्ट भोग्दै अनेक सङ्घर्ष गरेर रोपिदिएको नाटच अभिनयको वृक्ष झाँगिँदै जाँदा कलाकारहरूले मानमर्यादा प्रतिष्ठा बढ्दै गएको अनुभव गर्न थालेका छन् ।

यस्तै दु:ख भोगेका यस लेखका पात्र दिनरात रङ्गमञ्चीय नाटक, रेडियो नाटक, सिनेमा तथा विभिन्न सांस्कृतिक सङ्घसंस्थाहरूका साथै सामाजिक कार्यहरूमा सदा व्यस्त रहेका छन् । यिनलाई फुर्सत छैन ।

यसरी आफ्नो युवा अवस्थाबाट अगाडि बढ्दै प्रौढ अवस्थासम्म आइपुग्दा आफूले बटुलेका परिपक्व विचार एवम् चिन्तन हामीसामु राख्दै अविस्मरणीय योगदान दिएका छन् ।

यो सङ्क्षिप्त लेखका अभिनेता हुन्– नाटच कलाक्षेत्रका अनन्य साधक, तपस्वी तथा नेपाल राष्ट्रका गौरव, राष्ट्रवादी व्यक्ति मदनदास श्रेष्ठ ! नाटच कलाक्षेत्रमा यस्ता विलक्षण प्रतिभालाई एक युगपुरुष भन्दा अत्युक्ति नहोला भन्ने लाग्छ ।

उनले आफूलाई नाटच कलाक्षेत्रमा लगाउँदा बहुतै सङ्घर्ष गरे । सुखको सपनाको कल्पना पनि गर्न सकेका थिएनन् । वास्तवमा जीवनमा सुखैसुख भयो भने हुन सक्छ मानिसले संसार बुझ्न सक्तैन । यसर्थ दु:खले मानिसलाई खार्छ भन्ने लाग्छ । मानिसमा आइपर्ने अपवाद, आपद्, विपद्जस्ता अनेक सङ्घर्षले मानिसलाई वास्तविक जीवनको अनुभव गराउँछ । यस कुरालाई विश्वका चिन्तक विद्वान्हरूले मनन गरेर आफ्ना विचारहरू व्यक्त गरेको पाइन्छ ।

मदनदास श्रेष्ठ दोलखाबाट सम्भवत: २०१८–१९ सालतिर काठमाडौँ प्रवेश गरे सपरिवार । उनको पिताजीको कार्यालय धरहरानजिक टक्सार थियो । काठमाडौँ प्रवेशपछि उनको सम्बन्ध नाटच कलाकारहरूसित हुन गयो । उनका ती मित्रहरूमध्येका केही

हुन्– वसन्त श्रेष्ठ हाल वरिष्ठ नृत्यनिर्देशक, राधेश्याम प्रधान नर्तक हाल नृत्यनिर्देशनमा पनि संलग्न । यसै गरी यति बेलाका अभिनय कलाक्षेत्रतिर अघि बढ्दै रहेका कलाकारहरूसँग पनि उनको सुमधुर सम्बन्ध रहन गयो । उनको दिनचर्या यिनै कलाकारहरूसित बित्न थाल्यो ।

यति नै बेलातिर नाटचसम्राट् बालकृष्ण समको नाटक 'मुकुन्द इन्दिरा' (१९९५ साल)का नायक मुकुन्द भई अभिनय गर्ने अभिनेता, निर्देशक एवम् नाटककार कृष्णप्रसाद रिमालसित चिनाजानी भयो । रिमालले स्थापना गरेको नाटच संस्था 'नेपाल कला केन्द्र'बाट रिमाल लिखित एवम् निर्देशित 'गहना' शीर्षकको नाटक मञ्चन गर्ने तरखर भइरहेको थियो । यस नाटकमा त्यति बेलाका चर्चित कलाकारहरू यदुकुमारी, नरेन्द्रबहादुर श्रेष्ठ, रामजी के.सी., तारा घिमिरे आदिले अभिनय गर्ने निधो भएको थियो । यति बेला नाटच संस्थाहरू स्थापना हुँदै थिए; तर कलाकारहरूको अभावमा स्थापित नाटच संस्थाका सञ्चालकहरूलाई नाटक तयार गरी मञ्चन गर्ने कार्य भने निकै कठिन थियो । जे होस्, नाटक अभिनय गर्ने अभिरुचि भएका कोरा युवकयुवतीहरूलाई अँगाली बहुतै कठिन परिश्रम गरी निर्देशन गर्थे र मञ्चन गर्थे । यस्तो स्थितिमा नाटचकलाका प्रतिभाशाली युवक मदनदास श्रेष्ठले उक्त नाटकमा अभिनय गर्ने मनसाय नाटककार एवम् नाटकनिर्देशक कृष्णप्रसाद रिमालसामु व्यक्त गरे । उनको अभिनय कलातिर विशेष अभिरुचि एवम् जोस, जाँगर देखेर कृष्णप्रसाद रिमालले मदनदास श्रेष्ठको अनुरोध सहर्ष स्वीकार गरी नाटकको एक पात्र भई अभिनय गर्ने अभिभारा सुम्पे ।

यो पङ्क्तिकार समयसमयमा कृष्णप्रसाद रिमालसित भलाकुसारी गर्न जान्थे । त्यस बेला नाटकको रिहर्सलको समयमा हुने गर्थ्यो । नाटकमा भाग लिएका कलाकारहरूका बारेमा कुरा चल्दा निर्देशक कृष्णप्रसाद रिमाल भन्ने गर्थे– 'मदनदास श्रेष्ठ कालान्तरमा प्रतिभाशाली

कलाकार भई उत्रनेछन् दर्शकसामु ।' यो उनको भविष्यवाणी थियो मदनदास श्रेष्ठप्रतिको । उनको यो भविष्यवाणी आज आएर सत्य साबित भएको छ ।

यसै गरी अर्का एक नारीपात्रको पनि प्रशंसा गर्थे, ती कलाकार थिइन् यदुकुमारी । तिनी लेखपढ गर्न जान्दैनथिन् तर तिनीले पाएको नाटकको पाठ सहयोगी कलाकारहरूले दुई-तीन पटक मात्र पढेर सुनाइदियो भने तिनीलाई कण्ठ हुन्थ्यो । संवाद बोल्दा निर्देशकले गरेको निर्देशनमा विशेष ध्यान दिने गर्थिन् । यिनलाई मदनदास श्रेष्ठ अभिनय कलामा आफूले जानेबुझेका कुराहरू सिकाइदिने गर्थे ।

कृष्णप्रसाद रिमाल कलाकारहरूलाई दिएको समयमा नाटक रिहर्सल गर्थे । मदनदास श्रेष्ठको अभिनय दिनप्रतिदिन खारिँदै गएको अनुभव कृष्णप्रसाद रिमालले गरे । उनको अभिनय दक्षता देखेर कृष्णप्रसाद रिमालले उनलाई विशेष प्रशिक्षण दिन थाले । नाटक प्रदर्शनको दिन आयो । नाटक राष्ट्रिय नाचघरको रङ्गमञ्चमा मञ्चन भयो । मदनदास श्रेष्ठको अभिनय हेरेका दर्शकहरूले उनको अभिनयको निकै प्रशंसा गरे । यो नाटक उनको अभिनय कलाको आन्तरिक अभिलाषालाई पूर्ण गर्ने पहिलो नाटक भयो । यो २०२१ सालतिरको कुरा हो ।

यति बेला उनी नेपालका वरिष्ठ साहित्यकार, नाटककारहरूसित परिचित भइसकेका थिए ।

अति नै मिलनसार, मिष्टभाषी भएकाले उनी सबैको प्रियपात्र हुन पुगे । कवि, नाटककार, अभिनेता, नाटकनिर्देशक एवम् गीतकार श्यामदास वैष्णवको निर्देशनमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'कृषिबाला'मा मदनदास श्रेष्ठले अभिनय गरे । उनको संवाद बोलाइ र अभिनयबाट प्रभावित भएका वैष्णवले उनलाई रेडियो नेपालको रेडियो नाटक कलाकार हुने अवसर दिएका थिए । यसपछि उनको सम्बन्ध प्रशस्त कलाकारहरूसँग हुँदै गयो । ती कलाकारहरूमध्ये नाम चलेका

कलाकारहरू हुन्– सूर्यनाथ शर्मा, जितेन्द्र महत 'अभिलाषी', गौतमरत्न तुलाधर, शकुन्तला गुरुङ (शर्मा) आदिआदि । यति बेला रेडियो नेपालको कार्यक्रम सञ्चालक थिए कवि, साहित्यकार, नाटककार, गीतिनाटककार जनार्दन सम । यिनी मदनदास श्रेष्ठको प्रतिभा देखेर मुक्तकण्ठले यिनको प्रशंसा गर्थे ।

समय अगाडि बढ्दै गयो । मदनदास श्रेष्ठ नाटच कलासित सम्बन्धित कुनै वरिष्ठ संस्थासित आबद्ध हुने खोजीमा थिए । यो २०२६ सालतिरको कुरा हो । यति बेला श्यामदास वैष्णव नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सहसदस्यमा नियुक्त भइसकेका थिए । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले सङ्गीत नाटचतिरको गतिविधि धूमधामसित अगाडि बढाइरहेको बेला थियो । यहाँका कलाकारहरू निकै व्यस्त रहेका थिए ।

यति बेला नाटच कलाका होनहार कलाकार मदनदास श्रेष्ठलाई सङ्गीत नाटच विभागमा नियुक्त गर्ने प्राज्ञ श्यामदास वैष्णव र नाटकनिर्देशक प्रचण्ड मल्लले निर्णय गरी नियुक्तिपत्र तयार गरे । यो सुखद कुरा मदनदास श्रेष्ठलाई पनि अवगत गराइसकिएको थियो । तर नियुक्तिपत्र दिने कार्य हुँदाहुँदै एउटा घटना घटचो । प्राज्ञ श्यामदास वैष्णव र प्रचण्ड मल्ल असमञ्जसमा परे ।

तात्कालिक कुलपतिसमक्ष दुःखद परिस्थितिमा रहेका एक जना कलाकारलाई अचानक भर्ना नगरिनहुने अवस्था आइपऱ्यो तर कलाकार भर्नाका लागि एउटा पद मात्र रहेकाले अर्को उपाय देखिएन र मदनदास श्रेष्ठलाई नियुक्ति गर्ने कुरा निजलाई अवगत गराइसकिएकाले यसको निराकरण गरी गर्ने भन्ने विचारले पिरोल्न थाल्यो ।

निराकरणको केही बाटो नदेखिएपछि प्राज्ञ श्यामदास वैष्णवले मदनदास श्रेष्ठलाई त्यति बेला घटेको घटना र एक कलाकारमा आइपरेको दुःखबारे जानकारी गराई उनलाई कुनै अर्को अवसर पारेर

नियुक्त गर्ने भन्ने आश्वासन दिई तत्काल आइपरेको दु:खद परिस्थितिबाट मुक्त हुने सोच बनाइयो र यही कुरा मदनदास श्रेष्ठलाई भनियो ।

हाम्रो सबै कुरा सुनेका मदनदास श्रेष्ठको अनुहारको आकृतिमा कुनै दु:ख भाव देखिएन । उनले बहुतै सरल र सहज भावमा खुसी भएर विपद्मा परेका कलाकारलाई नियुक्त गरिदिने विचार व्यक्त गरे । प्राज्ञ श्यामदास 'वैष्णव' र प्रचण्ड मल्ल मदनदास श्रेष्ठको उदारता देखेर उनीप्रति कृतार्थ भए । यो थियो कलाकार मदनदास श्रेष्ठको सहृदयता ।

केही समयपछि अर्थात् २०२७ सालमा सङ्गीत नाटच विभागको 'क' श्रेणीको कलाकार पदमा उनी नियुक्त भए । सम्भवत: यति बेला उनले असाधारण आनन्दको अनुभव गरे । यस पदमा उनी २०३१ सालसम्म रहे । यस अवधिमा उनले पौराणिक, सामाजिक, ऐतिहासिक आदि नाटकहरूमा अभिनय गरी ख्याति कमाए ।

यति बेलाको एउटा सम्झना हुन्छ मदनदास श्रेष्ठसँगको । वरिष्ठ नाटककार विजयबहादुर मल्लको नाटक 'वीरकुस' मञ्चन गर्ने नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले निर्णय गर्‍यो । सो नाटकको निर्देशन मैले गर्नुपर्ने थियो तर कतिपय कारणवश मैले सो नाटक निर्देशन गर्न इन्कार गरेँ । नाटक मञ्चन हुन नसक्ने स्थिति देखा परेपछि त्यहाँ भेला भएका नाटककार तथा कलाकारहरूसामु मदनदास श्रेष्ठले कड्केर भने– 'प्रचण्ड दाइ, तपाईंले यो नाटक निर्देशन गर्नैपर्छ । कसरी निर्देशन गर्नुहुन्न हेरूँ त !'

मैले मदनदास श्रेष्ठलाई नियालेर हेरेँ र त्यस भेलाबाट कसैलाई केही नभनी उठेर चियापसलतिर लागेँ ।

मलाई त्यस बेलाको क्षण अझै सम्झना छ । मैले चिया मगाएँ र एउटा चुरोट पनि । चिया चुरोट खाँदै विचार गर्न थालेँ । मदनदास श्रेष्ठले थ्रिटेन्ड दिएर उच्च स्वरमा बोल्न थाले । यो उहाँको कार्य

उचित भएन कि ! आफ्नो निर्देशकमाथि उहाँले प्रयोग गर्नुभएको वाक्य उपयुक्त हैन कि ! तर फेरि विचार गरेँ । मदनदास श्रेष्ठप्रति मेरो जुन सद्भाव रहेको छ, जुन श्रद्धा उनीसँग रहेको छ त्यो मैले कायम गर्नुपर्छ ।

वास्तवमा उनकै समीपमा रहेर दोलखा निवासीहरूसित मेरो नजिकको सम्बन्ध भएको थियो । त्यो सम्बन्ध बिग्रन सक्छ कि भन्ने विचार गरेँ, मदनदास श्रेष्ठले प्रयोग गरेको मप्रतिका आक्रोशित वाक्यहरू वास्तवमा मप्रति उनको सद्भाव भएरै प्रयोग भएको होला, यसर्थ म 'वीरकुस' नाटक निर्देशन गर्छु । मैले नाटक निर्देशन गरेर उनीमा भएको सदिच्छा साकार गर्नुपर्छ । यही सब विचार गरेर चिया खाएर एकेडेमीको प्रेक्षालयमा प्रवेश गरेँ र कलाकारहरू भेला गरेर 'वीरकुस' नाटकको कथावस्तुअनुरूप पात्रहरू चयन गरी रिहर्सल सुरु गरेँ । नाटक प्रदर्शन भयो । उनले बहुतै प्रभावकारी अभिनय गरे । सबैले उनको अभिनयको प्रशंसा गरे । नाटक प्रदर्शनले ख्याति कमायो ।

यति बेला उनको ख्याति बढिरहेको थियो । उनको दक्ष कार्यशीलता एवम् लगनशीलताले गर्दा उनी २०३३ सालतिर साझा प्रकाशनमा पनि संलग्न हुन पुगे र धनगढी खटिएर गए । यहाँ काम गर्दागर्दै उनको कार्यक्षमता देखेर साझा प्रकाशनले उनको अन्तर्गत अछाम, डोटी र बाजुरा जिल्लाहरूमा पनि साझा प्रकाशनको शाखा कार्यालयहरू खोल्ने अभिभारा दियो र ती जिल्लाहरूमा काम गर्ने अभिभारा पनि साझा प्रकाशनले सुम्प्यो ।

उनी कार्यबोझले लादिए तर हिम्मत हारेनन् । उनले फुर्सतको समयमा यहाँ कलाकारहरू भेला गरी नाटक निर्देशन गरे र मञ्चन गरे । यस कार्यले उनको ख्याति बढायो जनसामु ।

बिस्तारबिस्तारै उनले स्कुल, कलेज, सांस्कृतिक सङ्घसंस्थाहरूका कार्यक्रमहरूमा नाटकको निर्देशन गर्न सुरु गरे र निर्देशन कलामा

ख्याति कमाए । निर्देशन कलामा लाग्दै गर्दा उनी पुनः रेडियो नेपाल पुगे र रेडियो नाटकहरूमा अभिनय गर्न थाले । उनको प्रतिभा देखेर रेडियो नेपालबाट प्रसारण हुने रेडियो नाटकहरूको निर्देशन गर्ने अभिभारा पाए । २०३५ सालदेखि रेडियो नाटक उत्पादन तथा निर्देशन गर्ने काम रेडियो नेपालले सुम्प्यो र रेडियोबाट धारावाहिक नाटकहरू प्रसारण गर्न थाले । यति बेला यिनले निर्देशन गरी प्रसार गरेको ३१ भागको श्रीस्वस्थानी कथामा आधारित नाटक नाटककार, निर्देशक एवम् अभिनेता स्व. जितेन्द्र महत अभिलाषीले रूपान्तर गरेका थिए । उक्त रेडियो नाटक प्रत्येक वर्ष रेडियो नेपालबाट प्रसारण हुँदै आएको छ । यस नाटकका साथै विशेष धार्मिक चाडपर्वका बारेमा लेखिएका नाटकहरू, राष्ट्रिय उत्सव, पर्वका नाटकहरू, बालमजदुरबारेका चेतनामूलक सत्ताइस भागका धारावाहिक नाटकहरू, स्वास्थ्य, वातावरण, जनसङ्ख्यासम्बन्धी नाटकहरूमा अभिनय गरे, निर्देशन गरे ।

यसै समयतिर यस पङ्क्तिकारलाई रेडियो नेपालबाट एउटा पत्र आयो सो पत्र यस्तो थियो–

*श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालय,*
*रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)*
*सिंहदरबार,*

*श्री प्रचण्ड मल्ल*
*नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान*
*कमलादी*

*महोदय,*

*यस रेडियो नेपालाई हरेक पक्षबाट यहाँले गर्नुभएको सहयोगप्रति हार्दिक आभार व्यक्त गर्दै पुनः रेडियो नेपालबाट प्रसार हुने रेडियो नाटकलाई प्रभावकारी बनाउन यहाँजस्ता व्यक्तित्वबाट धार्मिक,*

*सामाजिक, ऐतिहासिक नाटकहरू उपलब्ध भएमा रेडियो नाटकको स्तरीयतामा अभिवृद्धि हुने कुरामा हामी विश्वस्त छौँ । अत: यहाँबाट उक्त विषयहरूमा आधारित रेडियो नाटक उपलब्ध गराई रेडियो नाटकको स्तरीयता बढाउन तपाईंको सक्रिय सहयोग हुनेछ भन्ने पूर्ण आशा राख्दछौँ ।*

*मदनदास श्रेष्ठ*
*उत्पादन अधिकृत*

मदनदास श्रेष्ठले रेडियो नाटक लेखिदिन साहित्यकारहरूलाई पत्र लेखे । यसै पत्र लेखाइको सिलसिलामा यस पङ्क्तिकारलाई पनि पत्र लेखेअनुसार पङ्क्तिकारले उनको आग्रहअनुसार ऐतिहासिक नाटकहरू लेखिदिएर सो नाटकहरू रेडियोले प्रसार गऱ्यो ।

यसरी मदनदास श्रेष्ठले रेडियो नेपालको उद्देश्यअनुसार आफूले पाएको अभिभारामा कुनै किसिमको त्रुटि नहोस् भन्ने अभिलाषा राखी तनमन लगाई संलग्न भए ।

यही सिलसिलामा उनले नेपालका ख्यातिप्राप्त साहित्यकार एवम् नाटककारहरूको प्रशस्त नाटकहरूको निर्देशन गरी रेडियो नेपालको भण्डार रेडियो नाटकले भरिदिए । आज पनि समयसमयमा तिनै रेडियो रूपकहरू प्रसारण भएको सुनिन्छ ।

रेडियो नेपालले आफ्नो कार्यक्रमहरूमा उद्घोषण गर्ने कार्य पनि उनलाई सुम्पे । यसै समयतिर रेडियो नेपालमा कृषि कार्यक्रम चलाउने अभिभारा कृषि सूचना महाशाखाले उनलाई सुम्पेपछि उनी अति व्यस्त भए । उनले रेडियो नेपालमा विविध कार्यक्रमहरू चलाइरहेकै ताका वरिष्ठ अभिनेता एवम् नाटकनिर्देशक हरिप्रसाद रिमालले अवकाश पाएपछि मदनदास श्रेष्ठ यस पदमा रहेर पूर्ण रूपमा निर्देशन कलामा संलग्न भई रेडियो नाटकहरूको निर्देशन गर्न थाले । यो समय थियो २०३५ सालको ।

उनले रेडियो नेपालमा २०६३ सालसम्म आफ्नो कार्यमा लगनशील भई काम गरेर निकै कलाकारहरू जन्माए अभिनय कलामा । यो सुखद कुरा हो, नेपाली नाटच जगत्का लागि । वास्तवमा नाटक र जीवन मदनदास श्रेष्ठका लागि पर्याय नै हो भनिदिए पनि हुन्छ भन्ने लाग्छ ।

नाटच अभिनयका वरिष्ठ अभिनेता मदनदास श्रेष्ठलाई रङ्गमञ्चीय कलामा मात्र सीमित राख्न दिएनन् कलाप्रेमीहरूले । रङ्गमञ्चीय कलाका साथै सिनेमा क्षेत्रतिर पनि लाग्न सिनेकर्मीहरूको हार्दिक अनुरोध भएकाले उनी सिनेमा अभिनयतिर पनि संलग्न भए ।

वास्तवमा समय र वातावरणले मानिसलाई अनेक गन्तव्यतिर डोऱ्याउँदै लैजान्छ । यसै डोऱ्याइमा मदनदास श्रेष्ठ डोरिएर सिनेमातिर झुकाउ अगाडि बढ्यो । सिनेमामा उनी अभिनय गर्न थाले । प्रतिभाशाली उनले यस क्षेत्रमा पनि आफ्नो अभिनय कलाले दर्शकलाई प्रभाव पारेर ख्याति कमाए ।

नेपाली नाटचकलाका शिखर मदनदास श्रेष्ठ रङ्गमञ्च र सिनेमा जगत्मा उत्तिकै प्रभावशाली अभिनेताका रूपमा हामीसामु उभिन सफल भएका छन् ।

यो लेख लेखिरहँदा एक जना मित्रको आगमन भयो । लेख्दै गरेको लेख हेरेर भन्नुभयो– "प्रचण्डजी ! मदनदास श्रेष्ठका बारेमा लेखिरहनुभएको रहेछ सुनौँ न ! मैले अभिनय कलामा समर्पित मदनदास श्रेष्ठ देशविदेश हुँदै अमेरिका पनि पुग्नुभएको, प्रबल गोरखा दक्षिणबाहुको मानपदवीदेखि अनेक सङ्घसंस्थाहरूबाट प्रशंसापत्र, प्रमाणपत्रहरू पनि पाउनुभएको कुरा सुनेको थिएँ, तर तपाईंले लेखिरहनुभएको लेख कसरी अन्त गर्नुभएको छ, सुन्ने हार्दिक इच्छा भयो ।"

मैले भनें– 'लेख टुङ्गिएको छैन । लेख्दै गएँ भने उहाँका बारेमा एउटा ग्रन्थ नै तयार हुन्छ, तर लेखका रूपमा लेख्दै छु अहिले । लेख पढेर सुनाउँदा निकै समय लाग्ने भएकाले सङ्क्षिप्तमा भन्छु सुन्नुहोस् ।' मैले भन्दै गएँ उहाँ मन लगाएर सुनिरहनुभयो र अन्तमा मैले भनें– 'उनी नाटचकला क्षेत्रका तपस्वी तथा यस क्षेत्रका उनी अनुपम भण्डार हुन् । अझ अति सङ्क्षेपमा, अझ एक शब्दमा भन्ने हो भने उनी नाटचकला क्षेत्रका कान्तियुक्त हीरा हुन् ।'

# एक पोज फोटोको इतिहास

**प्रदीप रिजाल**

मलाई यकिन थाहा छैन मदनदासज्यूको आवाज (स्वर) सर्वप्रथम मैले कहिले सुनें ? तर जुन बेला सुनें सोही समयदेखि मेरो बालसुलभ मस्तिष्कमा एउटा अमीट छाप भने अवश्य पऱ्यो । मेरो माध्यमिक तहको अध्ययनको समयमा रेडियोसँगको सामीप्य अलि बढी हुन गयो र शनिबारको दिन दिउसो १:३० बजेको समयको निकै व्यग्रतापूर्वक प्रतीक्षा रहन्थ्यो ।

विशेष गरी २०४२/४३ सालतिर हप्तामा एक दिन मात्र आउने त्यो शनिबार र सोही दिन दिउसो १:३० बजे आउने नाटक र त्यसका प्रमुख पात्र आदरणीय दाजु मदनदासको त्यो ओजस्वी स्वरको त म पारखी मात्र होइन पागल नै भैसकेको थिएँ ।

त्यतिखेर मलाई लाग्दथ्यो, हाम्रो देशमा उहाँको जस्तो आवाज भएको अर्को कुनै मानिस छैन, कुनै दिन उहाँलाई भेट्ने अवसर पाए कस्तो हुन्थ्यो होला ?

जे भए पनि उहाँको प्रभावशाली संवादबाट भरपुर आनन्द मात्र होइन म स्वयंले पनि अरूहरूका सामु प्रस्तुतीकरण गर्नुपर्दा उहाँलाई प्रेरणाको स्रोत मान्दथें र सकेसम्म कुशल प्रस्तुतीकरण मेरो प्रयत्न रहन्थ्यो ।

आफ्ना समकालीनहरूबाट मेरो प्रस्तुतिका बारेमा आउने पृष्ठपोषण एवम् प्रशंसाबाट दङ्ग पर्दथें र त्यतिखेर पनि मदनदास

दाइको स्तरको प्रस्तुति दिन पाए झन् कस्तो हुन्थ्यो होला जस्तो लाग्दथ्यो ।

पछिल्ला दिनहरूमा मैले केही वर्ष जनस्वास्थ्यको क्षेत्रमा देशका विभिन्न भागमा पुगी प्रशिक्षण गर्ने जिम्मेवारी वहन गर्नुपऱ्यो र जहाँसुकै गएर काम गर्दा पनि आफूले गरेको प्रशिक्षणका बारेमा आउने प्रतिक्रियाले आनन्द अनुभूति हुनु स्वाभाविक भए पनि उहाँको झझल्को भने आइ नै हाल्दथ्यो । यसर्थ आदरणीय मदनदास दाजु अप्रत्यक्ष रूपमा मेरो गुरु हुन पुग्नुभएको छ । मलाई लाग्दछ, मजस्ता उहाँका चेलाहरू (अभिप्रेरित)  संसारभरि थुप्रै हुनुहुन्छ होला ।

समय बलवान् हुन्छ, समयले कसलाई कहिले कहाँ कहाँ पुऱ्याउँछ केही थाहा छैन । म पनि घुम्दैफिर्दै यो पृथ्वीलाई फनक्क एक फन्को मारिसकेपछि आजभोलि काठमाडौँको अनामनगर चोकलाई कर्मथलो बनाई स्वास्थ्य सेवामा क्रियाशील छु ।

यसै स्थानबाट थोरै मात्र दूरी (घट्टेकुलो)मा दाजु मदनदासको घर रहेछ । म यहाँ आएदेखि दैनिक जसो बिहानबेलुका देखभेट हुन थाल्यो । मेरो र उहाँको कतिपय स्वभावका कारण निकै छोटो समयमा हाम्रो सम्बन्ध सोचेभन्दा बढी निकट र गाढा हुँदै गयो । यो अझै प्रगाढ हुँदै गैरहेको छ जस्तो मलाई लागिरहन्छ । मदनदासज्यूको महानता भनौँ वा विषेशता एक जना विशिष्ट श्रेणीको ख्यातिप्राप्त महान् कलाकार हुँदाहुँदै पनि उहाँ अति सरल, मिलनसार र सहृदयी हुनुहुन्छ । कहीँकतै किञ्चित् मात्र पनि अहम्ता वा घमन्डीपन देखिँदैन । सायद यसै कारणले पनि होला म आज उहाँको निकट हुन मात्र होइन दुई शब्द उल्लेखसमेत गर्ने अवसर पाउन सफल भएँ ।

उहाँको निरन्तर खटिरहने त्यो पनि नि:स्वार्थ भावले, समाजका कुनै पनि क्षेत्रमा सम्भव भएसम्म योगदान दिने र मार्गदर्शन गर्ने बानी अनुकरणीय नै छ । ज्येष्ठ नागरिकहरूको विषयमा होस् वा

समग्र चलचित्र क्षेत्रको विकासमा होस् वा नाटकक्षेत्रको विकासमा होस्, चाहे दोलखाको समग्र विकासमा होस्, उहाँको सक्रियताको म वर्णन गर्न सक्तिनँ । सक्छु त केवल प्रेरणा लिन मात्र ।

एउटा छोटो लेखमा बहुप्रतिभाशाली विशिष्ट श्रेणीको कलाकारका बारेमा सबै कुरा समेट्नु असम्भवप्राय नै हुन्छ भन्ने कुरामा विज्ञ पाठकहरू असहमत हुने कुरै आउँदैन । मदनदास दाजुका विषयमा उल्लेख गर्नुपर्ने र गर्न मिल्ने अनगिन्ती प्रसङ्ग हुँदाहुँदै पनि म उहाँसँग सम्बन्धित पछिल्लो सत्य घटना उल्लेख गरेर यो लेखको बिट मार्ने अनुमति चाहन्छु ।

यसै वर्षको वैशाख महिनाको कुरा हो, एकाबिहानै मदनदास दाजु साधारण किनमेलका लागि मैतिदेवी चोकमा पुगी फर्कंदा अचानक उहाँको पर्स पछाडिको खल्तीबाट झरेछ । उहाँलाई पत्तै भएनछ । घरमा पुगेर मात्र थाहा भएछ । तुरुन्तै फर्केर खोज्ने प्रयास गर्नुभएछ तर काठमाडौँको व्यस्त सडकमा सेकेन्ड लाग्दैन अर्कैले टिप्नलाई ।

त्यसको केहीबेरमै सदाझैँ मदनदास दाजु मकहाँ आइपुग्नुभयो र इतिवृत्तान्त सुनाउनुभयो ।  मैले पनि सहानुभूति दर्साउने सामान्य औपचारिकता पूरा गरेँ ।

पर्समा केही नगदका अलावा महत्त्वपूर्ण कागजात र एउटा कुनै व्यावसायिक फोटोग्राफरको मेमोरी कार्ड पनि रहेछ जुन केही तस्बिरहरू सारेर फिर्ता गर्नुपर्ने थियो । उहाँलाई सबैभन्दा बढी चिन्ता यसैको थियो ।

उहाँको अनुहारमा पर्स हराएको पीडा स्पष्ट झल्कन्थ्यो । अनि मैले पनि उहाँलाई ढाडस दिँदै भने हजुरले पिर नलिनुहोस् त्यो पर्स कुनै पनि व्यक्ति जो होसमा छ, उसले भेटेको छ भने बढीमा चार दिनमा हजुरको हात पारिदिनेछ । किनकि पहिलो दिन उसले पर्स खोतल्नेछ र

कसको रहेछ भन्ने पत्ता लगाउनेछ । दोस्रो दिन के गरौँ गरौँ भन्ने द्विविधामा बिताउनेछ । तेस्रो दिन यस्तो राष्ट्रिय कलाकारको पर्स रहेछ यो त जसरी पनि फिर्ता दिनुपर्छ भन्ने सोचका साथ हजुरको सम्पर्क नम्बर वा ठेगाना पत्ता लगाउनेछ । चौथो दिन पर्ससहित उपस्थित हुनेछ वा कुनै स्थानमा सम्पर्कका लागि खबर गर्नेछ । ढुक्क हुनुहोस् ।

नभन्दै यस्तै भयो र चौथो दिन नै चाबहिलतिर बस्ने एक जना युवाले उहाँको सम्पर्क नम्बर खोजेर फोन गरेछ । अनि म हजुरको नासो फर्काउनलाई हजुरसँग भेट्न चाहन्छु । कहाँ ? कति बेला आऊँ ? भनेर सोधेछ । भनेबमोजिम आएर पर्स जस्ताको त्यस्तै फिर्ता बुझाएछ । अनि मदनदास दाजु दङ्ग पर्दै मैले यसबापत तपाईंलाई के गरौँ त भाइ भनेर सोध्नुभएछ । ती भाइले 'मलाई हजुरसँग एक पोज फोटो खिचाउन पाए, अरू केही चाहिँदैन' भनेपछि सोहीअनुसार गरी भाइ फर्केछन् ।

अनि त मदनदास दाजु खुसी हुँदै मकहाँ आउनुभयो र माथि उल्लिखित सबै बेलीबिस्तार लगाउँदै भन्नुभयो, 'रिजालजी ! तपाईं त ज्योतिषी हुनुहुँदो रहेछ । जे भविष्यवाणी गर्नुभएको थियो, ठ्याक्कै त्यस्तै भयो । नभन्दै आज चौथो दिनमा एक जना सज्जनले मेरो पर्स जस्ताको त्यस्तै फिर्ता ल्याएर दिनुभो भन्नुभयो ।' अनि हामी दुवै जना मज्जाले हाँस्दै रमायौँ ।

म त्यो अपरिचित भाइ जसले इमानदारीका साथ यो काम गर्नुभो उहाँलाई धेरै धन्यवादसहित उहाँको सदा भलो होस् भनी कामना गर्दछु । सायद नागरिकको मनमनमा बस्न सफल, सबैको प्रिय, अति मिलनसार, समाजसेवी विशिष्ट कलाकार नभएको भए यस्तो सम्भव हुन्थेन होला ।

अन्त्यमा आदरणीय दाजु मदनदास श्रेष्ठको बाँकी जीवन पनि समाजकै खातिर यसै गरी सक्रिय रहँदारहँदै बितोस् । भावी पुस्ताले उहाँबाट अझै प्रशस्त सिक्ने र प्रेरित हुने अवसर प्राप्त गरिरहोस् भन्ने कामना गर्दछु ।

# कर्मका ज्येष्ठ

**प्रह्लाद पोखरेल**

सरकारी सेवाका सिलसिलामा दोलखा जिल्लामा सेवारत रहनुभन्दा धेरै अघिदेखि नै मदनदास श्रेष्ठको आकर्षक व्यक्तित्वबाट म परिचित थिएँ । आदरणीय कलाकार मदन दाइसँग मेरो औपचारिक चिनापर्ची कहिलेदेखि भयो भनी यकिन गर्न सक्ने अवस्थामा म छुइनँ । म सञ्चार मन्त्रालयमा र उहाँ रेडियो नेपालमा रहँदा धेरै पटक भेटघाट भए पनि २०६० साल वैशाखमा घट्टेकुलो शान्तिनगर विकास समाजका अध्यक्षका रूपमा उहाँले 'कवितामा काठमाडौँ' नामक पुस्तक प्रकाशन गर्ने संयोजनकारी भूमिका निर्वाह गरेदेखि चाहिँ हाम्रो मित्रताले गाढापन भेट्टाएको पक्कै हो ।

म दोलखा पुगेको भोलिपल्टदेखि नै चरिकोटमा लोकनाट्य उत्सवको आयोजना गरिएको थियो २०७० असार २१, २२ र २३ गते । यस नाट्य उत्सवका हर्ताकर्ता र संयोजनकारी भूमिकाको केन्द्रबिन्दुमा उहाँ नै हुनुहुन्थ्यो भन्ने कुराको जानकारी काठमाडौँमा छँदै मैले पाइसकेको थिएँ– मदन दाइबाटै । सोहीअनुरूप मेरो दोलखा प्रस्थान गर्ने कार्यक्रममा समेत शीघ्रता अपनाउनुपरेको थियो मदन दाइको मायालु आह्वान र अभिभावकत्वपूर्ण आदेशअनुसार । नत्र त म साउन १ गते मात्रै गृह मन्त्रालयबाट दोलखा प्रस्थान गर्ने सुरमा थिएँ । नभन्दै दोलखाको करिब सोह्र महिनाको बसाइमा उहाँ मेरा सच्चा अभिभावक भएर रहनुभयो । दोलखाबारे कुनै दुविधा भएमा वा

केही नयाँ सामाजिक ढङ्गका कामको थालनी गर्नुपरेमा तत्कालीन प्रमुख जिल्ला अधिकारीले धक नमानी सोध्ने आधिकारिक व्यक्तित्व उहाँ नै हुनुहुन्थ्यो ।

दोलखाको लाँकुरीडाँडा गाविसस्थित डाङडुङे डाँडामा नेपालको महत्त्वपूर्ण चलचित्र नगरी स्थापना गर्ने सम्भाव्यता अध्ययनका सिलसिलामा वरिष्ठ कलाकार मदनदास श्रेष्ठको प्रयत्न र नेतृत्व उल्लेखनीय रहेको छ । यस सन्दर्भमा धेरै पटक औपचारिक अनौपचारिक बैठक र छलफलहरू भए र यसले अवश्य पनि सकारात्मक परिणति प्राप्त होला भन्ने विश्वासमा म छु ।

नेपाल प्रज्ञाप्रतिष्ठान, साझा प्रकाशन र रेडियो नेपालजस्ता नेपाली भाषा, साहित्य र कलाको उत्थानका निम्ति महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने आधिकारिक संस्थामा आफ्नो युवाकालीन ऊर्जाशील उमेरका अधिकांश समय गुजारेर क्रियाशील रहेका मदनदास श्रेष्ठको अभिनय कलाबाट नेपाली नाट्य जगत् र चलचित्र क्षेत्र कति लाभान्वित भए होलान् भन्ने आकलनका लागि मेरा शब्दहरू अपुग छन् ।

सदैव सहयोगी भावना, मायालु व्यवहार र मिलनसार व्यक्तित्वका धनी मदनदास श्रेष्ठलाई ज्येष्ठ नागरिक, प्रौढ व्यक्तित्व, युवा जमात र किशोर-किशोरीहरूलगायत सबै वर्ग एवम् समुदायका मानिसले उत्तिकै आदर र सम्मान गरेको देखिन्छ । उहाँ ज्येष्ठ नागरिक र प्रौढ व्यक्तिका मात्र होइन युवा र किशोर जमातका पनि मन मिल्ने साथीजस्तो हुनुहुन्छ । विशेष गरी कला, साहित्य र समाजसेवाका माध्यमबाट नेपाली समाजमा स्थापित मदन दाइको शालीन उचाइ सबैका निम्ति सुलभ रहनु उहाँको अद्वितीय विशेषता हो । सबैसँग हार्दिक, मिलनसार र घुलनशील रहने मानवीय तत्त्वबाट बनेको उहाँको सार्वजनिक व्यक्तित्व नै यसो हुनुको प्रमुख कारक तत्त्व हो भन्ने कुरामा कुनै दुविधा छैन ।

समकालीन दोलखाली समाजको विकासका सिलसिलामा आराध्यदेव श्री भीमेश्वर (दोलखा भीमसेन) मन्दिरको सुधारका निम्ति थालिएका यावत् कार्यहरूमा मदन दाइबाट प्राप्त नैतिक एवम् भौतिक समर्थन र सहयोगका निम्ति स्थानीय प्रशासन तथा दोलखावासी आभारी रहनुपर्छ । मलाई विश्वास छ– दोलखाली समाजको निरन्तर समुत्थानका लागि मदनदास श्रेष्ठको अभिभावकत्वपूर्ण समर्पण अविरल रहनेछ ।

मेरो दोलखा बसाइको अवधिमा पर्यटनको उत्कृष्ट गन्तव्य दोलखालाई केन्द्रबिन्दुमा राखेर रचना गरिएको आस्थाको गन्तव्य यात्राकाव्यको सिर्जना तथा प्रकाशनका सन्दर्भमा उहाँले देखाउनुभएको विशाल छाती, उदार हृदय र प्रेरणादायी संयोजनबाट व्यक्तिगत रूपमा म आजीवन प्रेरित र प्रभावित रहनेछु ।

**हे वरिष्ठ कलाकार हाम्रा समाज–सौरभ**
**बाली जागृतिको दीप जगायौ राष्ट्र–गौरव**
**अग्ला मदन छौ हाम्रा प्रेरणा–पुञ्ज वास्तव**
**तिम्रै उत्प्रेरणा पाई ऊर्जाशील बनौँ अब ।**

# ओजयुक्त बोली

**भगवती बस्नेत**

यदि हामी आफ्नो जीवनलाई सफल बनाउन चाहन्छौँ भने असफलतासँग जुध्ने आँट राख्न सक्नुपर्छ, तब मात्र सफलता हात पार्न सकिन्छ । अरूको सफलतामा तड्पेर समय खेर फाल्नुभन्दा अमूल्य समयको सदुपयोग गऱ्यो भने जीवन सार्थक हुन्छ । आफूले चाहेजस्तो जीवन पाउन सकिन्छ भनेर सिकाउने मदन दाइ जसलाई कलाकारको क्षेत्रमा बादशाह पनि भनिन्छ । समाज सेवा र कलाको क्षेत्रमा दखल भएका मदनदास दाजु सानैदेखि हँसिलो स्वभावका हुनुहुन्थ्यो । सबैसँग मिलेर बस्ने क्षमता भएकाले उहाँ सबैसँग मिलेर बस्नुहुन्थ्यो । कसैले हिँडेको बोलेको अनौठो लाग्यो भने त्यसको नक्कल गरिहाल्ने उहाँको अजिब बानीबेहोराले नै आजको बादशाह मदनदास भनी चिनायो । दोलखा भन्नेबित्तिकै मलाई आफ्नोपनको आभास हुन्छ । किनभने त्यही ठाउँमा मेरा बाबा जन्मनुभएको थियो । दोलखा जिल्लाको बिहारछें टोलमा जन्मनुभएका कलाकार मदनदास श्रेष्ठको नाटक र अभिनय हेरेर बाल्यकाल बित्यो । 'हाम्रा पालामा नाटकलाई नौटङ्कीका रूपमा लिइन्थ्यो । यसमा लाग्ने व्यक्तिको कुनै सामाजिक प्रतिष्ठा हुँदैनथ्यो । बिग्रेका केटा मात्रै लाग्छन् भन्ने सोचाइ थियो । त्यसैले बुबाले मलाई यो क्षेत्रमा नलाग्न भन्नुभयो ।' मदनदास दादाको यही कुरा सुन्दा नेपाली समाजमा त्यति बेला

अभिनय क्षेत्रलाई सम्मानका रूपमा हेरिँदैनथ्यो जस्तो लाग्छ तर पहिलेको तुलनामा अहिले कला, साहित्यको क्षेत्रमा केही परिवर्तन भने अवश्य आएको छ ।

म सधैँ कला र कलाकारहरूको अद्भुत कला हेरेर मनमुग्ध हुने गर्छु । आफूले त्यस्तो अभिनय गर्न सक्ने कल्पना पनि गर्न सक्तिनँ । अझ विशेष गरी मदनदास दादाको अभिनय र प्रस्तुतिको फ्यान र प्रशंसक नै हुँ । आफ्ना बाबुबाजेको थातथलोमा जन्मिएर अभिनय क्षेत्रमा आएको व्यक्तित्व भएर पनि टिभी रेडियोमा उहाँको कार्यक्रम आउनासाथ मेरा बाबाले नानी हाम्रै गाउँको भाइ मदनको कार्यक्रम सुन्न आऊ भन्नुहुन्थ्यो । म पनि सबै काम छोडेर कार्यक्रम सुन्न दौडँदै बाबाको काखमा बस्थेँ । आवाजमा वजन भएका, हेराइमा फुर्तिलो देखिने, निर्देशकले दिएको भूमिका उत्कृष्टसँग निभाउन सक्ने कला उहाँसँग थियो । तर पनि घरपरिवारलाई सन्तुष्ट गराउन असफल हुनुहुन्थ्यो भन्ने सुनिन्छ । घरपरिवारको जति नै असहयोगको बाबजुद पनि कलाक्षेत्रमा उहाँ डटेर लागिराख्नुभयो । डेढ सयभन्दा बढी टेलिचलचित्र र पन्ध्रभन्दा बढी धारावाहिक सिरियलमा अभिनय गरिसक्नुभएका दाइको व्यक्तित्व अवर्णनीय लाग्छ । उहाँको स्वरमा जादू भेटिन्छ । रेडियोमा उहाँले वाचन गरेका गीतिकथाहरू आज पनि युटुबमा सुन्दा मन आनन्दित हुन्छ । दृश्य नाटक र श्रव्य नाटकमा उहाँको अद्वितीय योगदान पाइन्छ । स्वरको अभ्यास, स्वर अभिनय गर्दा माइकमा कसरी बोल्ने, कुन शब्दमा बढी फोर्स दिने भन्ने कुरा उहाँको अभिनयबाट सिक्न सकिन्छ । कलाक्षेत्रमा आउनेहरूका लागि उहाँबाट ठूलो हौसला र प्रेरणा मिल्छ । उहाँका हरेक अभिनय हेरेर आँखा अघाउँदैन । उहाँको दर्बिलो बोली सुनेर कान थाक्दैन । हामीले ठूलो चाहना लालच राख्नु हुँदैन, जीवनमा धेरै लालच बढ्यो भने खुसी कहिल्यै भेटिँदैन । आफूसँग जे छ त्यसैमा खुसी हुन सक्नुपर्छ भन्ने जीवन दर्शन उहाँमा भेटिन्छ ।

देशले के दियो मात्र नभनेर मैले देशलाई के दिएँ भन्ने भावना राख्नुपर्छ भन्ने सोच पाल्ने मदन दाइ धेरै सम्मानले सम्मानित चर्चित कलाकार अनि समाजसेवी हुनुहुन्छ । उहाँ नइ प्रकाशनको सदस्य पनि हुनुहुन्छ । नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ सालमा स्थापना भएको नइ प्रकाशनले नेपाली साहित्यको दर्जनौँ पुस्तकहरू प्रकाशन गरिसकेको छ । यसै प्रकाशनबाट मैले मेरो दुई ओटा पुस्तक प्रकाशन गर्ने सुवर्ण अवसर पाएँ । साहित्यकार नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईज्यूले साहित्यप्रति गर्नुभएको योगदान अतुलनीय छ । नइ प्रकाशनमा नजिक भएपछि धेरै अग्रज साहित्यकार कलाकारहरूसँग नजिक हुने मौका पाएँ । यसका लागि नइलाई जति धन्यवाद दिए पनि कम हुन्छ । नइको सामीप्यसँगै एक दिन मदनदास दाइसँग पनि बोल्ने अवसर पाएँ । आदरणीय दादा नरेन्द्रराज प्रसाईले सिने जगत्का आदरणीय कलाकार दाजु मदनदास श्रेष्ठलाई पनि मेरो कथासङ्ग्रह 'मर्दको माया' दिनुभएको रहेछ । एक दिन मसँग नै कुरा गर्न भनेर मदन दाइ नइ प्रकाशन आउनुभएको रहेछ । नरेन्द्र दादाको मोबाइलबाट उहाँ मसँग बोल्न थाल्नुभयो । म त के भन्ने भन्ने एकछिन त अलमलिएँ । मैले बाल्यकालमा नाटक र सिनेमामा देखेको मदनदास श्रेष्ठज्यूसँग प्रत्यक्ष बोल्न पाउँदा म हर्षित पनि भएँ । म छक्क पनि परेँ, मेरा आदरणीय अभिनेताको बोली सुनेर । उहाँले भन्नुभयो– 'बहिनीको मर्दको माया मैले पढिसकेँ । अहिले त्यो कथा मेरी श्रीमतीले पढ्दै छिन् । बहिनीसँगै बोल्नका लागि आज म नरेन्द्रकोमा आएको हुँ । भगवती बहिनीको प्रत्येक कथाले मलाई छोयो । बहिनीलाई बधाई दिन मन लागिरहेको थियो, खुसी लाग्यो यसरी नै यस्तै राम्रा, राम्रा कथा पढ्न पाइरहूँ ।' मदन दाजुको कुरा सुनेर निकै फुरुङ्ग भएँ । उहाँको सरलता, आफ्नोपनबाट अत्यन्तै प्रभावित भएँ । साहित्य र कलाको क्षेत्रमा समर्पित भएर पनि होला साहित्यकार र कलाकारको क्षेत्रमा भेटिने अग्रजहरूप्रति सधैँ श्रद्धा जाग्छ ।

नइ संस्था नेपाली वाङ्मयप्रेमीहरूको साझा चौतारी पनि हो । त्यस्तै मदन दाइले यस संस्थालाई पनि धेरै सहयोग गर्नुभएको छ । नेपाली कला र साहित्यको क्षेत्रमा निकै ठूलो योगदान गर्नुभएको छ । मलाई लाग्थ्यो, वरिष्ठ कलाकारहरू घमन्डी हुन्छन्, साधारण मानिससँग बोल्दैनन् । तर उहाँको व्यक्तित्व अत्यन्तै फरक पाएँ । उहाँको जीवन कला र साहित्यले सधैँ सुखी र खुसी बनाइरहोस् भन्ने कामना गर्छु ।

# सकारात्मक सोचका धनी

**भोजराज पोखरेल**

आजभन्दा बीस वर्षअगाडिसम्म प्रसारणमा सबैभन्दा बेसी सुनिनेमा पर्थ्यो– रेडियो नेपाल । त्यसको पनि कार्यक्रममा समाचार कहिल्यै नछुट्ने । अनि अर्को छुटाउन मन नलाग्ने कार्यक्रम थियो साप्ताहिक रेडियो नाटक, जुन शनिबार दिउँसोको १ बजेपछि आउँथ्यो । सामान्यतया अति जरुरी पर्दाबाहेक मैले रेडियो सुन्न थालेदेखि नै यो रेडियो नाटक भने कहिल्यै छुटाउँदिनथेँ । यो नाटक खेल्ने थोरै अति मन पर्ने कलाकारमध्येमा एक जना हुनुहुन्थ्यो कलाकार मदनदास श्रेष्ठ अर्थात् मदन दाइ । उहाँको दमदार डायलगले उहाँसँग निकै निकटता ल्यायो । मेरो एकोहोरो मन पराइ र भेट यसरी नै हुन गयो व्यक्तिगत रूपमा चिनजान नभए पनि मदन दाइसँग ।

समय बित्दै जाँदा संयोगवश २०४४ सालदेखि म काठमाडौँको घट्टेकुलो निवासी हुन पुगेँ । मेरो बसाइ त्यतिखेरको नामुद खसीको मासु पाउने नामले चर्चित खसीचोकमै थियो, जुन भित्र जाने सानो गल्लीको मुखैमा पर्दथ्यो । मेरो यही बसाइले मलाई मैले धेरै वर्षदेखि सम्मान गरेको र असाध्यै रुचाएको कलाकारसँग साक्षात्कार गरायो । खुसीको सीमा रहेन । त्यसअगाडि एउटा कलाकारका रूपमा चिनेको मदन दाइका थप प्रतिभा र समाजको सकारात्मक रूपान्तरणमा सक्रिय रूपले लाग्ने एक समाजसेवी अभियन्तालगायतका महत्त्वपूर्ण

पाटाहरूका बारेमा थोरै भए पनि जान्ने, बुझ्ने र टोलवासीका नाताले सङ्गत गर्ने मौका मिल्यो मलाई ।

त्यतिखेर घट्टेकुलो क्षेत्रमा मेरो घरभन्दा भित्र प्रायश: खेत नै थियो र एउटा विशाल दह पनि थियो । मेरो घरैको आँगनबाट एउटा सानो गोरेटो गएको थियो, जुन गोरेटाले बानेश्वरलाई कालिकास्थानसँग जोडेको थियो । बानेश्वरतिरका सिंहदरबारलगायतका कार्यालयमा काम गर्ने कर्मचारीहरूको छोटो बाटाका रूपमा थियो यो, साँघुरो र अप्ठेरो भए पनि । सिंहदरबारको नजिक रहेको यस क्षेत्रमा क्रमश: बस्ती निकै विस्तार हुन थाल्यो, भित्री खेतमा धमाधम घर बन्न थाले ठूलाठूला । पहिले दह भनेर भनिएको जग्गासमेत घडेरीका रूपमा परिणत भै विशाल भवन बन्न थालिसकेका थिए । यसरी बस्ती बढ्दै जाने क्रममा भित्री भागका लागि फराकिलो सडकको आवश्यकता महसुस हुनु स्वाभाविकै थियो । नयाँ बस्तीलाई सामुदायिक भावनाबाट निर्माण-सुधारका काम अगाडि बढाउने थप आवश्यकता महसुस गरे त्यहाँका टोलवासीले । यो टोल र समुदायको सुधारमा लाग्ने केही जाँगरिला युवाहरूको अगुवाइ भने मदन दाइले गर्नुभएको थियो । उहाँहरूकै अग्रसरतामा टोल सुधार समिति बने, टोलका शिक्षा-स्वास्थ्य, बौद्धिक लगायतका टोलका हकहितका कुरामा समुदायलाई परिचालन गर्न जुटे यी युवा । यस्तो सक्रियताको परिणाम स्वरूप तुलनात्मक रूपले पछि परेको यस बस्तीलाई स्थापित गर्न तथा त्यहाँका आवश्यकतालाई संस्थागत हिसाबले सम्बोधन गर्ने हेतुले सामुदायिक उद्देश्यका लागि जग्गाको खोजी, बहुउद्देश्यीय सामुदायिक भवनको निर्माण, प्रहरी पोस्टको स्थापना तथा भवनको व्यवस्थालगायत सामुदायिक हितका अनेकन् कामका थालनी हुन थाले ।

टोल सुधारको क्रममा एउटा महत्त्वपूर्ण पाटो भने सडक विस्तार थियो । सानोसानो जग्गा लिएर बसेको बस्ती । फेरि सामान्यतया

यहाँका पहिलेदेखि रहँदै बस्तै आएका पुराना र रैथाने बासिन्दामा सामुदायिक भावनाभन्दा आआफ्ना वैयक्तिक कुराले नै प्राथमिकता पाउने परम्परागत प्रवृत्ति । यस्तो चुनौतीपूर्ण घडीमा बाटाको विस्तार कसरी गर्ने ? म पनि तीन आना जग्गा किनेर बाटामै जोडेर घर बनाएर बसेको मान्छे । धन्न बाटातिर केही फिट खाली राखेको थिएँ, सानोतिनो कुराको पार्किङ चाहिएला भनेर । एक दिन मदन दाइ त्यहाँका केही उत्साही युवालाई लिएर आउनुभयो । अप्ठेरो मान्दै बाटो विस्तार गर्ने विचार गरेको तर खास गरी बाटामा पर्ने मानिसहरूले जग्गा दिन गाह्रो मान्ने जस्तो छ, गाह्रो पो पर्ने भयो भन्ने मनसाय मसँग राख्नुभयो । यस कुराले अरूलाई भन्दा म स्वयम्लाई बढी प्रहार हुने भएजस्तो लाग्यो । किनकि सुरुको मुखमा त मै छु र मैले हुन्छ नभनेसम्म थप अरू प्रयासको कुनै अर्थ थिएन । तुरुन्तै भनेँ– ल मुखमा मै छु, पहिले मेरो आँगन भत्काउनुहोस्, कति चाहिन्छ लिनुहोस् अनि अरूलाई भन्न सजिलो हुनेछ । यसमा आखिर मेरो पनि त स्वार्थ गाँसिएको थियो, अर्थात् भित्रको विकास भयो भने म मुखमा हुनेलाई फाइदा बेसी नै हुनेछ भन्ने । मेरो यो सद्भावले काम गऱ्यो । ढिलोचाँडो बाटामा पर्ने सबैले स्वेच्छाले जग्गा दिनुभयो । साइकल हिँड्न मुस्किल पर्ने बाटामा मिनिट्रक जाने बाटो बनाउन मदन दाइहरू अन्ततः सफल हुनुभयो । तर यस काममा उहाँहरूले धेरै मेहनत गर्नुपऱ्यो, वर्षौं अनवरत ढङ्गबाट लाग्न सक्नुभयो । यसरी निस्स्वार्थ ढङ्गबाट मदन दाइजस्तो निरन्तर समय दिन सक्ने समाजसेवी बहुतै कम पाइन्छ अहिलेको जमानामा हाम्रो समाजमा ।

हेर्दाहेर्दै उहाँले घट्टेकुलाको त्यो लुकेको बस्तीलाई नमुना बस्ती बनाउनुभयो । तर मेरो दुर्भाग्य, जबजब उहाँहरू यो बस्तीमा रौनकता थप्दै हुनुहुन्थ्यो, नियतिले मलाई त्यस ठाउँबाट बिदा गऱ्यो । मैले उहाँहरूले सिर्जना गरेको त्यो महत्त्वपूर्ण मौका गुमाउन पुगेँ । खैर म त्यहाँबाट पलायन भएपछि पनि तिनै टोलवासीले मलाई

सम्झिएर धेरै पछिसम्म पनि त्यहाँका महत्त्वपूर्ण कार्यक्रममा सरिक हुने मौका दिँदै रहनुभयो ।

घट्टेकुलोमै बस्ताको एउटा अर्को पाटो पनि उहाँसँग गाँसिएको छ मेरो । त्यतिखेर म बिहान अलि छिटै उठेर पशुपति र गुह्येश्वरीको चक्कर लाउँथेँ नियमित बिहानी हिँडाइको क्रममा । मेरो यो नियमितता म त्यहाँ बसुन्जेल झन्डै सोह्र वर्ष अनवरत रह्यो । बिहानै ५ बजेको हाराहारीमा हिँड्ने क्रममा मैले मदन दाइ र उहाँकी श्रीमती रुक्मिणी भाउजूलाई प्राय: बाटाका मध्यभागमा भेट्थेँ अर्थात् म जाँदै गर्दा उहाँहरू भने फर्कँदै गरेको पाइन्थ्यो । भेट हुँदा लाग्थ्यो– अहा कस्तो जाँगर होला यी जोडीको !

उहाँले आफ्नो जन्मथलो दोलखाको सर्वाङ्गीण विकासमा पुऱ्याउनुभएको निस्स्वार्थ सेवा जब त्यहीँ बस्ने रैथाने वा अन्तबाट जागिर खान जानेको मुखबाट सुन्छु, उहाँको यस्तो प्रशंसनीय कामको मुक्तकण्ठबाट तारिफ गर्नुबाहेक मसँग अरू केही हुँदैन । धन्य मदन दाइ !

समकालीन समाजका हाम्रा अगुवा मदनदास श्रेष्ठजस्तै विनयशील, सधैँ सकारात्मक सोच राख्ने, मीठो बोली-वचनका धनी, समाजका लागि अहोरात्र निस्स्वार्थ भावले खट्न सक्ने, अरूलाई सम्मान दिई उत्प्रेरित गर्न सक्ने, मुसुक्क नहाँसी कुरा सुरु नगर्ने जस्ता गुण र बहुप्रतिभा भएका धेरै मदनहरू यो भूमिले जन्माउन सकोस् ।

नइ प्रकाशनले उहाँका बारेमा निकाल्न लागेको ग्रन्थमा मलाई पनि यी दुई शब्द व्यक्त गर्ने मौका दिएकोमा आयोजक संस्थालाई साधुवाद भन्दै मदन दाइको सकारात्मक सोचसहितको सक्रिय जीवनमा सुख, शान्ति, समृद्धि र आरोग्यको मङ्गलमय कामना प्रकट गर्दछु ।

# ऊर्जावान् अभिनेता

**प्रा.मोहनराज शर्मा**

'चिनजान गरौँ न, म मदनदास श्रेष्ठ ।' सहसा एउटा बुलन्द आवाज मेरा कानमा भरियो ।

'म मोहनराज शर्मा ।' आफ्ना सामुन्ने उभिएको भव्य व्यक्तित्वलाई नियाल्दै मैले क्षीनो स्वर काढेँ ।

'नमस्कार, मोहन दाइ !' फेरि उही बुलन्द स्वर मेरा कानमा गुन्ज्यो ।

'नमस्कार मदनजी !' फेरि मेरो उही क्षीनो आवाज दोहोरियो ।

•

अरू वर्षझैँ २०३९ मा पनि प्रज्ञाप्रतिष्ठानले नाटक महोत्सवको आयोजना गरेको थियो । यो अवधि रङ्गकर्मी तथा नाटकप्रेमीहरूका लागि रमाइलो चाडबाडका रूपमा आउँथ्यो । नेपाली रङ्गजगत्मा फुर्तिलो किसिमको सक्रियता बढेको देख्न पाइन्थ्यो । धेरजसो काठमाडौँका र केही बाहिरतिरका नाटचकर्मीहरू आफ्नोआफ्नो कलात्मक प्रतिभा देखाउन तत्परताका साथ जोसिएका देखिन्थे । वातावरणमा नाटचकलाको मौसम छाएको जस्तो लाग्थ्यो ।

त्यस वर्षको नाटक महोत्सवमा मेरो नाटक 'जेमन्त' देखाउने तरखर हुँदै थियो । त्यसअघि मेरो कुनै नाटचरचनाले मञ्चित हुने

अवसर पाएको थिएन । मेरो नाटकको पहिलो मञ्चन हुन लागेको थियो । 'जेमन्त' प्रदर्शन हुने कुरा मेरा लागि एउटा सुसमाचार जत्तिकै थियो ।

'जेमन्त'को निर्देशनको अभिभारा रवीन्द्र खड्काले लिएका थिए । उनी उमेरले युवा भए पनि कमालका मञ्च अभिनेता थिए । उनी आफूले बहुलाको चुनौतीपूर्ण भूमिका गरे भने सपना मल्ल, गोपालराज मैनाली, उज्ज्वल घिमिरे, लय सङ्ग्रौला, मुनीन्द्र रिजाल आदि अन्य कलाकारलाई पनि सशक्त रूपमा मञ्चमा ओरालेका थिए ।

नाटक 'जेमन्त'को प्राभ्यास प्रारम्भ भएपछि रवीन्द्र मलाई कर गरीगरी हेर्न लैजान्थे । मेरो नाटकको पहिलो मञ्चन भएको हुँदा मलाई पनि हेर्न जाने उत्सुकता नभएको होइन । फेरि 'जेमन्त' अत्यन्त प्रयोगवादी र अत्याधुनिक नाटक भएको हुँदा प्रस्तुतिमा अलमल हुने बढी सम्भावना देखेर आफ्ना तर्फबाट हुन सक्ने सहयोग गर्न मैले प्राभ्यासमा नियमित उपस्थित रहने अठोट गरेँ ।

त्यतिखेर पनि नाटक खेल्नु वा खेलाउनु बरालिने काम ठानिने हुँदा अभ्यासका लागि निर्धारित ठाउँको अभाव थियो । ठाउँ सरीसरी कहिले कुनै क्याम्पस र कहिले स्कुलको छानामुनि जुटेर काम गर्नुपर्थ्यो । स्कुल वा क्याम्पसको बिदा भएपछि कोठा उपलब्ध हुने हुँदा प्राय: साँझतिर प्राभ्यास हुन्थ्यो । त्यसरी उपलब्ध कुनै कोठामा बिजुलीबत्ती हुन्थ्यो, तर कुनै कोठामा बिजुलीबत्ती नभए मैनबत्ती बाल्नुपर्थ्यो । यसबाहेक अभिनयदेखि सम्पूर्ण कार्य स्वयम्सेवाका रूपमा सम्पन्न हुन्थ्यो । खाजा खान पनि आफ्नै गोजीको पैसा छामछुम गरेर झिक्नुपर्थ्यो ।

एक साँझ रत्नराज्य क्याम्पसको एउटा कोठामा 'जेमन्त'को प्राभ्यास चलिरहँदा मैले सर्वप्रथम मदनदास श्रेष्ठलाई भेटेको थिएँ ।

त्यति बेला उनीसँग भएको पहिलो कुराकानी माथि सिरानैमा प्रस्तुत गरिए पनि यसको सङ्क्षिप्त रूप तल फेरि उद्धृत गर्छु–

'चिनजान गरौँ न, म मदनदास श्रेष्ठ !'
'म मोहनराज शर्मा !'
'नमस्कार, मोहन दाइ !'
'नमस्कार मदनजी !'

अग्लो कद, गोरो वर्ण, ठूलाठूला आँखा, सुकिलो अनुहार, युवासुलभ जोस र प्रभावशाली व्यक्तित्वका धनी मदनदासलाई त्यस पहिलो भेटमा मैले एकछिन आँखा नझिम्काई हेरिरहेँ । सौम्यता र भद्रताको त्यस प्रतिमूर्तिलाई नियालेर मैले आत्मसात् गरिरहेको मौकामा त्यहाँ आई रवीन्द्र खड्काले उनको वास्तविक परिचय दिँदै उनलाई नेपाली रङ्गमञ्चका एक सशक्त अभिनेताका रूपमा चिनाए । हेर्दै उनका संवेदनशील ओठहरूबाट हृदयस्पर्शी संवादहरू झर्छन् जस्तो लाग्थ्यो । उनले बोल्दा उनको सम्मोहक वाणी सुनिरहूँजस्तो भइरहन्थ्यो ।

मदनदास पनि त्यही वर्षको नाटक महोत्सवमा प्रस्तुत हुने कुनै नाटकको प्राभ्यासका लागि त्यहाँ आएका थिए । त्यो नाटक 'समानान्तर' हो कि जस्तो लाग्छ । त्यसका सहभागी कलाकारहरू आउन केही विलम्ब भएकाले उनी नाटचकर्मी मित्रहरूसँग भेटघाट र भलाकुसारी गर्न यता 'जेमन्त'को प्राभ्यास भइरहेको कोठामा आएका थिए । त्यो नै उनीसँग मेरो पहिलो भेटघाटको संयोग भयो ।

त्यस भेटमा मलाई उनी ज्यादै विनयी र गुणग्राही व्यक्ति लागे । निकैबेरसम्म 'जेमन्त' हेरेपछि उनले गम्भीर स्वरमा भने, 'मोहन दाइ ! मल्लबन्धुमा आएर अड्केको नेपाली नाटक अब अघि बढ्ने भो, बधाई !' उनको यस भनाइले मलाई र अभ्यासरत पूरै समूहलाई उत्साहित गऱ्यो । नभन्दै 'जेमन्त' त्यस वर्षको उत्कृष्ट नाटक ठहरियो ।

म त्यतिखेरको एउटा घटना अझै सम्झन्छु र मदनदासका जीवन्त अभिनय क्षमताको मनमनै प्रशंसा गर्छु । 'जेमन्त'कै प्राभ्यासका क्रममा एक दिन फुर्सद निकालेर त्यहाँ जुटेका कलाकार, निर्देशक तथा अन्य रङ्गकर्मीहरूले उनलाई नौलो केही प्रस्तुत गर्न खुरन्दार गरे । त्यस बेलासम्म मैले उनको अभिनय नदेखेको हुँदा म पनि हेर्न उत्सुक भएँ । उनले जे गरे त्यो अद्भुत थियो । उनको त्यो प्रस्तुति मेरा मनमा नमेटिने छाप बनेर बस्यो । उनले दुई ओटा शब्द 'उर्मिला भाउजू' (निर्मला भाउजू पनि हुन सक्छ) बारम्बार उच्चारण गरेर त्यहाँ अभिनयको जादू जगाए र सबैलाई आफ्नो दरो इन्द्रजालमा बाँधे ।

उनले प्रस्तुतिको सारसुर गर्न थालेपछि पूरै कोठा सियो खसेको आवाज सुनिने गरी चकमन्न बन्यो । त्यस चकमन्नलाई फार्दै छिटै नै उनको हास्य रसमा भिजेको आवाज गुन्ज्यो, "उर्मिला भाउजू, उर्मिला... !" हामी सबै उनको हाँसोमय मुखमुद्रा र हाउभाउ देखेर पेट मिचीमिची हाँस्न लाग्यौँ । केहीबेर पूरै वातावरण हाँसोको सुनौलो पर्याय बन्यो ।

अनि उनका रूप एकदमै रौद्र भयो र उनी क्रोधको सगरमाथामा उक्लेर कराए– 'उर्मिला भाउजू, उर्मिला... ।' क्रोधले भर्भराएको उनको अनुहार र राताराता आँखा देखेर कोहीकोही त आङ सिरिङ्ग पार्ने डरका वशीभूत भई काम्न थाले ।

त्यसपछि प्रणय चेष्टामा चुर्लुम्म डुबेर उनले मुखबाट अनुरागपूर्ण मीठो स्वर निकाले– 'उर्मिला भाउजू ! उर्मिला... ।' उनी त्यसरी प्रस्तुत हुन्जेल हामीलाई त्यहाँ कुनै नवयौवना नखराउँदै अभिसाररत रहेको स्पष्ट भान भयो ।

हाम्रा मनमा त्यसरी शृङ्गार घोलिँदै गर्दा उनको वीरतापूर्ण स्वर घन्क्यो, 'उर्मिला भाउजू ! उर्मिला.. !' त्यसका सबै वातावरणमा शौर्यको गाढा रङ्ग पोतियो र हामी युद्धस्थलतिर प्रयाण गर्दै रहेको सैन्य टुकडीझैँ जोसले भरियौँ ।

त्यसपछि उनले घिनलाग्दो मुखमुद्रा बनाएर घृणित स्वर काढे– 'उर्मिला भाउजू ! उर्मिला... !' यसका साथै परिवेशभरि जुगुप्साको बाक्लै लेप लाग्यो । हाम्रो मनमस्तिष्कलाई पनि घृणा भावले छोपेको हुँदा हामी विचित्र स्थितिमा पुगेका थियौँ ।

उनको मुखमुद्रामा तत्काल परिवर्तन भयो र उनको ओठबाट सुस्तसुस्त शब्दहरू तप्के– 'उर्मिला भाउजू ! उर्मिला... !' यस पटक दया भावमा भिजेको स्वरले हामी सबैका मनमा करुणाको सञ्चार गऱ्यो र हामी सबै सिङ्गमरमरमा कुँदिएको कुनै दयामयी मूर्तिका सामुन्ने अवाक् भएर उभिएको अवस्थामा पुग्यौँ ।

त्यसबीच भयमा बाक्लै मुछिएको उनको आवाज उर्लिसकेको थियो– 'उर्मिला भाउजू ! उर्मिला... !' उनको प्रभावकारी आवाज सँगसँगै चारैतिर भयानक रसको डरलाग्दो साम्राज्य फिँजियो । साँच्चै नै हामीमध्ये कोहीकोही त भयले फुस्रो हुन थालेका थियौँ ।

अनि घोर आश्चर्यको सिर्जना गर्दै उनको स्वर वरपर तैरियो– 'उर्मिला भाउजू ! उर्मिला... !' त्यसका साथै चारैतिर आश्चर्यको बाछिट्टा हान्दै अद्भुत रसको झरीले हामी सबैलाई निथ्रुक्क भिजायो ।

त्यसपछि उनले दूर क्षितिजमा हेरेझैँ गरी कोठाको दलिनमा आँखा टाँसेर शान्त स्वरमा सम्बोधन गरे– 'उर्मिला भाउजू ! उर्मिला... ।' बोल्दाबोल्दै उनको अनुहार पत्थरमा कुँदिएको मूर्तिजस्तै निश्चल हुन पुग्यो भने आँखाहरू पूर्ण मुदित भए । यसका साथै चारैतिर वैराग्यजनित शान्त रस पोखियो र मदनदासको प्रभावकारी एकल अभिनय पनि समाप्त भयो ।

विविधताको इन्द्रेनी छटायुक्त त्यस्तो अभिनय क्षमता र प्रस्तुति सामर्थ्य देखेर म अझैसम्म उनको कलाकारिताबाट प्रभावित छु । अन्त्यमा म अत्यधिक ऊर्जावान् अभिनेता मदनदास श्रेष्ठको हार्दिक अभिनन्दनका साथ उनको सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको कामना गर्छु ।

# अभिनय स्वाभाविक, सहज र स्वःस्फूर्त

**यादव खरेल**

२०४५ सालमा कथानक चलचित्र 'चेलीबेटी'का लागि म कलाकारहरूको चयन गर्दै थिएँ । न्यायाधीशको भूमिकाका लागि उपयुक्त कलाकार खोज्दै जाँदा मदनदासको अनुहारमा पुगेर म टक्क रोकिएँ । मनमनै भनें– बल्ल फेला पऱ्यो न्यायाधीश । न्यायाधीशको भूमिकामा मदनदासलाई छान्नुका मेरा दुई कारणहरू थिए । पहिलो कारण थियो उनको व्यक्तित्व । मेरो दृष्टिमा मदनदासको व्यक्तित्व सहमति र सहकार्य मैत्री थियो । मीठो बोलीवचन, मैत्रीपूर्ण व्यवहार र सबैसँग मिलेर काम गर्न सक्ने स्वभावका कारणले गर्दा मैले मदनदासको व्यक्तित्वलाई सहमति र सहकार्य मैत्री भनेको हुँ । न्यायाधीशको भूमिकामा चाहिने शिष्टता, सौम्यता, गम्भीरता र तटस्थता जस्ता गुणहरू मदनदासमा विद्यमान थिए ।

उनलाई न्यायाधीश छान्नुको दोस्रो कारण थियो प्रसारण र अभिनय क्षेत्रमा यिनको लामो अनुभव । मदनदासलाई भेट्दा म रेडियो नेपालमा काम गर्दाका दिनहरू सम्झन्छु । २०१५ सालदेखि २४-२५ सालसम्म रेडियो नेपालमा म विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दथेँ– साहित्यिक कार्यक्रम, काव्यकुञ्ज, बालबालिकाको कार्यक्रम बालवाटिका, गीतिकथा, प्रश्नोत्तर, साङ्गीतिक कार्यक्रम, व्यापारिक सेवा आदि । मैले रेडियो नेपालमा काम गर्न छोडेपछि गीतिकथा, प्रश्नोत्तर आदि कार्यक्रमहरू मदनदासले सञ्चालन गर्न लागे । त्यस

बेला रेडियो नाटकको कार्यक्रम अत्यन्तै जनप्रिय थियो । यी नाटकहरू लेख्ने काम ध्रुवकुमार देउजा, निर्देशन गर्ने काम हरिप्रसाद रिमाल तथा मुख्य पात्रको अभिनय गर्ने काम म गर्दथेँ ।

२०२५ सालपछि मदनदासले धेरै वर्षसम्म रेडियो नाटकहरूमा अभिनय गरे । त्यसैले रेडियो प्रसारणका साथै अभिनयमा आफ्नो सम्पूर्ण जीवन समर्पण गरेकाले मैले मदनदासलाई सहकर्मी सहधर्मीका रूपमा हेरेको हुँ । प्रसारण क्षेत्रको लामो अनुभवले पनि मदनदासलाई खारिएको कलाकार बन्नमा सघायो भन्ने मेरो बुझाइ छ । त्यसैले 'चेलीबेटी'को निर्माण क्रममा न्यायाधीश सम्बद्ध दृश्यहरूमा निर्देशकका हिसाबले मैले मेहनत नै गर्न परेन । अभिनयमा मदनदास स्वाभाविक, सहज र स्वःस्फूर्त थिए ।

# मदन दाइबाट मुलुकले धेरै पायो

**राजन खनाल**

मदन दाइसँगका केही पुराना स्मृतिहरू छन् मसँग । धेरैअगाडिको कुरा हो; त्यस बेला हामी केही उत्साहीहरू मिलेर नाटक गर्थ्यौं । नाटक लेख्नु, खेल्नु, रिहर्सल गर्नु, प्रदर्शन गर्नुलाई त्यति बेला नाटक गर्ने भनिन्थ्यो । त्यो समयमा म पनि नाटक लेख्थेँ । कहिलेकाहीँ म नाटकहरूमा खेल्थेँ पनि । तर थोरै मात्र खेल्थेँ, धेरै लेख्ने प्रयास नै गर्थें ।

त्यस बेला अहिले जस्तो सञ्चारका यति धेरै माध्यम थिएनन् । त्यस बेला कुनै खास प्रविधिको विकास भइसकेको पनि थिएन । रेडियो नेपालबाट प्रसारण हुने गीतिकथा, धार्मिक नाटक, हास्य नाटक, शनिबार बज्ने नाटक, नाचघरमा देखाइने नाटक, प्रज्ञाप्रतिष्ठानमा, सभागृहमा कहिलेकाहीँ देखाइने नाटक, टोल समुदायमा विशेष अवसर पारेर देखाइने नाटक, नृत्य आदि त्यस समयका मनोरञ्जनका प्रमुख साधन थिए ।

मैले मदनदास श्रेष्ठलाई त्यस समयमा चिनेको थिएँ । त्यतिखेर शनिबार रेडियो नेपालबाट बज्ने नाटकमा मदनदासले जोडदार आवाज दिनुहुन्थ्यो । त्यहीँ भएको बखतमा मैले केही रेडियो नाटक पनि लेखेँ । त्यस समयमा हरिप्रसाद रिमालले निर्देशन गर्नुहुन्थ्यो । कृष्ण मल्ल, शिखा मल्ल, सिद्धान्तराम जोशी, माया गिरीले स्वर दिन्थे ।

त्यस समय सुरज लामिछाने र म कलेजमा पढ्दै थियौँ । शिशिर सापकोटाले हामीलाई रेडियो नाटक लेख्न प्लट दिन्थे । त्यस समयमा रमेश बूढाथोकी, अशोक शर्मा, खेम शर्मा, कृष्ण कार्की, बाबा बस्नेतसँग विभिन्न समयमा नाटकको कार्यक्रममा सहभागी भइयो । त्यसै बेला मदन दाइसँग मेरो चिनजान भएको थियो ।

कलाको क्षेत्रमा लाग्दाको दु:ख कस्तो हुन्छ भन्ने मलाई राम्ररी थाहा छ । पहिलो पटक रेडियो नाटक लेखेर पारिश्रमिक पाउँदाको खुसी अहिलेसम्म पनि स्मरणयोग्य छ । यो क्षेत्रप्रतिको माया हुँदाहुँदै मैले यो क्षेत्र छाडेँ । सरकारी जागिरतिर प्रवेश गरेँ र मेरो यो प्रिय विधालाई पनि छाड्न बाध्य भएँ । लामो समय काम गरेर पनि यो क्षेत्रसँगको मेरो सम्बन्ध एक प्रकारले छुटचो । तर लेख्न र खेल्ने कामबाट म पर सरे तापनि सुन्ने र हेर्ने कामबाट पर सरेको भने छैन । यति हुँदाहुँदै पनि कलाकारहरूसँग चाहिँ मेरो भेटघाट क्रमश: पातलो हुँदै जान थाल्यो ।

पछि एउटा सरकारी निकायको वृत्तचित्र बनाउने सिलसिलामा मदन दाइसँग मेरो फेरि भेट भयो । उस्तै मदन दाइ– हँसिलो, फुर्तिलो, जाँगरिलो र कामप्रति पूर्ण प्रतिबद्ध मदन दाइ ! फेरि हामी दुईको यात्रा यसैमा भयो । वृत्तचित्र बनाउने सिलसिलामा हामी जिरी, तातोपानी, सेर्दुङ, वीरगन्ज, हेलम्बु पुग्यौँ । त्यो वृत्तचित्र निक्कै राम्रो पनि बन्यो । यसको निर्देशन मदन दाइले नै गर्नुभएको थियो । तर मैले पनि सरकारी प्रतिनिधिका रूपमा मात्र नभएर आफ्नो नाटकलेखनको पुरानो अनुभवलाई प्रयोग गरेँ । त्यसैले वृत्तचित्र राम्रो बन्यो । सरकारी निकायले त्यो वृत्तचित्र विदेशमा समेत प्रस्तुत गरे । मलाई सरकारी जागिर छाडेर यो क्षेत्रमा फेरि लागूँजस्तो भयो, तर यस्तो निर्णय गर्न मैले सकिनँ । अन्तत: म जागिरतिरै फर्कें ।

यसपछि मदन दाइसँग फेरि अर्थ मन्त्रालयमा भेट भयो । उहाँ फिल्मनगरी बनाउने सिलसिलामा मसँग ठूलो टोलीसहित आउनुभएको थियो । दोलखामा एउटा राम्रो सुटिङ स्थल बनाउने योजनामा हामीले निकै बहस गऱ्यौँ । सञ्चार मन्त्रालयसँग पनि हामी बस्यौँ । त्यो योजनामा आज पनि मदन दाइ हिँडिरहनुभएको छ जस्तो लाग्छ ।

मदन दाइको व्यक्तित्व पनि गजब छ । सामाजिक व्यक्तित्व, कलाकारको व्यक्तित्व, निर्देशकको व्यक्तित्व, अभिभावकको व्यक्तित्व पृथक्पृथक् भूमिका उहाँले आफ्नो जीवनलाई बाँड्नुभएको छ । कलाक्षेत्रमा पनि सबै भूमिकामा उत्तिकै प्रखर हुनुहुन्छ भन्ने मेरो विश्वास छ ।

उहाँजस्तो अनुभवले खारिएको व्यक्तिसँग मेरो त्यस बेलादेखि अहिलेसम्म प्राय: अविच्छिन्न नै सम्पर्क हुनुलाई मैले गर्वको अनुभूति गरेको पनि छु ।

मदनदासले राज्यबाट के पाउनुभयो र के पाउनुभएन त्यो त म भन्न सक्तिनँ; तर मदनदासबाट मुलुकले धेरै कुरा प्राप्त गऱ्यो भन्नचाहिँ म सक्छु । केही समयअगाडि मदन दाइसँग फेरि भेट भयो । पुराना स्मृतिहरू ताजा भए । उस्तै फुर्तिलो, उस्तै उत्साह, उत्तिकै सामाजिक भाव– म त छक्क परेँ ! मदन दाइ र मेरो उमेर निक्कै फरक छ; तर खोइ उहाँमा जस्तो ममा फुर्ति ? केही गर्ने चाहना ? थकाइ नलाग्ने बानी ? म असमञ्जसमा परेँ । मलाई लाग्यो, मदन दाइबाट मैले अझै पनि धेरै सिक्न बाँकी छ । मदन दाइको यो उत्साह र जाँगर कायम रहिरहोस् !

# नाट्यकर्मी मदनदास श्रेष्ठ

**प्रा.राजेन्द्र सुवेदी**

*[नेपाली नाट्य मञ्चका प्रतिभा २००५ सालमा जन्मेका मदनदास श्रेष्ठको मूलथलो दोलखा हो । उनी नेपालका नाटककर्मी प्रतिभाको परम्परामा विशिष्ट स्थान आर्जन गरेका प्रतिभा हुन् । उनले नेपालीमा नाटक सृजना गर्ने, निर्देशन गर्ने र अभिनयसमेत गर्नेजस्ता कार्यहरू गरेर नेपालको नाट्य क्षेत्रलाई धेरै सहयोग पुऱ्याउने काम गरेका छन् । नेपाली समाज, संस्कृति, नाटक र साहित्यका क्षेत्रमा उनले पुऱ्याएको योगदानको निरूपण गर्न म र उनी मात्र बसेर नइ प्रकाशन तथा त्रिमूर्ति निकेतनका सदस्यसचिव नरेन्द्रराज प्रसाईको कार्यकक्षमा श्रेष्ठसँगै भएको अन्तरङ्ग कुराकानीमा आधारित रचना ।]*

**राति दियालोको उज्यालो बालेर र दिउँसो गुरुको लट्ठी खाएर कक्षा चारसम्म पढियो–**

पूर्वी नेपालको मध्यपहाडी क्षेत्र दोलखा जिल्ला निवासी नारायणदास श्रेष्ठकी कान्छी पत्नीतर्फका चार भाइ छोरामध्येको दोस्रो पुत्रका रूपमा जन्मेका श्रेष्ठको प्रारम्भिक जीवन गाउँमै बितेको छ । २००४ सालमा स्थापित भीम हाइस्कुलमा रमाएर चार कक्षासम्म पढेको र गुरुहरूले लट्ठीले पिटेको सम्झना गर्दै आफ्नो बाल्य जीवनको रोचक प्रसङ्ग पनि श्रेष्ठले प्रस्तुत गरेका छन् । गाउँले पाठशालामा प्राथमिक शिक्षा आर्जन गरेका श्रेष्ठको

बाल्य जीवन निकै टिठलाग्दो रहेको छ । उनका पिताजी नारायणदास श्रेष्ठ सरकारी जागिरेका रूपमा टक्सार विभागमा कार्यरत रहेकाले देशका विभिन्न भागमा पुगेर सेवा गर्ने स्थिति रहेको सन्दर्भ हाम्रो कुराकानीमा आएको थियो ।

**दरबार हाइस्कुलमा पढ्दाका साथी आज विशिष्ट व्यक्तित्व बनेका छन्–**

कक्षा चारको परीक्षा दिएपछि त्यतिखेर पिताजीको जागिर राजधानीमै भएका कारण अध्ययनका निम्ति काठमाडौँ आएको र आफू दरबार हाइस्कुलमा भर्ना हुन पुगेको सन्दर्भ अघि सार्छन् । दरबार हाइस्कुलमा पढ्दाका साथीहरू गोविन्दराज जोशी आफ्नो कक्षाका मोनिटर (पछि नेपाली काङ्ग्रेसबाट मन्त्री), आजका विशिष्ट कलाकार कान्छाकुमार कर्माचार्य, कलाकार कनक भण्डारी रहेको रमाइलो सन्दर्भ पनि दरबार स्कुलमा कक्षा सातसम्म अध्ययनका क्रममा संयोग भएको कुरा पनि यहाँ छलफलको विषय बन्यो । गणित पढाउने मुसलमान गुरु पाठ नबुझाउँदा चाकमा लट्ठीले हिर्काउने गर्थे । त्यतिखेर विद्यार्थीसँग शिक्षकले गर्ने व्यवहार निकै नराम्रो थियो जस्तो लाग्छ भन्ने कुरा उनका कथनमा आयो ।

**उच्च शिक्षामा सरिक हुने र जागिरको खोजीमा भौँतारिनुपरेको स्थिति–**

कक्षा आठ पढ्न फेरि दोलखा नै पुगियो । २०२६ सालमा दोलखाको उही भीम हाइस्कुलबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि उच्च शिक्षा आर्जनका क्रममा निकै उतारचढाउ आएका सन्दर्भहरू रमाइलो पाराले अघि सार्दछन् । उनी उच्च शिक्षाका निम्ति काठमाडौँ आएपछि कलेजको अध्ययनसँगै नाटकको अभिनय र प्रदर्शन गर्ने वातावरणमा संलग्न भएको कुरा पनि प्रस्तुत गर्दछन् । २०२६ सालमा काठमाडौँ आएपछि नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको नाटक

विभागअन्तर्गत क श्रेणीको कलाकारका रूपमा सेवा प्रवेश गर्ने क्रममा मेरो चयन भए पनि मभन्दा पनि कमजोर आर्थिक स्थिति निरीह भएका दुई जना महिला गिरिजा श्रेष्ठ र सुवर्णसुन्दरी श्रेष्ठलाई त्यही मेरा निम्ति सृजना गरिएको पदलाई ख श्रेणीका दुई पद बनाएर दुई जनालाई नियुक्ति गर्नुपर्ने भयो । तपाईंले यो त्याग देखाउनुपऱ्यो र यही सहयोग गर्नुपर्ने भन्ने प्रस्ताव गुरु श्यामदास वैष्णवले ल्याएपछि तिनै दुई महिलाका नाममा आफ्नो जागिरसमेत छोडेर हिँडेको अनुभव उनको जीवनमा जोडिएको छ । पछि फेरि मेरो अभिनयबाट प्रभावित भएर एकेडेमीकै जुनियर कलाकारको पदमा सत्यमोहन जोशीको आग्रहमा आफूले २ वर्ष जति जागिर खाएको सन्दर्भ पनि श्रेष्ठको जीवनमा जोडिन आएको कुरा यस संलापमा प्रकट गरेका छन् ।

**नाटचकर्मी बन्न प्रोत्साहित चाहिँ गाउँकै पर्यावरणले गरेको थियो–**

गाउँमा रहँदा स्वयंसेवकका रूपमा नाटच क्षेत्रमा प्रवेश गरेको र पछि बिस्तारै मञ्चको जिम्मेदारीमा मैन्टोलको बत्तीमा दर्शकतर्फको भाग कागजले ढाकेर मञ्चतर्फको भाग मात्र खुला राखेर प्रकाशको व्यवस्थापन, पर्दाको व्यवस्थापनलगायतका काममा पनि सरिक हुने अवस्था आफ्नो जिम्मेदारीमा आएको कुरा श्रेष्ठ रोमाञ्चक ढङ्गले प्रस्तुत गर्दछन् । काठमाडौँमा आएपछि आजको सांस्कृतिक संस्थान त्यतिखेरको राष्ट्रिय नाचघरमा अग्रज कलाकारहरू धार्मिक नाटक प्रदर्शनमा क्रियाशील रहन्थे । यसै क्रममा कृष्णप्रसाद रिमाल, कृष्णप्रसाद अधिकारीले निर्देशन गरेका सामाजिक नाटकमा आफूले नायक र शकुन्तला गुरुङ (हाल शकुन्तला शर्मा) ले नायिकाका रूपमा अभिनय गरेको नाटक हेर्न त्यहाँ पुगेका श्यामदास वैष्णव प्रभावित बनेका कारण नै माथि उल्लेख भएको एकेडेमीको जागिर खान पुगेको सन्दर्भ पनि उनी प्रस्तुत गर्दछन् । अऩ्ञ उनको कथन हामीजस्ता नयाँ कलाकारहरूचाहिँ सामाजिक नाटकहरू

प्रदर्शनमा सरिक हुने प्रचलन बढ्दै थियो भन्ने कुरा पनि रोचक ढङ्गले प्रस्तुत गरेका छन् ।

**नाटचक्षेत्रमा प्रवृत्त हुन धेरै किसिमका वातावरणले सहयोग गऱ्यो–**

यतिखेरदेखि विभिन्न कलेजहरूमा विद्यार्थीहरूमाऊ प्रस्ताव गरेर नाटक प्रदर्शन गर्ने वातावरण तयार गर्दै जाने र व्यावसायिक रूपमा नाटकलाई विकसित गर्दै जाने विषय पनि उनले गरेका प्रयत्नमा पर्दछन् । नाटक दर्शकहरूले पनि कमै रुचाउने र अभिभावक तथा परिवारले पनि कलाकारलाई आवारागिरीका रूपमा हेर्ने परम्पराका कारण अनेक किसिमका जटिलता बेहोर्नुपरेका सन्दर्भ पनि यहाँ श्रेष्ठले प्रस्तुत गरेका छन् । त्यस समयमा आई.ए. तहको अध्ययन पुरा भइसकेको अवस्थामा कलाकारका क्षेत्रमा मोडिएको हाम्रो समूहमा हरिहर शर्मा पनि जोडिन आइपुग्नुभयो । चिकित्साशास्त्र अध्ययनका निम्ति बाहिर जान तयार भएका हरिहर शर्मालाई पनि यतैतिर आकर्षित गरेर कलाकारका रूपमा एकेडेमीमा संलग्न हुन प्रेरित गर्ने काम मैबाट भयो । तुलसी दिवससँग आग्रह गरिएका कारण हरिहर शर्माको नियुक्ति एकेडेमीको कलाकारका रूपमा भयो । तर कताकता एकेडेमीप्रति वितृष्णा भाव जन्मेका कारण उनले एकेडेमीको जागिरलाई पनि तिलाञ्जलि दिएर बाहिरिएको सन्दर्भ यहाँ वार्ताको विषय बनेको छ ।

**ख्यालख्यालमै जागिर गयो । फेरि ख्यालख्यालमै नियुक्तिपत्र हात पऱ्यो–**

२०३० सालको अन्ततिर एकेडेमीको जागिर छाडेपछि केही समय खाली रहेका बेला एक पटक नयाँ सडकको पीपलको फेदमा साझा प्रकाशनका महाप्रबन्धक कृष्णचन्द्रसिंह प्रधानसँग भेट भयो । कुरैकुरामा आफू खाली रहेको कुरा थाहा पाएपछि प्रधानले कैलाली, धनगढीको साझा प्रकाशनको शाखाप्रमुख भएर जाने कुरा आयो । ख्यालख्यालमै फेरि जागिरको नियुक्तिपत्र हात पऱ्यो । धनगढी

पुग्न भारतीय भूभागको रेलमार्गबाट गौरिफन्टा हुँदै जानुपर्थ्यो, त्यहाँ पुगेर कार्यभार जिम्मा लिने काम पनि भयो । संयोगवश त्यहाँ राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने क्रममा जिल्ला स्तरका हाकिमहरूको बैठकमा नेपाली नाटक नै अभिनय गर्ने र अरू पनि सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्ने काम तय भएपछि नाटकको तयारी आफ्नै जिम्मामा आयो । त्यहाँ नगर प्रहरीप्रमुख लालबहादुर खाती जो गायक र कलाकार पनि रहेको सन्दर्भ पनि श्रेष्ठले बडो रमाइलो पाराले प्रस्तुत गरेका छन् ।

**पहिलोपल्ट धनगढीको राष्ट्रिय प्रजातन्त्र दिवसमा नेपाली सांस्कृतिक कार्यक्रम–**

नेपालको कार्यक्रममा भारतीय गीत, सङ्गीत, वाद्यवादन र नृत्यको आयोजना गरेर यस्ता राष्ट्रिय महोत्सव मनाउने त्यहाँको परम्परामा पहिलोपल्ट पटाक्षेप भएको सन्दर्भ पनि उनको जीवनको निकै रोमाञ्चक प्रसङ्ग बनेको छ । नेपाली शैलीबाटै यो उत्सव सम्पन्न गर्ने हो भने सांस्कृतिक कार्यक्रमको संयोजक बनेर तपाईं नै सम्पन्न गर्नुहोस् भनेर जिम्मा दिएको प्रसङ्ग पनि यहाँ उनले प्रस्तुत गरेका छन् । बाजागाजा र गीतसङ्गीतका साधनहरू काठमाडौँको रत्न रेकर्डिङ संस्थानबाट मगाउने र नेपाली ढङ्गले नै कार्यक्रम सम्पन्न गर्ने व्यवस्था त मिलाइयो । त्यस कार्यक्रममा विजय मल्लको 'पत्थरको कथा' नाटक अभिनय गर्ने भन्ने निधो गरियो । स्थानीय थारू कलाकारका केही नृत्यबाहेक भारतीय नौटङ्की कलाकर्मीबाट नै यस्ता राष्ट्रिय कार्यक्रम सम्पन्न गरिने विडम्बना प्रस्तुत हुने गरेको स्थिति पनि यहाँ चर्चामा आयो । नाटकको अभिनयमा नायकको भूमिका विजय भट्टराई (जो फणीन्द्र खेतालाका छोरा, त्यहाँ जागिरको क्रममा पुगेका) ले जिम्मा लिए तर नायिकामा कुनै महिला तयार नभएपछि निकै समस्या आइपऱ्यो । अन्तमा त्यहाँ शिक्षण पेसामा कार्यरत एक महिला अभिनय गर्न तयार भएपछि मात्र नाटक अभिनय

गर्न सम्भव भयो र आफूले निर्देशन गरेको कुरा पनि उनले प्रस्तुत गरेका छन् ।

**नेपालबाट बाहिर जाने कलाकारहरू पनि अनेपाली कार्यक्रम लिएर जान्थे–**

नेपाली कलाको महिमा त्यति नबुझेका कारण नेपाली कलाकारहरू हिन्दीका सामग्री लिएर बाहिर जाने र आफ्नो मौलिक कला हुँदै नभएजस्तो गरेर हीनताबोध गर्नुपर्ने स्थिति थियो । नेपाली कलाको, नाटक तथा सङ्गीतको उत्थानका निम्ति गर्नुपर्ने सङ्घर्षको इतिहास निकै जटिल भएको कुरा उनले प्रकट गरेका छन् । नाटक तथा सांस्कृतिक क्षेत्रमा लाग्नेहरूलाई उपेक्षाका दृष्टिले हेर्ने त्यतिखेरको चलन निकै दयनीय किसिमको देखिन्थ्यो । नेपालमा नाटकको श्रीवृद्धिका निम्ति सम, तिवारी र मल्ल बन्धुहरूले दिएको योगदान पनि किनारमै रहेको स्थिति थियो । हाम्रो समय नाटकका निम्ति निकै सङ्घर्ष गर्नुपर्ने किसिमको समय थियो ।

**प्रदर्शन र प्रशिक्षणका निम्ति भएको स्वतःस्फूर्त प्रयत्नबाट नाटक आजको स्थितिमा आएको हो–**

राष्ट्रिय नाचघर, नेपाल एकेडेमी जस्ता संस्थामा नाटकको प्रोत्साहनका निम्ति सरकारका तर्फबाट नाम मात्रको लगानी भएको छ । नाटकले आजको स्तरमा आउन नयाँनयाँ प्रतिभाहरूले निजी स्तरमा गरेका मिहिनेतबाट मात्र नाटक आजको स्थितिमा आएको हो । आरोहण, सर्वनाम, शिल्पी थिएटर लगायतका अनेक संस्थाहरूले नाटकको विकासका निम्ति धेरै सहयोग पुऱ्याएका छन् । व्यक्तिको निजी समर्पण भावका कारण आज नाटकले निकै ठूलो योगदान दिएको छ । जनचेतना जगाउन र सामाजिक उत्थानमा टेवा दिन, विभिन्न किसिमको शिक्षा प्रदान गर्न नाटकले जति भूमिका खेलेको छ, त्यो सबै व्यक्तिगत तथा निजी र स्वत:स्फूर्त प्रयत्नबाट भएको हो । नाटकको प्रवर्द्धनका निम्ति सरकारी स्तरबाट भने त्यति सहयोग भएको पाइन्न ।

**नाटक र चलचित्रका मौलिक अन्तर के के मान्नुपर्छ होला–**

नाटक र चलचित्रको उद्देश्य एउटै हो । तर नाटक कलाकारको प्रत्यक्ष प्रस्तुति हो । यसमा कलाकारलाई प्रशिक्षणबाट तयार गराएर कि गर कि मर भनेर मञ्चमा पठाएपछि निर्देशकको कुनै जिम्मेदारी रहँदैन । सफलता र विफलता कलाकार स्वयंले हातमा लिने विषय बन्दछ र जस अपजस उसैले बेहोर्ने विषय हो । नाटक कलाकारको साजी र नितान्त प्रतिभा सम्पन्न अभिनयको विषय बन्दछ । तर चलचित्रको उद्देश्य उस्तै हुँदाहुँदै पनि क्यामेरा र निर्देशकको निरन्तर पुन: पुन: परिमार्जनबाट तयार गरिने तथा भाषा, संवाद, गायनजस्ता सबै कार्यहरू कृत्रिम तरिकाबाट तयार गरिने हुँदा चलचित्रमा मौलिकता कम र कृत्रिमता व्यापक रहन्छ । त्यस कारण नाटक नै विशिष्ट मौलिकता प्रस्तुत गर्ने विधा हो भन्ने श्रेष्ठको अभिमत रहेको छ ।

**कला तथा साहित्यप्रति सरकारको दृष्टि विशुद्ध सेवा र सद्भावपूर्ण छैन–**

साहित्यले समाजको संस्कृति र संवेदनालाई प्रतिनिधित्व गरेको हुन्छ । सरकार आग्रहमुक्त नभएसम्म सरकार र स्रष्टाको उपस्थिति एकै बिन्दुमा सम्मिलन हुन सक्तैन । दलदलमा विभाजित बनेको आजको समाजमा सरकारले संयोजन र समभावमा व्यवहार गर्न नसकेको अवस्था पनि आएको छ । आज आआफ्ना दलका स्रष्टा मात्र गतिला, तिनै मात्र पद, प्रतिष्ठा र पुरस्कार पाउन लायक ठहर्ने विकारग्रस्त पार्टी संस्कृतिले सिङ्गै मूल्य पनि विकृतिग्रस्त तुल्याएको छ । आज पार्टीका प्राज्ञ, पार्टीका प्राध्यापक, पार्टीका शिक्षक, पार्टीका कलाकार, पार्टीका विद्वान् र पार्टीका चिन्तक हाबी बन्दै गएका नेपाली समाजमा गुणस्तर र मूल्यको सम्मान हुन्छ भन्ने आशा गर्नु पनि बेकार बन्दै गएको छ । यसले समाजमा नि:स्वार्थ भावले सेवा गर्ने स्रष्टाहरूमा पनि

सरकार र दलप्रति नै वितृष्णा बढ्दै गएको छ भन्ने ठहरमा श्रेष्ठको अभिमत रहेको छ ।

**शिष्ट समाज र संस्कृतिको निर्माणमा स्रष्टाको भूमिका अहम् रहेको हुन्छ–**

समाजको निर्माणमा कलाकर्मी र साहित्य स्रष्टाहरूको महत्त्वपूर्ण योगदान रहन्छ । संस्कृति र समाजको परिचय दिने व्यवस्था जुनसुकै समाजमा पनि कलासाहित्यले गरेको हुन्छ । समाजको स्थिति र संस्कारका अवस्थाको प्रतिबिम्बन पनि कलासाहित्यले नै गरेको हुन्छ । शिष्टता र मर्यादाका स्थितिहरू, समाजका संवेदना र निष्ठाका स्थितिहरू पनि जुनसुकै समाजमा उपलब्धिका विषय बनेर रहेका हुन्छन् । नेपाली समाजका सन्दर्भमा पनि कला र संस्कृतिका पक्षहरू विचारणीय विषय बनेर रहेका छन् । नेपालको सांस्कृतिक सन्दर्भ र समाज व्यवस्थापनको सन्दर्भ पनि आज निकै संवेदनशील रहेको स्थिति हाम्रा सामु आएको छ । यस्ता अनेक सन्दर्भहरू विचार गर्नुपर्ने अवस्था रहेको छ । त्यस कारण समाज र संस्कृतिका विषय हामी सबैले सामाजिक संवेदनालाई विषयका रूपमा लिनुपर्ने हुन्छ ।

**नाटकका आमपाठक र दर्शकलाई अनि सिङ्गै शासकलाई केही भन्न मन लाग्छ–**

भन्नै पर्ने कुरा के हो भने समाज र संस्कृतिका मूल्यलाई स्खलन हुनबाट जोगाउने काम सरकारको र विशिष्ट मूल्य र कलाका चिन्तक स्रष्टा र सृजनकर्मीको हो । अनि सरकारी तहबाट प्रदान गरिने पुरस्कारहरू अहिले पार्टीका कार्यकर्ताहरूलाई प्रदान गर्ने संस्कृति हाबी बन्दै गएको छ । मूल्याङ्कन समितिमा पनि पार्टीबाट सिफारिस भएका व्यक्तित्वको प्रभुत्व रहने गरेको, प्रतिभाको नाममा भुरेटाकुरे, हुक्के र चम्चेले पुरस्कार पाउने परम्परा बस्तै गएको छ । कुनै व्यक्तिले कुन विषयमा कसलाई कहाँ नियुक्तिका निम्ति समर्थन

गरेको थियो त्यसको हिसाबकिताब मिलाउने दृष्टिले प्रतिभा चयन गरिने र पुरस्कृत गरिने संस्कृति विकसित बन्दै गएको छ । यस परम्परालाई तुरुन्तै नरोक्ने हो भने राम्रा प्रतिभाका नाममा प्रदान गरिने सम्मान पुरस्कार पनि स्वाभिमानी स्रष्टाबाट बहिष्कार हुने र सरकारकै अकर्मण्यताका कारण पुरस्कार र सम्मान पनि बदनाम हुने समय आइ नै सकेको छ । यति भए पुग्छ होला !

# विलक्षण प्रतिभा

**राधिका दाहाल**

हामी विद्यालय पढ्दादेखि नै मदन दाइले अभिनय गरेको रेडियो नाटकबाट प्रभावित भएका थियौँ । सदावहार वरिष्ठ कलाकारका बारेमा कलम चलाउनु नै गौरवको कुरा हो । तनमन लगाएर आफ्नो कर्मक्षेत्रमा निरन्तर लागिरहने साधक, जसले नाटचक्षेत्रलाई उचाइमा लैजान अनवरत सङ्घर्ष, साधना र निरन्तरतासहित दृढ निश्चित भएर नयाँनयाँ कलाकारहरू जन्माउनुका साथै प्रेरणा र प्रोत्साहनसहित कर्मक्षेत्रमा डटिरहन हौसला प्रदान गरे उनै व्यक्तिको नाम हो मदनदास श्रेष्ठ । हरेक पुस्ताका युवाहरूलाई अघि बढिरहन घचघच्याइरहन्छन् र यथासक्तो सहयोग जुटाइरहन्छन् उनले ।

मृदुभाषी, मिलनसार मदन दाइ ! नेपाली रेडियो नाटकका सिङ्गो इतिहास, वरिष्ठ कलाकार, स्रष्टा र कलासम्राट्, कला क्षेत्रका अनन्य साधक हुन् । विलक्षण प्रतिभा, तपस्वी अनि लेखक र अभिनेता भएको हुनाले सफल भएका हुन् । रेडियोमा प्रसारण हुने उनको जादुमय स्वरले सबैलाई मुग्ध पार्ने गर्छन् । उनले अभिनय गरेका रूपकहरू कर्णप्रिय, जीवन्त र समाजका ऐना हुने गर्छन् । सुरुआतदेखि नै प्रसारण हुने उनका रेडियो नाटकहरूले असङ्ख्य श्रोताहरूको मनमा बस्न सफल भएका छन् । त्यति मात्र होइन समाजमा धेरै परिवर्तनहरू पनि ल्याउन सफल भएका छन् । उनले नाटचक्षेत्रलाई उचाइमा लैजान भरमग्दुर प्रयास गरिरहेका छन् । प्रत्येक शनिबार

१:३० बजे प्रसारण हुने नाटकको पर्खाइमा श्रोताहरू रेडियोमा कान थापेर प्रतीक्षा गरिरहेका हुन्थे । ती नाटकहरूले धार्मिक चाडपर्वका बारेमा, राष्ट्रिय उत्सव, बालमजदुर, स्वास्थ्य, शिक्षा, वातावरण इत्यादि विषयमा प्रसारण गरेर सामाजिक उत्थानको काम गरेका थिए र श्रोताहरू पुन: प्रतीक्षारत रहन्थे । 'दसैँमा प्रसारण हुने नाटकमा रावणको स्वर, महिषासुरको स्वरमा बोल्ने मदन दाइ त मृदुभाषी रहेछ' भनेर भन्दा उनी मज्जाले हाँसेका थिए ।

पारिवारिक जमघटमा पनि उनी हाँसोमजाक गर्ने, रमाइलो गर्ने, सबैलाई उत्साहित गर्ने, त्यहाँको वातावरण सकारात्मक बनाउनुका साथै जोकोहीलाई पनि अभिप्रेरित गर्छन् उनले । साथै सबैलाई सिर्जनशील बन्न सल्लाह दिइरहन्छन् ।

म त्यति धेरै सिनेमा हेर्न जान्नथेँ, तर पछि मदन दाइले अभिनय गरेको थाहा पाएपछि भने हेर्न जान्थेँ । उनको हँसाउने शैली पनि गजबको लाग्दथ्यो । अति नै ऊर्जावान् कलाकार श्रेष्ठको जीवन्त अभिनयले नै दर्शकलाई तानेको मेरो बुझाइ हो । टेलिसिरियलहरूले पनि मानिसहरूलाई आकर्षण गरेको थियो । एउटा कलाकारले आफ्नो अभिनयले सबैलाई बाँधेर राख्न सक्नु नै उसको पहिचान हो ।

नाटक मानव जीवनसँग धेरै नजिक हुन्छ र यसले समाजमा सजीवता ल्याउँछ । त्यही पुस्तकमा पढिएको कुरा नाटकका रूपमा देख्न पाउँदा त्यसले गहिरो छाप पारेको हुन्छ । त्यो बेलामा मनोरञ्जनका साधनहरू नगण्य भएको अवस्थामा समाजलाई डोऱ्याउन, सचेत पार्न गरिएको प्रयास प्रशंसनीय छ । नाटकले त्यो बेलाको समाजको प्रतिनिधित्व गर्ने हुनाले तत्कालीन समयमा धेरै नै महत्त्व थियो । तर अहिले चलचित्रहरूले नाटकलाई विस्थापित गरेको हो कि जस्तो पनि लाग्दछ । यसका लागि पुराना कलाकारहरूले पुन: प्रयास गर्नु सान्दर्भिक हुन जानेछ । अबका युवा पुस्ताहरूमा यो संस्कारको पनि बानी बसाउनु अपरिहार्य जस्तो लाग्दछ । वरिष्ठ कलाकारहरूले

समय सुहाउँदो प्रत्येक स्कुल कलेजदेखि नै त्यो क्षेत्रमा ज्ञानसीप सिक्न उत्सुक समूहलाई समेटेर देशकालअनुसारको अभिनय शिक्षादीक्षा दिन सक्यो भने लुकेरछिपेर बसेका कलाकारहरूले आफ्नो प्रतिभा देखाउन पाउने थिए । युवा पुस्तालाई यो क्षेत्रमा आकर्षित गर्नु सान्दर्भिक हुनेछ ।

समय सापेक्ष उनी आफ्ना गतिविधिमा क्रियाशील छन् । समाजसेवामा उनी निरन्तर संलग्न रहँदै आएका छन् । आफ्नो क्षमताले भ्याएसम्म उनले सबैलाई सहयोग दिइरहेका छन् । जीवन एक भोगाइ हो; यसलाई सार्थक बनाउने हो भन्दै ज्येष्ठ नागरिकहरूको हकअधिकारका लागि पनि कार्यरत छन् ।

त्रिमूर्ति निकेतन र नइ प्रकाशनको सामीप्यले उनीसँग भेट भयो । जति पटक जहाँ जहिले भेट भए पनि उस्तै हँसिलो, रसिलो, नयाँनयाँ योजनाकार र अथक योद्धाजस्ता हुन्थे उनी । पद, प्रतिष्ठा र पुरस्कारका लागि उनी दौडधुप गर्न चाहन्नन् । अहिलेको नेपालमा घरघरमा पद र पुरस्कार पुऱ्याउने चलन छैन । त्यसैले आफ्नो विज्ञापन गर्दै हिँड्ने मानिसहरूको समूहमा उनी पर्दैनन् । यो नै उनको बडप्पन हो ।

# नेपाली माटोका इमानदार र भक्त

**लय सङ्ग्रौला**

मृत्युपर्यन्त पनि कुनै न कुनै रूपमा आफ्नो पहिचान, अस्तित्व समाजले भरसक नबिर्सियोस् भन्ने लोभ अक्सर चेतनशील तथा अक्षरसँग जोडिएका मानिसहरूमा रहन्छ । कैयौँ पटक किताबहरूमा पुनर्जन्मका कुराहरू पढेको छु । तर पनि मलाई पुनर्जन्ममा विश्वास छैन । धेरै मानिसलाई छैन । त्यही भएर मानिस एउटै जन्ममा भ्याएसम्म धेरै काम गर्न चाहन्छ । पढ्न पाइयो भने पढिहालौँ, पढेर जागिर पनि खाइहालौँ, मिल्छ भने जनताले पत्याए भने नेता पनि बनिहालौँ, धन पनि कमाइहालौँ, मन परेकी केटी/केटासँग विवाह गरिहालौँ । नाटक, फिल्म पनि गरिहालौँ । समाजमा सबैले चिनून् भन्ने लोभ र प्रतिस्पर्धामा उत्रिहालौँ आदिइत्यादि ।

तर माथि उल्लेख गरेको स्वभावभन्दा पृथक् चरित्रका, आफ्नो कर्मको सेरोफेरोबाहिर नगईकन स्वाभिमानी जीवन बाँच्न रुचाउने व्यक्तित्व हामीबीच छन्, जसलाई मदन दाइ भन्छु म ।

मदन दाइ ! बडो प्रिय शब्द, अति आत्मीय नाता, धेरै निकट सम्बन्ध म प्राय: मदनदास श्रेष्ठलाई मदन दाइ नै भनेर सम्बोधन गर्छु । यिनै मदनदास श्रेष्ठ हुन्, जो रेडियोमा सुनिन्थे, टिभीमा देखिन्छन्, फिल्ममा देखिन्छन् । मदन दाइलाई चिन्न त्यति फराकिलो फाँट चाहिँदैन माथि उल्लेख गरेका क्षेत्रमा खोज्यो भने भेटिन्छन् । अर्थात् कलाकार क्षेत्रका एक मूर्धन्य व्यक्तित्व हुन् मदन दाइ ।

यति बेला मदन दाइबारे केही लेख्न पाउँदा आनन्द लागेको छ । मदन दाइको जन्म र स्थानका बारेमा अरूले लेख्लान् म त्यता जान्नँ । मैले जसरी मदन दाइ भेटेँ, जसरी चिनेँ र आजसम्म भेटिरहेको छु, चिनिरहेको छु, त्यतैतिर म कलम अगाडि बढाउँछु । म त झापाली युवक, रेडियो नेपाल सुनेका भरमा, खास गरी रेडियो नाटक आवाजमा चिनेको व्यक्तित्व मदन दाइ ! म काठमाडौँ आउँला, रेडियो नेपालमा सुनेका स्वरहरू, आवाजहरूसँग भेट होला, मित्रता होला, मेरो पनि यही क्षेत्र कर्मक्षेत्र बन्ला भन्ने सोचभन्दा फरक भयो मेरो दुनियाँ । म २०३७ सालमा उच्च शिक्षाको अध्ययनका क्रममा काठमाडौँ आएँ । त्यसपछि के थियो र ? सबै तत्कालीन रेडियो नेपालमा सुनिएका व्यक्तित्वहरूसँग भेट हुने, चिनजान हुने क्रम सुरु भयो । यी क्रमको एउटा गहकिलो, फरासिलो र विश्वासिलो चिनजान बन्यो मदन दाइसँग । झन्डै ३५ वर्षदेखिको यो सम्बन्ध आजसम्म सद्भावपूर्ण, प्रेमपूर्वक तथा सौहार्दतापूर्ण रहेको दाबी गर्छु म । दोलखा पहाडी जिल्ला जन्मस्थान रहेका मदन दाइको स्वभाव पनि औसत फरक पाइन्छ । उनी नहुने र चित्त नबुझ्ने कुरामा अगाडि नै सहमति असहमति व्यक्त गरिहाल्छन् । यही नै उनको मलाई मन पर्ने स्वभाव लाग्छ ।

मदन दाइ कलाकारिता क्षेत्रमा गहन र मीठो स्वरका धनी कलाकार हुन् । रेडियो नेपालबाट प्रसारित रेडियो नाटकमा उनलाई धेरै सुन्न सकिन्छ/सकिन्थ्यो । अहिले निवृत्त भएका छन् । कलाकारिता क्षेत्रका एक ज्येष्ठ र मूर्धन्य कलाकार मदन दाइले मलाई अभिभावकत्व दिएको कुरा म यहाँ वर्णन गर्न चाहन्छु । सानो पर्दामा मैले नै मदन दाइलाई प्रवेश गराएको हुँ । नेपाल टिभीबाट प्रसारण भएको 'फ्युज गएको इज्जत'मा मैले प्रवेश गराएँ । त्यसपछि सानोठूलो सबै पर्दामा उनको गति निकै छिटो र व्यावसायिक रूपमा अगाडि बढ्यो । मदन दाइ श्रव्यमा मात्र होइन, दृश्यमा पनि त्यति नै प्रिय कलाकार बने ।

हिजोआज उनी एक समाजसेवी, कर्मनिष्ठ भएर निरन्तर अगाडि बढिरहेका छन् । जीवन अन्त्य एक दिन हुन्छ नै त्यही भएर गर्न सक्ने काम गरेर समाजसेवालाई केही योगदान छाड्नुपर्छ भन्ने मान्यता राख्छन् मदन दाइ । हाल ज्येष्ठ नागरिकका लागि केही गरौँ भन्ने अभियानमा छन् । सबै तहतप्का र राजनीतिक विचारहरूलाई एक मुष्ठ विभेद नगरी स्वीकार्ने र त्यसबाट समाजकै हितमा लगानी गर्ने स्वभाव पाइन्छ मदन दाइमा ।

मदनदास श्रेष्ठ– कलाकारिता क्षेत्रबाट पहिचान स्थापित गरेका व्यक्तित्व मेरा लागि अभिभावक, सहकर्मी रहँदै आएका छन् ।

अन्त्यमा मैले मदन दाइलाई भन्नुपर्दा यही भन्छु– *हे सरस्वतीका वरदपुत्र ! नेपाली माटोका इमानदार भक्त, कर्मशील, मिलनसार व्यक्ति आदरणीय मदन दाइ ! तपाईंलाई देखेदेखि, चिनेदेखि, सहकार्य गरेदेखि आजसम्म एउटा अडिग स्वभावमा पाएँ । जुन स्वभाव सदैव कायम राख्नुस् । जातपातभन्दा माथि उठेर नेपाली हुनुमा गर्व गर्ने हे नेपाली माटोका मानसपुत्र सदैव सत्कर्ममा देख्न पाइयोस् । जीवन त जन्मेकै दिन अन्त्य पनि निर्धारण भएरै आएको हुन्छ । मृत्यु आफैँमा एउटा उत्सुकता हो– कहिले मरिन्छ के थाहा ? तर मर्नचाहिँ अवश्य मरिन्छ । नमरुन्जेलसम्म देश र समाजलाई केही दिन सकिन्छ भने गरौँ भन्ने तपाईंको भावनासँग सदैव सहमत हुँदै आएको यो भाइ तपाईंको दीर्घ जीवन, सुस्वास्थ्य तथा सत्कर्मका साथ अगाडि बढ्नुस् भन्ने कामना गर्दछु ।*

*तपाईंका बारेमा केही पङ्क्ति लेखेर तपाईंप्रति श्रद्धा व्यक्त गर्ने जुन अवसर प्रदान गर्नुभयो, त्यसका लागि आभार व्यक्त गर्दछु । तपाईंबाट सिक्नुपर्ने धेरै कुराहरू छन् । एउटै कर्मक्षेत्रमा भएकाले ती काम पनि पूरा गरौँला । तपाईंलाई अक्षरमा जीवन्त राख्ने प्रयास जसले गर्नुभयो, उहाँहरूलाई पनि मेरो सलाम छ । एउटा स्रष्टा, एउटा कलाकारले आफ्नो शृजना र कलाकारिताले देशको गरिमा*

*उठाउने नि:स्वार्थ कामको सम्मान गरेर यो मदनदास श्रेष्ठका नाममा निकाल्न लागिएको यो कृतिमा म पनि अटाउन पाएँ, खुसी छु ।*

*मदन दाइ ! जीवन रहुन्जेल सदैव यही प्रेम, सद्भाव र भाइचारामा जीवन बितोस् । यही कामना !*

*तपाईंले मन पराउने भाइ*
*लय सङ्ग्रौला*

# दैत्य हाँसोका शिखर
## विजयरत्न तुलाधर

कुरा धेरै अगाडिको हो । त्यत्ति बेला म रेडियो नेपाल खूब सुन्थेँ । नसुनी सुख पनि थिएन । चालीस-बयालीस वर्षअघि न आज जस्तो छ्यासछ्यास्ती टिभी च्यानलहरू थिए न त आजजस्तो बग्रेल्ती सञ्चार माध्यमहरू नै थिए । भएको भनेको चार-पाँच ओटा सिनेमा थिएटर हो । अनि नाचघर हो । सभागृह हो । पत्रिकाको नाममा गोरखापत्र र राइजिङ नेपालकै मात्र नाम सुनेको थिएँ । फिल्महरू त खूब हेर्थें तर बाह्रै घण्टा हेरिरहने कुरा पनि भएन । फिल्म हेर्न हलसम्म त धाउनै पर्थ्यो । त्यसैले घरमा हुँदा रेडियो सुन्ने बानी पऱ्यो । रेडियोमा पनि रेडियो सिलोन, विविध भारती वा अल इन्डिया रेडियो पनि थियो । तर मलाई रेडियो नेपाल नै मन पर्थ्यो । रेडियो नेपालमा पनि विज्ञापन सेवा भन्ने कार्यक्रम नछुटाई सुन्थेँ । मलाई बरु फर्माइसी गीत सुन्ने बानी परेन । न त गीत फर्माइस गर्ने बानी नै पऱ्यो । विज्ञापन सेवामा पनि हिन्दी फिल्मका गीतहरू बज्ने भएकाले त्यो मेरो प्रिय कार्यक्रम बनेको थियो । त्यसबाहेक मैले रेडियोमा सुन्ने भनेको रेडियो नाटकहरू थिए ।

रेडियो नाटकमा कलाकारहरूले गर्ने स्वर अभिनयले मलाई राम्ररी तानेर राख्न सक्थ्यो । सुशीला रायमाझी, लक्ष्मी भुसाल, सिद्धान्तराम जोशी, जितेन्द्र महत अभिलाषीलगायतका थुप्रै कलाकारहरूको स्वर खूब सुनिन्थ्यो । तर यी सबै स्वर अभिनेताहरूमध्ये

बेग्लै छाप छोडेका अभिनेता मदनदास श्रेष्ठ हुनुहुन्छ । विशेष गरेर उहाँको अट्टहास (दसैंतिर आउने रेडियो नाटकमा कहिले रावण बनेर त कहिले दैत्यराज शुम्भनिशुम्भ बनेर माता दुर्गा भवानीसँग लडाइँ गर्दा हाँस्ने हाँसो) मलाई साह्रै मन पर्थ्यो । दसैँ आयो कि चारैतिर छरछिमेकका घरहरूमा पनि त्यो अट्टहास गुन्जिरहेको सुनिन्थ्यो । रेडियोमा उहाँले अरू पनि भूमिकाहरू गर्नुभयो होला तर मेरो मनमस्तिष्कमा भने उहाँले गर्ने दैत्य भूमिकाको छाप नराम्ररी परेको थियो । कहिलेकाहीँ म पनि त्यसरी नै दैत्य हाँसो हाँस्ने प्रयास गर्थें । मैले यस्तो गरेको देख्दा मेरी हजुरआमाले मलाई गाली गर्नुहुन्थ्यो ।

यो त भयो मदन दाइसँगको मेरो एकतर्फी परिचय । त्यो पनि स्वरको परिचय । त्यो पनि म आफू बाह्र-तेह्र वर्ष हुँदाको कुरा । त्यसको पाँच-सात वर्षपछि मैले लेखन यात्रा सुरु गरेँ । एकचालीस सालसम्म पुग्दा त म नियमित पत्रकार नै भइसकेको थिएँ । 'कामना' को संवाददाता भइसकेको थिएँ । सायद यति नै बेला मदनदास श्रेष्ठ दाइसँग मेरो परिचय भएको हुनुपर्छ । मलाई खासै सम्झना छैन । तर मलाई यति कुरा याद छ कि बयालीस सालतिर 'पच्चीस वसन्त' भन्ने फिल्म बन्दै थियो । त्यस फिल्मका निर्माता माधवलाल राजभण्डारी थिए भने मदनदास दाइ त्यो फिल्ममा हर्ताकर्ता हुनुहुन्थ्यो । यसै दौरान हाम्रो परिचय झ्यामिएको थियो । उहाँ साह्रै हँसिलो प्रवृत्तिका हुनुहुन्छ । सधैँ हाँसिरहनु पर्ने । त्यत्ति बेला मेरो मनमा यस्तो पनि प्रश्न उठ्ने गर्थ्यो कि यसरी सधैँ हाँसिरहनु पर्ने मान्छे, रेडियोमा कसरी दुष्ट दैत्य बन्न सकेको होला ? खैर, मैले यो विषयमा मदन दाइसित कहिल्यै कुरा गरिनँ । तर एउटा कलाकार र एउटा पत्रकारबीच हाम्रो नाता त छँदै थियो यसका साथसाथै उहाँको सहज र सरल व्यवहारले म अझ नजिक हुँदै गएँ ।

पत्रकारिताबाहेक फिल्म निर्देशन पनि मेरो अभिरुचिको विषय रहेको थियो । यसै क्रममा मेरो एक फिल्मप्रेमी मित्र योगेन्द्रदास

श्रेष्ठले एउटा भिडियो फिल्म बनाउने योजना बनाए । फिल्मको नाम 'अविनाश' राखियो । फिल्मका निर्देशक, लेखक र हिरो योगेन्द्र आफैँ थिए । त्यसमा मैले योगेन्द्रलाई निर्देशनमा सघाउने जिम्मेवारी पाएँ । योगेन्द्र र मैले फिल्मको एउटा पात्रमा मदनदास श्रेष्ठलाई राख्ने निधो गऱ्यौँ । त्यसैले मदनदास दाइसित भेटेर 'साइनिङ एमाउन्ट' भनी दुई हजार रुपैयाँ पनि दियौँ । फिल्मको मुहूर्त भएको थियो दरबार मार्गस्थित शेर्पा होटेलमा । मूर्धन्य साहित्यकार विजय मल्लले मुहूर्तको क्ल्याप दिनुभएको थियो । त्यसमा योगेन्द्रदास स्वयम्को अलावा नायिका बीना बस्नेत (हाल बुढाथोकी) र सहनायकका रूपमा गायक रमेश ताम्रकारले पनि अभिनय गरेका थिए । मुहूर्तपछि केही दिन सुटिङ पनि भयो । तर सुटिङको क्रम लामो समयसम्म चल्न सकेन । अर्थात् भनौँ भने सुटिङमा मदनदास दाइको पालो नै आउन पाएन । त्यसको दुई-चार महिनापछि मदनदास दाइसँग मेरो कहीँ भेट भएको थियो । त्यो भेटमा मदन दाइले 'ए विजय भाइ ! खै के भयो त्यो फिल्म ? मैले त बैना पनि खाइसकेँ लौन सुटिङ गरौँ ! काम सकाऊँ ।' भन्नुहुँदा मैले केही जबाफै दिन सकिनँ । त्यसपछि पनि उहाँसित भेट हुँदा त्यही विषयमा कुरा हुन्थ्यो र कहिलेकाहीँ भन्नुहुन्थ्यो कि लौन त्यो दुई हजारले पोल्न थाल्यो । उहाँको यो बोलीले मलाई लट्ठचायो । उहाँको सहृदयताबाट म अत्यन्तै प्रभावित भएको थिएँ ।

मदनदास दाइसँग प्रत्यक्ष रूपमा काम गर्ने अवसर भने 'वसन्ती' मा पाएँ । ऐतिहासिक पृष्ठभूमिमा सशक्त उपन्यास लेख्ने उपन्यासकार डायमनशमशेरको उपन्यासमा आधारित 'वसन्ती' का निर्देशक नीर शाह हुनुहुन्छ र त्यसमा मैले मुख्य सहायक निर्देशकका रूपमा काम गरेको थिएँ । मदनदास दाइले त्यसमा भाजुमान नाम गरेको एउटा प्रमुख भूमिकामा अभिनय गर्नुभएको थियो । नीर शाह र मदनदास दाइबीच राम्रो मित्रता थियो । हामीले उपन्यासमा वर्णन गरिएको वसन्त बागको सेट कुरिनटारमा लगाएका थियौँ । त्यत्ति बेला

मनकामना मन्दिर जाने केबुलकार भर्खरभर्खर मात्र सुरु भएको थियो। कुरिनटारको हाइटको त्यो वनबाग साह्रै रमणीय थियो। वनकै माझ पानीको एउटा ठूलो ट्याङ्की थियो। एक दिन सुटिङ सकिएपछिको कुरा हो, मदनदास दाइले सुनसान राति त्यो ट्याङ्कीको धारामा नुहाउने इच्छा प्रकट गर्नुभयो। नीर शाह पनि सुरिनुभयो। करिश्मा मानन्धर, सुभद्रा अधिकारी दिदी, राजेश हमाललगायतका सबै युनिट मेम्बरहरू सुतिसकेका थिए, तर मदन दाइ र नीर शाह सर भने मज्जाले त्यो ट्याङ्कीको धारामा नुहाउनुभयो। अट्टहास गरीगरी नुहाउनुभयो। त्यो एउटा अविस्मरणीय क्षण थियो।

मेरा लागि मदनदास दाइ सदैव प्रिय व्यक्तिका रूपमा प्रस्तुत हुने गर्नुहुन्छ। नेवार भएको नाताले उहाँलाई नेवा: फिल्म खेल्ने इच्छा थियो। त्यो इच्छा उहाँले 'भिन्तुना' भन्ने फिल्मबाट पूरा गर्नुभयो। अर्थात् सुरु गर्नुभयो। 'भिन्तुना' अति उत्कृष्ट फिल्म थियो। दोस्रो नेपाल अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सवमा 'क्रिटिक्स च्वाइस अवार्ड' जितेको यो फिल्मका निर्देशक आर्यम नकर्मी हुनुहुन्छ। यसपछि मदनदास दाइले 'माया', 'पटाचारा' र 'मू मदुगु जिन्दगी' लगायतका अरू पनि केही नेवा: फिल्महरूमा अभिनय गर्नुभएको छ। तीमध्ये 'पटाचारा' फिल्मले त राष्ट्रिय चलचित्र पुरस्कारमा आदिवासी जनजाति फिल्मतर्फको सर्वश्रेष्ठ चलचित्र, सर्वश्रेष्ठ निर्देशक र सर्वश्रेष्ठ अभिनेत्रीको पुरस्कार जित्न पनि सफल भयो।

मदनदास दाइ दोलखाका नेवार हुनुहुन्छ। उहाँसँगको मेरो आत्मीयताबारे नेपाल भाषाका साहित्यकारहरू परिचित थिए। नेपाल भाषाका कथाकारहरूको एउटा समूह छ 'बाखं दबु'। यो समूहले काठमाडौँ उपत्यकाबाहिर पोखरा, पाल्पा, हेटौँडा, त्रिशुली, सिक्किमसम्म पुगेर कथा गोष्ठी गरिसकेको छ भने दोलखामा पनि गर्ने सोच बनाएको थियो। मदनदास दाइसँगको मेरो सम्बन्ध थाहा भएका नेपाल भाषाका कथाकार मित्रहरूले उहाँमार्फत दोलखामा

एउटा नेवा: कथा गोष्ठी गर्नुपर्‍यो भन्ने कुरा राखे । मैले मदनदास दाइलाई यो कुरा सुनाएँ । उहाँले हुन्छ पनि भन्नुभयो । तर करिब एक-दुई वर्षअगाडि कुरा गरेको भए पनि त्यो कुराले अझै पनि मूर्त रूप भने लिन सकेको छैन । कहिले व्यस्तता बाधक बन्यो त एक पटक त सुनकोसीमा आएको बाढीले गाउँ नै ताल बनेर नेवा: कथाकारहरूको दोलखा यात्रामा बाधक बनेको थियो । आशा छ उचित समयमा त्यो यात्रा सम्पन्न हुनेछ । मदनदास दाइसँगको अनुभूतिहरू धेरै छन् जुन यहाँ लेखेर साध्यै छैन । यहाँ त मैले उहाँसितको मेरो आत्मीय सम्बन्धको एउटा रेखा मात्र कोरेको हुँ । बाँकी कुनै बेला योभन्दा धेरै लेखुँला । अहिलेलाई यत्ति नै ।

# हँसमुख र मृदुभाषी

## विश्वम्भर चञ्चल

संसारमा धेरै थरीका र धेरै अनुहारका मानिसहरू हुन्छन् । तिनीहरूका भिन्नभिन्न चरित्र र स्वभावहरू छन् । एउटाको चरित्र र स्वभाव अर्कोसँग मिल्दैन । यदाकदा मात्र कसैको कसैसँग मिल्न जान सक्छ । अनुहारमा पनि त्यस्तै छ । मानवशास्त्रीहरू भन्छन्– संसारमा जम्माजम्मी सात जनाको मात्र अनुहार मिल्छ रे, त्यो पनि मैले हालसालै कुनै अखबारको पानामा पढेको हुँ । त्यसरी मिल्नु पनि तादात्म्य मात्र हो वा दैवी खेल, हामीलाई थाहा छैन ।

विश्वका तिनै असङ्ख्य-असङ्ख्य मानिसहरूमध्येका एक जना हुन्– मदनदास श्रेष्ठ जो नेपालको पूर्व १ नम्बर दोलखाको विहारछेँ टोलमा विक्रम संवत् २००५ सालमा जन्मिए । अनि कसरी हुर्के, बढे र अध्ययन गरे त्यो मलाई थाहा भएन । अनि यस देशको कुन-कुन कुनाकाप्चामा भौँतारिँदै रहे वा सुखसयलमा नै आफ्नो जीवनलाई हुर्काउने, बढाउने मौका पाए, त्यो पनि मलाई थाहा भएन । थाहा त यो छ, २०४० को दशकको सुरुमा जब म स्वयम् बालाजुबाट डिल्लीबजार मैतीदेवीमा आएर बसोबास गर्न थालेँ मदनदासलाई पनि बराबर भेट्न थालेँ । उनले पनि मैतीदेवीनजिकको घट्टेकुलो फाँटमा घर बनाएर बसोबास गर्न थालेका रहेछन् । एक दिन उनले मलाई लगेर आफूले बनाएको घर देखाए । घट्टेकुलो नामको

राजकुलाको छेउमा रहेछ । त्यो कुलो मैतीदेवीको चौबाटोतिरबाट बगेर गएको थियो र चोकबाट त्यतातिर लाग्ने मूल बाटो भन्नु नै त्यही कुलोको छेउछेउबाट थियो । त्यस बखत सहरको बीचबीचमा यस्ता राजकुलाहरू निकै थिए र तिनै राजकुलाको पानीबाट काठमाडौँको पूरा फाँटमा सिँचाइ गरी लहलह अन्नबाली र सागपात हुन्थे । काठमाडैँवासी यहीँ वरपरकै सागपातमा निर्भर रहन्थे ।

म स्वयम् पनि बालाजुबाट हालको महाकवि मार्गमा बसाइँ सरेर आउँदा मैतीदेवी फाँट त्यस्तै लहलहाउँदो अन्न र हरियोपरियो तरकारीले लटरम्म हुन्थ्यो । चालीसको दशकपछि मात्र हालको मैतीदेवीचोकको पूर्व र दक्षिणपट्टि सडकछेउछाउमा घर बन्न थालेका हुन् । म बिहान घुम्न निस्कँदा तिनै लहलहाउँदा अन्नबाली र लटरम्म फुले-फलेका हरिया तरकारी फाँटको गोरेटो बाटो छिचोल्दै हिँड्ने गर्थें । मदनदासकै घरनजिकको राजकुलाको डिलैडिल पनि धेरै पटक हिँडेको थिएँ । उनको घर त्यस बेला देख्नमा अनकन्टारकै ठाउँजस्तो लाग्दथ्यो जसरी त्यसभन्दा पहिले गएर बस्ती बसालेका मेरो मामाका छोराले हालको सिंहदरबारवरपरको टङ्कप्रसाद घुम्ती सडकको पूर्वपट्टिको बाँसघारी र स्याल कराउने सुनसान धोबीखोला फाँटमा बनाउँदा मैले उनलाई आँधोको संज्ञा दिएको थिएँ । मैले यो कुरा मदनलाई पनि सुनाएँ । उनले हाँसेर नै मेरो कुरामा मन्जुर जनाए । केहीपछि मेरो आफ्नै भाइले पनि मदनको भन्दा केही वर घर बनाई बसोबास गर्न थाले । अनि त भएन के मैतीदेवी फाँटको विकास ! अलिअलि गर्दागर्दै ७५ रै जस्तो जिल्लाका मानिसको घर त्यहाँ बन्न थाले र २०४६-२०४७ को राजनीतिक आन्दोलनको एउटा सशक्त थलो मैतीदेवी चोक बन्यो । त्यसमाथि जब २०५२ सालपछिको माओवादी सशस्त्र द्वन्द्वको चपेटाबाट निसासिँदै पहाडका कुनाकन्दराबाट समेत मानिसहरू

राजधानी रूर्न थाले; त्यस क्षेत्रमा धमाधम एक एक गरी अर्को घर बन्न थाल्यो । अझ खास गरी २०५८-२०५९ सालपछि त मैतीदेवी क्षेत्रलाई थचक्कै पारेर घरैघरले थिच्यो र ती लहलहाउँदा र हरियोपरियो फाँटमा अन्न र सागपातका सट्टामा घरहरू फल्न थाले । लाग्थ्यो, त्यसअघि हाम्रा किसान दाजुभाइले अन्न रोपेर अन्न फलाएजस्तै गरेर अहिलेका मानिसले पैसा रोपेर घर फलाइरहेका थिए । परिणामस्वरूप २०६२-२०६३ साल आइपुग्दा यस स्थानले गणतन्त्रको नारा नै लगायो । मलाई लाग्छ, त्यस बखत गणतन्त्रको नारा लागेको स्थान सर्वप्रथम मैतीदेवी चोक नै थियो र यसका नेता हालका सभासद् गगन थापा थिए ।

मदनदासलाई मन नपराउने मानिस विरलै होलान् । उनी सबैका प्रिय पात्र छन् । हल्ला र कोलाहलले भरिएको यस काठमाडौँ सहरमा उनी केहीमा नलागी आफ्नै चरित्र सुधारमा लागे र एक सफल रेडियो कलाकार बने, अनि त्यसपछि सिने अभिनेता बनेर नाम कमाए, साथीभाइ बनाए । खुलस्त भन्नुपर्दा उनीसँग मेरो खास हिमचिम र सङ्गत कहिल्यै भएन न त कहिल्यै कतै जाँडपानीमा नै रमियो । तर पनि मेरा केही सीमित चिनजानका व्यक्तिमा मदनदास श्रेष्ठ हँसमुख र प्रिय व्यक्ति हुन् ।

दुई हजार बीसको दशकको कुरा हो, म मदनदासलाई नेपाल रेडियोबाट दिउँसो-दिउँसो प्रसारण हुने रेडियो नाटकमा सुन्ने गर्दथेँ । कवि तथा नाटककार श्यामदास श्रेष्ठको प्रेरणाले उनी रेडियो कलाकारिताको क्षेत्रमा प्रवेश गरेका कुरा उनले मलाई सुनाएका छन् । उनको वजनदार आवाज र कलाकारिताले मेरो मन खिचिरहन्थ्यो । कुबेर गर्तौला, स्व. बी.बी. सिंह, खगेन्द्र नेपाली र म पनि शैक्षिक कार्यक्रम चलाउने कलाकार बनेर बेलुका-बेलुका रेडियो नेपाल जाने गर्दथ्यौँ । यदाकदा त्यतै पनि म मदनदासलाई देख्ने गर्दथेँ तर व्यक्तिगत चिनजान भने थिएन ।

२०३३ सालको कुरा हो– वरिष्ठ कथाकार रमेश विकल, प्राध्यापक ठाकुर पराजुली र पाटननिवासी भूगोलविद् हेमलाल श्रेष्ठसहित म सुदूर पश्चिमको यात्रामा नयाँ शिक्षा योजनाअन्तर्गतको भ्रमणमा निस्केको थिएँ । उनी कैलालीको धनगढीमा अकस्मात् भेटिए । रमेश विकललाई देख्नासाथ उनी असाध्य खुसी भए । हामीसँग पनि मदनदासको चिनाजान भयो । त्यस बखत उनी साझा प्रकाशनको धनगढीस्थित डिपोका इन्चार्जमा कार्यरत रहेछन् । उनले हामीलाई त्यहाँ निकै सहयोग गरे मात्र होइन, धनगढीजस्तो बिरानो ठाउँमा पुगेर पनि उनले नाटक मञ्चन गरी त्यहाँका युवा समुदायलाई प्रेरणा भरिदिएका कुरा त्यहाँका स्थानीय बासिन्दाले समेत सुनाउँदा मलाई पनि कलाकारिताप्रति अझ बढी प्रेरणा जागेको थियो ।

त्यसपछि उनको र मेरो भेटघाट भएन । उनी पुन: रेडियो नेपाल फर्केर उही हरेक शनिबार दिउँसो-दिउँसो प्रसारण हुने नाटकमा बोलेको म सुन्दथेँ । मनोरञ्जनका अन्य साधन त्यस बेलामा प्राय: नरहेको अवस्थामा शनिबार-शनिबार रेडियो नेपालबाट प्रसारण हुने रेडियो नाटक सुन्न मसमेत धेरै नेपाली श्रोता लालायित हुन्थे । त्यसबीचमा उनले सयौँ नाटकमा खेले होलान्, ती सबैको त के, धेरैको नाम मलाई आउँदैन । तर रमेश विकललिखित 'हरियो झिँगा' नामको नाटकमा उनले बोलेको आवाजको माधुर्यता र नाटकको गाम्भीर्यतामाथिको उनको उच्चतम कलाकारिताको नमुना भने म अझै पनि सम्झिरहन्छु । यो नाटक उनले सायद २०३५-२०३६ तिर खेलेको हुनुपर्दछ ।

२०३६ सालमा म जनक शिक्षा सामग्री केन्द्र, सानोठिमीबाट पाठ्यक्रम विकास केन्द्र, हरिहरभवन गई काम गर्न थालेँ । मदनदाससँग मेरो हरिहरभवनकै सेरोफेरोमा भेट हुन थाल्यो । उनी त्यसताका कृषि मन्त्रालयअन्तर्गत कृषि कार्यक्रमका लागि करारमा काम गर्दथे ।

'जेटिए बाबू र बूढी आमै' कार्यक्रममा उनी जेटिए बाबू बनेर निकै जम्दथे । त्यस कार्यक्रममार्फत नै महिला कलाकार लक्ष्मी दिदीले पनि चर्चा कमाइन् ।

०४२ सालतिर मदनदास फेरि रेडियो नेपालमै फर्केर स्थायी रूपमा काम गर्न थाले र आफ्नो प्रतिभालाई उजिल्याउँदै लगे मात्र होइन, नेपालमा टेलिभिजन र ठूलो पर्दाका सिनेमाले स्थान जमाएपछि त यी दुवै खाले पर्दामा उनी खरो उत्रिए र दिन दुगुना, रात चौगुना प्रगति गर्दै गए । यसरी जीवनका अनेक मोड पार गर्दै पहिलेका साधारण रूपमा नेपालमा केही सीमित व्यक्तिले मात्र चिनिने रेडियो कलाकार मदनदास श्रेष्ठ आजको सफल चरित्र अभिनेतामा र बाहिरी विश्वमा पनि धेरैले चिनिने भए । सायद उनले नायक नै बनेर फिल्म खेलेका छन् । उनको नायकी चरित्रमा भने मलाई त्यति ज्ञान छैन ।

उनी मलाई जहाँ भेटून् 'दाजु नमस्कार !' भन्दै जुम्ल्याहा हात जोडेर नम्र र सद्भावपूर्ण बोली दर्शाउँछन् । म उनलाई 'के छ हिरो ?' भनेर जिस्क्याउने गर्छु ।

'कहाँ हुनु दाजु म हिरो !' भन्दै मेरो कुशलमङ्गल सोध्छन् । म ठाडो भाषामा उनलाई 'खोइ मलाई पनि हिरो बनाइदेऊ न भन्दा वास्तै गर्दैनौ' भन्छु । उनी हिहिही हाँस्छन् र भन्छन्, "मैले कहाँ सक्छु र दाजुलाई हिरो बनाउन र मलाई जिस्क्याउनुहुन्छ बा !"

हुन पनि म आफू कलाकारिताको क्षेत्रमा चाख राख्ने नै व्यक्ति थिएँ । जमानामा मेरो गाउँ धर्मस्थली महाङ्कालमा छँदा पनि बर्सेनि प्रदर्शन गरिने रामायण र महाभारतका स्टेज नाटकहरूमा प्रमुख भूमिका खेलेको थिएँ । पछि गएर एक पटक राष्ट्रिय नाचघरमा डा.हर्ष धौभडेल र डा. प्रेमकुमार कसजूको निर्देशनमा खेलेको 'भीम मल्ल' नाटकमा सायद तेस्रो भारदारका रूपमा सफल अभिनय

गरेपश्चात् मलाई यस क्षेत्रको सफलतामा आत्मविश्वास नबढेको पनि थिएन । जनक शिक्षा सामग्री केन्द्रमा कार्यरत रहँदा पनि वनभोज वा अन्यत्रका कार्यक्रममा कुबेर गर्तौला, स्वर्गीय बी.बी. सिंह र खगेन्द्र नेपाली मिलेर हास्य प्रदर्शनहरू गर्दै आएका थियौँ । त्यसमाथि शैक्षिक कार्यक्रमअन्तर्गतको रेडियो कलाकार पनि छँदै थिएँ र त्यसैको आधारमा लन्डनको बुसहाउसबाट सर्वप्रथम प्रसारण भएको बी. बी. सी. नेपाली सेवाको टेप प्रोगाम चलाउनका लागि लिखित र अन्तर्वार्ता दिन नेपाली विद्यार्थीहरूबाट छनोटमा म स्वयम् र पुरन अग्रवाल छानिएका थियौँ । २०६८ साल जुलाईमा काठमाडौँ नफर्किउन्जेलसम्म म बी.बी.सी.बाट प्रथम पटक सुरु भएको नेपाली सेवामा संलग्न थिएँ ।

त्यसपछिका कुराहरू निकै छन् तापनि कलाकारिताप्रतिको मेरो चाख मरेको थिएन तापनि आफ्नो कर्मक्षेत्र साहित्यपट्टि विशेष ढल्किएकाले त्यतापट्टि लागिपर्न सकिनँ । सिनेमा र नाटकको क्षेत्र पनि त्यति विस्तृत भैसकेको थिएन । पछि गएर आफूले देख्दादेख्दैका मदनदास श्रेष्ठसहितका रेडियो कलाकारहरूको क्रियाकलापबाट चाहिँ मलाई 'मौका पाए म पनि सिनेमामा अभिनय गर्न सक्छु' जस्तो लाग्थ्यो । यिनै मनको इच्छालाई ठट्टैका रूपमा भए पनि यदाकदा म मदनदाससँग पोख्ने गर्थें । तर उनी मेरो इच्छामाथि विश्वास गर्दैनथे । उनी स्वयम् नै प्रोड्युसर वा निर्देशक भैदिएका भए कुरा बेग्लै हुन्थ्यो होला । बरु यादव खरेलजीलाई भने यस्तै ठट्टैठट्टैमा सुनाउँदा एक पटक त साँच्चीकै पो बोलाउनुभयो भानुभक्त फिल्मको एक छोटो दृश्यका लागि । त्यस फिल्ममा अन्य साहित्यकार साथीहरू पनि हुनुहुन्छ ।

कलाकारिताप्रतिको मेरो चाख र त्यसप्रतिको असफलताले जन्माएको मेरो लेख 'हिरो बन्न खोज्दा' गोरखापत्र दैनिकमा छापियो । अनि अहिले यस लेखमा सधैँ हँसमुख र मृदुभाषी भाइसमानका एक

आत्मीय मित्र मदनदास श्रेष्ठमाथिको मेरो व्यक्तिगत उद्‌गार पनि पोख्न पाएँ । यस मौकाका लागि म नइ प्रकाशन र मलाई यो लेख्न निम्त्याउनेहरूप्रति कृतज्ञ छु, आफू हर्षित छु । साथै मदनदास श्रेष्ठको कलाक्षेत्रपट्टिको प्रयास र सफलताले सगरमाथाको शिखर चुमोस्, नेपाली मात्रले उनीमाथि अझ बढी गर्व गर्न पाऊन्, मेरो यही शुभकामना छ ।

# कलाकार तथा समाजसेवी

**विश्ववल्लभ**

हँसिला, मिजासिला, रसिला, कसिला र सदा सिर्जनशील, लोकप्रिय कलाकारको नाम हो मदनदास श्रेष्ठ । जन्मथलो दोलखा, कर्मथलो काठमाडौँ बनाउन सफल रेडियो नाटकका वरिष्ठ निर्देशक, मीठो स्वरका धनी कलाकार मदनदास मेरा छिमेकीका साथै प्रिय मित्र पनि हुन् ।

उनै मदनदास श्रेष्ठबारे नइ प्रकाशनले पुस्तक प्रकाशित गर्न लागेकोमा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई यी कर्मठ क्रियाशील गुनी जोडीप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । जसले यस पटक 'मदनबारे' पुस्तक निकाल्ने अठोट गर्‍यो र मलाई पनि मदनप्रति सम्झनाका शब्दहार प्रदान गर्ने अवसर प्रदान गर्‍यो पुन: एक पटक नइ प्रकाशनप्रति अनेकौँ साधुवाद र धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

नइ प्रकाशनले धेरै राम्रो काम गरेको छ । देशदेशान्तरका प्रतिभाको सम्मान यस संस्थाले गरेको छ । नेपाली भाषा, साहित्य, संस्कृति, कला, सङ्गीत, समाजसेवा, ज्ञानविज्ञान र विविध क्षेत्रका अग्रज स्थापित स्रष्टा र नवोदित व्यक्तिहरूको खोजी गरी पुरस्कृत गर्नुका साथै सम्मानित गर्दै आएको छ । त्यस कार्यको जति प्रशंसा गरे पनि थोरै हुन्छ, सरकारी सुविधासम्पन्न निकायले गर्न नसकेको काम यो प्रकाशनले गरेको छ ।

मदनदास श्रेष्ठमा धेरै विधाको ज्ञान छ; तर विशेषत: नाटक उनको प्रमुख हो । रङ्गमञ्चले मदनदास बनाएको हो ।

उनले कृष्णप्रसाद रिमाल, श्यामदास वैष्णव, प्रचण्ड मल्ल, हरिप्रसाद रिमालजस्ता अग्रज नाटचकर्मीबाट आशिष् पाएका छन्, त्यसैले उनी आफ्नो क्षेत्रमा माहिर छन् । पूर्व र पश्चिमका नाटकको अध्ययन, मनन गरेका छन् जस्तो लाग्छ । शृङ्गार रस, करुण रस, वीर रस, बीभत्स रसमा डुबेर अभिनय गर्छन् ।

सेक्सपियरले आफ्ना सम्पूर्ण नाटकहरूमा मानसजगत्को सुन्दर चित्रण गरेका छन् । सफल कलाकार त्यो हो, जसले आफ्नो विभिन्न अभिनयको बलमा दर्शकको मनमा वर्षौंवर्ष प्रभाव पार्छ, रुवाउँछ, हँसाउँछ, पागल बनाउँछ । नाटक सत्य हो, अन्य विधा मिथ्या । रङ्गमञ्चका सफल कलाकार नै विशेषत: चलचित्र वा अन्य क्षेत्रमा नाम र दाम कमाउन सफल छन् ।

तर आजकाल किन हो; चलचित्रले नाटकलाई पछाडि पारेको छ । नाटकका लोकप्रिय कलाकारहरू पनि आकर्षक पारिश्रमिक र चमकधमकको कारण टेलिसिरियल र चलचित्रतिर लाग्न थालेका छन्; यसो भनौँ भाग्न थालेका छन् ।

यसो भन्दा अन्यथा नहोला– हरिहर शर्मा, हरिप्रसाद रिमाल, मदनदास श्रेष्ठ, अन्य नाटचकर्मी सिरियल, चलचित्र, विद्युतीय विज्ञापनतिर खेल्न थालेका छन् । रङ्गमञ्च केही व्यक्ति र केही संस्थाले बचाएका छन् । मदनदास आजकाल दोलखातिर चलचित्र नगरी बनाउन लागिपरेको खबर यताउता पढिन्छ, दु:ख लाग्छ, केही समय रङ्गमञ्च नाटक नगरी किन नबनाउने ? यो एउटा मित्रलाई एउटा मित्रको सुझाव हो, अनुरोध हो ।

मदनदास श्रेष्ठ एक असल र भद्र मित्र थिए, आज पनि छन्, भोलि पनि रहनेछन् । मदनद्वारा अभिनीत केही नाटक र सिरियल

हेरेको छु, मन पराएको छु । मदन आफ्नो काममा सदा लगनशील, कर्तव्यनिष्ठ भएर लागिरहन्छन् । आफ्नो काम गर्दा यताउता, दायाँबायाँ तलमाथि हेर्दैनन्; यो उनको स्वभाव हो । मैले मदनसित एकै ठाउँ रेडियो नेपालमा कैयौँ वर्ष सँगसँगै काम गरेँ । उनी रेडियो नाटक निर्देशन गर्थे, म ग्रामीण कार्यक्रम, स्क्रिप्ट राइटिङ, गीतलेख जाँचकीका रूपमा काम गर्थें । काममा कहिल्यै मतभेद रहेन, सौहार्दपूर्ण वातावरणमा हाम्रा दिनहरू बितेकै हुन् । उनी कलाकार मात्र होइन समाजसेवी र सहयोगी पनि हुन् । मदनले आरोहअवरोह भोगेका छन् ।

मदनका बुबा सुब्बासाहब, आमा, दाजुभाइ, दिदीबहिनी र मेरो परिवार एकै ठाउँमा कैयौँ टाँसिएको घरमा बसेर मेरो र मदनको मित्रता गाँठो कसिएको हो ।

कोही दाजुभाइ व्यापारी, कोही जागिरे, मदन शुद्ध जागिरे कलाकार । रेडियो नेपालको आफ्नै तीतामीठा कथा र व्यथा छ । नाटक खेल्नु खेलाउनु, नाटक बटुल्नु मदनको दिनचर्या थियो । हामी सबैको व्यथा एउटै– नाम छ दाम छैन । रेडियो नेपालले धेरै लोकप्रिय गायकगायिका, लेखकलेखिका, मीठा स्वरका समाचार वाचकवाचिका, कलाकार आदि जन्माएको छ; तर लालनपालनमा कन्जुस्याइँ गरेको थियो हाम्रा अतीतका दिनमा । जो नहडबडाई, हरेस नखाई, विचलित नभई बसिरहे, लागिरहे उनै स्थापित भए, चर्चित भए । तिनैमध्येका एक सफल लगनशील कलाकार, नाटककार, चलचित्रकर्मी हुन् आजका श्रोता तथा दर्शकका प्रिय कलाकार मदनदास श्रेष्ठ ।

राष्ट्रियताले ओतप्रोत, श्रोता र दर्शकका चाहनाअनुसार देशकालअनुसार कला, नाटक तथा अन्य विधामा नथाकी निरन्तर लागिरहने, स्वाभिमानी कलाकार हुन् मदनदास ! मदनदास नाटकका साथै साहित्य, सङ्गीत कलामा गहिरो अभिरुचि राख्ने कलाकार हुन् ।

उनलाई धेरैले माया गर्छन्, आफ्नो ठान्छन्, तारिफ गर्छन् । यो नै एउटा कलाकारको सफलता हो, सम्मान हो; जो कसैले खोसेर खोस्न सक्तैन, चोर्न सकिँदैन । मदन मेरो दृष्टिमा होनहार, लगनशील, अति प्रिय मित्र हुन् । त्योभन्दा बढी एक प्रिय आदर्श, स्वाभिमानी कलाकार हुन् । मीठो आनीबानी, आकर्षक, कर्णप्रिय स्वरका धनी नाटचकर्मी, सहकर्मी, सहयात्री म यही रूपमा सदासर्वदा ग्रहण गर्छु । यस्तो मानिस, एउटा छिमेकी मित्र र सहकर्मी पाउनु मेरा लागि पनि ठूलो सौभाग्य हो । हाम्रो जस्तो गरिब र पिछडिएको राजनैतिक भाँडभैलो व्याप्त समाजमा साहित्य, सङ्गीत, कला तथा विविध कलाको माध्यमबाट आफ्नो गाउँघर, देशको सेवा गर्ने आफ्नो पवित्र लक्ष्यका लागि हिम्मतका साथ अगाडि बढ्न समर्थ मदनप्रति अनेकौँ श्रद्धासुमनसहित धन्यवाद छ ! अनवरत रूपमा जीवनभर कलासंस्कृति र देशविकास, समाजसेवामा नि:स्वार्थ रूपले लागिरहने मदनप्रति जति प्रशंसा र चर्चा, सम्झना गरे पनि कमै हुन्छ । यी कलासेवक मदनदासको योगदान हामी र हाम्रो समाजका लागि निकै महत्त्वपूर्ण प्रशंसनीय र मर्मस्पर्शी छ । मानिसले जीवनमा गर्नुपर्ने कुरा धेरै छन्; तर आफूले सकेको काम समयमै गर्नुपर्छ । मदनले गर्ने प्रयास गरेका छन्, त्यसैले धन्यवाद र प्रशंसाका पात्र बनेका छन्, अभिनेता मदनदास श्रेष्ठ ।

मान्छेलाई बाँच्न गाँस, बास, कपास मात्र भएर पुग्दैन, उसलाई मनोरञ्जन पनि चाहिन्छ । मानिसलाई बेलाबेलामा पर्याप्त मनोरञ्जन दिने सशक्त माध्यम– गीत, सङ्गीत र अभिनय नै हो । राष्ट्रको सर्वोपरि महत्त्वपूर्ण यो क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने, सदा लागिरहने मदनदास नेपाली नाटचक्षेत्रमा प्रतिष्ठित व्यक्ति हुन् । मदनको नैतिक बल, आत्मविश्वास, कर्तव्यपरायणता र नाटच कला तथा अभिनयको क्षेत्रमा वर्षौंवर्षको योगदानले नै उनलाई नम्बरी सुन

बनाएको छ, प्रिय कलाकारका रूपमा प्रतिष्ठित र सम्मानित तुल्याएको छ ।

म पनि मदनको बानीबेहोरा र अभिनयको अनेकौँ प्रशंसकमध्ये एक हुँ, सदा रहनेछु । मदनले राष्ट्रलाई आफ्नो कलाको सेवाद्वारा ठूलो गुन लगाएका छन्, धन्यवाद !

# नाट्य क्षेत्रका सफल व्यक्ति

**शकुन्तला गुरुङ शर्मा**

मानिसले आफूले रुचाएको, आफ्नो मनमस्तिष्कले स्विकारेको क्षेत्रमा मेहनतका साथ काम गऱ्यो भने सफलता अवश्य प्राप्त गर्न सक्छ; चाहे त्यो क्षेत्र अध्ययनको होस्, सृजनाको होस् अथवा अन्य कुनै पनि क्षेत्र होस् । धेरै मानिसले आफ्नो चाहनाअनुसारको क्षेत्रमा काम गरेको हुनाले सफलता पाएका छन् र विश्वमा उनीहरू सफल मानिस कहलिएका छन् । त्यस्तै आफूले मन पराएको क्षेत्रमा काम गरेर सफलता प्राप्त गरेका र राष्ट्रमा आफ्नो विशिष्ट स्थान बनाएका व्यक्ति हुन्– मदनदास श्रेष्ठ ।

मदनदाससँग मेरो चिनाजानी आजभन्दा झन्डै पाँच दशकअघि देखिको हो । मलाई सम्झना भएसम्म विक्रम संवत् २०२२ सालतिर एउटा नाटक गर्ने क्रममा हाम्रो भेट भएको थियो । 'धनबहादुरको मृत्युमा परिवारको आँसु' नामक नाटक मञ्चन गर्ने कुरो चल्यो । म त्यस नाटकको महिला पात्रमा खेल्ने भएकी थिएँ । पुरुष पात्रको चयन भैसकेको थिएन । त्यहीँ प्राभ्यास गर्ने स्थलमा आएका थिए मदनदास श्रेष्ठ र उनलाई देखेँ पनि मैले । उनलाई त्यस नाटकमा खेलाए हुने भन्ने प्रस्ताव राखेँ । निर्देशकलगायत अरूले मेरो प्रस्ताव स्विकारे । हामी नाटकमा सँगै खेल्ने भयौँ । त्यहीँदेखि हाम्रो राम्रो चिनाजान र सहकार्यको क्रम सुरु भयो । हामी सहकर्मी मात्र भएनौँ अत्यन्त हितैषी र अनन्य मित्र पनि बन्यौँ । मलाई अहिले पनि

राम्रोसँग सम्झना छ, त्यो नाटक राष्ट्रिय नाचघरको रङ्गमञ्चमा प्रस्तुत भएको थियो र निकै चर्चित बन्न पुगेको थियो । त्यसपछि मदनदाससँग मेरो नाटक यात्रा निरन्तर रूपमा अघि बढिरह्यो ।

नाटक गर्ने क्रमलाई हामीले रङ्गमञ्चमा मात्र सीमित राखेनौँ अपितु यसलाई अझ बढी जनतामाझ पुऱ्याउने उद्देश्यले हामीले रेडियो नेपालबाट प्रसारण हुने रेडियो नाटकमा पनि सँगै काम गर्न थाल्यौँ । मैले मदनदाससँग थुप्रै रेडियो नाटकमा काम गरेकी छु । हामीले नाटक गर्ने बेलामा नाट्य क्षेत्रमा पूर्ण रूपले समर्पित भै काम गर्न धेरै कठिन थियो । महिलाको त कुरै छाडौँ पुरुषका लागि पनि सहज थिएन । नाटकमा खेल्ने कलाकारहरूलाई हेर्ने समाजको दृष्टि अहिले जस्तो फराकिलो थिएन । घरपरिवारले आफ्ना छोराछोरी नाटकमा लागेका छन् भनेर गर्वका साथ भन्न सक्ने अवस्था थिएन । आफ्ना सन्तान डाक्टर, इन्जिनियर, सरकारी सेवाको उच्च तहको अफिसर भएको हेर्न चाहने अभिभावकका लागि नाटकमा लागेको भन्न रुचाउने सामाजिक स्थिति नै थिएन । धेरै समस्याहरू आइपर्थे तर पनि निरन्तर रूपमा अघि बढ्यौँ । मदनदाससँग खेलेका थुप्रै रेडियो नाटकहरू धेरै चर्चित र लोकप्रिय पनि बनेका छन् । रङ्गमञ्चमा अभिनय गर्नु आफैँमा एक चुनौतीपूर्ण कार्य हो । हेर्दा सहज र सरल लाग्छ तर गर्न गाह्रो हुन्छ । नाटककारद्वारा व्यक्त गरिएको भावलाई बुझ्नु, संवाद कण्ठाग्र गर्नु र आफूले निर्वाह गर्ने चरित्रलाई आत्मसात् गरी दर्शकहरूका सम्मुख मञ्चमा उपस्थित भई अभिनय गर्नु सजिलो हुन्छ र ? तर मदनदास आफ्नो भूमिकालाई अत्यन्त सहजतापूर्वक प्रस्तुत गर्ने गर्दछन् । उनको अभिनय क्षमता उत्कृष्ट छ । भरिलो र ओजपूर्ण स्वरमा संवाद बोल्ने अद्वितीय प्रतिभा छ उनमा अथवा भनौँ मदनदासको सिङ्गो शरीर नै अभिनयले भरिएको छ । अभिनय कौशलता उनका अङ्ग-प्रत्यङ्गमा मिसिएको छ । उनी वास्तविक अभिनेता हुन् । मैले उनीसँग करिब चालीस-

पैँतालीस ओटा नाटकमा अभिनय गरेँ हुँला । ती सबैमा उनले असाध्यै राम्रो अभिनय गरेको मैले पाएकी छु । आफूले गर्ने भूमिकाका बारेमा सूक्ष्म रूपले बुझ्ने र उक्त चरित्रमा आफूलाई चुर्लुम्म डुबाउन सक्ने क्षमता छ उनमा ।

मदनदास एक कुशल अभिनेता हुन् नै साथै एक असल मानिस पनि हुन् । भावुक छन्, अरूको पीडाका बखत सान्त्वना दिन र आफूले सकेको सहयोग गर्न कहिल्यै पछि पर्दैनन् । ठूलो दिल भएका सहयोगी सच्चा व्यक्ति हुन् उनी । हामीले लामो समयसम्म नेपाल प्रज्ञाप्रतिष्ठानमा सँगै काम गऱ्यौँ । थुप्रै नाटक गऱ्यौँ, मेहनत गऱ्यौँ, कठोर परिश्रम गऱ्यौँ, एकअर्काका कामको समालोचना गऱ्यौँ र एकआपसको आत्मीय सम्बन्धलाई कहिल्यै खलल पुग्न दिएनौँ अथवा यसरी भनौँ हामी दुई साथीबीचको सम्बन्ध अत्यन्त दृढ र प्रगाढ थियो । एक पटक हामी एउटा नाटकमा अभिनय गर्दै थियौँ । रङ्गमञ्चमा उनी मर्नुपर्ने भएकाले भुइँमा लडिरहेको र म रुनुपर्ने थियो । मेरो हातमा अम्खोरा थियो । म रुँदा त्यो अम्खोरा खस्नुपर्ने थियो र मेरो हातबाट खस्यो र त्यो मदनको टाउकोमा लाग्न पुग्यो । अब मरेको मान्छेले दुख्यो भनेर कराउन पनि नहुने, ऐया, आच्छु केही न केही । सहेर सुतिराख्नु पर्ने । बिचरा कति दुख्यो होला, कति कष्ट भयो होला । जो कोहीले पनि सहजै अनुमान गर्न सक्छ । हामी अहिले पनि त्यो घटना सम्झ्यो कि मरीमरी हाँस्न थाल्छौँ । हुन त यस्ता थुप्रै अरू पनि घटना छन् । सबै लेखिरहँदा लामो हुन्छ । पछि लेखौँला । मान्छेको स्वभाव विभिन्न प्रकारका हुन्छन् । कोही अति कठोर, कोही अति नरम, कोही बोलीमा कठोर व्यवहारमा नरम, कोही बोलीमा नरम व्यवहारमा कठोर त कोही बोली र व्यवहार दुवैमा नरम । मदनदासको स्वभाव पनि बोली र व्यवहार दुवैमा नरम छ । उनका सहयोगी भावना र व्यवहारका कारणले नै उनका थुप्रै हितैषी छन् । उनको

सहयोगी भावनाको सबैले प्रशंसा गर्छन् र यो भावना पनि उनले आर्जन गरेको ठूलो सम्पत्ति हो जस्तो मलाई लाग्छ ।

जीवनका धेरै उतारचढाव देखेका छन्, भोगेका छन् उनले । थुप्रै कष्ट सहेका छन् तर पनि आफ्नो लक्ष्यमा निरन्तर लागिरहेका छन् । युवा अवस्थामा स्थापित हुनका लागि गरिरहेको उनको यात्रामा उनलाई साथ दिन उनकी जीवनसाथीका रूपमा यसै क्षेत्रमा लागी सङ्घर्ष गरिरहेकी कलाकार रेणु श्रेष्ठ आइपुगिन् । रेणु नेपाली नृत्यको फाँटमा प्रसिद्धि कमाएकी कुशल कलाकार हुन् । उनको मृदुभाषिता र असल व्यवहारले गर्दा सबैले उनलाई प्रशंसा गर्छन् । रेणुको साथले मदनलाई आफ्नो क्षेत्रमा अघि बढ्न अरु बढी प्रोत्साहन मिल्यो । घरबाट प्राप्त हुने प्रोत्साहन योद्धाका लागि सबैभन्दा बढी सार्थक हुन्छ । मदनको जीवनमा रेणु नआएको भए सायद उनलाई सफलताको शिखरमा पुग्न गाह्रो हुन्थ्यो कि जस्तो पनि लाग्छ । भनिन्छ नि हरेक पुरुषको सफलताको पछाडि महिलाको ठूलो हात हुन्छ । जे होस्, मदन-रेणुको जोडी एक सफल र अनुकरणीय जोडी हो भन्नुमा मलाई कुनै सङ्कोच लाग्दैन ।

नेपालको पूर्वी भागमा पर्ने दोलखामा जन्मी नेपालको राजधानी काठमाडौँमा आई सङ्घर्ष गरेका यी व्यक्ति आफ्नो लगन र परिश्रमले गर्दा एक सफल व्यक्ति बनेका छन् भन्नुमा अतिशयोक्ति हुने छैन । बेलाबखतमा उनलाई साथीहरूले अरू नै क्षेत्रमा लाग्न सल्लाह पनि नदिएका हैनन् तर पनि उनि विचलित नभै यही नाट्य क्षेत्रमा नै लागिरहे किनभने यो उनलाई मन पर्ने क्षेत्र थियो । उनले मसँग पनि धेरै पटक यो क्षेत्र मन पर्ने बताएका छन् । मदनदासले आफ्नो उत्साहलाई कहिल्यै मुर्झाउन दिएनन् र आजपर्यन्त उत्तिकै उत्साही देखिन्छन् । जीवनका साढे छ दशक पार गरिसकेर पनि काम गर्ने जोस र जाँगर उनमा युवावस्थाकै जस्तो छ । कहिलेकाहीँ म र मेरा श्रीमान् हरिहर शर्मा मदनदासको उत्साही मनोभाव

देखेर दङ्ग पर्छौं । हरिहर शर्मा पनि मदनका हितैषी मित्र हुन् । उहाँहरूको चिनाजानी मेरो भन्दा पछिको भए तापनि मित्रता प्रगाढ छ । मदनदासका बारेमा मेरा श्रीमान्को सोच पनि मेरो जस्तै छ । मदनदास आज पनि नाट्य अथवा चलचित्र क्षेत्रका अतिरिक्त समाजसेवाका क्षेत्रमा निरन्तर लागिरहेका छन् । उनको यो आफूले मन पराएको क्षेत्रमा समर्पित भै काम गरिरहने भावना सदैव जागृत भइरहोस् । उनलाई जीवनका हरेक कार्यमा सफलता मिलिरहोस् । मेरो शुभकामना छ ।

# एक अमूर्त व्यक्ति : एक मूर्त व्यक्तित्व

**शान्तकृष्ण श्रेष्ठ**

प्रत्येक व्यक्ति र प्रत्येक स्थानमाथि आकाश हुन्छ । जूनतारा र सूर्य हुन्छन् । प्रत्येक व्यक्तिलाई ती आफ्नै, नितान्त आफ्नै लाग्दछन् । त्यसरी नै प्रत्येक जमिन(स्थान)मा पनि जूनतारा र सूर्य हुन्छन् । आकाशका जून, तारा र सूर्य चम्कन्छन् । ती सधैँ स्पष्ट र उही हुन्छन् । तर धर्तीका जून, तारा र सूर्यहरू थोरै मात्र चम्किन्छन् र स्पष्ट रूपमा देखिने या चिनिने हुन्छन् । आकाशमा लाखौँ करोडौँ ताराहरू चम्किन्छन् । तर धर्तीमा रहेका त्यस्तै हजारौँ ताराहरूमध्ये थोरै मात्र बादल फटाई निस्कन्छन् । त्यसरी बादललाई फटाएर निस्कनेहरू आफू चम्कन्छन् र अरूलाई उज्यालो दिने गर्दछन् । दोलखाको आकाशमा पनि यसरी बादल फटाएर निस्किएका धेरै थोरै ताराहरूमध्ये एक तारा हुनुहुन्छ– मदनदास श्रेष्ठ ।

तपाईं हामीहरू धेरैले काठमाडौँका व्यस्त सडकहरूमा संसारभरका नयाँनयाँ ब्रान्डका, महँगा गाडीहरू हुइँकिइरहेको देख्दछौँ । तिनीहरूभित्रका मानिसहरू कति महत्त्वपूर्ण छन् र कति महत्त्वहीन छन् हामीलाई थाहा हुँदैन । ट्राफिकलाई पनि थाहा हुँदैन सायद उसले चिन्नै पर्ने भन्दा बाहेक । ती चम्किला गाडीहरू गुडिरहेको सडकमा एउटा फट्याङ्ग्राजस्तो स्कुटी पनि गुडिरहन्छ एक तमासले । तर त्यो सीधा लक्ष्यसहित गुडिरहन्छ । करोडौँ मूल्यका गाडीहरूको अगाडि त्यो फट्याङ्ग्राजस्तो स्कुटीको के मोल छ र ? तर त्यसमा सवार

व्यक्तित्वको मोल नेपालमा चानचुन छैन । उहाँ किम्मती हुनुहुन्छ । त्यही स्कुटीमा सवार बहुमूल्य व्यक्तित्व अरू कोही नभई हुनुहुन्छ– मदनदास श्रेष्ठ ।

मेरै परिवेशभित्रका रमाइला कुराहरू कोर्दा ३६/३७ सालतिर हाम्रो दोलखाको कालिञ्चोक युवा क्लबका पदाधिकारीहरू केहीमध्ये मलाई पनि सम्मानपत्र दिइएको थियो । सो अवसरमा तत्कालीन महत्त्वपूर्ण राजनीतिक व्यक्तित्व पशुपतिशमशेर राणाले व्यक्त गर्नुभएको उद्गारले सधैँ प्रेरित गरिरहन्छ मलाई । सो उद्गार थियो– 'जहाँ तत्त्वकृष्ण, आत्मकृष्ण हुन्छन् त्यो जिल्ला दुर्गम र विकट हुनै सक्तैन ।' पछि हामीले अरू पनि छुटेका नाम थप्यौँ जहाँ शिक्षा मर्मज्ञ भैरवबहादुर श्रेष्ठ जन्म्यो, इन्द्रमणि राजभण्डारी जन्म्यो, कालिञ्चोक युवा क्लबका संस्थापक अध्यक्ष द्वारिकामान प्रधान जन्म्यो, जसले २०२६ सालको विकट समयमा पनि आफ्नो जन्मभूमिप्रति सदैव माया र आस्था रहोस् भनेर काठमाडौँमा पढ्न बसेका युवाहरूलाई समेटेर कालिञ्चोक युवा क्लबको जन्म दिनुभयो जो आजपर्यन्त क्रियाशील छ । सो समयको नेपालकै पहिलो सामाजिक संस्था हो– कालिञ्चोक युवा क्लब । माधवमणि राजभण्डारी जन्म्यो, केदारमानसिंह श्रेष्ठ, कृष्णप्रसाद मास्के, नरेन्द्रबहादुर श्रेष्ठ, मुक्तिमान राजभण्डारी, अमरकुमार प्रधानजस्ता थुप्रै जन्मे त्यो ठाउँ दुर्गम, विकट हुनै सक्तैन । जब यो स्थान विकास र भौगोलिक हिसाबले सुगम भैसक्यो, नेपालका अरू विकसित जिल्लाहरूजस्तै भैसक्यो र जब त्यही जिल्ला अन्तर्राष्ट्रिय हिसाबले पनि गणनामा पर्दैछ । त्यसको श्रेय प्राप्त गर्ने व्यक्तित्वको पनि जन्म भैसकेको छ । उहाँ हुनुहुन्छ– मदनदास श्रेष्ठ । अब भन्नुपर्ने हुन्छ जहाँ मदनदास जन्म्यो त्यो जिल्ला अब नेपालको मात्र होइन विश्वकै एक जिल्ला हुनेछ । दुर्गमबाट सुगम बन्दै विश्वकै दोलखा जिल्लाको द्वाल्खा जसको इतिहास पूर्ण नभएसम्म नेपालको इतिहास पूर्ण नहुने ऐलान इतिहासशिरोमणि बाबुराम आचार्यले वि.सं.

२०३० तिर गर्नुभएको थियो । त्यस बेला हामी दोलखालीहरू इतिहाससँग होइन आफ्नै भूगोलसँग मात्र सीमित थियौँ । आफ्नो अस्तित्वका लागि त्यही हेतु दोलखाबाट काठमाडौँ आएर सङ्घर्षरत युवाहरूलाई एकीकृत गर्न जुरमुराउनुभयो युवा अगुवा द्वारिकामान सिंह वि.सं. २०२८ मा । र गठन गर्नुभयो कालिञ्चोक युवा क्लब जसको सहसचिव हुने सौभाग्य मैले पाएँ । यसलाई नि:स्वार्थ रूपले काँध थाप्नुभयो माधवमणि राजभण्डारीले, जसले कालिञ्चोक युवा क्लबको मुखपत्र 'आँखा' पत्रिका चलाउन आफ्नो औँठी बेच्नुभयो । काँधमा पत्रिका र टाउकोमा नरम नाम्लोले पत्रिकाको भारी बोकी तौथल हुँदै दोलखा पुऱ्याउन, पत्रिकालाई अन्तर्राष्ट्रिय स्तरको बनाउन, कभर इन्डियामा छाप्ने साहस गर्न र भारतीय फिल्मका Legendary Hero देवानन्दको अन्तर्वार्ता छाप्न र कालिञ्चोक युवा क्लब र 'आँखा'लाई एउटा उपचार पुऱ्याउन लागिपर्ने व्यक्तित्व अरू कोही नभई हुनुहुन्छ त एक मदनदास श्रेष्ठ ।

संस्था चलाउन, स्कुलमा प्रधानाध्यापक पठाउन, पुस्तकालय बनाउन, आर्थिक आवश्यकता पूर्ति गर्न, आर्थिक सङ्कलन गर्न त्यसताका नाटक देखाउनु, फुटबल खेलाउनुबाहेक महत्त्वपूर्ण उपाय सिनेमा च्यारिटी सो गर्नुहुन्थ्यो । सर्वप्रथम हामीले जय नेपाल चित्रघरमा 'राज' सिनेमाको च्यारिटी सो गऱ्यौँ । त्यसको मियो मदनदास हुनुहुन्थ्यो र आज दोलखा संसार प्रसिद्ध चलचित्र नगरी बन्दै छ त्यसको प्रणेता पनि मदनदास श्रेष्ठ हुनुहुन्छ । माथि उल्लेख गरिएझैँ एकताका विकट, आर्थिक अभावबाट गुज्रिएको दोलखामा Multi Mega Project 'Film City' बन्नु भनेको सपनामा देखेको सुन्दर वस्तु यथार्थमा रूपान्तर हुनुजस्तै हो । झट्ट हेर्दा असम्भवप्राय: लाग्ने कुरा यथार्थमा परिणत गर्ने व्यक्तित्व हुनुहुन्छ मदनदास श्रेष्ठ ।

दोलखा भीम उच्च माध्यमिक विद्यालय तत्कालीन भीम हाइस्कुलमा पढाउने शिक्षकलाई काठमाडौँबाट लैजान रुद्रमणि

राजभण्डारीज्यूको जुन योगदान छ, त्यसबाट विद्यालय निर्माणको वास्तविक श्रेय उहाँलाई जान्छ । वि.सं. २००७ सालमा प्रजातन्त्रको उदयपश्चात् तत्कालीन शिक्षा मन्त्री नारदमणि थुलुङ दोलखा पुगी विद्यालय स्थापना गर्न स्थानीय व्यक्तिहरूको जमघट गराउँदा त्यहाँ एक जना व्यक्तित्व हुनुहुन्थ्यो जसलाई थुलुङजीले शिक्षाको मर्म बुझ्ने शिक्षा मर्मज्ञ भनी प्रशंसा गर्नुभएको थियो । विद्यालय स्थापना गर्ने समितिको सचिवका रूपमा काम गर्दै विद्यालय सञ्चालनका निमित्त विधान बनाउने र जग्गा प्रदान गर्ने उक्त व्यक्तित्व मेरा पूज्य पिताजी भैरवबहादुर श्रेष्ठ हुनुहुन्थ्यो । त्यसपछि स्कुललाई हर्दम साथ दिइरहने गेहेन्द्रबहादुर श्रेष्ठ, चन्द्रकृष्ण जोशी र चित्रलेखा श्रेष्ठलाई सम्झनै पर्छ । सो विद्यालयले आर्थिक समस्या भोग्नुपर्दा २०२० सालदेखि काठमाडौंबाट शिक्षक झिकाउनुपर्ने र आर्थिक सङ्कलन गर्न पनि चन्दा सङ्कलन, देउसीभैलो र च्यारिटी सो गर्नुपर्ने हुन्थ्यो । त्यस्तो अवस्थाबाट गुज्रिरहेको दोलखामा ३६/३७ सालतिर श्रद्धेय समाजसेवी स्वर्गीय बालकृष्ण शिवाकोटीले क्याम्पस खोल्न बैठक बोलाउँदा दोलखाबाट दुई जना भए पुग्छ भनी दिव्यमणि राजभण्डारीले भन्नुभएपछि द्वाल्खा गुठीबाट दिव्यमणि राजभण्डारी र कालिञ्चोक युवा क्लबको तर्फबाट अध्यक्ष म शान्तकृष्ण श्रेष्ठलगायत अध्यक्षसमेत गरी सात जनाको (नाम बिर्सें सायद माइन्युट हराएर हो वा के हो यसको चर्चा पटक्कै हुँदैन) समिति गठन गरिएको थियो । त्यहीँबाट सुरुवात भएको कार्यक्रम आत्माकृष्ण श्रेष्ठज्यूको सबल नेतृत्वले साकार रूप लिएपछि विश्वविद्यालय निर्माण हुन सक्ने अवस्थामा पुग्यो । सो पुनीत कार्यका लागि महायज्ञ प्रायोजन गरी गणतन्त्र नेपालका प्रथम राष्ट्रपति रामवरण यादवलाई दोलखा पुऱ्याई उद्घाटन गराएको ऐतिहासिक तथ्य र भीमेश्वर मन्दिरमा किरात र लिच्छवि दोल्खाधिपतिहरू र मल्ल राजाहरूबाहेक दर्शन गर्ने प्रथम राष्ट्राध्यक्ष हुने पुनीत कार्यमा पुग्नुभएको छ सम्माननीय राष्ट्रपति रामवरण यादव, जसको श्रेय पनि मदनदास श्रेष्ठलाई नै जान्छ ।

एकताका काठमाडौँमा घरजम गरी नामदाम कमाएकाहरूको दोलखालीहरू प्रशस्तै थिए । उनीहरू सम्पन्न थिए, तथाकथित शिक्षित र विज्ञ थिए । तर विडम्बना आफूलाई दोलखा या द्वाल्खाली भनेर चिन्लान् भनेर द्वाल्खा भाषा प्रयोग गर्दैनथे रे । यस्तै सुनिएको हो राणाकालदेखि । तर वि.सं. २०२० सालदेखि दोलखा पुनर्जागरणको युगमा प्रवेश गरेको भन्दा पनि हुन्छ । यद्यपि भीम हाइस्कुलको स्थापना (वि.सं. २००८), समाजसेवी भैरवबहादुर श्रेष्ठको अगुवाइमा जग्गासमेत उपलब्ध गराई घरेलु कार्यालयको स्थापना (२०१७), इन्द्रमणि राजभण्डारी र खड्गबहादुर श्रेष्ठको अगुवाइमा खानेपानीको स्थापना (२०१८) जस्ता महत्त्वपूर्ण कुराहरूले दोलखाको विकासक्रमको सुरुवात भएको पाइन्छ । तर जगबाट नै केही गर्नुपर्छ भनी दोलखाको प्रचारप्रसारमा लागिपरे बालकृष्ण जोशी, प्रा.डा. श्याम जोशी 'बिछोड' अनि रेडियो नेपाल, गोरखापत्रजस्ता महत्त्वपूर्ण सञ्चारका साधनहरूमा दोलखाका विषयमा महत्त्वपूर्ण लेख र समाचारहरू लेखिन र प्रसारण हुन थाले । त्यो एक महत्त्वपूर्ण कोसेढुङ्गा थियो र यसका प्रवर्तकहरूमध्येका एक हुनुहुन्छ मदनदास श्रेष्ठ ।

दोलखा शिक्षित र धनीहरूको निवास स्थान हो भनी दोलखाको इतिहासमा उल्लेख छ तर त्यही दोलखामा स्थापना भएको भैरव पुस्तकालय, त्रिपुरा पुस्तकालय, जसलाई टेकबहादुर पुत्र तथा समाजसेवी रविभक्त श्रेष्ठका पिता हरिभक्त श्रेष्ठ तथा तीर्थबहादुर श्रेष्ठ र अर्जुनबहादुर श्रेष्ठहरूले स्थापना गर्नुभएको थियो । उक्त पुस्तकालयहरू कालान्तरमा अस्तव्यस्त तथा क्षतविक्षत हुन पुगे । त्यसलाई पुनर्जीवित गर्ने काम गर्नुभयो शिक्षाप्रेमी तथा साहित्यकार अमर प्रधानज्यूले भीम पुस्तकालयको नाम दिएर । त्यसलाई अन्तर्राष्ट्रिय स्तरको बनाउने प्रयासमा म लागिपरेँ READ मार्फत । यसको सम्भावना दिलाउनुभयो दोलखा मकैबारीका सुरेन्द्रबहादुर बस्नेतले । तर त्यसताका उक्त कार्य भीम उमाविको सहयोगबिना

सम्भावना नभएकाले र प्राविधिक कारणले सो कार्यक्रम सञ्चालन गर्न र सार्थक रूपमा अवतरण गराउन सक्षम व्यक्तित्व मेरा दाजु आत्मकृष्ण श्रेष्ठलाई जिम्मा दिएँ र कार्यक्रम संयोजक शरदबाबु श्रेष्ठसँग परिचय गराई मैले सोचेभन्दा सबल किसिमले गौरीशङ्कर पुस्तकालय भीनपा १० मा निर्माण सुरु भयो । केही प्राविधिक त्रुटिका कारण READ ले उपलब्ध गराएको लाखौँ रकम र सङ्कलित रकमले मात्र नपुगी निर्माण कार्य नै ठप्प हुने स्थितिमा पुग्यो । यस्तो स्थितिबाट उक्त निर्माण कार्यलाई सफल पार्नका निमित्त स्थानीय विकास मन्त्रालयको Matching fund बापत १० लाख रुपियाँ उपलब्ध गराइदिनुभई उक्त कार्यलाई सफल गराउन सक्ने व्यक्तित्व हो मदनदास श्रेष्ठ ।

अन्तर्राष्ट्रिय व्यक्तित्व पाइलट बाबालाई दोलखा पुऱ्याउनु चानचुने काम थिएन । कारण यदाकदा अरूअरू बाबाहरूको आगमन भए पनि आफ्ना भक्तजनहरूको आग्रहमा आउने गर्दथे । पाइलट बाबा नै एक यस्तो बाबा हुन् जसको दोलखामा कुनै भक्तजन थिएनन् र उहाँको पदार्पणपछि मात्र केही शिष्य जन्मे जसमध्ये म पनि पर्दछु । किनकि उहाँले दोलखालाई पुण्य भूमि मान्नुभयो । यसको मुख्य कारण साक्षात् भीमेश्वर नै हुन् । उहाँले भीमेश्वरलाई विश्वमा उजागर गर्न हामी सबैलाई प्रेरित गर्नुभएको छ । यो कुरा उल्लेख गरिरहँदा यस्तो पुनीत कार्यलाई सफल बनाउन बाबालाई दोलखा ल्याउन लागिपर्ने व्यक्तित्वहरू प्रा.डा.अनिलकुमार मिश्र, पूर्व संस्कृति सचिव तथा दोलखा जिल्लाका पूर्व प्रजिअ मोदनाथ डोटेल तथा डा. कृष्णगोपाल महर्जनको योगदानको स्मरण गर्नैपर्ने हुन्छ । यस्तो पुनीत कार्यमा सक्रिय भई लागिपर्ने व्यक्तित्व उहाँ (मदनदास) पनि हो ।

सिनेमा, नाटक आदिले मानिसलाई प्रत्यक्ष असर दिन्छ । सो प्रत्यक्ष, सजीव र मूर्त लाग्छ । यसले हँसाउन र रुवाउन सक्छ । तर

स्वर नाटक र प्रदर्शन त अमूर्त हुन्छ । केवल स्वरले मानिसहरूलाई कतिसम्म हँसाउनुभयो कतिलाई सुँकसुँकाउने बनाउनुभयो, यस्ता अदृश्य कलाकार हुनुहुन्छ रेडियो कलाकार मदनदास श्रेष्ठ ।

एक पटक हामी दोलखालीहरूलाई च्यारिटी सो नाटक देखाउनु– पऱ्यो । नाटकको शीर्षक थियो 'अतृप्त आत्मा' । रिहर्सल थियो सभाहलको एउटा कोठामा । बैठकपछि नाटकको एक दृश्य रिहर्सलका लागि थियो, कलाकार तयार थिए, हामी हेर्न बसिरहेका थियौँ । ब्याकग्राउन्ड म्युजिक बज्यो । एउटा डरलाग्दो आवाजसँगै आँखाबाट ज्वालामुखी, थरथराएका हात, अजिब तालको लम्काइ अनि एक व्यक्तिको घाँटी थिचाइ हेर्दाहेर्दै हामी आफ्नै घाँटी थिचिएको अनुभव गर्न थाल्छौँ । कता भाग्ने जस्तो हुन्छ । को हुन् ती अतृप्त आत्मा ? को हुन् ती भयानक भूत ? को हुन् ती ? को हुन् ? हामी विचलित हुन्छौँ । तर एकै क्षणमा ती त हाम्रै साथी, हाम्रै हितैषी, हाम्रै आफ्नै पो रहेछन् । ती सजीव व्यक्तित्व, ती अलौकिक नाटक व्यक्तित्व कोही नभई उही मदनदास हुनुहुन्थ्यो ।

आज हामी सङ्घीयताको सँघारमा छौँ । आफूलाई जातजातिको सीमित घेरामा उभ्याइरहेका छौँ (निर्वाचनले परिणाम जेजस्तो भए पनि) । सनातन कालदेखि विभाजन गरिएको जातजाति र माथिल्लो तल्लो जातिको बीचको विभेद आजसम्म चलनमा रहे पनि एउटा कलाकार भएर नाटक र सिनेमाको माध्यमबाट समाजमा असल सन्देश पुऱ्याउने कलाकार थुप्रै जन्मे तर आफैँ उपमा भएर समाजका लागि उपहार हुन सक्ने कलाकार पनि जन्मे । र संसारमा महिला र पुरुषबाहेक अरू कुनै जात छैन भनी प्रमाणित गर्न आफैँ उपमा बनेका कलाकार अरू कोही नभएर मदनदास श्रेष्ठ नै हुनुहुन्छ ।

सबै व्यक्तिमा आफ्नै किसिमको सिम्पलि सिटी हुन्छ, क्यापासिटी हुन्छ । तर यदाकदा मात्र क्यापासिटी र सिम्पलिसिटी दुवै हुन्छ तर

कुनै एकमा यी दुवै भईकन पनि हालै थपिन आएको छ फिल्म सिटी त्यसैले थ्री सिटी इन वान 3City in one भएर उपमा बोक्नुभएका छन् मदनदास श्रेष्ठले ।

दोलखाका व्यक्तित्वहरूले समयसमयमा दोलखाको विकास र उन्नयनका लागि धेरै कामहरू गर्नुभएको छ । यसरी जिल्लाको विकासमा लागिपर्ने सबैको सराहना गर्ने पर्छ । सबै कुराहरू एउटै लेखमा अटाउन गाह्रो हुन्छ । केही माथि उल्लेख गरिसकियो । दोलखा जिल्लाको समग्र विकासमा अतुलनीय योगदान पुऱ्याउँदै आउनुभएका व्यक्तित्वहरूको विषयमा चर्चा गर्दा दोलखा जिल्लाका पूर्व कानुन मन्त्री नेपालकै उदाहरणीय व्यक्तित्व स्व.भीमबहादुर तामाङ, पूर्वसभासद् जिपछिरिङ लामा तथा वर्तमान सभासद् पशुपति चौलागाईंका योगदानको सराहना गर्न शब्दको कमी हुन्छ । सम्झना आउँछ भीमेश्वर नगरपालिकाका पूर्वमेयर अति सौम्य व्यक्तित्व चोकबहादुर दाहाल भन्ने गर्नुहुन्छ, 'कुनै जिल्लामा, सहरमा मानवनिर्मित महत्त्वका कुरा हुन्छन्, त्यस्तै दोलखामा पनि होस् ।' अहिले दोलखा धेरै कुराले विश्वमा परिचय पाउँदै छ । अपर तामाकोसी, जडीबुटी, गौरीशङ्कर हिमाल, भीमेश्वर आदि । निर्माण भएका कार्यहरूमा गौरीशङ्कर लाइब्रेरी, पत्रकार महासङ्घ दोलखा जिल्ला शाखाबाट निर्माणाधीन मिडिया हाउस जसमा अध्यक्ष राजेन्द्र मानन्धरलाई सम्झनै पर्दछ । दोलखा काठमाडौंभन्दा पुरानो भन्ने अनुसन्धानात्मक कार्य (शान्तकृष्ण श्रेष्ठ), स्विसले परिचय गरिदिएको जिरी अनि जिरेलहरूले बचाइराखेका अमूर्त सम्पदा । जुनसुकै कार्यमा पनि सक्रिय सहभागिता जनाउँदै, सेवक बन्दै कार्यक्रमलाई सफल बनाउँदै अगाडि बढ्नुहुने अग्रणीको नामहरू कतै ब्लाक आउट, कतै पातलो र कतै नाम मात्रको देख्दा र कुनै व्यक्ति मन्त्री बन्यो या कुनै निकायमा सदस्य बन्नेबित्तिकै माला लगाई स्वागत गर्ने दासत्व बोकेर सेवक बनी हिँड्नुभन्दा अगुवा नै किन नहुने ? र कुनै मन्त्री या सदस्य अस्थायी हुन्छ तर

स्थायी व्यक्तिहरूलाई नै पुग्ने संस्कृति जन्मनै पर्छ भन्ने लागेर अगुवा हुने प्रेरणा दिइरहने र सोहीअनुसार आफैँ अगुवा बनी अभियन्ताका रूपमा अगि बढी कहिले राष्ट्रिय साहित्य सम्मेलन गर्ने, कहिले राष्ट्रिय लोकनृत्य आयोजना गर्ने, कहिले निर्देशक समाजको अन्तर्राष्ट्रिय स्तरको कार्यशाला सञ्चालन गरी 'साइलेन्ट सिटी क्राई' जस्तो उत्तम चार मिनेटको अति लघु सिनेमा बनाई सारालाई द्रवीभूत गराई सुतिरहेको दोलखालाई जुरुकजुरुक उठाउन सक्ने व्यक्तित्वको सपना अब दोलखाको सपना भइसकेको फिल्म सिटी साकार होस् भनी साक्षात् परमेश्वर भीमेश्वरमा सतत प्रार्थना छ । मदनदासजीको 'फिल्म सिटी', जनार्दन घिमिरेको संस्कृत ग्राम, माननीय आनन्दप्रसाद पोखरेलको चरणावती त्रिवेणी तीर्थस्थल, माधवमणि राजभण्डारीको टक्सार भवन, आत्मकृष्णको द्रुत मार्ग, केशव चौलागाईंको वृन्दावन, देवी खड्काको लामोसाँघु जिरी दुई लेनको सडक र मैले देखेको सपना 'दोलखाको अस्तित्व काठमाडौँभन्दा सम्पूर्ण र प्राचीन हो ।' भन्ने विषयको प्रमाणका लागि हालै समानुपातिक सभासद् पशुपति चौलागाईं र नेका नेता जिपछिरिङ लामाको प्रत्यक्ष, सकारात्मक तथा अतुलनीय योगदान रहेजस्तै सबैको रहोस् भनी उनै भीमसेन र मञ्जुश्रीसँग प्रार्थना छ । हामीले देखेका सपनाहरू सदा साकार रहून् । जसरी मदनदासजी हामीहरू सबैको पुनीत कार्यमा सेवक हुनुभयो आज हामी सबैले उहाँको कार्यमा काँधमा काँध, हातमा हात, दिमागमा दिमाग, हृदयमा हृदय मिलाई सफल पारौँ । यो सफलताको मालिक उहाँ मात्र होइन सबै हुन् भन्ने सबैलाई लागोस् ।

# लिनभन्दा दिन तयार हुने

**शोभित उप्रेती**

म विद्यालय तहको विद्यार्थी भएकै समयमा अत्यन्त चर्चित रेडियो नाटक कार्यक्रममा मदन दाइको अभिनय सुन्ने मौका पाएको थिएँ र सो कार्यक्रम अत्यन्तै चाखपूर्वक सुन्दथेँ पनि । यस क्रममा मैले कक्षा ६ को शिक्षा दोलखा बजारको भीम माध्यमिक विद्यालयबाट प्राप्त गरेको हुँ । जब म दोलखा बजारमा अध्ययनका लागि गएँ तब मैले सुन्ने गरेको रेडियो नाटकका अभिनयकर्ता मदनदास दाइको पनि घर त्यही बजारमा नै हो भन्ने जानकारी पाएँ । यसबाट मलाई दाइसँग प्रत्यक्ष साक्षात्कार गर्ने अभिलाषा जागेर आएको भए तापनि मैले एसएलसी पास गर्ने समयसम्म पनि उनीसँग दोलखामा भेटघाट हुन सकेन । तर पनि म उनलाई स्थानीय वासीहरूले गर्ने सम्मानभावले जसरी पनि प्रत्यक्ष भेट्ने कोसिस गर्ने गरिरहेको थिएँ तर मौका मिलेको थिएन ।

म २०६२/०६३ सालपछि भएको गौरीशङ्कर क्याम्पसको कलेज सञ्चालक समितिमा सदस्यको हैसियतले प्रवेश गरेँ । तत्पश्चात् भएको बैठकले उक्त कलेजलाई निम्नमाध्यमिक विद्यालयमा परिणत गर्नका लागि आर्थिक स्रोत जुटाउन महायज्ञ आयोजित गर्ने निर्णय भयो ।

महायज्ञ त लगाउने भइयो तर संयोजक बनाउनका लागि जिल्लावासीलाई एकै स्थानमा समेटेर लैजाने व्यक्तित्वको खोजी पनि

गर्नुपर्ने भयो र यसका लागि धेरै नामहरू प्रस्ताव भए पनि मदन दाइको नाममा सर्वसम्मत भयो र उनको संयोजकत्वमा महायज्ञ समारोह समिति निर्माण भयो । जसमा सबै पक्षको सक्रियतापूर्वक सहभागितासमेत रहेको थियो ।

जब हामीले महायज्ञ आयोजक समितिको संयोजक मदन दाइलाई राख्ने निर्णय गऱ्यौँ । यसको जानकारी गराउनका लागि मैले दोलखाका शिखर व्यक्तित्व एवम् मेरा प्रेरक एवम् मलाई अत्यन्त माया गर्ने नेपाली काङ्ग्रेसका नेता स्व. भीमबहादुर तामाङलाई जानकारी गराउन उनको डेरा नयाँ बानेश्वरमा गएँ । उनले तत्कालै प्रतिक्रिया जनाउँदै भने– 'तपाईंहरूले यो अत्यन्त राम्रो निर्णय गर्नुभयो, मदनदास भनेको नेपालको कलाकारिता क्षेत्रको शिखर व्यक्तित्व र सबै पक्षले स्विकार्ने व्यक्तित्व हो, अनि यस कार्यक्रममा मेरो पनि सक्रिय सहभागिता रहनेछ ।'

जब आदरणीय भीम दाइबाट यस्तो सुन्न पाएँ, तब मदन दाइप्रति मेरो आदरभाव अरू बढेर गयो र लाग्यो भीमबहादुर दाइसमेतले प्रशंसा गर्न लायक मदन दाइ भनेको यो देशको ठूलो सम्पत्ति हो र उनीसँगको सामीप्यले अरू धेरै कुरा सिक्न मद्दत पुग्नेछ । यसपछि मैले मदन दाइप्रति सामीप्य अरू बढाउने कोसिस गरेँ र उनले भनेअनुसारको जिम्मेवारी आफ्नो तर्फबाट सकेसम्म वहन गर्ने प्रयास गर्दै आएको पनि छु ।

महायज्ञको उद्घाटनमा प्रमुख अतिथि कसलाई लैजाने भन्ने सन्दर्भ पनि रहेको थियो र यसबारेमा पनि नेता भीम दाइले स्पष्ट भने कि कार्यक्रममा राष्ट्रपति नै लैजानु उपयुक्त हुन्छ । पछि यसका लागि भीम दाइले स्पष्ट भनेका थिए– 'मदनदासको संयोजकत्वमा भएको कार्यक्रममा राष्ट्रपतिलाई नै लैजान उपयुक्त हुन्छ ।' पछि यसका लागि भीम दाइ तथा मदन दाइको अनुरोधअनुसार सम्माननीय राष्ट्रपतिबाट नै उक्त महायज्ञको उद्घाटन पनि भयो ।

जब मदन दाइले आफ्नो संयोजकत्वमा काम थाले तब सफल भयो भने हुन्छ । उनी लागेपछि बडो सजगतापूर्वक लाग्ने बानी रहेछ । उनले काठमाडौँमा रहेका दोलखावासीहरूलाई प्रत्येक क्षण सङ्गठित गरिरहे । व्यवसायी, कलाकार, साहित्यकार, पत्रकार सबैलाई आआफ्नो भूमिका खेल्नका लागि उत्प्रेरणा दिइरहे । उनको यो खटाइ नै महायज्ञ सफलतापूर्वक सम्पन्न हुनुको प्रमुख कारण पनि हो ।

यो महायज्ञभन्दा अगाडि उनलाई मैले एउटा प्रतिष्ठित कलाकार मात्रै ठानेको थिएँ । जब यसमा उनको समर्पण एवम् सक्रियता देखेँ, उनी एउटा अनुकरणीय सामाजिक कार्यकर्तासमेत रहेको पाएको छु । उनीसँगको यो सहयात्रामा मैले उनलाई यो राष्ट्रको ठूलो सम्पत्ति, आफूमा कुनै घमन्ड नभएको सादा जीवनको पर्याय एवम् सशक्त सामाजिक कार्यकर्ता भएको महसुस गरेको छु र उनीबाट मैले पनि केही सिक्ने मौका पाएको छु ।

उनको सक्रियता कति छ भन्ने कुरा सहज अनुमान गर्न सकिन्छ । जब महायज्ञ सम्पन्न भयो, फेरि उनले अर्को अभियान नै सुरु गरे । दोलखाको पर्यटनलगायत समग्र विकासका लागि कोसेढुङ्गा साबित हुन सक्ने दोलखा फिल्म नगरीको कल्पना गर्दै नेपालको एक मात्र फिल्म सिटी बनाउने अभियानमा पुनः सक्रिय हुन थाले । मन्त्रालय धाउने, स्थानीय तहमा सबैलाई मिलाएर लैजाने, सरोकारवालाहरूलाई ध्यानाकर्षण गराउने काममा सक्रियताको तहमा पुऱ्याउने निकै मेहनत गरे । यो कार्यले उनको मातृभूमिप्रति ठूलो लगाव एवम् समर्पण रहेको दर्साउँदछ ।

आजकल दोलखामा हुने हरेक सामाजिक एवम् विकासका गतिविधिहरूमा मदन दाइको सक्रिय सहभागिता रहने गरेको छ । मलाई लाग्छ, उनी हरेक दोलखालीको दुःखसुखको सारथि बनिसकेका छन् । अझ भनौँ, दोलखाका लागि उनी समर्पित नै रहेका छन् । साथै, यो राष्ट्रकै लागि उनले विभिन्न कोणबाट अतुलनीय योगदान र

सहयोग पुऱ्याइरहेका छन् । मैले उनीसँगसँगै रहेर काम गरेको अनुभवबाट उनी एक कुशल नेतृत्वकर्ता, समर्पित सामाजिक कार्यकर्ता, अग्रणी एवम् उदाहरणीय कलाकार, सरल एवम् मृदुभाषी, आफ्नो जिम्मेवारीप्रति अत्यन्त सजग र अनुकरणीय राष्ट्रिय व्यक्तित्व हुन् ।

उनले दोलखालाई त ठूलो गुन लगाएका छन् नै साथसाथै मदन दाइले गरेको हरेक कामहरूबाट यो राष्ट्रले पनि केही न केही पाइ नै रहेको छ । उनी सहयोग लिनभन्दा पनि दिन तयार हुने व्यक्ति भएकाले अनन्तकालसम्म पनि उनको योगदानको चर्चा भइरहने नै छ । साथै उनको यही सक्रियता, सिर्जनशीलता र लगनशीलता मेरो देशले लामो समय पाइरहोस् भन्ने कामना पनि गर्न चाहन्छु ।

# एउटा अम्मली कलाकार

**पं.श्यामदास वैष्णव**

**राणाकालमा नाटक**

म राणाकालतिरबाटै नाटकमा लागेको हुँ । नीरविक्रम प्यासी, मास्टर रत्नदास प्रकाश, गोपीनाथ अर्याल, हरिप्रसाद रिमाल मेरा नाटक समकक्षी थिए । त्यस बेला नाटक प्रदर्शन गर्न पनि राणाहरूको स्वीकृति लिनुपर्दथ्यो । महिला पात्र पाउन कठिन थियो । पुरुषलाई नै महिलाको भूमिकामा अभिनय गराइन्थ्यो । कोही महिला नाटकमा अभिनय गर्न तयार भए पनि त्यसका लागि पनि फेरि राणाहरूकै स्वीकृति चाहिन्थ्यो । मलाई नाटक लेखन, निर्देशन, अभिनय तीन ओटै कुरामा रुचि थियो । सुरुमा स्टेजहरूमा नाटक गरिन्थ्यो । पछि रेडियो नेपालको स्थापना भएपश्चात् रेडियो नाटकतिर लागेँ ।

राणाकालमा डबली र राणाका दरबारमा देखाइने नाटक पछि रेडियो र हलहरूमा विस्तार भयो । प्रजातन्त्रको स्थापनापश्चात् नाटकका लागि राष्ट्रिय नाचघर र रेडियो नेपाल नै प्रमुख केन्द्र थिए । मचाहिँ रेडियो नेपालमा नाटक निर्देशन गर्थें । नाटक निर्देशनमा लागेको मान्छे समकालीन नाटकका गतिविधिहरूमा चासो नहुने कुरै भएन । त्यसैले आफू रेडियो नाटक निर्देशन गर्ने भए पनि अन्य स्थानमा भएको नाटक प्रदर्शनमा पनि अतिथि वा दर्शकका रूपमा सहभागी हुन्थेँ ।

**मदनदासजीसँग भेट**

म २०२० सालतिरबाटै नाटक निर्देशनमा लागेको हुँ । नाटक निर्देशनमा लागेको मान्छे समकालीन नाटकका गतिविधिहरूमा चासो नहुने कुरै भएन । त्यस बेला नाटकका लागि राष्ट्रिय नाचघर र रेडियो नेपाल नै प्रमुख केन्द्र थिए । मचाहिँ रेडियो नेपालमा नाटक निर्देशन गर्थें । आफू रेडियो नाटक निर्देशन गर्ने भए पनि अन्य स्थानमा भएको नाटक प्रदर्शनमा पनि अतिथि वा दर्शकका रूपमा सहभागी हुन्थें ।

त्यो बेला म नाट्य क्षेत्रमा रहरको भरमा लागेको मान्छे थिएँ । पछि नाटक मेरो अम्मल नै बन्यो । मेरो अम्मलमा साथ दिन अरू पनि धेरै अम्मलीहरू जम्मा भए । त्यस्तै नाटक अम्मलीका रूपमा मैले मदनदास श्रेष्ठलाई फेला पारेको हुँ । धेरै सहयोगी भए पनि मदनदासचाहिँ मेरा विशेष सहयोगी थिए । त्यसैले मदनदास मेरा विशेष प्रिय पनि बने । मेरा मात्र प्रिय होइन उनी सम्पूर्ण नाटकप्रेमीका प्रिय कलाकार बनेर रहे र रहिरहनेछन् ।

२०२१ सालतिर राष्ट्रिय नाचघरमा एउटा नाटक प्रदर्शन हुँदै थियो । मेरो स्मरणमा भएसम्म त्यो नाटकको नाम 'धनबहादुरको मृत्युमा परिवारको आँसु' थियो । नाटकमा धनबहादुरको भूमिका गर्ने व्यक्तिको अभिनयबाट म अत्यन्त प्रभावित भएँ । धनबहादुरको भूमिका गर्ने ती व्यक्ति मदनदास श्रेष्ठ रहेछन् । उनको अभिनयबाट म यतिसम्म प्रभावित भएँ नाटक सकिएपछि मञ्चमै पुगेर उनलाई भेटेर उनको अभिनयकलाको प्रशंसा गर्दै बधाई दिएँ । शकुन्तला गुरुङले मदनदासको जोडीको भूमिका निर्वाह गरेकी थिइन् ।

**रेडियो नेपालमा रेडियो नाटक**

निर्देशक जहिले पनि अभिनयको लोभी हुन्छ । निर्देशक राम्रो अभिनय गर्ने मान्छे कहिले पनि गुमाउन चाहँदैन । मलाई पनि मदनदासजीको अभिनयकलामाथि लोभ लाग्यो । त्यसैले

उहाँलाई मैले रेडियो नेपालमा बोलाएँ र आफ्ना नाटकहरूमा स्वर दिन लगाएँ ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'कृषिबाला' नै मदनदासजीले मेरो निर्देशनमा स्वर दिएको पहिलो नाटक हो । यो नाटकलाई अङ्गुरबाबा जोशी महिला सङ्गठनको अध्यक्ष हुँदा त्यही सङ्गठनको सांस्कृतिक उपसमितिले प्रस्तुत गरेको थियो । पछि खेमराज केशवशरणको लेखनमा 'श्रीकृष्णजन्माष्टमी' शीर्षकको पौराणिक नाटकसहित मेरा निर्देशनका धेरै फुटकर तथा धारावाहिक नाटकमा समेत मदनदास श्रेष्ठले स्वर दिनुभयो । हामीले 'श्रीकृष्णजन्माष्टमी' नाटकलाई स्टेजमा अभिनय मात्र गर्ने संवादचाहिँ रेकर्ड गर्ने शैलीमा पनि प्रस्तुत गऱ्यौँ । खुला रङ्गमञ्च (ओपन थिएटर) मा पनि यो नाटक प्रस्तुत भयो ।

अभिनय यात्राको प्रारम्भिक चरणमा नै मसँग भेट भएका मदनदास पछि यो देशको नामी कलाकारका रूपमा स्थापित बने । आफूले रेडियो नाटकमा प्रवेश गराएको मान्छे स्थापित भएको देख्दा गर्व लाग्दो रहेछ । रेडियो नाटकमा मदनदासलाई मैले भित्र्याए पनि पछि मदनदास रेडियो नाटकका पर्यायवाची बनेर लामो समयसम्म रेडियो नेपालमा रहे । अभिनय क्षमता मात्र होइन व्यक्तिगत रूपमा पनि लगनशील र कर्मप्रतिको आस्थाका कारण नै हुनुपर्छ मदनदास श्रेष्ठ नेपाली नाटकका क्षेत्रमा शिखरमै पुगे ।

मलाई उति बेलादेखि नै मदनदासको अभिनय ज्यादै सहज र स्वाभाविक लाग्थ्यो । अहिले उनको अभिनयमा अऊ बढी परिष्कार भएको पाउँछु । उनको व्यक्तित्वले उनको अभिनयलाई थप प्रभावकारी बनाएको जस्तो मलाई लाग्छ । आफूलाई पूर्ण रूपमा बिर्सेर आफूले जुन पात्रको अभिनय गर्नु छ सोही पात्रलाई आफूमा आरोपित गर्न सक्नु कलाकारको सबैभन्दा ठूलो क्षमता हो । मदनदासमा त्यो गुण भएकाले नै उनी यो शिखर चुम्न सफल

भएका हुन् । आज नेपाली नाटकको क्षेत्रमा मदनदासको अभिनय कलाको छुट्टै पहिचान छ ।

नेपालमा रेडियो नाटक आलेख गर्ने मान्छेहरू कम छन् । रेडियो नाटक लेख्न नाटक मात्र बुझेर पर्याप्त हुँदैन, रेडियो पनि बुझ्नुपर्दछ । जो मदनदासजी जस्ता रेडियोको प्राविधिक कुरा र नाटक लेखन कला दुवै बुझेको व्यक्तिका लागि मात्र सम्भव हुन्छ । यसैले मदनदासजीले धेरै रेडियो नाटकहरू लेखे, निर्देशन गरे र स्वर पनि दिए । उनको छवि लेखक, कलाकार र निर्देशक तीन ओटै उपविधामा स्थापित भयो । त्यति मात्र होइन आफूले रेडियो नेपालको नाटक निर्देशकको अभिभारा सम्हालेपछि रेडियो नाटक लेखनसम्बन्धी अन्तरक्रिया गोष्ठी गरेर रेडियो नाटक लेखन कला र यसको महत्त्वका बारेमा नवपुस्तालाई ज्ञानसमेत दिलाउनुभयो । रेडियोमा स्वस्थानी धारावाहिक (३१ भाग), बालश्रमसम्बन्धी नाटक (५१ भाग) तथा अन्य धार्मिक र धारावाहिक नाटक निर्माण गर्नमा मदनदासजीको विशेष भूमिका नै रह्यो ।

**प्रज्ञाप्रतिष्ठान र उदार कलाकार मदनदास**

२०२७ सालतिर म तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा सहसदस्य थिएँ । विजय मल्ल र म नाटक विभाग हेर्थ्यौं । रामशरण दर्नालचाहिँ नाटक विभागको सचिव थिए । त्यस बेला प्रज्ञाप्रतिष्ठानलाई 'क' श्रेणीको नाटक कलाकार चाहिएको थियो । पत्रिकामा नाटक कलाकारको आवश्यकतासम्बन्धी सूचना प्रकाशित गरियो । सबै प्रक्रिया पूरा गर्दा मदनदास श्रेष्ठ छानिनुभयो । सूचनापाटीमा सफल उम्मेदवारको नाम टाँस गरियो । सबैले मदनदासजीलाई बधाई पनि दियौँ । उहाँलाई नियुक्ति दिनचाहिँ बाँकी नै थियो । यत्तिकैमा तत्कालीन कुलपति केदारमान व्यथितले हामीलाई बोलाएर एक जना महिला कलाकारलाई नराखी भएन भन्नुभयो । छनोट प्रक्रिया सम्पन्न भई परिणाम प्रकाशित भैसकेको थियो । अर्को थप कलाकार राख्न पनि

दरबन्दी थिएन । हामीलाई समस्या पऱ्यो । अनि हामीले मदनदासजीलाई नै बोलाएर हाम्रो समस्या बतायौँ । उनले सहज रूपमा आफूले प्रतिस्पर्धाबाट पाएको त्यो पद छाडिदिन मन्जुर गरे । समस्या मदनदासजीले नै सल्टाइदिए । अनि हामीले 'क' श्रेणीका कलाकारले पाउने पैसाबाट कुलपतिले नै प्रस्ताव गरेका २ जना 'ख' श्रेणीका महिला कलाकारहरू राख्यौँ । झन्डै एक वर्षपछि मात्र मदनदासजी फेरि अर्को विज्ञापनबाट 'क' श्रेणीको नाटक कलाकारका रूपमा एकेडेमीमा प्रवेश गर्नुभयो । मदनदासजी कति लोभमुक्त र उदार छन् भन्ने यो एउटा उदाहरण हो ।

प्रज्ञाप्रतिष्ठानमा नियुक्ति भएपछि मदनदासजीले धेरै नाटकहरूमा अभिनय गरे । उनद्वारा अभिनीत नाटकले दर्शकबाट धेरै प्रशंसा पनि बटुले । प्रज्ञाप्रतिष्ठानले प्रस्तुत गर्ने नृत्य नाटिकाहरूमा पनि मदनदासजीले काम गरे । कुमारी, अन्नपूर्ण जस्ता नृत्य नाटिकाहरूमा मदनदासजीले अभिनय गरेको अहिले पनि मलाई सम्झना छ ।

**र, अन्त्यमा**

रङ्गमञ्चमा निश्चित वर्ग, समूह र क्षेत्रका दर्शक मात्र पुग्ने भएकाले अभिनयकला रङ्गमञ्चमा त्यति फस्टाउन पाउँदैन जति रेडियो नाटकमा फस्टाउँछ । रेडियो नाटक सहरदेखि गाउँसम्म, बालदेखि वृद्धसम्म, निरक्षरदेखि विद्वान्सम्म सबै वर्गकहाँ पुग्ने भएकाले रेडियो नाटक र त्यसका पात्रमाथि बढी चर्चापरिचर्चा हुन्छ । आज रेडियो नाटक सुन्ने जो कोही पनि मदनदासको नाट्यकारिताबाट टाढा छैन । नेपाली नाटक मदनदासको प्रभावबाट मुक्त हुन सक्तैन । खास गरी रेडियो नाटकको क्षेत्रमा मदनदासको योगदान अविस्मरणीय र अतुलनीय छ ।

अहिले नाटक पेसा बन्ने अवस्थामा आइसकेको छ तर हामी नाटकमा लाग्दाको समय नाटक रहर मात्र थियो । त्यो बेला म पनि

नाट्य क्षेत्रमा रहरको भरमा लागेको मान्छे थिएँ । पछि नाटक मेरो अम्मल नै बन्यो । मेरो अम्मलमा साथ दिन अरू पनि धेरै अम्मलीहरू जम्मा भए । त्यस्तै नाटक अम्मलीका रूपमा मैले मदनदास श्रेष्ठलाई फेला पारेको हुँ । धेरै सहयोगी भए पनि मदनदासचाहिँ मेरो विशेष सहयोगी भए । त्यसैले मदनदासजी मेरा विशेष प्रिय पनि बने । मेरो मात्र प्रिय होइन उनी सम्पूर्ण नाटकप्रेमीका प्रिय कलाकार बनेर रहेका छन् र रहनेछन् ।

# मोडल हाँसो

**श्रीओम श्रेष्ठ 'रोदन'**

जस्तोसुकै मानिसमा पनि पहिलो पटक परेको प्रभाव जीवनभरि परिवर्तन हुन नसक्तो रहेछ । छैटीको दिनमा भावीले कोरेको नमेटिने अक्षरजस्तै । मनको क्यामराले खिचेको फोटोजस्तै । हाम्रा अग्रजहरूले त्यसै भनेका होइन रहेछन्– बिहान उठ्नासाथ राम्रो दृश्य हेर्न पाइयोस् । कानले राम्रो आवाज सुन्न पाइयोस् । मुखले राम्रो कुरा बोल्न पाइयोस् । फस्ट इम्प्रेसन इज एभर इम्प्रेसन भनेजस्तै । पहिलो प्रभाव नै अन्तिमसम्मको बनिरहँदो रहेछ । मलाई पनि त्यस्तै भइरहेको छ, तपाईंप्रति मदन दाइ ।

मदन दाइ, तपाईंलाई मैले चिनेको आवाज अभिनयबाटै हो । जतिखेर तपाईंको आवाजलाई ध्यान दिन थालेको थिएँ त्यतिखेर म पनि नाटकको नशा खोजिरहेको थिएँ । म तपाईं र तपाईंजस्ता अन्य कलाकारको आवाज सुनेकै कारण एउटै संवादलाई विभिन्न आवाज र शैलीमा बोल्न खोज्थेँ । आफैँ बोल्थेँ र आफैँ सुन्थेँ । अलिअलि अभिनय गर्न जानेँ भन्ने भ्रममा दङ्ग पर्ने गर्थें । हो, त्यति नै बेला तपाईंको आवाजले मलाई मदनदास भनेर चिनाएको थियो । नचिनेरै चिनेको मान्छे तपाईं । नभेटेरै मन पराएको मान्छे तपाईं । चिनेपछि र भेटेपछि पनि खासै चिन्न नसकेको मान्छे तपाईं । कहाँ कहाँ चिनूँ ? के के भनेर चिनूँ ? तपाईं एक भएजस्तै मदनदास पनि एक भए पो ?

तपाईंको आवाजले चिन्दा मदनदास अग्लो छ कि होचो छ ? मलाई थाहा थिएन । मदनदास कालो छ कि गोरो छ ? त्यो पनि थाहा थिएन । मदनदास मोटो छ कि दुब्लो ? त्यो पनि मतलब थिएन । मदनदास कहाँको हो ? के काम गर्छ ? कहाँ बस्छ ? बदमास छ कि असल छ ? मलाई कुनै कुराको पनि वास्ता थिएन । मलाई मात्र मदनदास थाहा थियो । मदनदासको वजनदार आवाज थाहा थियो । मदनदासको लामो समयसम्म हाँसिरहने राक्षसी हाँसो थाहा थियो । सायद पक्का फ्यान भनेको यस्तै हुन्छ होला ।

तपाईं रेडियोमा बोल्ने जागिरे, रेडियोमा अभिनय गर्ने कलाकार । लोकप्रियता पनि छिट्टै कमाइहाल्नुभयो । रेडियोबाहेक त्यति बेला अर्को कुनै विकल्प पनि थिएन । देशको विदेशको जुनसुकै कुरा थाहा पाउनका लागि सुन्नुपर्ने रेडियो नेपाल मात्रै थियो । समाचारका लागि, गीतसङ्गीतका लागि, शिक्षाका लागि, स्वास्थ्यका लागि, कृषिका लागि, मनोरन्जनका लागि जे सुन्नुपरे पनि रेडियो नेपाल नै सुन्नुपर्दथ्यो ।

त्यसैले मदनदास र मदनदासजस्ता प्रिय आवाज चर्चित थिए । हो, त्यही नै बेला तपाईंको आवाज सुनेर कसकसले कस्तो कस्तो अनुमान गरे होलान् तपाईंलाई । तर मेरो इमेजमा तपाईं दसैंमा अट्टहास हाँस्ने दैत्यराजजस्तै हुनुहोला भन्ने थियो । त्यति बेलाको मेरो दसैँ भनेकै स्कुलमा लामो छुट्टी भएपछि हुन्थ्यो । बाले सिलाइदिनुभएको नयाँ लुगा लगाएपछि हुन्थ्यो । टोलमा हालेको पिङ खेल्न पाएपछि हुन्थ्यो । आँगनमा खसीबोका कराउन थालेपछि हुन्थ्यो र रेडियो नाटकमा तपाईंको गह्रुँगो आवाजले बोलेको र लामो दैत्य हाँसो हाँसेको सुनेपछि दसैँको मज्जा आउँथ्यो ।

हुन पनि अचम्मैको पो छ त तपाईंको आवाज । तपाईंको हाँसोले नै देवगणलाई कताकता पाखा लगाइदिनुहुन्थ्यो । तपाईंको शण्डमुशण्ड आवाज र हाँसोले सधैँ जितेको जस्तो लाग्थ्यो मलाई ।

त्यसैले मलाई लाग्थ्यो, मदनदास भनेको कथाहरूको राक्षसजस्तै हुनुहोला । चित्रमा देखेको जस्तै भयङ्कर जिउडाल भएको कालो न कालो, लामो जुँगा भएको हेर्दै डरलाग्दो हुनुहोला भन्ने सोचेको थिएँ । तर तपाईं त दैत्यजस्तो होइन देवको पनि सोझो देवजस्तो हुनुहुँदो रहेछ ।

तपाईंको हाँसो मात्र होइन । तपाईंले भन्ने गीतिकथाहरूबाट पनि म निकै प्रभावित भएको थिएँ । तपाईंको गीतिकथा सुनेपछि मलाई पनि त्यसरी नै बोल्न मन लाग्थ्यो । आफूलाई मन पर्ने गीतहरू कपीमा लेख्थेँ र तपाईंले जस्तै रुन्चे आवाजको नक्कल गरेर एक्लै भन्ने गर्दथेँ । संयोगले इमेज एफएमका सुरुका वर्षहरूमा दुई दर्जन जति गीतिकथाहरू भनेर धीत मारेको थिएँ ।

सुनेरै चिनेको तपाईंसँग भेटेको पनि रेडियोमा नै पहिलो पटकजस्तो लाग्छ । नाचघरमा पनि भेटेकै हो । एकेडेमीतिर पनि भेट भएकै हो । चलचित्र र अन्य फिल्मी पत्रिकाहरूमा काम गर्दा तपाईं र तपाईंको अभिनयका बारेमा लेखेकै हो । चलचित्र पत्रिकाको 'श्रीमतीजी भन्नुहुन्छ' भन्ने स्तम्भका लागि घरमा आएर भाउजूसँग अन्तर्वार्ता लिएकै हुँ । सुटिङ स्पटमा आएर सुटिङ रिपोर्ट पनि गरेकै हुँ । 'श्रीमान् श्रीमती' भन्ने धारावाहिक शृङ्खलामा सँगै अभिनय पनि गरेकै हो । एउटा टेलिफिल्मको नाम बिर्सिएँ । अनामनगरको एउटा घरमा दिनभरि सुटिङ भएको थियो । तपाईं केटाको बा र म केटीको बा भएर जुँगाको लडाइँ लडेको भूमिका पनि निर्वाह गरेकै हो । यसरी धेरै समय र सन्दर्भहरू साक्षी छन् मसँग । तपाईंको अनेक व्यक्तित्व बुझेको छु मैले । तर पनि तपाईंको नाम कतै पढ्नासाथ, फोटो देख्नासाथ वा भेट्नासाथ तपाईं त्यही हाँसो हाँस्ने राक्षस नै क्लिक गर्छ मेरो दिमागमा ।

रेडियोबाट सुनेर चिनेको मान्छेलाई यति नजिकबाट चिनिसक्ता पनि किन यस्तो भइरहेको होला हगि ? हुन त प्रभाव भनेको प्रभाव नै हो । कसैले बना भनेर बन्ने होइन, नबना भनेर नबन्ने पनि

होइन । हेर्नोस् न, टेलिभिजनहरूमा रामायण, महाभारतहरू प्रसारण हुन थालेपछि कुनै देवदेवीको नाम सम्झ्यो कि त्यही भारतीय कलाकारको अनुहार दिमागमा आइहाल्छ । सायद कलाकारको चरम सफलता भनेकै यही होला । यसरी नै तपाईंको खल हाँसोले पनि एउटा मापदण्ड र मान्यता पाएको छ । खल हाँसो भनेको मदनदासको जस्तो हुनुपर्छ भन्ने ब्रान्ड छ । यो सानो जित हो र ? कसैले चाहेर, ईर्ष्या गरेर वा खर्च गरेर पाउन सकिने कुरा हो र ? त्यसैले अहिले रेडियो नाटक, फिल्म, टेलिफिल्ममा खल हाँसो मदनदास हाँसो हुने गरेको छ । दोलखामा जन्मेर तपाईं देशभरिको हाँसोको ट्रेड बन्नुभएको छ । मोडेल बन्नुभएको छ । अब स्वदेश मात्र होइन नेपाली पुगेका जुनसुकै देशमा पनि नाटक हुँदा दाइको हाँसो आइहाल्छ ।

अँ, अर्को कुरा मदन दाइ । तपाईंको हाँसोले तपाईंलाई धेरै घाटा पनि पुऱ्याएको छ है । तपाईंको उज्यालो अनुहारलाई त्यही हाँसोले जितेको छ । तपाईंले अभिनय गरेका १५० भन्दा बढी टेलिफिल्महरू ओझेल परेका छन् । धारावाहिक शृङ्खलाहरू बिर्सेका छन् । कति नाटक र चलचित्रहरूमा कति भव्य अभिनय गर्नुभएको छ ती सबैलाई बिर्साएर मदनदास भन्नासाथ त्यही हाँसोचाहिँ कसैले नबिर्सने बनेको छ ।

हो, पनि, तपाईंको हाँसो जताबाट आए पनि मदनदास आइहाल्छ । तर तपाईंको जीवनमा पहिलो पटक 'गहना' भन्ने नाटक खेल्नुभएको कुरा तपाईंले नै भनेपछि मात्र थाहा हुन्छ । २०२६ मा सात दिन लगाएर काठमाडौँ आउनुभएको, सङ्घर्ष गर्नुभएको, अर्को वर्ष नै महाकवि देवकोटाको 'कृषिबाला' नाटक खेलेर तीन सय रुपियाँ कमाएको कतिले सम्झेका होलान् र ? अहिले तपाईंले के केमा कति अभिनय गर्नुभयो भन्ने आफैँ पनि बिर्सिसक्नुभयो होला । एकेडेमीमा काम गरेको, कृषि कार्यक्रममा बोलेको, रेडियोमा जागिर खाएको, २०६६ मा अवकाश पाएको तपाईंले भनेपछि मात्र थाहा पाउने

परिचय भएका छन् । तर तपाईंको हाँसो कसैले बिर्सने छैनन् र कसैलाई सम्झाइरहनुपर्ने पनि हुँदैन ।

हो पनि हाँसो तपाईंको जीवनको पर्याय बन्यो । रेडियो तपाईंको इतिहास, वर्तमान र भविष्य पनि बनेको छ । रेडियोले नै तपाईंलाई नाम दियो, काम दियो, माम दियो, कलाकार बनायो, प्रतिष्ठा दिलायो । यति धेरै भएर पनि तपाईं सरल हुनुहुन्छ । त्यसैले नजानिँदो किसिमले तपाईंको योगदानको मूल्याङ्कन हुन सकेको छैन । नाटकको योगदानलाई छायामा पारिएको छ । रेडियो नाटकमा गरेको एउटा क्रान्ति, एउटा परिवर्तनलाई अवमूल्यन गर्न खोजिएको छ । तपाईंले छानीछानी जन्माएका कलाकारहरू पनि नजिक बनिरहन सकेका छैनन् । यसको जिम्मेवारीको अंश हामी हौँ र म पनि हुँला । कतै हामीले मदनदासको हाँसो हाँसो भनेर हाँसोमा नै उडाइरहेका त छैनौँ ।

यदि यस्तै हो भने यो मदनदासप्रतिको अन्याय हो । मदनदासको कलाको अन्याय हो । मदनदासले बनाएको एउटा मोडेलप्रतिको अन्याय हो । मदनदासलाई न्याय गर्न नसक्नु भनेको धेरै मदनदासहरूप्रति अन्याय गरिरहनु पनि हो । यस्तै हो भने हामी फेरि उठ्नुपर्छ न्यायका लागि र मदनदासहरूका लागि ।

# आफ्नै बुताबाट उठेका कलामर्मज्ञ

**डा.सत्यमोहन जोशी**

**(शताब्दी पुरुष)**

नाटकमा मेरो रुचि पुरानो हो । नाटकमा मैले पहिलेदेखि नै केही काम गरेको भए पनि नेपालका नाटककारहरूसित भने मेरो खासै सम्बन्ध भने थिएन । २०११ सालमा तत्कालीन राजा श्री ५ महेन्द्रको गद्दीआरोहण तथा २०१३ सालमा शुभराज्याभिषेकको अवसर पारेर एउटा कमिटीको गठन गरिएको थियो । उक्त कमिटीका अध्यक्ष नेपाली साहित्यका कविशिरोमणि लेखनाथ पौड्याल तथा उपाध्यक्ष कवि सिद्धिचरण श्रेष्ठ थिए । त्यस कमिटीमा नाटककार बालकृष्ण सम तथा साहित्यकार भीमनिधि तिवारीजस्ता व्यक्ति पनि सदस्य थिए । मलाई पनि उक्त कमिटीमा सदस्य बनाइएको थियो । नाटककार बालकृष्ण समद्वारा लिखित 'राजेन्द्रलक्ष्मी' नाटकको त्यस समयमा सिंहदरबारको नाचघरमा मञ्चन गरिएको थियो । वास्तवमा नेपाली कलाकारहरूसित मेरो परिचय त्यसै बेला भएको हो र त्यही समयतिरबाट नै मैले नाटकसम्बन्धी केही मेसो पाउन थालेको हुँ ।

२०१५ सालमा म पुरातत्त्व तथा संस्कृति विभागमा डाइरेक्टर पदमा नियुक्त भएँ । २०१५-२०१६ सालतिर कलाकारहरूको मोबिलाइजेसनलाई वृद्धि गर्न मैले उनीहरूलाई पुरस्कृत गर्ने, उनीहरूलाई विभिन्न कार्यहरूमा लगाउने जस्ता कार्यहरू गर्न लगाएँ । यस क्रममा

मैले राष्ट्रिय नाचघर बनाउनुपर्छ भन्ने सोच ल्याएर जग्गाको व्यवस्था मिलाउन थालेँ । धेरै कसरतपछि जमलमा पाँच वा साढे पाँच रोपनी जग्गाको बन्दोबस्त मिलेपछि टहराहरू बनाई त्यसमा स्टेज आदिको निर्माण गरियो तथा कामको सुरुवात भयो । अहिलेको जमलको नाचघरको प्रारूप पनि त्यही नै हो । २०१८-२०१९ सालतिर त्यो टहरा ध्वस्त भयो ।

२०२६-२०२७ सालतिर तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा आठ जना प्राज्ञहरूको चयन हुँदा त्यसमा म पनि पर्न गएँ । ती आठ जनामा विजय मल्ल, चूडानाथ भट्टराई, रत्नध्वज जोशी, पोषण पाण्डे, श्यामदास वैष्णव, कृष्णचन्द्रसिंह प्रधान, धर्मराजलगायत म पनि थिएँ । यसमा नाटकसँग सम्बन्धित व्यक्ति दुई जना थिए ।

यस आठ सदस्यीय टोलीमध्येका केहीलाई नाट्य क्षेत्रको जिम्मेवारी दिइएको थियो । नाट्य क्षेत्रको जिम्मेवारी पाएको कमिटीले नाटक तथा नाचगानलाई महत्त्व दिएर योजना तथा कार्यक्रमहरूको तर्जुमा गर्न थाल्यो । यस क्रममा नाटकको तालिम दिन तथा सांस्कृतिक ज्ञान प्रदान गर्न भनेर प्रतिभाशाली कलाकारहरूको चयन गर्ने काम पनि सम्पन्न गऱ्यो र यसमा निकै जना सम्भाव्य कलाकारले भर्ना हुने मौका पाएका थिए । भर्ना हुने यस्तै एक जना कलाकार थिए– मदनदास श्रेष्ठ ।

मदनदास श्रेष्ठसित मेरो चिनजान तथा घनिष्ठता यसै सिलसिलामा बढ्न पुगेको थियो । वास्तवमा एकै ठाउँ र एकै क्षेत्रमा काम गर्न थालेपछि हामीहरूबीचमा परिचय भएको हो । यसबीचमा तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा नाटक तथा नाचगानसम्बन्धी क्रियाकलापमा निकै वृद्धि भएपछि स्वाभाविक रूपमा हाम्रो काममा पनि वृद्धि भएको थियो । यस क्रममा नयाँ अभियान (न्यु मुभमेन्ट) सम्बन्धी नाटकको पनि थालनी भइसकेको थियो ।

मदनदास श्रेष्ठले नाटककार विजय मल्लद्वारा लेखिएका थुप्रै नाटकहरूमा अभिनय गर्ने मौका पाए र त्यस कार्यमा उनले उल्लेख्य सफलता पनि प्राप्त गरे । उनले नाटककार विजय मल्लद्वारा लेखिएका 'पत्थरको कथा', 'मानिस र मखुन्डो' जस्ता प्रयोगवादी प्रवृत्तिका नाटकमा भूमिका निर्वाह गरेर प्रशस्त प्रसिद्धि पनि प्राप्त गरेका थिए । खासमा त्यस समयमा प्राय: नाटककार विजय मल्लद्वारा लेखिएका नाटकहरू नै मञ्चन हुँदै आएका थिए । मदनदास श्रेष्ठ राम्रो तालिम पाएका कलाकार हुन् । यसका साथै उनी एक कलामर्मज्ञ पनि हुन् । नृत्येश्वरलाई स्थापना गरेर साधना गर्दै आएको शास्त्रीय पद्धति एवम् मौलिक पद्धति दुवैको समन्वयात्मक ढाँचामा आफूलाई ढालेर उनले नेपाली नाट्य जगत्मा आज यो स्थान र सम्मान हासिल गर्न सकेका हुन् जस्तो मलाई लाग्छ ।

२०३१ सालमा तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको कुलपति पदमा सूर्यविक्रम ज्ञवाली तथा उपकुलपति पदमा लैनसिंह बाङ्देलको चयन भयो । मलाई चाहिँ सदस्यसचिव पदको जिम्मेवारी प्रदान गरियो । नाटककार विजय मल्ल तथा चूडानाथ भट्टराईजस्ता व्यक्तिहरू प्राज्ञ भएका थिए । त्यस बेलासम्म विजय मल्लद्वारा लेखिएका नाटकहरू प्रदर्शनका क्रममा साह्रै सफल नभएको सन्दर्भमा नेपाल साहित्य संस्थाद्वारा प्रदर्शित तथा मनबहादुर मुखियाद्वारा लेखिएको 'अनि देउराली रुन्छ' भन्ने नाटकले निकै सफलता मात्र प्राप्त गरेन यसले दर्शकको निकै माया पनि बटुल्यो ।

२०३१ सालमा तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सदस्यसचिव नियुक्त भएपछि मेरो मनमा एउटा विचारको सूत्रपात भयो । मैले के विचार गरेँ भने संसारभर नयाँ वर्ष मनाउने सबैको आआफ्नै परम्परा तथा चलन रहिआएको छ । हामीले नयाँ वर्ष मनाउन के गर्ने त ? त्यसैले हामीले पनि नयाँ वर्ष

मनाउन केही नयाँ कार्यको थालनी गर्नु आवश्यक छ भन्ने मैले ठानें । यसै भावनाअनुरूप नै हामीले नयाँ वर्षमा नाटक महोत्सवको आयोजना गर्नुपर्छ भन्ने कुरा तय भयो र यसमा राष्ट्रलाई छुने खालको अनि मेची-महाकालीलाई समेट्ने किसिमको नाटकको रचना तथा प्रदर्शन हुनुपर्छ भन्ने कुरामा पनि सबैको सहमति कायम भयो । सबैले नाटकको रचना गरी त्यसलाई मञ्चनसमेत गर्ने कार्यमा तत्परता देखाए र नाटक महोत्सव परम्पराको सुरुवात भयो । मैले पनि त्यसताका 'फर्केर हेर्दा', 'जब घाम लाग्छ', 'सपना ब्यूँझन्छ' जस्ता नाटकको रचना गरेको थिएँ र त्यसको मञ्चनसमेत भएको थियो । वास्तवमा त्यस बेलाको नाटक महोत्सवलाई 'स्वर्णिम युग' मान्नुपर्छ ।

नाटक महोत्सवको सुरुवात भएपछि त्यसलाई सफल पार्न लेखक जत्तिकै कलाकार तथा निर्देशकहरूको भूमिका पनि उल्लेखनीय रह्यो । मदनदास श्रेष्ठको यसमा पनि महत्त्वपूर्ण भूमिका भएको पाएँ । उनमा एउटा उत्कृष्ट कलाकारमा हुनुपर्ने खुबी, ल्याकत, क्षमता सबै कुरा भएको मैले पाएँ । उनमा अभिनयको उच्च कला रहेको कुरा उनको कार्यले सिद्ध गरिदियो । उनको बोली वा भनौँ वाक्‌कला तथा व्यक्तित्व पनि उत्कृष्ट किसिमको छ । फेरि उनको एउटा साह्रै ठूलो विशेषता भनेको उनी जुनसुकै स्थान, जुनसुकै समारोह, जुनसुकै डबलीमा गएर पनि काम गर्न सक्ने क्षमता भएका कलाकार हुन् । यस्तो गुण वा विशेषता भएका कलाकारहरू नेपाली कला तथा रङ्गमञ्च जगत्‌मा कमै छन् ।

मदनदास श्रेष्ठ पछि रेडियो नेपालमा काम गर्न गए । त्यहाँ पनि उनले आफ्नो छुट्टै स्थान र पहिचान बनाए । रेडियो नेपालमा उनले रूपक, रेडियो नाटक, गीतिकथा आदि विधामा निकै काम गरेर त्यसबाट प्रशस्त लोकप्रियता हासिल गरे । उनका कार्य सस्तो लोकप्रियतामा आधारित नभई गुणस्तरीय किसिमको थियो ।

समग्रमा, मदनदास श्रेष्ठलाई मूल्याङ्कन गर्नुपर्दा मैले उनलाई आफ्नै क्षमता र बलबुतामा उठेका र आफ्नै खुट्टामा उभिएर सफलता प्राप्त गर्ने कलाकारका रूपमा लिएको छु । उनले नाटकलाई पुरानो सम्पदाका रूपमा विकसित गरेर लाने काममा आफ्नो सीप र कलाकारितालाई सम्पूर्ण रूपमा उपभोग गरेको पाएँ । यो उनको ठूलो विशेषता हो ।

# कर्णप्रिय आवाज

**साधना प्रतीक्षा**

कुनै सयम  थियो, समाचार, मनोरञ्जन, सूचना आदि सबैको निर्भरता रेडियो नेपालमा हुन्थ्यो । रेडियोका जुनसुकै कार्यक्रममा आवाज दिने व्यक्ति आमजनमानसमाझ परिचित हुने गर्दथ्यो । ग्रामीण क्षेत्रमा लोकभाका बढी सुनिन्थे भने सहरी क्षेत्रमा फर्माइसका आधुनिक नेपाली तथा हिन्दी गीत रुचाइन्थे । रेडियोका विभिन्न कार्यक्रमहरूमध्ये साताामा एक दिन बज्ने गीतिकथा तथा रेडियो नाटक त्यस बेलाका अत्यन्त लोकप्रिय कार्यक्रम थिए । साहित्य र सङ्गीतको सुन्दर संयोजनद्वारा निर्मित मर्मस्पर्शी कार्यक्रम थियो गीतिकथा । सर्जकका भावनाहरूलाई सान्दर्भिक गीतहरूका साथ प्रस्तोताले जीवन्त रूपमा अभिव्यक्त गर्ने हुनाले पनि यसको स्वाद बेग्लै हुन्थ्यो किनकि कलाले साहित्यलाई जीवन्तता प्रदान गर्दछ । त्यसैले होला जब गीतिकथाको निर्धारित समय आरम्भ हुन्थ्यो त्यसअघि नै म रेडियोमा घोरिइसकेकी हुन्थेँ । कार्यक्रम आरम्भको सूचनाका साथ साङ्केतिक धुन बजेपछि भावुक हृदयलाई तरङ्गित पार्दै एउटा कर्णप्रिय आवाज रेडियोबाट गुन्जने गर्दथ्यो । कथाका सुखद क्षणहरूमा श्रोतालाई उमङ्गित पार्दै अनि दु:खद क्षणहरूमा रुवाउँदै गुन्जने, एउटा कुशल कलाकारको जीवन्त प्रस्तुतिले भरिएको गीतिकथा सुनेर कहिल्यै भरिँदैनथ्यो मेरो मन । हरेक गीतिकथा समाप्तिसँगै म आगामी साताको प्रतीक्षामा रहन्थेँ । अहिलेको जस्तो विद्युतीय सञ्चार सुविधा नभएको त्यो बेला

टाढाटाढाबाट सर्जकहरूले हातले लेखेर पठाएका गीतिकथाहरूलाई जीवन्तता दिने त्यो स्वर थियो कलाकार मदनदास श्रेष्ठको ।

म पनि भर्खरभर्खर लेखनमा सक्रिय हुँदै थिएँ । कलेज जीवनको सुरुवातसँगै मैले आफ्नो लेखनलाई प्रकाशन तथा प्रसारणमा पुऱ्याउँदै थिएँ । रेडियो नेपालका अन्य कार्यक्रमहरूमा प्रवेश पाइसकेकी हुनाले मदनदास श्रेष्ठको आवाजमा गीतिकथा प्रसारण गर्ने हुटहुटी पनि लाग्न थाल्यो । लेखेँ, पठाएँ अन्ततः मेरो गीतिकथा त्यही आवाजबाट प्रसारित भयो जुन आवाज श्रव्य कलासाहित्यमा लोकप्रिय थियो । त्यस बेला मेरो खुसीको कुनै सीमा नै थिएन, एक त रेडियोबाट गीतिकथा बज्नु त्यो पनि मदनदास श्रेष्ठको प्रस्तुतिमा । त्यसपछि मैले गीतिकथा लेखेर पठाउने अनि उहाँले स्वर दिएर प्रसारण गर्ने क्रमले निरन्तरता पाउन थाल्यो । जब कुनै विषयले मेरो मनमा गहिरो प्रभाव पार्थ्यो तब त्यसलाई समातेर मैले गीतिकथा लेख्थेँ । भावको जति गहिराइमा डुबेर मैले लेख्थेँ त्योभन्दा बढी गहिराइमा डुबेर उहाँले त्यसलाई प्रसारित गर्नुहुन्थ्यो । त्यस समयमा म पर्वत जिल्लाको लिमिठानामा रहेको आफ्नो पुर्ख्यौली घरमा थिएँ । पछि स्थायी जागिर तथा पढाइलाई एकसाथ अघि बढाउने क्रममा बागलुङ बजार पुगेँ । कुरा थियो २०५० सालतिरको, त्यहाँ धवलागिरि साहित्य प्रतिष्ठान तथा दाजु काजी रोशनसँग आबद्ध भएर साहित्यिक गतिविधिमा लाग्दै गर्दा वरिष्ठ गजलकार ज्ञानुवाकर पौडेलसँग भेट भयो । उहाँ रेडियो नेपालसँग आबद्ध हुनुहुन्थ्यो । रेडियोबाट प्रसारित सामग्रीको पारिश्रमिक दिने व्यवस्था भए पनि त्यसैका लागि काठमाडौँ जानु सम्भव थिएन । त्यसैले म कहिलेकाहीँ गएको बेला सबै जम्मा गरेर एकैचोटि लिन्थेँ । रेडियो नेपालको स्टुडियो हेर्नु, त्यहाँका स्वरप्रदायक प्रतिभाहरूसँग भेट गर्नु, कुनै कार्यक्रममा सहभागी हुनु आदि मोफसलका श्रोता एवम् प्रतिभाहरूको रहरको कुरा हुन्थ्यो ।

यसै क्रममा रेडियो नेपाल पुग्दा ज्ञानु दाइमार्फत त्यहाँको स्टुडियोमा त्यही व्यक्तिसँग मेरो भेट भयो जसको आवाज र मेरो भावनाले गीतिकथाका श्रोतामाझ राम्रो प्रभाव जमाइसकेको थियो । उहाँ नै हुनुहुन्थ्यो मदन दाइ । उहाँको सरल र शालीन व्यक्तित्वले एउटा प्रतिभावान् कलाकारको परिचय त दिएको थियो नै त्यसभन्दा बढी उहाँ नवप्रतिभाहरूका लागि प्रेरणास्रोत पनि हुनुहुँदो रहेछ । योग्य व्यक्तिमा हुने विनयशीलताका साथै अरूप्रतिको सकारात्मक सोचले पूर्ण मदन दाइको आत्मीय व्यवहारले म निकै प्रभावित भएकी थिएँ किनकि, हामीकहाँ प्राय: ठूलाबडा तथा सहरियाहरू चाहे जुनसुकै क्षेत्रका किन नहून् आफ्नो व्यक्तित्वको कुनै न कुनै कुनामा अहम् तथा बडप्पन जोगाएकै हुन्छन् । मदन दाइमा भने मैले त्यस्तो केही भेटाइनँ । उहाँमा प्रतिभा चिन्ने क्षमता तथा अरूलाई अघि बढाउनुपर्छ भन्ने सहृदयता भएको कुराको साक्षी म स्वयम् पनि हुँ । गीतिकथाका साथै रेडियो नाटक लेखनमा समेत स्थापित मेरो पहिचानको सम्पूर्ण श्रेय मदन दाइलाई नै जान्छ ।

आफ्नो स्नातकोत्तर अध्ययनका क्रममा जब म काठमाडौँ आएँ उहाँसँगको भेट दोहोरियो । त्यस बेला उहाँ रेडियोको नाटक शाखामा हुनुहुन्थ्यो । उहाँले निर्देशन गरेका नाटकमा नाट्यवस्तु एवम् पात्रहरूको छनोट उत्कृष्ट भएकाले होला ती नाटकहरू श्रोतामाझ प्रिय बन्थे अनि एक पटक बजेपछि पुन: पटकपटक दोहोरिएर बज्ने गर्दथे । अहिलेको जस्तो विद्युतीय सञ्चारको विकास नभएको अवस्थामा रेडियो नाटकको छुट्टै महत्त्व थियो, त्यसमा पनि उहाँले चयन गरेका पात्र तथा निर्देशनले ती नाटकहरू शनिबारको प्रतीक्षाको विषय बन्ने गर्दथे । मेरा पनि धेरै नाटकहरू उहाँद्वारा निर्देशित भएर रेडियोबाट बजेका छन् । यस क्रममा उहाँले मलाई रेडियो नाटकलेखनबारे धेरै सिकाउनुभएको छ । रेडियो नाटकका आफ्नै विशेषता हुने हुनाले यसमा विषय चयन,

पात्र तथा संवाद आदिको प्रभावकारी प्रस्तुति कसरी गर्ने भन्ने पनि मैले उहाँबाट नै सिकेकी हुँ ।

मदन दाइको दृश्य व्यक्तित्व त सबैसामु प्रस्ट नै छ तर उहाँमा रहेको एउटा अदृश्य व्यक्तित्व मेरो स्मृतिपटमा अझै ताजा छ । त्यो बेला म प्रसूति अवस्थामा थिएँ । रेडियोबाट प्रसारित गीतिकथा, नाटक आदि सामग्रीहरूको पारिश्रमिक धेरै अघिदेखि लिन सकेकी थिइन् । मदन दाइले त्यो सारा पारिश्रमिक निकालेर रेडियोकै कर्मचारीमार्फत घरैमा पठाइदिनुभएको थियो 'बहिनीलाई केही सहयोग पुग्ला' भन्दै । आर्थिक कुरा त्यति ठूलो होइन, उहाँको सहयोगी व्यवहारले त्यति बेला म साँच्चै द्रवीभूत भएकी थिएँ किनकि, आधुनिक अनि सहरिया परिवेशमा एउटा मान्छेको पीडामा अर्को मान्छे दुख्न अनि एउटाको खुसीमा अर्को रमाउन सकेका उदाहरण कमै भेटिन्छन् । उहाँसँगको लामो निकटतामा मैले उहाँमा अत्यन्त व्यावहारिकता, हार्दिकता र उदारता पाएकी छु । नयाँ प्रतिभाहरूलाई प्रोत्साहित गर्नुका साथै अरूसँग परिचय गराउने, प्रशंसा गर्ने अनि अवसर दिलाउनमा उहाँ कत्ति कन्जुस्याइँ गर्नुहुन्न । मैले उहाँबाट मौका तथा अनुभव दुवै पाएकी छु । कुनै प्रसङ्ग वा अवसरमा तत्काल नाटक लेख्नुपरेमा उहाँ मलाई सम्झनुहुन्थ्यो र मैले लेख्ने गर्दथैं ।

यसै सिलसिलामा मलाई सम्झना भैरहेछ, शिक्षा मन्त्रालय जनस्वास्थ्य महाशाखाद्वारा प्रायोजित रेडियो नेपालको जनस्वास्थ्य कार्यक्रममा प्रसारित एक सय छपन्न भागको जनचेतनामूलक धारावाहिक रेडियो नाटक लेख्दाको क्षण । निकै कम समय अर्थात् लगभग साढे दुई महिनामा डेढ सयभन्दा बढी भागको नाट्यशृङ्खला लेखिसक्नुपर्ने हुनाले मलाई सम्झौता गर्न डर लागेको थियो । मदन दाइकै हौसलाले मैले सो लेखनको सम्झौता गरेँ । कम समयमा त्यति ठूलो नाट्यशृङ्खला लेख्नु आफैँसँगको एउटा चुनौती थियो र पनि उहाँको प्रेरणाले मैले निर्धारित समयमा नै सो कार्य सम्पन्न पनि

गरें । समयको गतिसँगै रेडियो नेपालको विकल्पमा एफ.एम. रेडियोहरू सञ्चालनमा आए, सिनेमा तथा टेलिभिजनका साथै अन्य विद्युतीय सञ्चारको विकास हुँदै आयो । उहाँ पनि रेडियोपछि टेलिभिजन तथा सिनेमासँग आबद्ध भई व्यस्त हुनुभयो । म पनि आफ्नै व्यावहारिक सञ्जालमा जेलिन पुगें । पछिल्ला केही वर्षहरूमा अत्यधिक व्यस्तताका कारण मैले सम्झेर पनि उहाँसँग सम्पर्क गर्न सकेकी थिइनँ । अन्ततः कृष्ण शाह यात्रीज्यूले झकझक्याएपछि आफ्नो स्मृतिपटबाट मदन दाइलाई उतार्ने जमर्को गरिरहेकी छु ।

जीवनका अनगिन्ती बाटा र खुड्किलाहरूमा असङ्ख्य मानिसहरूसँग परिचय, भेट तथा सम्बन्ध बन्यो तर त्यसमा केही औँलामा गन्न सकिने व्यक्तिहरू मात्र आजसम्म मेरो हृदयमा श्रद्धाका पात्रका रूपमा स्थापित हुन सकेका छन् । यिनै सीमित व्यक्तिहरूमध्येका मदन दाइलाई म सम्मान गर्दछु किनकि, उहाँमा अरूको सम्मान गर्ने उदारता छ, प्रतिभाको कदर गर्ने क्षमता छ । अझै भनूँ भने, उहाँबाट मैले सदा एउटा अभिभावकको स्नेह र सहयोग पाएकी छु । हो, पर्वतको लिमिठाना गाउँमा बसेर रेडियो नेपालमा गीतिकथा पठाउने म, त्रि.वि.कीर्तिपुरमा पढ्दै रेडियोका लागि नाटक लेख्ने म, आज त्रि.वि.नेपाली विभागमा नाटक विषय प्राध्यापन गर्दै अनि नेपाली नाटकमा नै विद्यावारिधि अनुसन्धानरत रहँदा धेरै पटक मदन दाइलाई सम्झन पुग्छु । उहाँको अभिमानरहित व्यक्तित्व तथा सहयोगी भावनाको स्मरण गरिरहेकी छु किनभने जीवनको यस मोडसम्म आइपुग्दा प्रत्यक्ष एवम् परोक्ष रूपमा उहाँ पनि मेरो यात्रामा समेटिनुभएको छ । हौसलाले मानिसको आत्मबल बढाइराख्छ अनि त्यही आत्मबलले अन्ततः उसलाई लक्ष्यतर्फ अग्रसर पनि गराइदिन्छ । मेरो लक्ष्यतर्फको यात्रामा उहाँको पनि हौसला अविस्मरणीय रहेको छ ।

# नेपाली समाजका प्रेरक व्यक्तित्व

**प्रा.डा.सिद्धिप्रसाद कोइराला**

हीराको सही पारख जौहरीले नै मात्र गर्न सक्तछ । तर आज म एक मित्र जो सदाबहार वरिष्ठ कलाकारको प्रतीक हुन् उनीबारेमा लेख्ने धृष्टता गर्नु आफैँमा हास्यविनोद हुनेछ । आदरणीय मदनदास श्रेष्ठ आम स्वदेशी तथा प्रवासी नेपालीको मनमुटुमा स्थापित छन् । झन्डै आधा शताब्दीदेखि चरित्र अभिनेताका रूपमा नाटक मञ्चनबाट प्रवेश गरेर आज श्रव्यदृश्यका ठूला पर्दामा समेत आफ्नो ख्याति स्थापित गरिसकेका छन् । पाठक मित्रहरू पनि यस पङ्क्तिकारको भनाइसँग अवश्य पनि सहमति जनाउनुहुन्छ भन्ने मेरो विश्वास छ । मदन र मेरो साक्षात् भेटघाट झन्डै एक दशक पुरानो हुनुपर्छ । हामी दुवै अनामनगरवासीको नाताले निकट हुन पुगेका हौँ । उनको बहुआयामिक प्रतिभालाई अभिनय विधामा मात्र सीमित राख्न नमिल्ने रहेछ । उनलाई एक अग्रणी समाजसुधारकका रूपमा पनि मैले जान्न पाएँ । अनामनगर सामाजिक विकास समितिमा उनको योगदान उल्लेख्य छ । साथै घट्टेकुलो समाजको परिकल्पनादेखि यसको स्थायित्व तथा सेवाप्रदायका लागि उनको योगदान अविस्मरणीय रहेको छ । आज घट्टेकुलो समाज घट्टेकुलोवासीका लागि एउटा ओत हुन पुगेको छ ।

उनको कार्यक्षेत्रको अर्को सशक्त विधा मानवीय पक्षसँग सम्बन्धित छ । ज्येष्ठ नागरिकका लागि घरपरिवार, समाज, राष्ट्र र

सरकारले पुऱ्याउनुपर्ने सहयोग, सुविधा र सम्मानका लागि ज्येष्ठ नागरिक समाजको भूमिकामा रही एक योद्धाका रूपमा सक्रिय वकालतका साथै सङ्घर्षरत रहनुभएको छ । यस क्षेत्रमा उनले कतिपय ज्येष्ठ नागरिकको परिवारमा तथा उपयुक्त स्थानमा पुनर्स्थापनामा पनि योगदान पुऱ्याएका छन् । ज्येष्ठ नागरिक भनेका समाज तथा राष्ट्रको आँखा हो जसको उचित लालनपालन, संरक्षण र सम्मानसत्कार गरी दीर्घ कालसम्म ज्योति जोगाइराख्नुपर्छ भन्ने मान्यता कायम राख्न सरकारसँग पनि ज्येष्ठ नागरिक समाजमार्फत सङ्घर्षरत छन् ।

हाम्रो निकटता शिक्षाकर्मीको नाताले अझ बढ्न गयो । हामी दुवै अनामनगरस्थित अक्सिडेन्टल पब्लिक स्कुलको छाताभित्र विद्यालय व्यवस्थापन समितिमा रहेर सेवारत हुँदा उनलाई गहिरिएर चिन्ने मौका मिल्यो । यस मानेमा मदनदासले सामाजिक अग्रगामी परिवर्तन तथा सुधारको मूल आधार शिक्षा नै हो भन्ने धारणा राखेर शैक्षिक संस्थाहरूमा पनि आफ्नो आबद्धता जनाएको मैले ठानेको छु । विद्यालय व्यवस्थापन समितिमा रहँदा उनीबाट नयाँ विचार तथा मननीय सुझावसल्लाह निरन्तर प्राप्त गरेको प्रसङ्ग उल्लेखनीय छ । विद्यालयको प्रत्येक क्रियाकलापमा उनको उपस्थिति सबैका लागि प्रेरणादायी रहने गरेको छ ।

मदनदास व्यावसायिक रूपमा सिने कलाकारका रूपमा स्थापित भए पनि व्यक्तिगत रूपमा अति मिलनसार, सहृदयी, सहयोगी, परोपकारी तथा सहमुख भएका छन् । सामाजिक क्रियाकलाप, सभा र समारोहमा उनको सहज तथा सुलभ उपस्थिति प्रशंसा योग्य छ । एउटा असल मानिसमा हुनुपर्ने गुण उनमा रहेको मैले अनुभूत गरेको छु । उनी जस्तो व्यक्तित्व समाजमा हुनु अपरिहार्य छ ।

# एउटा जिउँदा जाग्दा कलाकार

## सुरेशजङ्ग शाह

उति बेला रङ्गमञ्च र चलचित्र जगत्का हस्ति वरिष्ठ कलाकार मदनदास श्रेष्ठका हजारौँ फ्यानहरूमध्ये म पनि एउटा डाइहर्ट फ्यान थिएँ । काठमाडौँ सहरका सडकहरूमा कतैतिर उहाँलाई देखेमा साँझ घरमा पुगेर 'ए आज त मैले फलानो ठाउँमा कलाकार मदनदास श्रेष्ठलाई देखेँ नि' भनेर बडो उत्साहित हुँदै सुनाउँदा आफैँलाई साह्रै रमाइलो लाग्ने गर्थ्यो ।

यस्तै गरी सन् १९९९ ताका होला अर्का वरिष्ठ कलाकार नीर शाहको साथमा कलाकार मदनदास श्रेष्ठ लन्डनमा आइपुगेको जानकारी कोसेली सांस्कृतिक परिवार यू.के. मा आइपुग्यो । उतिखेर म कोसेली सांस्कृतिक परिवारको महासचिव थिएँ । 'नेपालबाट नीर शाह र मदनदास श्रेष्ठ लन्डनमा आइपुग्नुभएको रहेछ, एउटा स्वागत कार्यक्रम गर्ने होइन शाहजी' भनेर तत्कालीन बेलायतका नेपाली राजदूत डा. सिंहबहादुर बस्नेतले राजदूतावासबाट फोनमा भनेपछि म पनि साह्रै उत्साहित भएँ र तत्कालै कोसेलीका संस्थापक अध्यक्ष मदन थापा र सल्लाहकार हरिसिंह थापाको नेतृत्वमा एक सांस्कृतिक प्रस्तुति टोली बनाई भोलिपल्टै राजदूतावासमा उहाँहरूको सम्मानमा सांस्कृतिक कार्यक्रमसहित स्वागत अभिनन्दन गरियो । उक्त अवसरमा महामहिम राजदूत डा.सिंहबहादुर बस्नेतले सारङ्गी बजाएर

नेपालबाट पाल्नुभएका वरिष्ठ कलाकार मदनदास श्रेष्ठ र नीर शाहप्रति सांस्कृतिक रूपले सम्मान प्रकट गर्नुभएको थियो ।

यो अवसरको सम्झना वरिष्ठ कलाकार मदनदास श्रेष्ठको मनमा अझै ताजै र स्नेहपूर्ण रहेको रहेछ जुन कुरा यही १० जेठ २०७३ शनिबारका दिन नइ प्रकाशन गृहमा भएको छोटो भेटमा उहाँले जस्ताको तस्तै वर्णन गर्दा मलाई पनि उहाँको यो सम्झना अत्यन्त आनन्दमयी लाग्यो । आखिर म हाइस्कुलदेखि नै उहाँको फ्यान नै थिएँ । उहाँसँगको भेटघाट र उहाँको सम्झनामा आफू रहनु मेरा लागि खुसीको कुरा नै थियो ।

आजभोलि लाग्छ सायद यसो हुनमा उहाँको आकर्षक प्रतिभा र मभित्र भएको कलाप्रतिको आकर्षणले गर्दा पनि होला भन्ने लाग्दछ । बालकालमा म आफैँ नाचगानमा निकै भाग लिन्थेँ । आफ्ना छिमलका साथीहरूमा नृत्य तथा कलातर्फ सबैभन्दा सिपालु म नै थिएँ । करिब २०१८/०१९ सालतिरको कुरा होला म त्यस्तै ३/४ वर्षको थिएँ होला कुनै विदेशी राजदूत सायद भारतका नै हुनुपर्दछ मलाई अहिले ठ्याक्कै थाहा भएन जुम्लामा गएका थिए । जुम्लाजस्तो विकट ठाउँमा विदेशी राजदूत आउनु अत्यन्त उत्साहले हेरिएको थियो र उनको सम्मानमा सरकारी स्तरबाटै विशेष रमाइलो कार्यक्रमअन्तर्गत सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको रहेछ । म त्यतिखेर कक्षा १ मा पढ्थेँ उक्त कार्यक्रममा म चन्दननाथ स्कुलबाट छानिएको थिएँ । त्यति बेला प्रशिक्षक हुनुहुन्थ्यो अहिलेका नेपालका शीर्ष धावक हरि रोकायाका बुबा कन्न रोकाया । मेरो नृत्यकलासँग उहाँ अत्यन्त प्रसन्न पनि हुनुहुन्थ्यो र पछि चन्दननाथ विद्यालयकै प्राङ्गणमा सांस्कृतिक कार्यक्रम प्रदर्शन भयो सायद म सानो बालक भएर होला मेरो नृत्य राजदूत महोदयलाई अत्यन्तै मन परेछ र अगाडि दर्शकदीर्घामा जुरुक्क उठेर पाँच रुपैयाँको नोट सबैलाई देखाउँदै पुरस्कार घोषणा गरेछन् जुन पछि नेपथ्यमा ‘ल फुच्चे तैँले राजदूतबाट पाँच रुपैयाँ

पुरस्कार पाइस्' भनी दिँदा म अत्यन्त खुसी भएको थिएँ । त्यसपछि पनि हाम्रो बारकोटे गाउँमा गाउँका निकै जागरूक शिक्षित युवक देवीदत्त देवकोटाको सक्रियतामा बेलाबेलामा थुप्रै नाटकहरू प्रदर्शन गरिए । बालकलाकारका रूपमा मैले पनि विभिन्न भूमिका निभाएँ । पछि दस वर्ष उमेर पुगेपछि जुम्ला छोडेपछि नेपालगन्ज, पोखरा हुँदै काठमाडौँ आइयो । मेरो कलातर्फको संलग्नता त्यसै छुट्यो । एकै चोटि २०३४ सालतिर तत्कालीन राजकीय प्रज्ञाप्रतिष्ठानले कलाकारहरू चाहियो भनी दरखास्त आह्वान गऱ्यो । जसले मभित्रको कला पूर्ण जागेर आयो र त्यसपछि निकै उत्साहित हुँदै समयमै दरखास्त पनि दर्ता गराएँ तर दुर्भाग्यवश जुन दिन अन्तर्वार्ता थियो त्यही दिन मेरो कलेजमा आन्तरिक जाँच परेकाले उपस्थित हुन सकिनँ । मेरो कलाकार बन्ने मौका त्यहीँ टुट्यो ।

यो प्रसङ्ग मैले वरिष्ठ कलाकार मदनदास श्रेष्ठको संस्मरण लेखनको क्रममा यस कारण जोडेको थिएँ कि यदि म त्यो अन्तर्वार्तामा उपस्थित हुन पाएर छानिएको भए म पनि शीर्ष कलाकार मदनदास श्रेष्ठका साथमा सहयोगी कलाकार भएर रङ्गमञ्च वा चलचित्रमा खेलिरहेको हुन्थेँ होला । त्यो संयोग जुटेन ।

धेरै वर्षपछि भर्खरै वरिष्ठ कलाकार मदनदास श्रेष्ठसँग छोटो भेटघाटको संयोग जुट्यो । त्यो पनि नइ जोडीको सौजन्यमा । हामी विदेशतिर रहेका साहित्यकर्मीहरू नेपाल आएको बेला नइ जोडीलाई नभेटी सन्तुष्ट हुँदैनौँ । नेपाली साहित्यमा अत्यन्तै धस्सिएर लागेका वरिष्ठ साहित्यकारद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नइ प्रकाशन गृह साहित्य मन्दिरका रूपमा हामीलाई प्रतीत हुन्छ र श्रद्धाले नै भेट्न जान्छौँ । यसै क्रममा म बेलायतबाट आएको दुई हप्ता पुग्नै लाग्दा वरिष्ठ साहित्यकार नरेन्द्रराज प्रसाईलाई भेट्न फोन गरेँ, 'ओहो ! ल यहाँ मदनदास श्रेष्ठ पनि हुनुहुन्छ तत्कालै आऊ भेटवार्ता राम्रै हुन्छ' । प्रतिउत्तर पाउँदा म उत्साहित हुँदै नइ गृह

पुगिहालेँ । मदनदास श्रेष्ठ र नरेन्द्र प्रसाईंज्यू छानाबाट कुरा गर्दै बैठक कोठातिर प्रवेश गर्दै हुनुहुन्थ्यो । छोटो चिनाजानीपछि बैठकमा बसेर कुराकानी थालनी गर्‍यौँ । लन्डन यात्राको सम्झना वरिष्ठ कलाकार मदनदास श्रेष्ठले एक-एक गर्दै पोख्नुभयो । मलाई पनि सुनेर आनन्द लाग्यो ।

दोलखाबाट हाल घट्टेकुलोमा नै वासस्थान बनाउनुभएका वरिष्ठ कलाकार मदनदास श्रेष्ठ २०२१ सालमा काठमाडौँमा छिरेपछि नै रङ्गमञ्चमा प्रवेश गर्नुभएको रहेछ । त्यस बेला उहाँ १६/१७ वर्षको मात्र हुनुहुँदो रहेछ । ओझिला डायलग प्रभावकारी रूपमा प्रस्तुत गर्ने क्षमता र आकर्षक व्यक्तित्व भएका वरिष्ठ कलाकार मदनदास श्रेष्ठ एकताका रङ्गमञ्च, टेलिभिजन, रेडियो र चलचित्रहरूमा जताततै छाएका अत्यन्त व्यस्त कलाकार हुनुहुन्थ्यो । सबैतिर भ्याउन पनि उहाँलाई हम्मेहम्मे पर्थ्यो रे ! तैपनि आफूले सधैँ समयलाई ख्याल राखेको र निर्देशक र निर्मातालाई कहिले पनि टाइमिङ स्केज्युलमा दुःख नदिएको जानकारी पनि कुराकानीका क्रममा बताउनुभयो ।

सर्वप्रथम नेपाल प्रज्ञाप्रतिष्ठानले २०२१ सालमा आयोजना गरेको गाईजात्रा कार्यक्रमबाट आफ्नो रङ्गमञ्चमा प्रवेश भएको कुरा पनि बताउनुभयो । कलाकार मदनदास श्रेष्ठले २०२७ सालबाट रेडियो नाटकहरूमा पनि आफ्नो कला प्रस्तुति गर्नुभएको र कला प्रशिक्षकका रूपमा धेरै कलाकारहरू उत्पादन गर्नमा पनि उहाँको योगदान रहेको रहेछ । बडो आनन्दित हुँदै आफ्ना कार्यहरूको वर्णन गर्दा मलाई पनि प्रेरणामयी बनायो । २०४२ सालमा नेपालमा टेलिभिजन आएपछि टेलिसिरियलमा पनि उहाँको प्रस्तुति ओज पूर्ण रूपले देखिन थालेको अनुभूति मेरो मनमा अझै ताजै भएकाले उहाँसँगको यस कुराकानीमा मेरा आँखामा फिल्मी झल्को लागिरहेको थियो ।

नेपाल टेलिभिजन युगमा प्रवेश गर्दासम्म उहाँका थुप्रै नाटकहरूबाट जनसमाजमा निकै ख्याति फैलिसकेकाले चलचित्रतर्फ पनि उहाँको माग बढ्दै जानु स्वाभाविकै थियो । हाल जीवनका ६८ खुड्किला पार गरिन्जेलसम्म नाटक, रेडियो नाटक, टिभी सिरियल र चलचित्र गरी झन्डै पाँच दर्जनभन्दा बढी सङ्ख्यामा वरिष्ठ कलाकार मदनदास श्रेष्ठबाट अभिनय प्रस्तुति भइसकेका रहेछन् । हाल चलचित्रमा अभिनय गरिरहनुभएको छ छैन ? भन्ने मेरो प्रश्नमा स्वास्थ्यलाई पनि ख्याल राख्नुपर्ने भएकाले मेरो अनुकूल पर्ने कुनै त्यस्तो अफर आए अभिनय गर्ने नत्र निवृत्त नै छु भन्नुभयो । १५/२० ओटा चलचित्र खेलिसक्नुभएका वरिष्ठ कलाकार मदनदास श्रेष्ठको पछिल्लो चलचित्र भने बी.पी.को 'तीन घुम्ती' उपन्यासमा निर्माण गरिएको चलचित्र तीन घुम्ती भएको कुरो कुराकानीका क्रममा बताउनुभयो ।

गत वर्षको भुइँचालोमा परेका गोरखा, दोलखा र सिन्धुपाल्चोकका भूकम्प पीडित जनसमाजलाई सहयोग पुऱ्याउन पनि उहाँको सक्रियता निकै रहेको रहेछ र समाजसेवाको क्षेत्रमा थुप्रै सामाजिक संस्थामा उहाँको संलग्नता पनि बाक्लै रहेछ । कुराकानीका क्रममा यी सबै कुराहरू वरिष्ठ कलाकार मदनदास श्रेष्ठद्वारा स्वयम् जानकारी पाउँदा म पनि निकै प्रेरित भएँ । यस्ता राष्ट्रिय स्तरका वरिष्ठ कलाकारको सरकारी स्तरबाट पहिचान, सम्मान र राष्ट्रनिर्माणका लागि उपयोग हुनु आवश्यक छ ।

# रेडियो, शनिबार र श्रोता

## सुशीला पौडेल

बालापन अलिकति पछाडि छोडेर किशोर अवस्थामा प्रवेश गर्दै थियो उमेर त्यति बेला । विद्यार्थी जीवन, किसानकी छोरी, छ जना बहिनीहरूकी दिदी स-सानै उमेर भए पनि उमेरभन्दा बढीकै जिम्मेवारी थियो । बहिनीहरूसँग र गाउँका साथीहरूसँग खेल्नुको मज्जा पनि छुटै हुन्थ्यो त्यति बेला । बिहानै रेडियो नेपालको धुनसँगै हाम्रो घरको दैनिकी सुरु हुन्थ्यो, आमा घर लिप्ने, खसीबाखा बाहिर सार्ने जस्ता काम गर्नुहुन्थ्यो । म भने खोले पकाउने, आँगन बढार्ने, पानी ओसार्ने जस्ता काम गरेर आमालाई सघाउँथेँ । यद्यपि बिहानै उठेर काम गर्नुभन्दा पनि रेडियो सुन्दै सुतिरहन पाए झन् रमाइलो । जे होस्, रेडियो सुनेर रमाउने बानी परेको थियो । सामान्यतया स्कुलका दिनहरूमा बिहानबेलुका मात्र रेडियो सुन्न पाइन्थ्यो । घरभरिमा एउटा रेडियो, खाना खाएपछि रेडियो बोकेर बुबा आफ्नो कोठामा सुत्न जानुहुन्थ्यो त्यसपछि रेडियो सुन्न पाउने कुरै भएन । पछि २०५४/५५ सालतिर भने रेडियो आफ्नै कोठामा राख्न बुबालाई मनाएकी थिएँ मैले । त्यसपछि के चाहियो र ? सिरानमा आफ्नो प्रिय रेडियो भएपछि । त्यसताका आइतबारदेखि शनिबारसम्मका रात्रिकालीन सबै कार्यक्रम कण्ठ थिए मलाई । त्यही बेलादेखिको मेरो रेडियो प्रेम अहिलेसम्म यथावत् छ । कार्यव्यस्तता र जिम्मेवारी निभाउँदै रेडियो सुनेकै हुन्छु प्राय: ।

शनिबार विद्यार्थीहरूका लागि छुट्टीको दिन उसै पनि मजाको दिन । त्यसमाथि रेडियोमा नाटक आउने दिन, अब के चाहियो शनिबार बिहानैदेखि मेरो शरीरमा स्फुर्ती बढेको हुन्थ्यो । आफ्ना बहिनीहरू र छिमेकका साथीहरू सबैलाई बिहानैदेखि 'आज त नाटक आउने दिन हो है' भनेर हल्ला गरिरहेकी हुन्थेँ । प्राय: शनिबार नाटक नसुनी घरबाट बाहिर खेल्न जाँदिनथेँ । गए पनि पिलपिले घडी हेरेर घर आइपुग्थेँ । नाटकमा प्रस्तुत गरिएको विषयवस्तु, सन्देश आदिका बारेमा खासै विश्लेषण गर्न नजाने पनि स्वरको कलात्मक अभिनयले मन छुन्थ्यो । चित्त बुझ्थ्यो र नाटक सुन्न मन लालायित हुन्थ्यो । आधा घण्टाको समय फुत्तै जान्थ्यो, अब अर्को नाटक सुन्न अर्को शनिबार कुर्नुपर्ने हुन्थ्यो । नाटक सकिएपछि रेडियोले भन्थ्यो सुन्दै हुनुहुन्थ्यो नाटक..., पात्रहरू... अनि लेखन तथा निर्देशन मदनदास श्रेष्ठ । पटक-पटक रेडियोले लिइरहने नाम मदनदास श्रेष्ठ । स्वस्थानी सुरु भयो स्वस्थानीको नाटक सुन्न पाइने, दसैँमा दसैँकै नाटक सुन्न पाइने । उसै गरी तिहार, सहिद दिवस आदिका नाटक सुन्न पाइने जति नाटक आउँछ नाटकसँगै एउटा नाम दोहोरिन्छ लेखन तथा निर्देशन मदनदास श्रेष्ठ । जिज्ञासु मनमा प्रश्न उठ्थ्यो को होला ? यो मदनदास श्रेष्ठ भनेको ? कसरी नाटक बनाएको होला ? कृषि कार्यक्रममा जेटिए बन्ने मान्छे पनि तपाईं नै हो ? भेट्न पाए सोध्नुहुन्थ्यो आदि इत्यादि प्रश्न मनमा खेलिरहन्थे ।

जीवन यात्रा न रहेछ, कहाँ म सर्लाहीको लालबन्दी भन्ने गाउँमा जन्मिएकी केटी, कहाँ काठमाडौँमा भएको रेडियो र रेडियोमा बोल्ने मान्छे कसरी होला र भेट ? भेटे पनि बोली मात्र सुनेको छ, नाम मात्र थाह छ कसरी चिनिएला ? भनिन्छ साँचो मनले प्रार्थना गऱ्यो भने भगवान् त भेटिनुहुन्छ रे, मान्छे कसो नभेटिएला मनमा अलिकति आश थियो कुनै दिन म काठमाडौँ जान पाएँ भने रेडियोमा बोल्ने ती मान्छेहरूलाई भेटेर छोड्छु । भगवान् मलाई भेटाइदेऊ है

प्राय: पूजा गर्दा यस्तै भन्ने गर्थें । केटाकेटीको प्रार्थनामा शक्ति हुँदो रहेछ । जीवनभोगाइले घुमाई फिराई मलाई राजधानी ल्याइपुऱ्याएको छ । आफूले दिनरात जपना गरेको रेडियो देखाएको छ र आफूलाई मन पर्ने रेडियोकर्मीलाई भेटाएको छ । मैले कल्पना गरेको कुरा अहिले यथार्थमा देख्ने अवसर पाएकी छु । को होला मदनदास श्रेष्ठ भन्ने प्रश्नको उत्तर भेटेकी छु । साँच्चै मन पुलकित भएको छ यति बेला । बालमनमा छाप बनाएको त्यस्तो हस्तीसँग भेटाइदिएको छ समयले । यो अवसर मिलाइदिएको छ त्रिमूर्ति निकेतनले । न अग्लो न होचो ठिक्कको कदको हँसिलो अनुहार र शालीन व्यक्तित्वका धनी हुनुहुँदो रहेछ मदनदास श्रेष्ठ दाइ । दोलखामा जन्मिएर काठमाडौँलाई कर्मभूमि बनाउनुभएको रहेछ उहाँले । वि.सं. २०२२ सालमा रेडियो नेपालमा नाटकमा स्वर अभिनय गर्ने कलाकारका रूपमा प्रवेश गर्नुभएको रहेछ उहाँ । श्यामदास वैष्णव, हरिप्रसाद रिमालको सहायक हुँदै उहाँले नाटक यात्रा सुरु गर्नुभएको रहेछ । २०३५ सालमा रेडियोको जागिर स्थायी भएसँगै उहाँको नाटककारिता बढ्दै गएको रहेछ, हुन त त्योभन्दा अगाडि नै उहाँले ध्वनिनाटकमा आफ्नू कलाकौशलता देखाउन सफल भैसक्नुभएको थियो । नाटकबाहेक अन्य कार्यक्रमहरू गीतिकथा, रसरङ्ग, कृषि आदि कार्यक्रम पनि उहाँले गर्नुभएको रहेछ । जुझारु व्यक्तित्वका रूपमा आफूलाई खडा पार्नुभएको रहेछ उहाँले ।

नाटक लेखन तथा सम्पादनका अतिरिक्त दोलखाबाट प्रकाशित हुने 'आँखा' पत्रिकाको १२ अङ्कसम्म उहाँले प्रकाशक भएर पत्रिका निकाल्नुभएको रहेछ । नेपाली ध्वनि, स्वर नाटकमा विशिष्ट योगदान पुऱ्याएबापत उहाँले मानसम्मान तथा पदक पाउनुभएको रहेछ तर उहाँलाई नेपाली जनताले नाटककर्मीका रूपमा आफूलाई गरेको माया नै सबैभन्दा ठूलो सम्मान लाग्छ रे । उहाँले दैवी प्रकोप उद्धार पदक, प्रबल गोरखा दक्षिण बाहु, वीरेन्द्र ऐश्वर्य पदक, शुभराज्याभिषेक

पदक, गद्दी आरोहण पदक जस्ता कैयौँ पदक तथा मानसम्मान प्राप्त गर्नुभएको रहेछ । उहाँले आफ्नू नाटक यात्रामा ५१ भागसम्मको बालश्रमसम्बन्धी नाटक, श्रीस्वस्थानी ३१ भाग, तिहार यमपञ्चक नाटक, दसैँ नाटक, सहिद, ऐतिहासिक नाटक पृथ्वीनारायण शाह, वीर गणेशमान आदि जस्ता दर्जनौँ नाटकका सम्पादन, लेखन तथा निर्देशन गर्नुभएको रहेछ ।

२०६७ सालमा रेडियो नेपालको जागिरबाट अवकाश पाएपछि उहाँ सामाजिक कार्यमा सशक्त भएर लागिपर्नुभएको रहेछ । हुन त पहिलादेखि नै उहाँ विभिन्न सङ्घसंस्थामा आबद्ध भएर आफूलाई हरसमय सक्रिय बनाइराख्न सफल हुनुभएको थियो नै । उहाँले बालकृष्ण फाउन्डेसनमा संयोजक भएर, घट्टेकुलो सामुदायिक भवन निर्माणको नेतृत्व गरेर, गौरीशङ्कर बहुमुखी क्याम्पसमा सामुदायिक पुस्तकालय निर्माणका लागि अहम्भूमिका र जिम्मेवारी लिएर होस् आफूलाई अग्रपङ्क्तिमा उभ्याउनुभएको रहेछ । राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घको उपाध्यक्ष भएर ज्येष्ठ नागरिकका हकअधिकार सुनिश्चित गर्ने कार्यमा उहाँ सक्रिय हुनुहुँदो रहेछ । त्यति मात्र नभएर अन्तर्राष्ट्रिय स्तरको फिल्म स्टुडियो बनाउने काममा उहाँ तत्पर हुनुहुँदो रहेछ । दोलखा जिल्लाको लाँकुरीडाँडामा बन्न लागेको उक्त फिल्म सिटीनामक प्रोजेक्टको निर्माण समितिको संयोजक भएर काम गर्दै हुनुहुँदो रहेछ अहिले । जिन्दगी समाज र राष्ट्रप्रति समर्पित हुनुपर्छ भन्ने लाग्दो रहेछ उहाँलाई । 'यति धेरै काम गर्ने जाँगर कसरी आउँछ दाइ ?' मेरो प्रश्नको सहज उत्तर, 'तपाईंजस्तै धेरै नेपालीहरूको मायाबाट ।' हो, हामीजस्तै माया गर्ने मान्छेको मायाले तपाईंलाई उत्साहित र कर्तव्यनिष्ठ बनाउँछ भने मदन दाइ तपाईंलाई अन्तरात्मादेखि मुरीमुरी सद्भाव, आदर र माया सधैँसधैँका लागि ।

# तिरेर नसकिने गुन

**सोमनाथ सुवेदी**

रेडियो त घरमा पहिला पनि थियो रे ! त्यो बिग्रियो अथवा त्यसलाई बेचियो, मैले थाहा पाइनँ । म केही ठूलो भएपछि फेरि हाम्रो घरमा रेडियोको प्रवेश भयो । हिउँदमा तराईबाट फर्किंदा बुबाले साथै ल्याएको रेडियो देखाएर भन्नुभयो, 'यसलाई केटाकेटीले चलाउनु हुन्न, बिग्रिन्छ ।' हामी केटाकेटीहरू परै बसेर लोभिई लोभिई त्यसलाई हेर्थ्यौं ।

रातो र सेतो बुट्टा भएको खोल लगाइएको रेडियोमा भिर्न पनि मिल्ने गरी लामो फिता जोडिएको थियो । त्यही फिताले रेडियो भिरेर बुबा यताउता लैजानुहुन्थ्यो । प्राय: रेडियोलाई दिनभरि टिनको बाकसमा चाबी लगाएर राख्नुहुन्थ्यो बुबा । साँझ र बिहान जब रेडियो बाकसबाट बाहिर निकालिन्थ्यो, हामी त्यसको वरिपरि झुम्मिएर बस्थ्यौँ । घरीघरी मौका मिलाएर म रेडियोको स्पर्श गर्थें । बुबा भन्नुहुन्थ्यो, 'बटार्नु हुँदैन है ।' घरमा रेडियो प्राय: समाचार सुन्ने बेलामा बजाइन्थ्यो । रेडियोमा समाचार आएको बेला कसैले बोल्न पाइँदैनथ्यो । रेडियोलाई जति पटक सुने पनि मेरो एउटा जिज्ञासा मेटिएन– 'कसरी बोलेका हुन् रेडियोमा मान्छेहरू !' एक दिन हजुरबाले मेरो प्रश्नको जबाफ दिनुभयो– रेडियोभित्र ससाना मान्छेहरू बसेका हुन्छन् क्या ! तिनीहरू पालैपालो बोल्छन् । त्यति भनिसकेर हजुरबा हाँस्नुभयो । मैले फेरि सोधेँ– 'उसो भए बाकसभित्र थुनेर राख्दा ती

मान्छेहरू गुम्सिएर मर्दैनन् ?' जबाफ नपाए पनि हजुरबाले सुमसुमाएपछि म चुप लागेँ ।

रेडियो बज्दा केही ठूलो आवाज आयो भने हजुरबा भन्नुहुन्थ्यो, 'पड्केला है ! अलि सानो पार ।'

केही समयपछि रेडियोलाई टिनको बाकसमा चाबी लगाएर राख्न छोडियो । घरको मूल खाँबोको टुप्पामा भएको चोकेमा रेडियो झुन्डयाइएको हुन्थ्यो । मेरो उचाइले रेडियो छुन सक्तैनथ्यो । घरका अरू यताउता लागेको मौका पर्नासाथ म एउटा जुक्ति प्रयोग गर्थें र रेडियो छुन्थेँ । मूल खाँबोदेखि अलि परको कुनामा मकै पिस्ने जाँतो थियो । त्यो जाँतोलाई प्राय: डोकाले छोपेर राखिन्थ्यो । म त्यो डोकालाई सरक्क झिकेर रेडियो झुन्ड्याइएको खाँबोको फेदमा घोप्ट्याउँथेँ र डोकामाथि चढेर रेडियो छुन्थेँ । मैले रेडियो छुन कति पटक त्यसरी डोकाको आरोहण गरेँ, त्यसको कुनै हिसाब छैन ।

असार र साउन स्कुल बन्द हुन्थ्यो । अलि हुर्किएपछि असार साउनका दुई महिना म गाईगोठालो तोकिन थालेँ । गोठालो जाँदा रेडियो पनि साथै लैजान पाइन्थ्यो । काँधमा रेडियो भिरेर गोठालो जाँदा अरू सबै गोठालाहरू आफूवरपर झुम्मिन्थे । रेडियोवाला गोठालोको गाई अरूले हेरिदिने चलनजस्तै भएको थियो । शनिबारको एक दिन अरू गोठाला साथीहरू आएनन् । एक्लै परे पनि पीर मानिनँ । रेडियो साथमा भएपछि दिन कटाउन सजिलै थियो । त्यो समयमा हरेक शनिबार दिउँसो साढे १ बजे रेडियोमा नाटक आउँथ्यो । रेडियो नाटक यति लोकप्रिय हुन्थ्यो कि प्रसारण भएको अरू एक-दुई दिनसम्म त्यसको चर्चा गाउँघरमा चल्थ्यो । त्यो दिन रेडियोमा 'अदृश्य घाउ' शीर्षकको नाटक बज्यो । नाटकको सुरुमै दमदार स्वरमा मदनदास श्रेष्ठको उद्घोषण आयो– 'प्रस्तुत छ नाटक अदृश्य घाउ ।'

हाम्रोमा सिन्दुरी नाम गरेको एउटा गाई थियो, लामालामा सिङ भएको । हेर्दा डरलाग्दो तर एकदमै सुबानी । म रूखको छहारीमा बसेर नाटक सुनिरहेको थिएँ, छेवैमा सिन्दुरी गाई पनि बसिरहेको थियो । नाटक सकियो । फेरि मदनदास श्रेष्ठको उद्घोषण आयो– 'सुन्दै हुनुहुन्थ्यो नाटक 'अदृश्य घाउ', नाटक संयोजन तथा निर्देशन मदनदास श्रेष्ठ !' त्यसपछि बल्ल मेरो ध्यान रातु गाईमा पुग्यो । मेरी आम्मै ! रातु गाईले त धमाधम अर्काको बाली पो खाइरहेको छ । डरले के गर्ने के नगर्ने भएर आयो । छेउमा बसिरहेको सिन्दुरी गाईको लामो सिङमा बज्दाबज्दैको रेडियो झुन्डाएर म रातु गाई भएतिर कुदें । रातु गाईलाई फर्काएर आउँदा सिन्दुरी गाई थिएन । लामा सिङमा बजिरहेको रेडियो झुन्डचाएर सिन्दुरी गाई घर पुगेछ । गाईको सिङमा रेडियो झुन्ड्याउने उट्पट्याङ भनेर गाली खाइयो त्यो दिन । चुपचाप मुन्टो निहुऱ्याएर बस्नुको विकल्प थिएन । मनमनै भनें, 'मदनदास श्रेष्ठले हो यो सबै गरेको ।' एक मन त लाग्यो पनि 'नाटकजस्तो राम्रो कुरा पनि गाई गोठालो जाने बेलामा किन बजाउनुपरेको यो रेडियोले !' मेरो चर्तिकला देखेर त्यही दिन हजुरआमाले भन्नुभयो, 'कति हत्ते गरेको यसले रेडियो भनेपछि ! ठूलो भएपछि रेडियोमै बोल्छ होला ।'

२०५४ सालको मङ्सिर महिनामा म पहिलोपल्ट काठमाडौँ आएँ । रेडियो नेपाल सिंहदरबारभित्र छ भन्नेसम्म थाहा थियो । त्यहाँसम्म गएर रेडियोमा बोल्नेहरूलाई भेट्ने र बोल्ने धोको मनभरि भए पनि सिंहदरबार छिर्ने काइदा थाहा थिएन । गोजीमा नागरिकताको प्रमाणपत्र बोकेर हिँडेको थिएँ, त्यही नागरिकता देखाएपछि कसोकसो सिंहदरबारभित्र जान पाएँ मैले । सिंहदरबारको मूल गेटबाट छिरे पनि रेडियो नेपालको गेटमा म रोकिएँ । कुनै उपाय नलाग्ला जस्तो लाग्यो । जे होला होला भनेर पालेलाई भनें– 'मलाई मदनदास श्रेष्ठले बोलाउनुभएको छ ।' पालेले पत्याइदिएपछि रेडियो नेपालभित्र जान

पाउँदाको खुसी बखान गरिनसक्नुको थियो । रेडियो नेपालको आँगनमा कुनै एक जनालाई मैले सोधेँ, 'मदनदास श्रेष्ठ कहाँ हुनुहुन्छ ?' 'किन ?' सुनेँसुनेँजस्तो स्वरमा प्रतिप्रश्न आयो । मैले भनेँ, 'उहाँलाई भेट्न मन लागेर आएको ।' 'कहाँदेखि आउनुभएको तपाईं ?' 'भोजपुरको दिङ्लादेखि ।' मेरी आम्मै ! मसँग वार्तालाप गर्दै गरेको मान्छे नै मदनदास श्रेष्ठ हुनुहुँदो रहेछ । बडो प्रेमले मेरो सोधीखोजी गर्नुभयो उहाँले । एक पटक भए पनि नाटकमा बोल्न पाए हुन्थ्यो भन्ने लालच मनभित्र थियो । मैले लालच देखाउन लाज मानिनँ । फरासिला मदनदास श्रेष्ठले भन्नुभयो– 'भोलि बिहान आउनू है भाइ !' त्यसै दिनदेखि मैले उहाँलाई मदन दाइ भन्न थालेँ ।

रेडियो नेपालको ६ नम्बर स्टुडियोमा नाटक रेकर्डिङको तयारी हुँदै थियो । मलाई सोधियो– 'यसभन्दा पहिला नाटकमा अभिनय गरेको छ कि छैन ?' अवसर गुम्ला भनेर गरेको छु भनेँ । तर मैले त्यसभन्दा अघि कहिल्यै नाटकमा अभिनय गरेकै थिइनँ । मदन दाइले सोध्नुभयो– 'कुन नाटकमा गरेको अभिनय ?' मैले भनेँ, 'रङ्गमञ्चमा गरेको छु, रेडियोमा त गरेको छैन ।' तिम्रो स्वर बोल्ड छ । तिमी यो 'यम' को भूमिका गर । मैले रेडियो नाटकमा स्वर अभिनयको पहिलो मौका पाउँदै थिएँ । मैले बोल्ने संवादको पहिलो शब्द 'त्राहिमाम !' थियो । तर मलाई त्यसको अर्थ थाहा थिएन । संवाद त बोलेँ । तर मैले बोलिसक्दा सबै जना हाँसे । धेरै पटक सिकाउँदा पनि नजानेपछि मदन दाइले गाली गर्नुभयो । पाएको मौका पनि गुम्ने भयले म रातोपिरो भएँ । त्यस दिन रेकर्डिङ भएन । भोलिलाई रेकर्डिङ सऱ्यो । मलाई नाटकको स्क्रिप्टको प्रति दिएर मदन दाइले भन्नुभयो– 'भोलि राम्रो अभ्यास गरेर आउनू !' भोलिपल्ट नाटक रेकर्डिङ भयो, त्यसको भोलिपल्ट एडिटिङ । मदन दाइको स्वरमा उसै गरी उद्घोषण भयो र मसमेतका पात्रहरूको नाम पढियो । त्यस लगत्तैको शनिबार मैले स्वर अभिनय गरेको नाटक रेडियोले प्रसारण गऱ्यो ।

मदन दाइको विशेष प्रेम थियो मेरा प्रति । रेडियो नेपालबाट फर्किंदा बाटोभरि मलाई नाटकका बारेमा सिकाउनुहुन्थ्यो । एक दिन श्रीप्रसाद थापालाई बोलाएर भन्नुभयो, 'सोमनाथलाई तिमी गाइड गर है !' मेरा प्रतिको उहाँको उत्पात प्रेम देखेर श्रीप्रसाद थापा भन्नुहुन्थ्यो, 'मदन दाइको नजरमा कति चाँडै पऱ्यौ भाइ तिमी !'

त्यो समयमा एफ्.एम्. रेडियोहरू खुल्ने सुरसार मात्रै थियो । सबै ठाउँमा न बिजुली थियो न टेलिभिजन । रेडियो नेपालमा, त्यसमा पनि शनिबारको नाटकमा अभिनय गरेपछि एकाएक चर्चित बनिन्थ्यो । मदन दाइले धेरै नाटकमा मलाई अवसर दिनुभयो । मैले लेखेका पनि केही नाटकहरू रेकर्ड भए । मदन दाइले निर्देशन गर्ने शनिबारको रेडियो नाटकमा काम गरेपछि मात्रै मैले रेडियो नाटकका बारेमा केही ज्ञान प्राप्त गरेँ । मलाई उहाँले पटकपटक भन्नुभएको छ, 'अरूले तिमीलाई किन यति धेरै अवसर दिएको पनि भन्लान् । तर भाइ ! तिम्रो स्वर नै अवसर दिन लायकको छ ।' उहाँले निर्देशन गरेको रेडियो नाटकमा गरेको अभिनय मेरा लागि रेडियो कर्मको प्रमाणपत्र बन्यो । 'यो भाइको स्वर र क्षमता अब्बल छ' भनेर उहाँले भन्नासाथ मलाई गोविन्दसिंह रावतले त्यो बेलाको चर्चित हास्यप्रधान कार्यक्रम दिनप्रतिदिनमा समेत सामेल गर्नुभयो । केही वर्षपछि दिनप्रतिदिन कार्यक्रमको सञ्चालक पनि बनेँ म ।

मदन दाइ नाट्यकर्मी भएर पनि साहित्यका अरू विधामा विशेष रुचि राख्नुहुन्थ्यो । मैले लेखेका कविता र गीततर्फ सङ्केत गर्दै भन्नुहुन्थ्यो, 'लेख्न नछोड भाइ ! लेखाइले तिम्रो परिचय फराकिलो बन्नेछ ।' मलाई अझै सम्झना छ, राष्ट्रिय कविता महोत्सवमा म पुरस्कृत भएको थाहा पाउनासाथ उहाँले भन्नुभएको थियो, 'तिमी पुरस्कृत हुँदा तिमीभन्दा पनि धेरै खुसी म भएको छु ।'

पूरा १२ वर्ष म रेडियो नेपालसँग संलग्न रहेँ । त्यसमध्ये आठ वर्ष दिनप्रतिदिन कार्यक्रमको सञ्चालक बनेँ । रेडियो कर्मको त्यति

लामो अनुभव मैले पक्कै प्राप्त गर्दिनथेँ, यदि उहाँले मलाई रेडियो नाटकमा अवसर नदिनुभएको भए । मदन दाइले निर्देशन गर्ने रेडियो नाटकको आधारभूमिमा टेकेर मैले जे जति गरेँ, ती सबैको श्रेय म उहाँलाई नै दिन्छु ।

फक्रिएको फूलको थुँगा बटुलेर माला बनाउनेहरू धेरै हुन्छन् र त्यो काम गाह्रो पनि हुँदैन । फूल फूलबारीमा पनि पाइन्छ, बजारमा पनि पाइन्छ । तर जमिनलाई खनीखोस्री गरेर बीउ रोप्नु, उम्रिएको बिरुवा सारेर जोगाउनु, त्यसमा मलजल गर्नु र हुर्काउनु, झारहरू उखेल्दै बिरुवामा पानी हाल्नु, जब कोपिला लाग्छ, त्यसलाई पनि जोगाउनु र फक्रिन दिएर सुन्दर मालाको सपना देख्नु पक्कै सजिलो हुँदैन । काठमाडौँमा पाइने असङ्ख्य प्रतिभाहरूतिर मात्रै पनि उहाँले नजर लगाउन सक्नुहुन्थ्यो । तर त्यसो नगरेर उहाँले दुर्गम पहाडको काँचो र अपरिपक्व मलाई अगाध स्नेह गर्नुभयो । तिरेर सकिने ऋणभन्दा तिर्नै नसकिने गुन कति हो कति महान् हुन्छ । मदन दाइले मलाई त्यस्तो गुन लगाउनुभएको छ, जसको चुक्ता म कहिल्यै गर्न सक्तिनँ ।

# रङ्गमञ्चले नबिर्सने नाउँ

**हरिबहादुर थापा**

व्यक्तिका रूपमा अत्यन्त सहयोगी एवम् हक्की स्वभाव भएको मैले चिनेको मदनदास श्रेष्ठसँग २०२८ सालमा हालको नेपाल प्रज्ञाप्रतिष्ठानमा नाटक प्रशिक्षार्थीका रूपमा प्रवेश गरेदेखि नै मेरो परिचय भएको हो । त्यसताका नाटक क्षेत्रमा काम गर्नु भनेको जोखिम र असहज अवस्था थियो । तापनि मदनदास श्रेष्ठ आफूलाई नाटक क्षेत्रमा नै समर्पण गरी लागिरहनुभएको थियो । आफ्नो जीवन विकासका लागि चुनौती र अप्ठ्यारा दिनहरू थिए । उहाँको उमेर २२-२४ को थियो होला । त्यस उमेरका मानिसले अन्य क्षेत्रमा नलागेर नाटकमा नै लाग्नु भनेको जीवनलाई अऋ सङ्घर्षमय बनाउनु जत्तिकै थियो । तापनि उहाँ नाटकमा नै लागिरहनुभएको थियो ।

त्यस समयमा नेपाल प्रज्ञाप्रतिष्ठानका अलावा अरू विभिन्न सङ्घसंस्थाहरूले पनि नाटक मञ्चन गर्ने गरेका थिए । त्यसताका हरेक वर्ष 'गोदावरी एलुम्नाई एसोसिएसन'बाट काठमाडौँमा नाटक प्रतियोगिताको आयोजना गरिन्थ्यो । यो प्रतियोगितामा कहलिएका नाटचकर्मीहरूले भाग लिन्थे । मदनदास श्रेष्ठले पनि त्यही नाटक प्रतियोगितामा उत्कृष्ट अभिनेताको पुरस्कार पाउनुभएको थियो । त्यस पुरस्कारले उहाँलाई नाटकमा लाग्नका लागि अऋ बढी प्रेरणा प्रदान गरेको थियो । यसरी नै उहाँ नाटकमा लागिरहनुभएको थियो ।

दिनहरू बित्दै जाँदा मैले पनि केही नाटकहरूमा उहाँसँगै अभिनय गर्ने अवसर पाएको थिएँ ।

समय बित्दै जाँदा २०३२ सालतिर अकस्मात् उहाँको जीवनमा एउटा मोड आयो, जुन मोडले उहाँले प्रज्ञाप्रतिष्ठान छोडेर साझा प्रकाशनमा जागिरे जीवन सुरु गर्नुभयो । जागिरे जीवनकै क्रममा उहाँलाई साझा प्रकाशनले सुदूर पश्चिमको धनगढीमा खटायो । उहाँ जानु पनि भयो । निश्चय पनि नाटकमा काम गरी रमाइरहेको मानिसले त्यहाँ पनि आफूलाई त्यत्तिकै राख्न सक्नुभएन । उहाँले जागिरका अलावा फुर्सदको समय निकालेर स्थानीय युवाहरूलाई समेटेर नाटकका गतिविधिहरू गर्नुभयो जुन कुरा त्यति बेलाका पत्रपत्रिकाहरूमा समेत प्रकाशित भएका थिए ।

उहाँ धनगढीमा कार्यरत रहँदा उहाँसँग मेरो सन्चोबिसन्चो र काठमाडौँको हालखबरका बारेमा पत्राचार भइरहन्थ्यो । यसरी उहाँको र मेरो मित्रता अगाडि बढिरहेको थियो । म पनि नाटक क्षेत्रमा लागिरहेको मानिस, उहाँ पनि त्यही क्षेत्रमा लागेकाले मित्रता हुनु स्वाभाविक कुरा हो । उहाँलाई म आदरपूर्वक 'दाइ' भनेर सम्बोधन गर्छु । हुन सक्छ पूर्वजन्ममा उहाँको र मेरो त्यही नाता थियो कि । यो सम्बन्ध कहिल्यै पनि नटुटोस् भनेर भगवान्सँग प्रार्थना पनि गर्न चाहन्छु ।

केही वर्षको धनगढी बसाइपछि उहाँ फेरि काठमाडौँ फर्कनुभयो । काठमाडौँ आएपछि फेरि नाटक क्षेत्रमा सक्रिय भएर लाग्नुभयो । नाटक क्षेत्रमा लाग्ने क्रममा उहाँ रेडियो नेपालमा काम गर्न थाल्नुभयो । २०३५ देखि २०४५ सालसम्म यस्तो अवस्था थियो कि प्रत्येक शनिबार रेडियो नेपालबाट दिनको १:३० बजे बज्ने रेडियो नाटकका लागि मानिसहरू कान थापेर रेडियो अघिल्तिर बस्ने गर्दथे । रेडियो नाटकहरूमा उहाँको प्रमुख भूमिका हुने गर्दथ्यो । त्यसपछि उहाँ रेडियो नेपालमा नाटक निर्देशकका

पदमा लामो समय कार्यरत रहनुभयो । रेडियो नेपालमा रहँदा उहाँले थुप्रै कालजयी रेडियो नाटकहरूमा स्वर अभिनय र नाटक निर्देशन गर्नुभयो ।

नेपालमा चलचित्र निर्माण हुने क्रम बढ्दै गयो । मदनदास श्रेष्ठले धेरै ओटा चलचित्रमा अभिनय गर्नुभएको छ । २०४२ सालमा नेपालमा टेलिभिजन स्थापना भएपछि उहाँले धेरै ओटा टेलिचलचित्रहरूमा पनि अभिनय गर्नुभयो । उहाँको कलाकारिता एवम् चलचित्रकर्म अहिले पनि जारी नै छ । नाटक, चलचित्र, रेडियो नाटकहरूमा उहाँको संलग्नता हालसम्म पनि कायमै छ ।

रङ्गक्षेत्रका अलावा उहाँको जीवनको अर्को पाटो भनेको सामाजिक कार्यमा संलग्न रहनु पनि हो । उहाँ विभिन्न सामाजिक सङ्घसंस्थाहरूमा आबद्ध हुनुहुन्छ । उहाँ कुनै पनि सामाजिक कार्य भनेपछि अगाडि बढिहाल्नुहुन्छ । सहयोगी भावना छ उहाँको । यो उहाँको स्वभाव र विशेषता पनि हो । आफू कलाकार भएको नाताले कला क्षेत्रका मानिसहरूलाई अप्ठ्यारो, गाह्रो अवस्था पर्दा उहाँ सधैँ नै सहयोग गर्न अघि सर्नुहुन्छ । यस्तो कोमल स्वभाव जोकोही मानिसमा हुँदैन ।

त्यसका अलावा मदन दाइकी जीवनसँगीनी रेणु भाउजूसँग प्रज्ञाप्रतिष्ठानमा लगभग ४० वर्षसम्म एउटै संस्थामा रहेर मैले काम गरेको छु । रेणु भाउजूको माइती भक्तपुर र मेरो घर पनि भक्तपुर भएको हुनाले मदन दाइ र रेणु भाउजूसँग नजिकको सम्बन्ध हुनुमा त्यो पनि एउटा कारण होला । यसै गरी मदन दाइसँग प्रज्ञाप्रतिष्ठानमा ४ वर्ष र नेपाल सङ्गीत तथा नाटच प्रज्ञाप्रतिष्ठानमा ४ वर्ष प्राज्ञसभा सदस्यको हैसियतले सँगै रह्यौँ । त्यो अवसर मेरो जीवनकालमा मैले कहिल्यै पनि नबिर्सने गरी रहिरहनेछ । यसै गरी नेपाल चलचित्र कलाकार सङ्घ र नेपाल फिल्म सोसाइटीमा पनि सँगै रहेर काम गर्दै आएका छौँ ।

२०४० सालतिरको कुरा हो । नाटच यात्राको क्रममा मेरो निर्देशनमा नाटक 'अतृप्त आत्मा' उहाँले अभिनय गर्नुभएको थियो । उहाँ सबै मानिसहरूसँग मित्रवत् व्यवहार गर्नुहुन्छ । यो उहाँको अर्को विशेषता हो । कलाकार केवल कलाकार मात्र होइन । ऊ कसैको लोग्ने, स्वास्नी, आमा, बुबा, छोरा, छोरी पनि हुन्छ । उसमा पारिवारिक, सामाजिक धेरै किसिमका दायित्वहरू पनि हुन्छन् । अभिनय गर्नुमा मात्र ऊ सीमित हुँदैन । कलाकार भनेका राष्ट्रका चेतनाका वाहक पनि हुन् । कलाकारका हरेक आचरणले समाजलाई प्रभाव पारिरहेको हुन्छ । मदनदास श्रेष्ठ पनि सबैका प्रेरणा बन्नुभएको छ । यस्ता असल व्यक्तिको समाजमा अग्रणी स्थान हुन्छ । उहाँलाई लाखौँ दर्शक र श्रोताले श्रद्धापूर्वक आफ्ना मनमा बसाएका छन् । यसै गरी राष्ट्रनिर्माणका क्रममा कलाक्षेत्रका अन्य व्यक्तिहरूसँग पनि हातेमालो गरेर अनवरत अगाडि बढिरहनुभएमा उहाँ रङ्गक्षेत्रका मात्र नभई राष्ट्रकै निम्ति पनि प्रेरणादायी बन्नुहुनेछ ।